# अध्याय एक

# परिचय खण्ड

## १.१. परिचय

नेपाल विभिन्न धर्म, संस्कृति तथा परम्पराहरुले भरिपूर्ण देश हो । नेपालको राजधानी काठमाडौंको पूर्व दिशामा भक्तपुर जिल्ला रहेको छ । यस जिल्लाको मध्यभागमा साँस्कृतिक नगर भक्तपुर अवस्थित छ । समुद्रि सतहबाट करिब ४,८०० फीत उचाईमा रहेको भक्तपुरको क्षेत्रफल ६ दशमलव ८८ वर्गमिटर छ (भक्तपुर,२०५८:९) । नेपालको नक्सामा भक्तपुर सानो भएतापनि कला र संस्कृतिमा यो नगर धनि छ । काठमाडौं उपत्यकाको तीन जिल्लामध्ये सबैभन्दा सानो जिल्ला भक्तपुर हो । भोटबर्मेली भाषा समुहका नेवारहरुको घना बस्ती रहिआएको भक्तपुर मल्लकालको प्रतिनिधिमूलक नगर हो । यहाँको ऐतिहासिक, सांस्कृतिक परम्परा, कलाकौशल आदि जीवन्त छ । तसर्थ भक्तपुरलाई "काठमाडौं उपत्यकाको मणि" पनि भनिन्छ । भक्तपुरका सम्पदाहरुको कलाकौशल, ऐतिहासिक एवं सांस्कृतिक पक्षका कारण यो नगरलाई "एसियाको रोम" भनेर पनि प्रशंसा गरेको पाइँछ (भक्तपुर,२०५८:९) ।

ऐतिहासिक, पुरातात्विक, धार्मिक र साँस्कृतिक महत्वका स्थान र बस्तुबारे सुसूचित गर्ने क्रममा भक्तपुर अग्रीम स्थानमा पदर्छ । सन् १९७९ मा युनेस्कोद्वारा विश्व साँस्कृतिक सम्पदा सूचीमा भक्तपुरलाई विशेष महत्वका साथ सूचीकृत गरेका थिए । यो नगरमा कला र संस्कृतिका बषौं पुराना परम्पराहरुलाई सजीव ढंगबाट निरन्तरता दिदैं आएको छ । यिनै सम्पदाको कारण भक्तपुर "जीवित सम्पदा" र साँस्कृतिक नगरको रुपमा परिचित छ । यसका साथै भक्तपुर समग्र राष्ट्रको कला र संस्कृतिमा अनुरागीहरुका निम्ति आदर्श नमुनाको रुपमा रहेको छ ।

उपत्यकामा मल्लहरुको शाशनकाल प्रारम्भ भएदेखि यो नगर व्यवस्थित हुँदै गएको हो । स-साना साँघुरा गल्लीहरुमा लहरै जोडिएर बनेका परम्परागत नेवारी घरहरु, मठ-मन्दिरहरु र चोकहरुले यो नगर निकै सुन्दर देखिन्छ । मौलिक कला र संस्कृतिका धनी भक्तपुर शहर असंख्य ऐतिहासिक तथा साँस्कृतिक सम्पदाहरुबाट परिपूर्ण छ । अमुल्य सम्पदाहरुले भरीएको भक्तपुरमा मौलिक महत्व तथा विशेषता बोकेका मठहरुको पनि स्थापना भएको छ । मठहरुको स्थापनाले भक्तपुर शहरमा हिन्दुधर्म अन्तर्गत शैवमतको ठूलो केन्द्र रहेको देखिन्छ । मल्लकालमा शैवमत अन्तर्गत यहाँ भगवान शिवका विभिन्न प्रकारका मूर्तिहरुको निर्माणका साथै शैवमतको प्रचारको क्रममा मठहरु निर्माण भएको हो ।

मठ एउटा धार्मिक संस्था हो । शैव धर्मको पूजा,उपासना तथा शैव सम्प्रदायीहरु बस्नको लागि मठको स्थापना भएको हो । मठभित्र एउटा निश्चित सम्प्रदायको मठाधीश (महन्त) ले आफ्नो धर्म, संस्कृति सम्प्रदाय, र परम्परालाई समाजमा कायम गर्नुपर्ने गहन जिम्मेवारी बोकेको हुन्छ । मठाधीश मठमा संस्थागत रुपमा स्थापित भएको हुन्छ । मठ शैवधर्मको प्रमुख केन्द्रविन्दु हो, जसलाई विगतका

शासकहरुले हिन्दु धर्मको संरक्षण एवं संर्म्वद्धनको लागि खडा गरेका थिए । मठमा हुने भौतिक वस्तुहरुको साथमा यसभित्रको आध्यामिक शक्ति, निष्ठा तथा त्यसको मुल्य र मान्यताको पनि ठूलो महत्व रहेको हुन्छ । यही पवित्र भावना र उद्देश्यलाई स्थायित्व दिनको लागि नै मठ परम्परा विकास भएको हो । उपत्यकाको तीन जिल्लाहरु मध्ये सबैभन्दा बढि मठ भक्तपुरमा पाइँछ । भक्तपुरमा स्थापना भएका विभिन्न मठहरु मध्ये दत्तात्रय अखडा अर्न्तगत पर्ने प्रमुख १२ वटा मठहरु रहेका छन् । यहाँ रहेका सम्पूर्ण मठहरुको ठूलो धार्मिक र सांस्कृतिक महत्व रहेको छ । यसका साथै मठहरुमा प्रयोग भएका कलाकृतिहरु नेपालमा मात्र नभई विश्वमा नै परिचित हुन पुगेको छ । विविध साँस्कृतिक सम्पदाहरुले भरिपूर्ण भक्तपुरका मठहरु निकै महत्वपूर्ण सम्पदाको रुपमा रहेका छन् ।

## १.२. समस्या कथन

भक्तपुरको ऐतिहासिक महत्व बोकेका मठहरुको बारेमा हालसम्म संस्कृतिविद्, इतिहासविद् एवं विद्वानहले खासै त्यति ध्यान दिएको देखिदैन । त्यसैले यस शोधपत्रको माध्यमबाट शोधकर्ताले भक्तपुरका मठहरुको बारेमा प्रकाश पार्ने कोसिस गरिएको छ । यस शोधपत्रमा विशेषगरी भक्तपुरका प्रमुख मठहरु के कस्तो अवस्थामा रहेका छन्, भन्ने कुराको उल्लेख गर्नु आवश्यक छ । यसका साथै मठहरुको साँस्कृतिक क्रियाकलापहरुमा के कति कुरामा परिवर्तन हुँदैछ भन्ने बारेमा जान्नु आवश्यक छ । नेपालको विभिन्न स्थानहरुमा स्थापना भएका मठहरु मध्ये सबैभन्दा बढी मठहरु भक्तपुरमा स्थापना भएता पनि यी मठहरुको बारेमा उल्लेखित स्रोतहरु भने निकै न्युन रहेका छन् । यिनै समस्याहरु देखिएको कारणले गर्दा शोधपत्रको लागि भक्तपुरका मठहरु छानिएको हो । यसका मुख्य समस्याहरु निम्न अनुसार रहेका छन् ।

१. भक्तपुरका मठहरुको बारेमा हालसम्म प्रकाशमा नआउनु । भक्तपुरका मठहरुको बारेमा केही लेखहरु विभिन्न पुस्तकहरु तथा बुलेटिनहरुमा प्रकाशित भएपनि त्यसबाट पर्याप्त मात्रामा मठहरुको जानकारी पाउन सकिएको छैन ।
२. विगतमा स्थापना भएका कतिपय मठहरु भत्किएर नाश भैसकेका छन् । हाल अस्तित्वमा भएका केही मठहरु पनि जिर्ण हुने अवस्थामा छन् । यस्ता मठहरुको महत्व तथा ऐतिहासिकताका साथै मठहरुमा भएका कला वास्तुकला लाई त्यति ध्यान दिएको देखिँदैन ।
३. मठहरुले वर्षभरिमा विभिन्न धार्मिक एवं सांस्कृतिक क्रियाकलापहरु संचालन गर्दछन् । तर यस पक्षको बारेमा थोरै व्यक्तिहरु बाहेकले त्यति जानकारी पाएको देखिन्दैन ।
४.समय र परिस्थिति अनुसार मठमा आएको परिवर्तन बारे उल्लेख नहुनु ।

## १.३. अध्ययनका उद्देश्यहरु

बहुधार्मिक र बहुसाँस्कृतिक विशेषताले भरिपूर्ण नेपालमा मठ संस्कृति पनि निकै नै महत्वपूर्ण रहेको छ । शैव धर्मको प्रमुख केन्द्रको रुपमा रहेको मठहरुको धार्मिक एवं साँस्कृतिक गतिविधिहरुलाई विशेष

महत्वका साथ निरन्तरता दिनु हाम्रो कर्तव्य हो । विगतमा पूर्वजहरुले आफ्नो धार्मिक आस्थाका साथ विभिन्न आयस्रोतहरुको व्यवस्था गरि स्थापना गरिएका मठहरुको धार्मिक तथा साँस्कृतिक महत्वलाई कायम राख्नु निकै आवश्यक छ । यिनै विविध पक्षलाई उजागर गर्न प्रस्तुत विषयमा शोध गर्ने प्रयत्न गरिएको छ ।

१. भक्तपुरका प्रमुख मठहरुको परिचयात्मक तथा ति मठहरुको ऐतिहासिक, धार्मिक साँस्कृतिक एवं आर्थिक पक्षको बारेमा अध्ययन गर्नु ।
२. विभिन्न मठहरुले वर्ष भरी गर्ने विभिन्न क्रियाकलापहरु तथा नित्यनैमित्यक पुजाविधिहरुलाई प्रकाशमा ल्याउने ।
३. मठहरु भित्रको कला तथा वास्तुकलाको अध्ययन गरी यस सम्पदालाई प्रकाशमा ल्याउने ।

## १.४. पूर्व साहित्य समीक्षा

१. जगदीशचन्द्र रेग्मीद्वारा लिखित **नेपालको धार्मिक इतिहास** (२०३९) नामक रत्न पुस्तक भण्डारबाट प्रकाशित पुस्तकमा "नाथ सम्प्रदाय", "शंकराचार्य र नेपाल" को बारेमा उल्लेख गरिएको छ । यस पुस्तकमा नाथ सम्प्रदायको बारेमा उल्लेख भएको पूराना अभिलेखहरुको बारेमा उल्लेख गरी नेपाल नाथ सम्प्रदायको महत्वपूर्ण स्थान रहेको तथा नेपालमा प्राचिन परम्पराका द्योतकका रुममा नाथ सम्प्रदायहरुका मठहरु भएको जानकारी प्रदान गरिएको छ । त्यसै गरी शंकराचार्य र नेपाल नामक शिर्षकको लेखकमा शंकराचार्यले बौद्ध धर्मको खण्डन गरी हिन्दु धर्म अर्न्तगत शैव मतको प्रचार गरी भारतका चार कुनामा आफ्नो नाममा मठ बनाउन लगाएको र तिनै मठहरु आज सम्म हिन्दु संस्कृतिका प्रेरणा स्रोतको रुपमा रही आएको कुरा उल्लेख छ ।
२. जनकलाल शर्माद्वारा लिखित **हाम्रो समाजः एक अध्ययन** (२०३९) नामक साझा प्रकाशनबाट प्रकाशित पुस्तकमा "दशनामी सन्यासी, जङ्गम र वैष्णव" शीर्षकमा आदि शकंराचार्यको सामान्य परिचय, उनले आफ्नो अद्धैत सिद्धान्तको प्रतिपादन गरी त्यसको प्रचार गर्न भारतको चार कुनामा मठ खडा गरेको, दश प्रकारका नाम भएको दशनामी सन्यासी र ती सन्यासीहरु सँग मठको सम्बन्धका बारेमा उल्लेख भएको छ ।
३. जयराम मिश्रद्वारा लिखित **आदि शंकराचार्य जीवन और दर्शन** (१९८९) लोक भारति प्रकाशनबाट प्रकाशित पुस्तकमा "मठ और मठाम्नाय अथवा महानुशासन" शीर्षकमा हिन्दु धर्मको प्रचारको लागि शकराचार्यले सन्यासीहरुद्वारा धर्म प्रचार गर्न भारतको चारै दिशामा मठहरु स्थापना गरेको कुरा उल्लेख छ । साथै उनले यस पुस्तकमा प्रत्येक मठको लागि फरक "आम्नाय" अथवा "महानुशासन" को निर्माण गरेको चर्चा तथा दशनामी सम्प्रदायको संक्षिप्त विवरण प्रस्तुत गरिएको छ ।
४. **अ गाइड टु दि आर्ट एण्ड आर्किटेक्चर अफ दि काठमाण्डौ भ्याली** (१९९५) नामक बोस्टन साम्भालाबाट प्रकाशित माइकल हट्टद्वारा लिखित पुस्तकमा "दि हिन्दु प्रिस्ट हाउस" र "तचपाल

टोल" नामक दुईवटा शीर्षक रहेको छ । यो शीर्षक अर्न्तगत मठ एउटा शैक्षिक केन्द्र भएको, काठमाण्डौ उपत्यकामा लगभग ३० वटा मठहरु रहेको, भक्तपुर दत्तात्रय मन्दिर वरिपरि बढी मठहरु भएको कुरा उल्लेख छ । त्यसैगरी दत्तात्रय मन्दिर र पूजारी मठ अन्तर सम्बन्धित रहेको र यो मठ संचालनको लागि गुठी जग्गाहरु भएको आदि कुराहरु उल्लेख छ ।

५. "भक्तपुरका मठहरुको एक अध्ययन" (२०५२) नामक लिलाभक्त मुनंकर्मी द्वारा **मासिक भक्तपुर**मा प्रकाशित लेखमा भक्तपुर बोलाछें टोलमा अवस्थित जंगम मठमा टाँसी राखेको शिलापत्र र भक्तपुर क्वाठण्डौं टोलमा अवस्थित संन्यासी मठको ताम्रपत्रको मुलपाठ दिइएको छ । यस लेखमा जंगम मठको स्थापना सम्बन्धि किंवदन्ति तथा यस मठको स्थापनाको प्रसङ्गलाई केलाउँदै नेपालमा प्रेतहरुलाई शान्त गराउन राजाबाट स्विकृति प्राप्त गरी भक्तपुरमा अरु मठ-मन्दिर स्थापना गराएको उल्लेख छ ।

६. हरिराम जोशीद्वारा **खोपृङ स्मारिका**मा प्रकाशित "मठ" (२०५३) शीर्षकको लेखमा मठको परिचय, तथा वैदिककालमा सन्यासीहरु बस्न मठ निमार्ण भएता पनि आश्रम नामले पुर्काने, सन्यासीहरु बस्ने आधुनिक मठको निमार्ण आठौं शताब्दिमा भएको कुराहरु उल्लेख गरिएको छ । यसका साथै यो लेखमा आदि शंकाराचार्यद्वारा भारतको चारै दिशामा मठहरु स्थापना गराएको, मध्यकालिन नेपालमा लगभग ३५ वटा मठहरु भएको कुरा पनि उल्लेख छ ।

७. उल्फगेङ्ग कर्नद्वारा लिखित **दि ट्रेडिसर्नल आर्किटेक्चर अफ काठमाण्डौं भ्याली** (१९९८) रत्न पुस्तक भण्डारबाट प्रकाशित पुस्तकमा "दि हिन्दु प्रिस्ट हाउस" शीर्षकमा मठ वास्तुकलाको बारेमा चर्चा गरिएको छ । त्यसैगरी "दि पूजारी मठ" शीर्षक अर्न्तगत मध्यकालमा पूजारी मठ हिन्दु शिक्षाको प्रमुख केन्द्रको रुपमा रहेको, विगतमा भोटबाट यस मठको लागि वार्षिक विविध सामाग्रीहरु पठाइने तथा  पूजारी मठको संरचनात्मक स्वरुपको ब्याख्या गरिएको छ ।

८. "जंगम मठः संरक्षणको पर्खाइमा" (२०५५) नामक ओमप्रसाद धौभडेल द्वारा **मासिक भक्तपुर**मा प्रकाशित लेखमा भक्तपुरमा स्थापना भएका १४ वटा मठहरुको नामसूची दिनुका साथै, जंगम मठको अवस्था र मठभित्र रहेको शिलापत्रको उल्लेख गरिएको छ ।

९. भक्तपुरबाट प्रकाशित **मयूर भ्याल बुलेटिन** (वि.सं.२०५७) मा हुने ओमप्रसाद धौभडेलद्वारा लिखित "पुजारी मठ" शिर्षकको लेख रहेको छ । उक्त लेखमा पुजारी मठको निमाणको समय, मठमा पुजारी एवं मठाधिस रहने परम्परा, मठ कलाकृति एवं वास्तुकलाका साथै विगतमा मठको सम्बन्ध भोट सम्म पनि पुगेको कुरा उल्लेख छ ।

१०. पुरुषोत्तमलोचन श्रेष्ठ द्वारा "जंगममठका अभिलेख" (२०५७) शीर्षकमा **भ्वाइस अफ हिष्ट्री** मा प्रकाशित लेखमा बोलाछें टोलको जंगम मठमा भएको अनेककालका अभिलेखहरुको बारेमा उल्लेख गरिएको छ । यस लेखमा जंगम मठमा भएको ने.सं.७५९ को स्वर्णपत्र, ने.सं.७८१ को स्वर्णपत्र, क्षेत्रपालको ढुंगेछ्यानोको अभिलेख, ने.सं.८२५ को ताम्रपत्र, सिलौटाको अभिलेख, ने.सं.८६२ अभिलेख,

वि.सं. १८७७ को अभिलेखको मूलपाठ, व्याख्या र चित्र संख्या प्रकाशित गरिएको छ । यस लेखले शोध लेखनमा धेरै मद्दत पुगेको छ ।

११. ओमप्रसाद धौभडेलद्वारा लेखिएको लेख "मयूर भ्याल" (२०६०) **मयूर भ्याल बुलेटिन**मा प्रकाशित लेखमा पूजारी मठमा प्रयोग गरिएको भ्यालहरुको उल्लेख गरिएको छ । यहाँका भ्यालहरु मध्ये मयूर भ्याल विश्वको एकमात्र One piece show वन्न पुगेको कुराको विशेष उल्लेख यस लेखमा गरिएको छ ।

१२. "भक्तपुर पूजारी मठका विश्वेश्वर महादेव सम्बन्धी ताम्रपत्र" शीर्षकमा महेशराज पन्त द्वारा **पूर्णिमा** (अंक ४) पत्रिकामा प्रकाशन गरिएको लेखमा पूजारी मठभित्रको ताम्रपत्रको मुलपाठ सहित व्याख्या गरिएको छ ।

१३. "पुजारी मठः दि व्याकग्राउन्ड हिष्ट्री अफ दि भक्तपुर डेभलप्मेन्ट प्रोजेक्ट" नामक **प्राचिन नेपाल** ( अंक १०६) मा साफल्य अमात्यद्वारा लेखिएको लेखमा पूजारी मठको समग्र पक्षको बारेमा उल्लेख गरिएको छ । सन् १४८६ देखि १७६३ सम्म यो मठमा भारतको नागा साधुहरुको आधिपत्य रहेको तर पछि यिनीहरु मठको व्यवस्थापनामा गैरजिम्मेवारी भएकोले दशनामी सन्यासी भित्रको गिरी परिवारलाई यहाँको महन्तको रुपमा नियुक्त गरिएको उल्लेख छ । त्यसैगरी यो लेखमा मठ अन्तर्गत रहेका जग्गाजमीनको छोटो जानकारी, वार्षिक रुपमा यहाँको महन्तले गर्नुपर्ने धार्मिक एवं सामाजिक क्रियाकलापहरु, मठको पूर्णःनिमार्णको विवरण, कलावास्तुशैली आदिको जानकारी रहेको छ ।

## १.५. अध्ययनको औचित्य तथा महत्व

ऐतिहासिक महत्व बोकेको भक्तपुरका प्रमुख मठहरुको अध्ययन अनुसन्धान पर्याप्त मात्रामा भएको देखिंदैन । भक्तपुरका मठहरुको बारेमा लेखिएका केही लेखहरु विभिन्न पुस्तकहरु तथा बुलेटिनहरुमा प्रकाशित भए पनि यसको अध्ययनले मठको बारेमा सामान्य र संक्षिप्त ज्ञान मात्र दिएको छ । त्यसैले प्रस्तुत शोधपत्र भक्तपुरमा स्थापना भएका प्रमुख मठहरुको बारेमा केन्द्रीत भएर लेखिएको भए तापनि यसले मठ सम्बन्धि अध्ययन गर्न चाहने अध्ययनकर्ताहरुको लागि आधार सामग्रीका रुपमा कार्य गर्ने छ भन्ने विश्वास शोधकर्ताले लिएको छ । शोधकर्ताले निम्न औचित्यलाई ध्यानमा राखी प्रस्तुत शोधपत्र तयार गरेका छन् ।

- मठको अवधारणा तथा इतिहासको बारेमा थाहा पाउन सकिन्छ ।
- प्रस्तुत अध्ययन पुरा भएपछि भक्तपुरका मठहरुको बारेमा जानकारी पाउन सकिन्छ ।
- नेपालमा विभिन्न स्थानमा स्थापना भएका मठहरु सम्बन्धि सामान्य जानकारी पाउन सकिन्छ ।
- भक्तपुरका प्रमुख मठहरुले विभिन्न समयमा गरिने धार्मिक एवं साँस्कृतिक पूजापर्वको सम्बन्धमा विस्तृत जानकारी पाउन सकिन्छ ।

- भक्तपुरका मठहरुको सञ्चालन अर्थात यसको आयस्रोतहरु के कसरी प्राप्त हुदैं आएको छ भन्ने बारेमा थाहा पाउन सकिन्छ ।
- भक्तपुरका मठहरु भित्र रहेको कला एवं बास्तुकलाका बारेमा जानकारी पाउन सकिन्छ ।
- यस विषयमा थप अध्ययन गर्न चाहने अध्ययनकर्ताहरुलाई आधार स्रोत तयार हुन्छ ।

## १.६. अध्ययनको सीमा

मठको स्थापना नेपालको विभिन्न क्षेत्रहरुमा भएको पाइन्छ । भौगोलिक कठिनाई, समयको अभाव लगायत आर्थिक स्रोतको कमीका कारण सबै स्थानको मठहरुको बारेमा जानकारी दिन सकिएको छैन । स्नातकोत्तर तहको आंशिका परिपूर्तिको लागि मात्र भएकोले प्रस्तुत शोधपत्रमा भक्तपुरमा स्थापना भएका प्रमुख मठहरुको बारेमा चर्चा गरिएको छ । यद्यपि यस शोधपत्रमा मठ परम्परा र विकासको बारेमा उल्लेख गर्ने क्रममा भक्तपुरमा स्थापना भएका मठहरु बाहेक अन्य मठहरुको पनि सामान्य चर्चा गरिएको छ । यो शोधपत्र भक्तपुरमा रहेका प्रमुख मठहरुमा मात्र सीमित रहेको छ । मठहरुको धार्मिक, साँस्कृतिक पूजा विधिका साथै कला, बास्तुकलामा यस शोधपत्र केन्द्रित रहेको हुनाले यिनै विषयवस्तुको बारेमा विस्तृत रुपमा नभई संक्षेपमा उल्लेख गरिएको छ ।

## १.७. अध्ययन पद्धति

भक्तपुरका मठहरुको बारेमा आवश्यक अनुसन्धात्मक कार्यहरु तथा अध्ययन भएको देखिदैन । विभिन्न पुस्तक तथा पत्रपत्रिकामा भक्तपुरको प्रमुख पूजारी मठको बारेमा केही चर्चा गरिएको भएतापनि अन्य मठहरुको बारेमा विस्तृत जानकारी दिने कुनै लेख रचना प्रकाशित भएको छैन । यसर्थ यस शोध कार्यमा सहायक स्रोतहरु न्युन रहेको छ । यसकारण प्रस्तुत शोधकार्य मुख्यतया प्राथमिक स्रोतहरुमा आधारित छ । अध्ययन अनुसन्धानको क्रममा मठहरुको बारेमा जानकारी दिने महन्तहरु तथा इतिहास एवं सँस्कृतिविद्हरु संग अन्तर्वार्ता लिइएको छ  र अध्ययनको क्रममा शोधकर्ता आफै मठमा गएर मठको अवस्थाको बारेमा जानकारी प्राप्त गरिएको छ । यस शोधपत्रमा प्रयोग गरिएका शोध विधिहरु निम्न अनुसार छन् :

### १. प्राथमिक स्रोत

- **अन्तर्वार्ता**

विषयवस्तु संग सम्बन्धित व्यक्तिहरु जस्तै मठाधिस, संस्कृतिविद् तथा स्थानीय जनसमुदाय संग अर्न्तवार्ता लिइएको छ । अर्न्तवार्ता लिनको लागि पहिले नै संरचनात्मक प्रश्नावलीहरु तयार गरिएको छ । प्रश्नावलीको नमूना परिशिष्ट 'छ' मा दिइएको छ ।

- **स्थलगत अवलोकन**

मठहरुको कला वास्तुकलाको अध्ययन तथा महन्तहरुसँग प्रत्यक्ष भेटघाटको लागि मठको स्थलगत अवलोकन गरिएको छ ।

) **चित्र संकलन**

मठ सँग सम्बन्धित विभिन्न चित्रहरु संकलन गरी अध्ययन गर्नुका साथै परिशिष्टमा पनि चित्रहरु दिइएको छ ।

**२.द्धितिय स्रोत**

) **पुस्तकालय अध्ययन**

मठहरुको बारेमा लेखिएका पुस्तकहरु, लेखहरु, व्यक्तिगत संग्रहबाट संकलन गरिएका पाठ्पुस्तकहरु,सान्दर्भिक अन्य मठहरु सम्बन्धि लेखहरु अध्ययन गरिएको छ ।

# अध्याय दुई

## मठको ऐतिहासिक पृष्ठभूमी

वैदिक हिन्दुधर्म वर्णाश्रम व्यवस्थामा आधारित छ । वेद, वेदाङ्ग तथा अन्य विभिन्न धर्मशास्त्र आदि ग्रन्थहरुको अध्ययनबाट यो कुरा स्पष्ट हुन्छ । वर्णाश्रम व्यवस्था अन्तर्गत सम्पूर्ण हिन्दुहरुको जीवनलाई चार आश्रममा विभाजित गरिएको छ । हिन्दुहरु आफ्नो सम्पूर्ण जीवनलाई ज्ञान, कर्म र भक्ति प्राप्त गर्न ब्रहमचर्य, गृहस्थ, वानप्रस्थ र सन्यास आश्रममा बाँडफाँड गरिएको छ । सन्यास आश्रममा पुगेपछि मानव आफ्नो जात, गोत्र, घरबार आदि सम्पूर्ण त्यागी मोक्ष प्राप्तितर्फ अग्रसर हुन्छ । यस्ता सन्यास आश्रमा प्रवेश गरी सकेका साधुसन्यासीहरु तथा तिनीहरु समीप ज्ञान आर्जनको लागि आउने शिक्षार्थी बस्ने घरलाई 'मठ' भनिन्छ । अमरकोश द्वितीयकाण्ड पूरवर्गमा 'मठशास्त्रादीनिलयो' भनि उल्लेख गरी सन्यासी र शिक्षार्थीहरु बस्ने घरलाई मठ भनिन्छ भनेर उल्लेख गरेको पाइन्छ (जोशी,२०५३:९) । यस कुराले साधु सन्यासीहरु बस्नको लागि मठको निमार्ण वैदिककालदेखि नै भैसकेको देखिन्छ ।

वैदिककालदेखि नै सन्यासीहरु बस्नको लागि मठको निमार्ण भइसकेको भए तापनि तत्कालीन समयमा यस्तो स्थललाई मठको बदलामा 'आश्रम' नामले पुकारिन्थ्यो । यस्तो स्थानमा गुरुबाट विद्यार्थीहरुलाई शिक्षा दिने गरिन्थ्यो । यस्ता ऋषि सन्यासीहरुको आश्रम विद्या आदान-प्रदान गर्ने केन्द्र हुनाले गुरुकुलको नामले पनि प्रसिद्ध थियो । तत्कालीन समयमा सन्यासीहरु अलग-अलग स्थानमा नबसेर, एकै इलाकामा मिलेर बस्ने हुनाले साधु सन्यासीहरु मण्डली (समुह) नै कायम भएको थियो (जोशी,२०५३:९) ।

वैदिक एवं पौराणिक कालमा साधु सन्यासीहरु शहर बाहिर आश्रम बनाई बस्ने गर्दथे । पछि गएर सन्यासीहरुले सर्वसाधारण जनताहरुका घर सँगै मठ बनाई बसोबास गर्न थाले । मठको प्रमुख व्यक्तिलाई मठाधीस वा महन्त भनिन्छ । महन्तकै निगरानी तथा व्यवस्था अनुसार मठ संचालन गरिन्छ । जसरी बौद्ध धर्ममा भिक्षु भिक्षुणीहरुलाई बस्न, रात बिताउन र अध्ययन गराउन विहारको व्यवस्था भएको छ , त्यसरी नै हिन्दु धर्ममा साधु तथा सन्यासीहरुलाई धार्मिक कार्य गर्न, रात गुजार्न तथा अध्ययन गर्न र गराउन मठ व्यवस्था भएको हो । तसर्थ मठलाई हिन्दुहरुको विहार पनि भनिन्छ । विहारहरु बौद्ध शिक्षाको थलो हो भने मठहरु हिन्दुधर्म र दर्शनको पठनपाठन गरिने थलो हो ।

साधुसन्यासीहरु बस्ने मठहरुको निर्माण इशाको आठौं शताब्दी देखि शुरु भएको देखिन्छ । यस कार्यमा सर्वप्रथम पहल आदि शंकराचार्यले गरेका हुन् (जोशी,२०५३:१०) । तसर्थ मठको अवधारणा भारतबाट विकास भएको हो । आठौं शताब्दिको उत्तराद्धमा भारतमा जैन धर्म, बौद्ध धर्म तथा अनेक सम्प्रदायहरुको बोलवाला थियो । बौद्ध दार्शनिकहरुद्धारा अनेक दार्शनिक ग्रन्थहरुको निर्माण गराए । मौर्य शाशकहरुद्वारा बौद्धधर्मलाई आश्रय पनि प्रदान गरिएको थियो, जसको परिणामस्वरुप बौद्ध धर्मको निरन्तर उन्नति हुन थाले । कुषाण युगमा पनि बौद्ध धर्मको उन्नति हुदै गए । यस क्रममा वैदिक धर्मावलम्वीहरु

पनि आफ्नो धर्मको उत्थानको लागि प्रयासमा थिए । मौर्य शासनको पतन पश्चात ब्राहमणवंशी शाशक पुण्यमित्रले वेदको महत्व कायम राख्नको लागि दुई पटक अश्वमेघ यज्ञ गरे । गुप्तवंशका राजाहरुले पनि वैदिक धर्मको उत्थानको लागि महत्वपूर्ण कार्यहरु गरे । तर गुप्तशासकहरु अत्यधिक उदार र धार्मिक सहिष्णु भएको कारण बौद्धधर्मको प्रचार कायमनै रह्यो । आठौं शताब्दिमै बौद्ध र जैन धर्मको अलावा अन्य धार्मिक सम्प्रदायहरु पनि प्रचलित भएका थिए । जसमा कपिल, लोकायतिक (चार्वाक), काणाद, पौराणिक, ऐश्वर, कारणिक, कारन्धमिन्, सप्ततान्तव (मीमांसक), शाब्दिक (वैयाकरण), पांचरात्रिक प्रमुख थिए । यी सम्पूर्ण सम्प्रदायहरु वेद विरोधक थिए । यसप्रकार शंकराचार्यको समयमा धार्मिक जगत्मा ठूलो अस्तव्यस्तता रहेको थियो । वैदिक धर्म लोप हुने अवस्थामा पुगेपछि शंकराचायले यस धर्मको पुन:स्थापना गरेका थिए । यिनलाई भगवान शंकरको अवतार मानिन्छ जसले लेप हुन लागेको हिन्दु धर्मलाई संगठन गरे (मीश्र,१९८९:१३–१७) । कठिन संस्कृत भाषामा लेखिएको धर्म र दर्शन जस्तो गहन विषयमा उनले सरल भाष्य तयार गरेका थिए । यसका साथै उनले उपनिषद्, भगवद्गीता तथा वादरायणको ब्राहमसुत्रनामक ग्रन्थको भाष्य लेखि वादरायणको ब्रहमसुत्रकै आधारमा अदैत सिद्धान्तको प्रतिपादन गरे (शर्मा,२०३९:६६) ।

आदि शंकराचार्यद्वारा वैदिक धर्मको पुन:स्थापना गर्नको लागि अनेक साधनहरु अपनाएका थिए । जस्तै तीर्थहरुलाई अवैदिक प्रभावहरुद्वारा मुक्ति गर्नु । यिनले अवैदिकमतका अनुयायीहरुले दवाई राखेको पुण्यस्थहरुमा गएर उनीहरुको सिद्धान्तलाई आफ्नो पाण्डित्य, तर्कवितर्क र युक्तिद्वारा खण्डन गरी तीर्थस्थलहरुको महत्वलाई पुन:स्थापित गरे । अद्धैत साहित्यको मत विकास र सन्यासी संघको स्थापना गरेर त्यागी, वीर र सुयोग्य चेलाहरुलाई धर्मप्रचारको कार्य सुम्पियका थिए । त्यसैगरी यिनले मठ स्थापना गरी हिन्दु धर्मलाई अझ बढी मजबुत बनाए । वैदिक धर्मको परम्परालाई कायम राख्नको लागि यिनले भारतको चारै दिशामा चारवटा मठको स्थापना गरी महन्तहरु नियुक्ति गरिदिएका थिए । यसरी स्थापना गरिदिएका मठका महन्तहरुको कर्तव्य कुनै एक स्थानमा स्थायी रुपमा बसोबास गरी आ-आफ्नो निर्धारित क्षेत्रमा घुमी वैदिक धर्मको प्रचार गर्ने र सर्वसाधारण जनताहरुलाई आध्यात्मिक मार्गदर्शन गराउने थियो । शंकराचार्यले मठ स्थापना गरेपछि सन्यासीहरुको सम्पूर्ण सम्प्रदाय र सामान्य जनताले उनलाई “जगत्गुरु”को रुपमा आदर तथा सम्मान गर्न थाले (मीश्र,१९८९:३१६–३१८) ।

वैदिक हिन्दु धर्मको जर्गेना गर्ने उद्देश्यले यिनले वैदिक अद्धैतमतको ज्ञान प्रचार गर्न सर्वप्रथम भारतमा श्रृङ्गेरी मठको स्थापना गरेका थिए । यस्तै मठको स्थापना उनले भारतको चारै दिशामा गरेका थिए (जोशी,२०५३:१०) । यिनले मैसूरमा श्रृङ्गगिरिमठ अर्थात श्रृङ्गेरीमठ, काठियावाडको द्वारकामा शारदामठ, उडीसाको जगन्नाथपुरीमा गोवर्द्धनमठ र बदरीनाथमा ज्योर्तिमठ अर्थात जोशीमठ स्थापना गरे जुन आजसम्म पनि विद्यमान छन् (शर्मा,२०३९:६६) । आदि शंकराचार्यले यी ४ वटै मठमा नियुक्ति गरेका महन्तहरु शङ्कराचार्य नामले नै प्रसिद्द छन् । तसर्थ प्रारम्भमा एक शंकराचार्य थिए भने आज चार शंकराचार्य भएको मानिन्छ (शर्मा,२०३९:६६) । आद्य शंकराचार्यले मठ स्थापनाको कार्य गरेपछि साधु

सन्यासीहरुमा राष्ट्रिय भावना जागृत भई उनीहरुल राष्ट्रिय हितको कार्य गर्न महत्पूर्ण भूमिका निभाएका थिए (जोशी,२०५३:१०) ।

## २.१. आदि शंकराचार्य र मठ परम्परा

शंकराचार्य भारतको उत्तरगुप्तकालका महान् दार्शनिक हुन् । इशाको आठौं शताब्दिमा यिनको जन्म दक्षिण भारतको कालटीनामक गाँउमा एउटा ब्राहमण परिवारमा भएको थिया (शर्मा,२०३९:६६) । विभिन्न विद्धानहरुका अनुसार, शंकराचार्यको समय ई. ७८८ देखि ८२० सम्म रहेको थियो । शंकरको जन्म शुभ ग्रहहरुबाट युक्त शुभ राशीमा बैशाख शुल्क पञ्चमी, रविवारको मध्यान्हमा भएको हो । यिनको नाम शंकर हुनुको प्रमुख दुई कारण रहेको छ । पहिलो कारण शंकरको एकमात्र दर्शनले पनि सबैको हृदय आनन्द हुने हुनाले यिनका पिता शिवगुरुले यिनको नाम “सम” अर्थात आनन्द र “कर” अर्थात प्रदान गर्ने शब्दको अर्थलाई मिलाइ यिनको नाम शंकर राखे । अर्को कारण शिवगुरुले भगवान् शंकरको कठिन आराधनाद्धारा पुत्र प्राप्त भएको कारणले उनकै नामबाट शंकराचार्य नाम राखिएको हो (मिश्र,१९८९:२६) ।

आदि शंकराचार्य भित्र समस्त मानवीय गुणहरु रहेका थिए । आफ्नो माता एवं गुरु प्रति उनको ठूलो भक्तिभाव, शिष्यहरुप्रति स्नेह, भक्तहरुप्रति असीम दया तथा शत्रुहरुप्रति पनि दयाभाव रहेको थियो । वाल्यकालमा नै उनी पितृविहीन हुन पुगेका थिए । माताको एकमात्र सन्तान हुनाको कारण माताको सम्पूर्ण स्नेह तथा आकाक्षां उनमा नै केन्द्रित रहेको थियो । आचार्य पनि आफ्नो माताप्रति अद्भुत श्रद्धा एवं भक्ति राख्दथे । आचार्यको मानसिक शक्ति पनि निकै तीव्र थियो । उनले नष्ट भैसकेका ग्रन्थहरुको पनि पुर्नखोज गरेका थिए ।

शंकराचार्यको गुरुभक्ति पनि अनुकरणीय थियो । उनले गोविन्दाचार्यलाई सद्गुरुको रुपमा प्राप्त गरेपछि आफूलाई सदाको लागी गुरुको चरणमा सर्मपित गरे । उनको गुरुभक्तिबाट प्रसन्न भई गुरुले उनलाई आध्यामिक विद्याको सम्रात बनाई दिएका थिए । गुरुको आदेशबाट उनी मन, वचन र कर्मले वैदिक धर्मको उद्दार तथा रक्षाको निम्ति लागि परेका थिए । आचार्य शंकरलाई अद्धैत बेदान्तको रचयिता तथा सन्यासी सन्प्रदायको गुरु मानिन्छ । यिनले आफ्नो प्रतिभा र ब्रहमज्ञानद्वारा वैदिक सनातन हिन्दु धर्मलाई विघटन हुनबाट बचाएका थिए । यिनले हिन्दु धर्मको अनेक आवश्यक एवं रचनात्मक सुधार गरी पुनःउत्थान गरेका थिए ।

भगवान् शंकरको अवतार मानिएका शंकराचार्यले आफ्नो छोटो आयुमा गरेको सम्पूर्ण क्रियाकलापहरु अलौकिक थियो । शंकराचार्य भगवान् शिवका, मंदन मित्र ब्रम्हाका तथा तिनकी पत्नी भारती शारदाका अवतार थिए (जोशी,२०५३:१०) । शंकराचार्यले आफ्नो जीवनमा गरेको महत्वपूर्ण कार्यहरु मध्ये “मठ संस्कृतिको विकास” उनको प्रमुख कार्य थियो । सम्प्रदाय स्थापित नगरेसम्म कुनै पनि विद्या, साधना र लक्ष्य चिरस्थायी रहन सकिन्दैन भनि उनले अद्धैत वेदान्त मार्गलाई चिरस्थायी बनाउन सन्यासी संघको स्थापना गरिदिएका हुन् (मिश्र,१९८९:२४२) ।

शंकराचार्यले सर्वप्रथम आफ्नो अद्वैत मतको ज्ञान प्रचार गर्न दक्षिण भारतस्थित तुङ्ग भद्रानदीको तटमा श्रृङ्गेरी मठको स्थापना गरेका थिए । जातभात, ठूलोसानोको भेदभाव त्यागी साधु सन्यासीहरुले मनुष्यको कल्याण तथा ज्ञानदीपको संचार गराउने कार्यमा तल्लीन भएर उनिहरु शत्रुमित्रको कुनै भेदभाव राख्दैन भन्ने आर्दशलाई पुष्ठभूमिमा राखी शंकराचार्यले यो पहिलो मठ खडा गरेका हुन् (जोशी,२०५३:१०) । आदि शंकराचार्यले प्रथम मठ निर्माण गर्दा यस्तो स्थान रोजेका थिए जहाँ एउटा गोमन सर्पले भर्खरै सुत्केरी भएकी भ्यागुतीलाई चर्को घामको रापबाट जोगाउन आफ्नो फणा छाताजस्तो गरी ओढाएर बसेको थियो । यस मठमा यिनले शारदाको एक प्रतिमा प्रतिष्ठापन गरी तिनको अगाडी श्रीचक्र राखिदिएका थिए । यिनले अद्वैतमतको प्रचारको लागि त्यहाँ दशनामी सन्यासी अर्न्तगतको भारती सम्प्रदाय चलाएका थिए । भारतको दक्षिण दिशाको रामेश्वर घाटमा स्थापना भएको श्रृङ्गेरीमठको संचालनको लागि अनेकौ शाशकहरुले अनुदान दिनुका साथै मठको लागि ग्रामहरु पनि दान दिएका थिए (जोशी,२०५३:१०) । यस मठको प्रथम आचार्य उनले आफ्नो प्रिय शिष्य सुरेश्वरलाई बनाएका थिए । यसैगरि शंकराचार्यले गोवर्द्धनमठमा पद्मपादाचार्य, ज्योर्तिमठमा तोटकाचार्य, र शारदा मठमा हस्तमलक गरी आफ्ना प्रमुख शिष्यहरु नियुक्ति गरी धर्मप्रचारको कार्यमा लाग्न निर्देशन दिएका थिए ।

शंकराचार्यले शारदा मठ अर्न्तगत तीर्थ र आश्रम सम्प्रदाय, गोबर्द्धन मठ अर्न्तगत वन र आरण्य सम्प्रदाय, ज्योतिमठ अर्न्गगत गिरि, पर्वत र सागर सम्प्रदाय तथा श्रृंगेरी मठ अर्न्तगत सरस्वती, भारती र पुरी सम्प्रदाय गरी दशनामी सन्यासीहरुलाई विभाजन गरिदिएका थिए । चारवटा मठको माध्ययम बाट यिनले चार वेदको पनि निर्देशन दिएका थिए । जस्तै शारदा मठमा सामवेद, गोबर्द्धन मठमा ऋग्वेद, ज्योर्तिमठमा अर्थववेद र श्रृंगेरी मठमा यजुर्वेद । त्यसैगरी यी चारवटै मठहरुमा क्रमशः तत्वमसि, प्रज्ञान ब्रहमा, अयमात्मा ब्रहमा र अहं ब्रहास्मि गरी वेदका चार महावाक्य अवलम्वन हुनेगरी मठहरु स्थापना गराएका थिए । यसका साथै शंकराचार्यले महन्तहरुको अनुशासनको लागि व्यवस्थित नियम पनि बनाई दिएका थिए, जसलाई "मठाम्नाय" वा "महानुशाशन" भनिन्छ । यिनले यी चार मठहरु अर्न्तगत उपपीठहरुको पनि स्थापना गराएका थिए, जस्तै काशीमा स्थापना भएको सुमेरु मठ, काशीकै हनुमान घाटको शुकदेव मठ, तथा ब्रहोन्ट्र मठ, काँचीको कामकोटि पीठ । यी मठहरुसंग पनि आबद्व उपपीठहरु कुडली मठ, संकेश्वर मठ, पुष्पगिरि मठ, विरुपाक्ष मठ, रामचन्द्रपुर मठ, शिवगंगा मठ, कोप्पाल मठ, श्रीशैल मठ, रामेश्वर मठ आदि हन् । यिनले स्थापना गर्न लगाएको शारदा मठको महानुशाशन अर्थात मठाम्नायको नाम "पश्चिमाम्नाय" गोवर्द्धन मठको महानुशाशनको नाम "पूर्वाम्नाय" ज्योर्तिमठको महानुशाशनको नाम "उत्तराम्नाय" र श्रृंगेरी मठको महानुशाशनको नाम "श्रृंगेरीमठाम्नाय" हुन् । आचार्य शंकरको आदेशअनुसार नै यी चारैवटा मठहरुको परम्परा वर्तमान समयसम्म पनि चल्दै आइराखेको छ (मिश्र,१९८९:२४२–२४३) ।

धर्मलाई जर्गेना गर्न स्थापना गरिएको मठ संगठनले आचार्यको दुरदर्शिता, उदारता, बलियो संघठन शक्ति, प्रजातान्त्रिक भावना तथा राष्ट्रियताको परिचय प्राप्त हुन्छ । उनको यो सिद्धान्तबाट अभिप्रेरित भई लाखौं ब्राहमण, क्षेत्री शिखासुत्र त्यागगरि दिक्षित भएका छन् (शर्मा,२०३९:६६) । शंकराचार्यद्धारा भारतको महत्वपूर्ण शैवपीठमा गएर आफनो ज्ञानद्धारा बौद्धधर्मको खण्डन गरी हिन्दु धर्मको प्रचार गर्नको लागि स्थापना गर्न लगाएको मठ आजसम्म पनि हिन्दु संस्कृतिको प्रेरणा स्रोतको रुपमा रहँदै आएको छ (रेग्मी,२०३७:९७) ।

## २.२. दशनामी सन्यासी सम्प्रदाय

मठहरुको चर्चा गर्ने क्रममा दशनामी सन्यासीहरुको उल्लेख पनि महत्वपूर्ण हुन्छ । शंकराचार्यको परम्परामा दीक्षित हुनेहरुलाई सन्यासी भनिन्छ । यस्तो सन्यासीहरुलाई नै दशनामी सन्यासी भनिन्छ । दशनामी सन्यासी अन्तर्गत पर्ने व्यक्ति विशेष मात्र मठमा महन्तको रुपमा रहन सक्छन् (शर्मा, २०३९:६६) । दशनामीको शाब्दिक अर्थ, दश प्रकारको नाम धारण गरेको समूह हो । यो सम्प्रदाय आदि शंकराचार्यसँग सम्बन्धित हुन्छ । यी दश प्रकारको नामहरु सरस्वती, भारती, पुरी, तीर्थ, आश्रम, वन, गिरी, आरण्य, पर्वत र सागर हुन् । यी उपाधिहरु अर्थात पदविहरुको कल्पना नितान्त आध्यात्मिक रहेको छ (मिश्र,१९८९:२५५) ।

दशनामी सन्यासी भगवान् शंकरको अंगहरुबाट उत्पति भएको मानिन्छ । जस्तै ब्रहमाण्डबाट पुरी, ललाटबाट भारती, जिब्रोबाट सरस्वति, पाखुराबाट गिरी, पर्वत, सागर वक्षस्थलबाट बन र आरण्य तथा पाउ बाट तिर्थ र आश्रम (गिरी,२०६४:१०) । आदि शंकराचार्यद्वारा सुरुमा महन्तको रुपमा नियुक्ति गरेका चारजना शिष्यहरुले पनि आफ्ना शिष्यहरुको कपाल मुढ्दै सन्यासी बनाउने क्रममा दशनामी सन्यासीहरुको स्वरुप विकास हुँदै गएको मानिन्छ । जस्तै पद्मपादाचार्यबाट वन र आरण्य, तोटकाचार्यबाट गिरी, पर्वत र सागर, सुरेस्वाचार्यबाट तिर्थ र आश्रम, हस्तमलकचार्यबाट पुरी, सरस्वती विकास भएको मानिन्छ (गिरी,२०६४:१२) ।

दशनामी सन्यासीहरुको गोत्र तथा देवताहरु पनि यसरी छुट्टयाइएको छ । वन र आरण्यको गोत्र कश्यप हो र यसको प्रमुख देवता जगन्नाथ हुन् । भारती, पुरी, र सरस्वती भुर्भुवस्ता गोत्र र देवता बराह हुन् । तिर्थ र आश्रमको गोत्र अभिगति हुन् भने शिद्धेश्वर यिनिहरुका प्रमुख देवता हुन् । गिरी, पर्वत, र सागर भृगु गोत्रका हुन् र यिनिहरुको प्रमुख देवता नारायण हो (गिरी,२०६४:१२-१३) । दशनामी सन्यासीहरु आचार्य शंकरद्वारा सर्वप्रथम भारतको चारै दिशामा खडा गरिएको श्रृङ्गेरीमठ, शारदामठ, गोवर्द्धनमठ र ज्योर्तिमठसँग सम्बन्धित छन् । सरस्वती, भारती र पुरीको सम्बन्ध श्रृङ्गेरीमठसित छ । तीर्थ र आश्रमको सम्बन्ध द्वारिकाको शारदामठसित छ । वन र आरण्यको सम्बन्ध जगन्नाथपुरीको गोवर्द्धनमठसित छ भने गिरि, पर्वत र सागरको सम्बन्ध हिमालयको ज्योर्तिमठ सँग सम्बन्धित छ (शर्मा,२०३९:६६) ।

दशनामी सन्यासी अर्न्तगत पर्ने प्रत्येक नामहरुको आ-आफ्नै छुट्टै व्याख्या एवं विवेचना पाइन्छ । "सरस्वती" शब्दको अभिप्रायले स्वर अर्थात नित्य निरन्तर रुपमा ज्ञानप्राप्त गरी सारभूत ब्रहमाको साक्षात्कार गर्ने संन्यासीहरुको पदलाई बुझाउँछ ।

संसारको सबै प्रकारको दायित्व र बन्धनहरुबाट मुक्त भई परमविद्यामा निपुर्ण भएर, सदा दु:खलाई भुलेर आनन्दमा विचरण गर्ने सन्यासीले "भारती" पद धारण गर्छ ।

त्यस्तै जो सन्यासी ज्ञानतत्वमा परिपुर्ण भएर ब्रहमा पदमा बसी, सदा परब्रह्मामा समाहित हुन्छ, त्यस प्रकारको सन्यासीले "पुरी" पद धारण गर्छ ।

"तत्वमसि" महावाक्य त्रिवेणी-संगम जस्तै पवित्र र तीर्थतुल्य मानिन्छ, जो साधकले यस महान् तीर्थमा स्थान गर्छ त्यहि सन्यासीले "तीर्थ" पद धारण गर्छ ।

सन्यास आश्रममा पुर्ण रुपले सर्मपित भई जो सन्यासी जन्ममृत्युको प्रभावबाट मुक्त हुन्छ, सोही सन्यासीलाई "आश्रम" सन्यासी भनिन्छ ।

सुन्दर, एकान्त र निर्जन वनमा निवास गरी जो सन्यासी संसारको बन्धनबाट पूर्ण रुपमा मुक्त भैसकेको हुन्छ, उसलाई "वन" तथा "आरण्य" को पदवी दिएको हुन्छ ।

पर्वत क्षेत्रमा निवास गरी सदा गीताको अध्ययनमा लागि रहने सन्यासी, जसको बुद्धि गिरीको समान निश्चल र गंभीर हुन्छ, यस्तो सन्यासीलाई "गिरी" भनिन्छ ।

पर्वतको मुल देशमा निवास गरी अद्वैत आत्माज्ञानमा पूर्णतया आसिन हुने सन्यासीलाई "पर्वत" को उपाधि दिइन्छ ।

तत्वज्ञानको समुद्रमा डुबेर जसले ब्रम्हज्ञान प्राप्त गर्नुका साथै आफ्नो आश्रमको मर्यादालाई सदा कायम राख्छ, यस्तो सन्यासीको उपाधि "सागर" हो (मिश्र,१९८९:२५०-२५२) । यी दश उपाधि अर्थात पदवीहरुको कल्पना नितान्त आध्यात्मिक छ र सम्पूर्ण दशनामी सन्यासी सम्प्रदाय आचार्य शंकरसँग आबद्ध छन् ।

काठमाण्डौ उपत्यकामा दशनामी सन्यासी सम्प्रदाय पनि शैव धर्मको विकासको क्रममा देखिन्दै आएका हुन । यद्यपी काठमाडौ उपत्यकामा दशनामी सन्यासीहरुले कसरी आफ्नो पहिचान दिलाउँदै विकास भयो भन्ने कुरा अध्ययनकै विषय बनेको छ । तर मल्लकालमा भने दशनामी सन्यासीहरु आफ्नो आध्यात्मिक प्रभाव एवं तत्कालीन मल्लराजा तथा कुलिन वर्गको आश्रय एवं प्रोत्साहनका कारण प्रख्यात भएको देखिन्छ ।

आदि शंकराचार्यद्वारा सर्वप्रथम स्थापना गरेको श्रृङ्गेरी मठबाट हिन्दु धर्मलाई संरक्षण एवं सम्बद्धन गर्ने कार्यको शुरुवात गरिएको थियो । यसकारण यो मठलाई दशनामीहरुको "मूलथली"

मानिन्छ । भारतमा शंकराचार्यद्वारा मठ परम्पराको थालनी गरिसकेपछि त्यो परम्परा विस्तारै भारतको अन्य स्थानहरु लगायत नेपालमा पनि विस्तार हुँदै गए । पुर्वमध्यकालीन नेपालमा शैवमतका अनुयायीहरुको वृद्धि संगै दशनामी सन्यासीहरु पनि विभिन्न भागहरुमा फैलदै जान थाले । नेपालको विभिन्न क्षेत्रहरुमा दशनामी सन्यासीहरु अध्यधिक मात्रामा रहेका छन्, जहाँ भगवान् शिवको पुजाआजा गरिन्छ (पाण्डे,२०५९:२) ।

शोधकर्तालेे अन्तर्वार्ताको क्रममा भक्तपुर तचपाल टोलस्थित दथु मठका महन्त उतम पुरीबाट प्राप्त जानकारी अनुसार, विगतमा गुरुचेला पद्धति अनुसार दशनामी सन्यासीहरु महन्त बन्ने चलन थियो । महन्तले आफ्नो जीवनको अन्तिम अवस्था आईपुगेपछि मठलाई व्यवस्थित रुपमा सञ्चालन गरी मठको परम्परालाई कायम राख्न सक्षम शिष्यलाई आफुपछिको महन्त पदमा नियुक्ति गर्दथे । योग्य शिष्यलाई गुरुले कपाल मुढेर, सन्यास मन्त्र सुनाई, दिक्षा दिएर नयाँ महन्त घोषणा गरिन्थ्यो । गुरुले आफुले अध्यापन गराउदै आएको योग्य चेलालाई आफ्नो थर तथा गोत्र प्रदान गरी आफ्नो संस्कार र कर्ममा लिएर आउन्थ्यो । यसरी चेला मुढ्दा गुरुले चेलाको टुपी काटि दिने र चेलाले गेरुवस्त्र पहिरी सन्यास कर्ममा निरन्तर लाग्नु पर्ने विधान रहेको थियो ।

वर्तमान समयमा दुई किसिमका दशनामी सन्यासीहरु रहेका छन् । एउटा पुरानै सन्यासी कर्ममा लागेका दशनामी सन्यासी हो भने अर्को गृहस्थ दशनामी सन्यासी । विगतमा दशनामी सन्यासीहरु विवाह नगरी ब्रहमचार्य धर्ममा बस्दथे । मठमा सन्यासीका साथै सन्यासीनी पनि बसोबास गर्दथे । मध्यकालको अन्त्यतिर सन्यासीहरुले आफुसंगै मठमा रहेका सन्यासीनीहरुसँग विवाह गरी गृहस्थी जीवन सुरु गरेका थिए । गृहस्थी जीवन सुरु भएपछि दशनामी सन्यासीहरुको संख्यामा वृद्धि हुँदै गयो । नेपाल दशनामी समाजको तथ्याङ्क अनुसार वि.स २०६४ सालसम्ममा सन्यासी कर्म गरी आश्रममा बस्ने सन्यासीहरु करिब ३,०१० छन् भने गृहस्थ दशनामी सन्यासी लगभग ४ लाख १० हजार छन् (गिरी,२०६४:८) ।

नेपाल दशनामी समाजका सचिव सुमन गिरीसँग शोधकर्ताले लिएको अन्तर्वार्ता अनुसार, शंकराचार्यद्धारा भारतमा दशनामी सन्यासीको विकास गरेपछि, त्यसको प्रभाव तत्कालीन समयमा नै नेपालमा परेको थियो । तसर्थ नेपालमा आदिमकालदेखि नै दशनामीहरु रहेको होला भन्ने कुरा नकार्न सकिन्दैन ।

दशनामी सन्यासी महन्तहरुको नामको पछाडी “गोसाइँ” राख्ने पनि परम्परा रहेको देखिन्छ । उदाहरणको लागि भक्तपुरस्थित क्वाठण्डौं टोलमा रहेको शिलापत्र तथा पूजारी मठमा भएको ताम्रपत्र लाई लिन सकिन्छ । जसमा महन्तको नामको पछाडि “गोसाइँ” शब्द जोडीएको छ (परिशिष्ट ख) । शोधकर्ताले इतिहासविद् एवं भक्तपुर ईखालाखु मठका पूजारी विनोद राज शर्मासँग लिएको अन्तर्वार्ता अनुसार, गोसाइँ शब्द “गो-स्वामी” शब्दको अपभ्रंश हो । ‘गो’ को अर्थ गाई र ‘स्वामी’ को अर्थ ‘मालिक’

हो । महन्तहरुले मठमा गाई पाल्ने र गाईको सेवा गर्ने हुनाले नामको पछाडी “गोसाइँ” राख्ने गरेको हो । तर हाल महन्तहरुले आफ्नो नामको पछाडी गोसाइँ राख्ने गरेको पाइँदैन ।

वर्तमान समयमा नेपालमा दशनामी सन्यासीहरु विभिन्न स्थानहरुमा फैलिएर रहेका छन् । यिनीहरु सबैलाई एकै स्थानमा जम्मा गरी एकै सुत्रमा आवद्ध गर्न तथा दशनामी सन्यासी अर्न्तगतको धर्म एंव परम्पराहरु जोगाउन निकै महत्वपूर्ण छ । यसकुरालाई मध्यनजर गरी वि.सं.२०५४ सालमा माईतिघर, काठमाडौमा “नेपाल दशनामी समाज” नामक दशनामी समाजको केन्द्रिय कार्यालय स्थापना गरिएको छ । यसको एउटा शाखा कार्यालय भक्तपुरको क्वाठण्डौ टोलमा पनि स्थापना गरिएको छ ।

## २.३. नेपालमा मठ परम्परा र विकास

हिमालयको काखमा बसेको नेपाल प्राचीन समयदेखि नै शैवभूमी रहदै आएको छ । हिन्दुहरुको आराध्यदेव पशुपतिनाथ तथा कालकूट विष धारण गरेका नीलकण्ठ महादेव यस पुण्यभूमिमा रहेका छन् । नेपाल राज्य भरीनै असंख्य रुपमा शिवलिङ्ग, शिवमूर्ति तथा शिवमन्दिरहरु रहनुका साथै नेपाल मण्डलको चारैतिर विभिन्न ६४ शिवलिङ्गहरु रहेका छन् । हाम्रो समाजमा शिव र शक्ति बिना कुनै कार्य शिद्ध भएको मानिंदैन । तसर्थ “शिव शक्त्यात्मक जगत” शिव शक्ति नै जंगत संसार भन्ने मान्यता रहेको छ (राजोपाध्याय,२०६७:७३) । यसरी शिवको असीम महिमा बोकेको नेपालमा शैव धर्मको प्रमुख केन्द्र मठहरु स्थापना भएको छ ।

हिन्दुधर्मको अवधारणा अनुसार शुरुमा गुरुकुल वा आश्रममा शिक्षा दिने प्रथा रहेको थियो । आश्रममा शिक्षा दिनुका साथै हिन्दु धर्मलाई उत्थान गर्ने एवं फैलाउने कार्यहरु पनि भएको देखिन्छ । नेपालमा हिन्दुधर्ममात्र नभई अन्य धर्महरुले पनि प्रशय पाउँदै जान थालेपछि बढ्दो बौद्ध धर्मको प्रभावलाई रोक्न जब शंकराचार्यहरु (शंकराचार्यका शिष्यहरु) नेपालमा प्रवेश गरे । तत्कालीन समयमा नेपालमण्डलमा बस्ने नेवारहरुले धार्मिक सहिष्णुताका कारण हिन्दु र बौद्ध दुबै धर्मलाई समान रुपमा महत्व दिएका थिए । यहाँ शिवलिङ्ग सँग एउटा चैत्य स्थापना हुनु तथा मन्दिर सँग विहार स्थापना भएको आधारमा यो कुरा स्पष्ट हुन्छ । उदाहरण स्वरुप भक्तपुरको टौलाछें टोलमा टुँबहा नामक विहारमा शिवलिङ्गको माथी चैत्य निर्माण गरेको कुरालाई लिन सकिन्छ ।

बौद्धधर्मको प्रभावका कारण नेपालमा हिन्दु देवीदेवताहरुलाई तिरस्कार गरिएको, वेद विरोधी धर्मावलम्बिहरुले मन्दिर भित्र अपवित्र बस्तुहरु राखी मन्दिरको पवित्रता नष्ट गरिदिएका, वर्णाश्रम धर्म लोप हुने अवस्थामा पुगेको तथा तत्कालीन राजा पनि वेद विरोधी मतावलम्बिहरुको सामना गर्न असमर्थ भएका थिए । आदि शंकराचार्यले यो कुरा सुनेपछि उनी नेपालको तराई क्षेत्र हुँदै पशुपतिमा आएका थिए । आर्चायको आगमनबाट नेपालमा शैवधर्मको विकास भई मठ परम्परा थालनीमा जरा गाडिएको थियो (मिश्र,१९८९:२३१-२३३) । यद्यपि हालसम्म पनि आचार्य शंकराचार्य नेपालमा आए वा आएनन् भन्ने कुरामा विद्धानहरुको एकमत नरहेको कारण यो कुरा अध्ययनको विषय रहेको छ । शंकराचार्यको धार्मिका

दिग्विजयको प्रसंगमा वर्णन गरिएको देशहरुको सूचीमा नेपालको नाम उल्लेख छैन । यस अर्थमा आदि शंकराचार्य नेपालमा नआएको कुरा देखिन्छ । तर पशुपतिनाथमा पूजा गर्ने कार्य केवल दक्षिण भारतका ब्राहमण रहँदै आएकोले शंकराचार्य नेपाल आएका थिए कि भन्ने अनुमान गर्न सकिन्छ (रेग्मी,२०३७:९७) । शंकराचार्य नेपाल आएका थिए भन्ने कुनै प्रमाण नभएतापनि उनले स्थापना गरेको मठका उनकै परम्पराका योगी दण्डी स्वामी शंकराचार्य भने नेपालमा तीर्थ गर्न आएको कुरा वंशावलीहरुमा पाइँछ । यहाँ राष्ट्रिय संग्रहालयमा रहेको शंकराचार्यको बारेमा उल्लेख भएको शिलालेख बारे उल्लेख गर्नु उपयुक्त हुन्छ । यो शिलालेखको मिति ने.सं.२६२ हो भनी धनवज्र बज्राचार्यले उल्लेख गरेका छन् । ने.सं.२२२ मा काशीबाट शंकराचार्य नेपालमा आएर बौद्धमार्गीहरुसँग शास्त्रार्थ गरेको कुराको उल्लेख वंशावलीमा पाइन्छ (नेपाल,२०४३:१८-१९) । नेपालमा शंकराचार्य आएर बौद्धमत खण्डन गरेको जुन कथा वंशावलीमा वर्णित छन्, ती कथाले यिनै अग्निमठपरम्पराका शंकराचार्यलाई लक्षित गरिएको देखिन्छ । शंकराचार्य र उनका शिष्यको सो दल काशीबाट विक्रमको बाह्रौं शताब्दीको उत्तरार्द्धमा पशुपतिनाथको दर्शन गर्न र यहाँका जनतालाई शिक्षादीक्षा दिने उद्देश्यले नेपालमा आएका थिए । पहिलोपल्ट शंकराचार्य स्वामी र उनका शिष्यहरुले आई यहाँका राजकुमारहरु र जनतालाई शिक्षादीक्षा दिएर चेला बनाएका र चेलाबाट पाएको धनले काशीमा गएर दुइ मन्दिरको जीर्णोद्धार गराएका थिए । दोस्रोपल्ट आउँदा कमाएको धनले उनीहरुले आफ्नो शैवसम्प्रदायको यहाँ स्थायीरुपले प्रचार प्रसार गर्ने उद्देश्यले शिवजीको मन्दिर र मठ स्थापना गरे । यो मन्दिर मठ कहाँ स्थापना भएको थियो भन्ने थाहा हुन सकेको छैन । शिलालेखमा उल्लेख बर्णन अनुसार, यी शंकराचार्य स्वामीहरुले अध्यात्मकविद्या, योगविद्या र शैवमतको प्रचार बाहेक परेको बखत हतियार पनि उठाउन सक्तथे भन्ने थाहा हुन्छ (नेपाल,२०४३:४३) । यो शिलालेखको उल्लेख डिल्लीरमण रेग्मीद्वारा आफ्नो पुस्तक “Mediaval Nepal Vol III” मा पनि उल्लेख गरेका छन् ।

मठ भनेको साधारणतया शैव धर्मको अनुस्थान गर्ने प्रमुख केन्द्र हो । अप्रत्यक्ष रुपमा शैव, वैष्णव र शाक्त तीनवटै धर्मको उपासना गर्ने स्थान मठ हो, जहाँ शैव धर्म प्रधान छ भन्ने बैष्णव र शाक्त धर्म गौण छ । तसर्थ मठको प्रयोजन शैव मतको प्रचार गर्न र साधुसन्त रहने ठाउँको रुपमा विकास भएको पाइँछ । नेपालमा उत्तर प्राचीनकालदेखि नै शैव पाशुपत सन्यासीहरुको मण्डली कायम भएको कुरा विभिन्न आभिलेखिक प्रमाणहरुले पुष्टि गर्दछ । राजा नरेन्द्रदेवको सं. ८३ को ललितपुर सौगलटोलस्थित गैह्रीधाराको नजिकैको अभिलेख जुन हाल पुरातत्व बगैंचामा राखिएको छ, उक्त अभिलेखमा “महाप्रतिहार चन्द्रवर्माले हामीमा बिन्ती चढाएका हुनाले उनको कुरा राख्न हामीबाट पशुपतिमा वाग्मतिको पूर्व किनारमा रहेको भगवान् बज्रेश्वरको मण्डलीमा सबै अधिकरणले पस्न नपाउने गरी निगाह गरिएको छ । हाम्रो आज्ञा लिई यिनले (चन्द्रवर्माले) आफ्नो पुण्य बढोस् भनी यस मण्डलीमा धार्मिक संघहरुलाई दान दिइएका छन् । मण्डलीमा लिप्नु, बढार्नु, मर्मत गर्नु आदि काम गरेर जो बच्छ, त्यो पैसाले भगवान् बज्रेश्वरलाई लक्ष्य गरी पाशुपतहरु र ब्राहमणहरुलाई सकिने जति भोजन गराउनु” भन्ने कुरा परेको छ (बज्राचार्य,२०३०:४८१-४८४) । यस अभिलेखबाट लिच्छविकालमा नै पशुपति

वाग्मतीपारी पाशुपत सम्प्रदायहरुको मण्डली रहेको तथा पशुपतिक्षेत्रस्थित भगवान् बज्रेश्वरको यस इलाकामा कुनै पनि सरकारी अधिकरण प्रवेश गर्न नपाइने र आवश्यक सम्पूर्ण कुराहरु सोही धार्मिक संघ बाट मिलाउने गरी राजाज्ञा भएको कुरा स्पष्ट हुन्छ । ती मण्डलीहरुलाई सरकारको तर्फबाट र धर्मपरायण सर्वसाधारण जनताहरुबाट पनि जग्गाहरु प्रदान गरी गुठी राखिदिएका थिए (जोशी,२०५३:१०) । यहाँ शैवपाशुपत भनि सन्यासीहरुको मण्डली रहेको कुरा अभिलेखबाट स्पष्ट हुन्छ । श्री वेण्डाल, नोली, धनवज्र, हरिराम जोशी आदि विद्धानहरुले आ-आफ्नो पुस्तकमा यो अभिलेख छपाएका छन् ।

त्यसैगरी काठमाण्डौ लगनटोलमा सानो विष्णुमन्दिरको भित्तामा रहेको उत्तरप्राचिनकालिन शिव देवको अभिलेखबाट पनि मठको पूर्ववत्ति स्वरुपबारे केही जानकारी पाउन सकिन्छ । यस अभिलेखमा 'वशपाशुपताचार्येभ्य:' शब्दको उल्लेख परेको छ, जुन शैव धर्मको एउटा शाखाको रुपमा लिइन्छ । अभिलेखमा उल्लेख भएअनुसार, शिवदेव द्दितीयले यस सम्प्रदायका आचार्यहरुलाई विशेष सुविधासहित अग्रहार दिएका थिए । शिवदेवले आफ्नो नाममा 'श्रीशिवदेवेश्वर' महादेव स्थापना गरी मन्दिर बनाएको र सो देव मन्दिर भत्केविग्रेमा मर्मत गर्ने जिम्मा ती पाशुपत आचार्यहरुलाई सुम्पिएका थिए ( बज्राचार्य,२०३०:५१४-५१६) । उक्त अभिलेखबाट तत्कालिन समयमा शैवधर्मको विभिन्न शाखाका मठहरु ँ भएको कुरा स्पष्ट हुन्छ । हरिराम जोशीका अनुसार, यो परम्परा नेपालमा मध्यकाल एवं आधुनिककाल सम्म पनि रहेको थियो । इशाको १६औं शताब्दिमा निर्मित भक्तपुर दत्तात्रय मठमा शैव सन्यासीहरुको मण्डली रहेको थियो । त्यस्तै ललितपुर मंगलबजारस्थित भीमसेन थान अगाडी तथा बालुखाटोलमा पनि सन्यासीहरुका मठ रहेका थिए, जहाँ सन्यासीहरुको मण्डली थिए । उपयुक्त विभिन्न आधारहरुबाट नेपालमा उत्तरप्राचिनकालदेखि नै शैवपाशुपतहरुको मण्डली कायम भएको स्पष्ट हुन्छ ।

नेपालका अधिकाशं मठहरु नाथ सम्प्रदायमा दिक्षित भएका मठहरु हुन् भने सबैभन्दा बढी मठको अवशेष तराईमा पाइँछ । जनकपुर क्षेत्रदेखि लिएर सिराहा, सर्लाही, सनुसरी, बराहक्षेत्र लगाएतका स्थानहरुमा मठहरु रहेका छन् । भारतबाट विकसित भएको मठ परम्परा शुरुमा नेपालको दक्षिणी तराई फाँटमा बढी फैलिएको थियो र त्यहाँबाट मात्र पछि काठमाडौ उपत्यकामा मठहरुको विकास हुन पुगेका थिए । तराईका मठहरुमध्ये जनकपुर अञ्चलको महोत्तरी जिल्लामा पर्ने मटिहानीको लक्ष्मीनारायण मठ निकै शक्तिशाली एवं आर्थिक रुपमा सम्पन्न छ । यो मठ त्यस भेककै माउ मठको रुपमा परिचित छ । यस मठको मठाधीशलाई महन्त मात्र नभनेर मानमहन्त भनिन्छ । यहाँको मानमहन्तलाई १३ वटा सम्म अपराध माफ भएको लालमोहर दिनुका साथै उनलाई त्यस क्षेत्रका अन्य मठको पनि महत्वपूर्ण विषयमा निर्णय गर्ने अधिकार प्रदान गरिएको छ । भारतको चौरौतका मठ पनि मटिहानी मठ अर्न्तगत रहेका छन् । यो मठ अन्तर्गत १४०० विघा जग्गा रहेको थियो, तर हाल केवल ८०० विघा जग्गा मात्र बाँकी रहेको छ । मटिहानीको लक्ष्मीनारायण मठको मन्दिरमा लक्ष्मीनारायणको भव्य मूर्ति रहेको छ । यो मठ नेपालकै सबैभन्दा ठूलो मठ हो । यो मठले उपत्यकामा भएका मठहरु, मदेशमा रहेका अन्य मठहरुका साथै भारतमा रहेका विभिन्न मठहरुलाई समेत नियन्त्रणमा राखेको पाइन्छ ।

मटिहानी मठ बाहेक तराई क्षेत्रमा रहेका अन्य मठहरुमा जानकी मन्दिर, राम मन्दिर, जलेश्वर मठ, महादेव मठ, रानी रत्वारा मन्दिर, स्वामी नारायण मन्दिर तथा सिर्मदाही मठ पनि पर्दछन् ( http://www.diwasdhakal.com/janakpur.php) । यहाँका विभिन्न मठहरुमा विगतमा मकवानपुरका सेन शाशकहरुले समेत जग्गा जमिनहरु राखिदिएका थिए । मटिहानीको लक्ष्मीनारायण मठको कुरा गर्दा दाङको रत्ननाथ मठको उल्लेख पनि महत्वपूर्ण हुन्छ । यो मठ नाथ सम्प्रदाय सँग सम्बन्धित छ । विक्रम संम्बत्को छैठौं शताब्दिदेखि नेपालमा नाथ सम्प्रदायको बारेमा केही संकेतहरु रहेको कुरा आभिलेखिक प्रमाणहरुले स्पष्ट गर्दछ । जस्तै शक सम्बत् ४५५ को भष्मेश्वरको अभिलेखमा "नाथेश्वर"को उल्लेख परेको छ । त्यस्तै शक सम्बत् ४६९ को पशुपति मृगस्थलीको अभिलेखमा पनि "नाथेश्वर"को उल्लेख गरेको छ । त्यसैगरी नेपालमा गुप्तशासनकालमा ध्रुवदेव र जिष्णुगुप्तले नाथेश्वरको लागि केही जग्गाको बन्दोबस्त गरी अभिलेख उत्कीर्ण गरी राख्न लगाएका थिए । यी सम्पूर्ण प्रमाणहरुको आधारमा नेपालमा नाथ सम्प्रदायका मठ रहेको जानकारी हुन्छ । यसैक्रममा काठमाडौंस्थित काष्ठमण्डप सम्बन्धित नेपाल सम्बत् ४५४ को ताम्रपत्रको आधारमा तत्कालीन समयमा काष्ठमण्डप नाथ सम्प्रदायको प्रख्यात मठको रुपमा रहेको थाहा हुन्छ (रेग्मी,२०३७:८२-८४) ।

काठमाडौ उपत्यकामा भएका मठहरुको बारेमा भन्नुपर्दा, सबैभन्दा बढी मठहरुको संख्या भक्तपुरमा छ । पाटन र काठमाडौमा भक्तपुरको तुलनामा थोरैमात्र मठहरु छन् । जसमध्ये पशुपति मृगस्थलीको गोरखनाथ मठ, पाटनको अग्नी मठ, भक्तपुरको पुजारी मठ, पाटन इखालखु र पाटनकै दत्तात्रेय मन्दिर मठ, थापाथली कालमोचन घाटका मठहरु महत्वपूर्ण छन् । काठमाडौबाट पाटन स्वतन्त्र भएपछि पाटनमा बनेको सबैभन्दा पुरानो मठ अग्नी मठ हो । अखण्ड रुपमा मठमा आगो बालि राख्ने हुनाले यो मठको नाम अग्नी मठ राखिएको हो । अग्निशालाको गर्भगृहमा दुईवटा भकारी आकारको यज्ञशाला रहेको छ र भित्र अग्निदेवकै काठको प्रतिमा राखिएको छ । यहाँ रहेको खरानीको थुप्रोलाई चोभारमा लगेर सेलाउने परम्परा रहेको छ । दिनहुँ यो मठमा चरु (चामल,जौ, घ्यु, र तिलको मिश्रण) द्वारा पुजा गरिन्छ । अग्नी मठका अतिरिक्त पाटनमा टौलाको मठ (दत्तात्रय दरवार मठ), टुभाहा मठ, बाहालुखा मठ, चाल्खु मठ, च्याबहा मठ आदि रहेका छन् ।

काठमाडौमा भएका मठहरुको चर्चा गर्नेक्रममा शाहकालमा बनेको थापाथली कालमोचन घाटका मठहरु पनि महत्वपूर्ण छन् । यहाँ दशनामी सन्यासीको तीनवटा मठ अखडा रहेको छ, जसलाई सन्यासी, वैरागी र उडासी मठ अखडा भनिन्छ । यहाँका महन्तहरुले शोधकर्तालाई दिएको जानकारी अनुसार, यी मठहरुको निर्माण जंगबहादुर राणाले गराएका थिए । यस अखडामा सन्तमहात्माहरुको लागि तीन दिनको आवास तथा भोजनको सेवा रहेको छ । यो अखडा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय साधु समाजको भएकोले कुनै पनि व्यक्ति वा संघसंस्थाले अतिक्रमण गर्न नपाउने गरी राखिएको छ । गुठी संस्थाले जंगबहादुरको वार्षिक श्राद्ध गराउनको लागी यहाँको मठलाई जिम्मा दिएको छ । यहाँका तीनवटै मठका महन्तहरु तथा तिनका सहायकहरु मठमै बस्ने गरेका छन् । यी तीनवटा शंकरार्चायका मठहरुभन्दा केहि

पर गोरखनाथ मठ रहेको छ । यो मठको स्थापना पनि जंगबहादुर राणाले नै गर्न लगाएको मानिन्छ । शोधकर्ताले यो मठका महन्त नारायण नाथसँग लिएको अन्तर्वार्ताका आधारमा, अन्य मठहरुमा जस्तै यो मठमा दिनहुँ विहान पूजा र साँझ आरती हुन्छ भने मंगलबारको दिन "त्रिकाल पूजा" भनेर दिनको तीन पटक पूजा हुन्छ । विहान ५ बजेतिर पूजा, पाठ, आरती हुन्छ । त्यसपछि लगभग ११ बजेतिर रोद (एक प्रकारको मिठाई) चढाएर फेरी पूजा पाठ हुन्छ भने साँझ पुनः आरती सहित पूजापाठ हुन्छ । शिवरात्रीको एकदिन अगाडी देखी निरन्तर चार दिनसम्म यो मठमा दिनको सय देखि चार सय सम्मलाई खाना ख्वाउनु पर्छ । यो बेला देशका विभिन्न भागबाट लगायत देशबाहिर बाट पनि साधुसन्यासीहरु आई यस मठमा बस्ने गर्छन् । दशनामी सन्यासी मठमा "ॐ नम शिवाय" को मन्त्र जप गरिन्छ भने यो नाथ सम्प्रदायको मठमा "गायत्री मत्र" को जप गरिन्छ ।

काठमाडौमा पहिले स्थापना भएका कतिपय मठहरुको स्वरुप हाल हामी देख्न सक्दैनौ । इतिहासको अध्ययन गर्ने क्रममा काठमाडौको राजा महेन्द्र मल्लको रानी जयन्तिकाले पनि मठ स्थापना गराउन लगाएका थिए, तर सो मठको अवशेष पनि हामीले भेटाउन सकिएको छैन । यो मठमा रहने सन्यासीका लागि महेन्द्र मल्लले भोजनको समेत व्यवस्था गरिदिएका थिए (जोशी,२०५३:११) ।

मठहरुको कुरा गर्ने क्रममा एउटा छुट्टाउनै नहुने महत्वपूर्ण मठ खोपासी वडा नं ६ ऱ्याले चौरमा रहेको नरसिंह मठ हो । केहि समय अगाडी सम्म अस्तित्वमा रहेको यो मठ हाल पूर्णतया भत्किसकेको छ । भक्तपुरको इतिहास एवं संस्कृतिको सुपरिचित लेखक ओम प्रसाद धौभडेल सँग शोधकर्ताले अन्तर्वार्ताको क्रममा लिएको जानकारी अनुसार, वि.स २०१५ सालमा तत्कालिन राजा महेन्द्रबाट आर्थिक सहयोग लिएर पनौति र खोपासीका बासिन्दाहरुले यो मठलाई पुनःजिवित गरी सञ्चालनमा ल्याउन प्रयास गरेका थिए । तर मठको प्रमुख ब्यक्ति बितेपछि भने यो काम अघुरोनै हुनपुगेको थियो । यो मठसंग सम्बन्धित शिलापत्रहरुमा मैथली भाषाको पनि प्रयोग भएबाट यो मठ पुरानो मठ हुनुपर्ने अनुमान गर्न सकिन्छ । यसैगरी पनौतिमा पनि थुप्रै मठहरु रहेका छन् । पनौतीको इन्द्रेश्वर महादेव परिशरमा भएका मठहरु मध्येकालका हुन् । यहाँ रहेको भैरवनाथको उन्मत्त मठ भने पनौतीको जात्रामा मात्र खोल्ने गरिन्छ । यी मठहरु भक्तपुर बोलाछेस्थित जंगम मठ अर्न्तगत संचालन हुँदै आएका छन् ।

विगतमा मठहरुको स्थापना नेपालका सम्पूर्ण क्षेत्रमा भएतापनि ति सम्पूर्ण मठहरु कुनै राम्रो अवस्थामा रहेका छन्, कुनै जिर्ण अवस्थामा छन् भने धेरैजसो मठहरु भत्कीबिग्री लोप नै भैसकेका छन् । धुलिखेल, बनेपा, पनौति, सुडाल, छालिङ जस्ता स्थानहरुमा पनि मठहरु रहेका छन् । यसैगरी बालाजु समीपस्थ मठ, ललितपुरको मङ्गगबजार तथा छ्यावहालका मठहरु पनि उल्लेखनीय छन् । नेपालमा यी मठहरुको इतिहास पनि बौद्ध विहारहरुकै अनुरुप प्राचीन रहेको कुरा हरिराम जोशीले आफ्नो "मठ" शिर्षकको लेखमा उल्लेख गरेका छन् (जोशी,२०५३:१०) ।

हाल सम्मको आभिलेखिक प्रमाणको आधारमा भक्तपुरको वडा नं १२ स्थित बोलाछें टोलको जंगम मठ सबैभन्दा पुरानो मठ देखिन्छ । यो मठको स्थापनाको विषयमा नेवारी भाषामा लेखिएको ने.स ८६२ को रणजित मल्लको अभिलेखले यो कुरा पुष्टि गर्दछ (परिशिष्ट 'घ') । पुरुषोत्तम लोचन श्रेष्ठद्वारा सर्वप्रथम मौलिक व्याख्या विश्लेषण सहित प्रकाशित गरिएको यो अभिलेखमा "पूव्वेकालस थ्वलावडमठ दयकव, जयरुद्रमल्लदेवस, मामजुस्यं दुन्ता" भन्ने कुरा उल्लेख भएको प्रमाणको आधारमा यो मठको स्थापना पूर्व मध्यकालमा रुद्रमल्लको समयमा भएको हो । तसर्थ यो मठलाई पूर्वमध्येकालदेखि नै अस्तित्वमा रहेको मठ मान्न सकिन्छ । वनारसको जंगमवाडी मठमा रहेको शिलापत्रमा गंगादेवीले जंगमवाडीका जंगम शैव सम्प्रदायका अनुयायीहरुको लागि केही जमिन दिई पुण्यलाभ गरेको कुरा उल्लेख छ (रेग्मी,२०३९:८) ।

उपत्यकामा भएका मठहरुको अध्ययन गर्ने क्रममा मल्लकालमा मठहरु स्थापना गराउने कार्यमा राजाहरुका साथै रानीहरुको पनि भूमिका रहेको देखिन्छ । काठमाडौमा मठ स्थापना गर्नको लागि ने.सं ६९९मा कान्तिपुरका राजा महेन्द्र मल्लको रानी जयन्तिका देवीको भूमिका रहेको छ (जोशी,२०५३:११) । त्यसैगरी भक्तपुरमा विश्वमल्लको रानी गंगामहारानीको मठ स्थापना तथा पुनर्निर्माणमा महत्वपूर्ण भूमिका रहेको देखिन्छ । गंगामहारानीले दत्तात्रयको पुलांचोटा मठ स्थापना गराएको कुरा यस मठका महन्त नवराज गिरीले शोधकर्तालाई हेर्न दिएको लगत पत्र बाट थाहा हुन्छ । गंगामहारानीले जंगम मठको लागि भूमीदान गरेको कुरा यसै मठ भित्र रहेको ने.सं ८६२ को अभिलेखले पुष्टि गर्दछ । यसप्रकार तत्कालीन समयमा राजाहरुका साथै रानीहरुले पनि मठ स्थापना गर्ने, जिर्णोद्धार गर्ने तथा मठको आयस्ता वृद्धिको लागि जग्गा जमीनको व्यवस्था गरी गुठी राखी दिने जस्ता कार्यहरु गरेको पाईँछ ।

नेपालमा मठको स्थापना उत्तरप्राचिनकालदेखि नै भै सकेको कुरा अभिलेखमा उत्कीर्ण गरिएको मठको पूर्ववती रुप "मण्डली" बाट थाहा पाउँछौं । जुन अभिलेखको चर्चा माथी गरिसकेको छ । तत्कालीन समयमा यी मण्डलीहरुलाई राज्यबाट स्वायत्तता प्रदान गरि स्थानीय शाशनको अधिकार दिएको थियो र एउटा मण्डलीले सम्पूर्ण ग्रामलाई नै नियन्त्रण गर्दथ्यो । मठ स्थापनाको यो निरन्तरता मध्येकालीन नेपालमा प्रचुरमात्रामा बढ्न गएको थियो । यो समयका लगभग ३५ वटा मठघरहरु नेपालमा पाइएका छन् जसमध्ये अधिकांश भक्तपुरमा स्थापना भएको छ (जोशी,२०५३:१०) ।

## २.४. तिब्बतमा मठ परम्परा

तिब्बतमा प्रचलनमा रहेको मठको पनि उल्लेख सान्दर्भिक भएकोले यहाँ प्रस्तुत गरिएको छ :-

मठ परम्परा भारतमा मात्र नभई तिब्बतमा पनि प्रख्यात भएको देखिन्छ । तिब्बतको मठ-मन्दिरहरु धार्मिक आस्थाको स्मारक हो । यी स्मारहरुलाई तिब्बतको आत्माको प्रतिक एवं प्ररिचायक मानिन्छ । भारतमा गायत्री मन्त्रको प्रचलन भए भै तिब्बति धर्ममा "ऊँ मणिपद्मे हुँ" मन्त्रको प्रचलन छ,

जसलाई तिब्बति धर्मको प्रेरणाको जिवित रुप मानिन्छ । तिब्बति मन्दिरहरु, गुफाहरु, प्रस्तर, स्तम्भहरु, स्तुपहरु लगायत मठहरुमा यो मन्त्र खोपेर राखिएका हुन्छन् ।

तिब्बति भाषामा मठलाई “गोम्पा” भनिन्छ । जुन भिक्षुहरु बस्नको लागि बनाएका हुन् । भिक्षुहरुको पनि अनेक तहहरु हुने हुनाले त्यहि अनुसार मठमा छुट्टाछुट्टै कक्षहरु बनाएका हुन्छन । तिब्बती यस्ता मठहरुमा बुद्ध, बोधिसत्व, अवलोकितेश्वर, लगायत अन्य देवीदेवताहरुको मूर्ति एवं भित्तेचित्रहरु अंकित गरिएका हुन्छन् । तिब्बतमा भएका मठहरु पनि भारत एवं नेपालमा भएका मठहरु जस्तै विद्याको केन्द्रको रुपमा प्रसिद्ध छ ।

**तिब्बतमा भएका प्रमुख मठहरु निम्न अनुसार छन्:**

**१) समये मठ**

तिब्बतको पहिलो प्रमुख मठ समये मठ हो । यो मठको निर्माण ७ औं शताब्दीमा भएको आचार्य शान्तरक्षितले गराउन लगाएका थिए र यसको निर्माण पटनाको नजिकै रहेको उदन्तपुरी महाविहारको अनुकरणमा गरेको हो । यो मठ ल्हासाको नजिक अग्निकोणमा ब्रहापुत्र नदीको तटमा बनेको छ ।

**२) ङे पुङ मठ**

यो मठ ल्हासाबाट दुई मील पश्चिम कृष्णानदीको किनारमा अमरावती स्तूपाको नजिक अवस्थित छ । जसको निर्माण १४१६ ई. मा भिक्षु छोङख्याका शिष्य जम्बयङ्ले गराएका हुन् । यो मठ धान्यकटक विश्वविद्यालयको अनुकरणमा तयार पारिएका थिए । तिब्बतमा यो सबैभन्दा ठूलो मठ हो । यहाँ लगभग ७,७०० भिक्षुहरु निवास गरी अध्ययण गरिने हुनाले यो एउटा विश्वविद्यालयको रुपमा पनि परिचित छ ।

**३) सेरा मठ**

यो मठ ल्हासाबाट लगभग दुई मील उत्तरमा रहेको छ । यसको निर्माण भिक्षु छोङख्याका अर्को शिष्य शाक्य येशेले १४१९ ई. मा बनाउन लगाएका हुन् । यो मठ पनि तिब्बतमा विश्वविद्यालयको रुपमा सञ्चालित देखिन्छ, जहाँ लगभग, ५,५०० भिक्षुहरु रहन सक्ने व्यवस्था छ । तसर्थ यो मठ विश्वको दोस्रो ठूलो मठ हो ।

**४) गाडेन मठ**

यो मठको निर्माण भने स्वयम् भिक्षु छोङख्याले १४०५ ई.मा गर्न लगाएका हुन् । यो मठमा ३,३०० भिक्षुहरु निवास गर्ने व्यवस्था गरिएको छ, र यो मठ ल्हासाको ईशान कोणमा लगभग पैतीस मीलको दुरीमा अवस्थित छ ।

माथीका यी प्रमुख मठहरु बाहेक तिब्बतमा देश्गे, कुमकुब, डेकुङ आदि जस्ता अन्य मठहरु रहेका छन् जहाँ लगभग ३०० भिक्षुहरु बस्न सकिने व्यवस्था रहेको देखिन्छ। उक्त चार मठहरु तिब्बतमा धर्म संस्थानको प्रमुख केन्द्र मात्र नभई शिक्षाको पनि प्रमुख केन्द्रको रुपमा रहेको थियो । त्यहाँ विभिन्न धार्मिक क्रियाकलापहरु संचालन हुनुका साथै अध्यापनको प्रत्येक विषयको लागि विभिन्न स्थानहरुबाट प्रकाण्ड विद्धानहरु नियुक्ति गरी शिक्षार्थीहरुलाई अध्ययण गराइन्थ्यो । उक्त मठहरुमा विश्वविद्यालय स्तरको सम्पुर्ण विषयहरुको शिक्षा दिइन्थ्यो र स्नातक उत्तीर्ण भएका विद्यार्थीहरुलाई उच्च पदवीहरुद्वारा सम्मान गरिन्थ्यो । यस्ता मठहरुमा तिब्बतमा मात्र नभई विभिन्न देशहरुबाट पनि शिक्षा ग्रहण गर्नको लागि शिक्षार्थीहरु आई उच्च ज्ञान हासिल गर्दथे । प्राचीन भारतमा जसरी नालन्दा, तक्षशिला तथा उदन्तपुरी महाविहार एवं विद्याको प्रमुख केन्द्र थिए त्यसरी नै तिब्बती यी मठहरु पनि तिब्बतको प्रमुख विश्वविद्यालयको रुपमा रहेका छन् ।

सम्पूर्ण तिब्बति मठहरु धर्म, ज्ञान, कलाले भरीपूर्ण रहेका थिए। धर्म तथा ज्ञान प्रचारका साथै यी मठहरु कला एवं संस्कृतिको समेत उच्च केन्द्रको रुपमा रहने गर्दथ्यो । यी मठहरुमा प्राचीन हस्तलिखित ग्रन्थहरुको पनि महत्वपूर्ण संग्रह रहेको थियो। यी ग्रन्थहरुलाई विशेष सुरक्षाका साथ राख्नको लागि मठमा विशेष कक्ष बनाएर हजारौं हस्तलिखित ग्रन्थहरु संग्रहित गरिन्थ्यो। यहाँ धार्मिक विषयहरु संग सम्बन्धित नाटकहरु प्रर्दशन गरिन्थ्यो । यसका साथै मठमा नृत्य तथा संगीतका सामग्रीहरु राख्ने कक्षा पनि निर्माण गरिएको हुन्थ्यो ।

यसप्रकार तिब्बती मठहरु शताब्दियौंदेखि धर्म, ज्ञान, कला एवं संस्कृतिको केन्द्रको रुपमा रहेको छ (गेरौला,१९६८:६७-६९)

# अध्याय तीन

## भक्तपुरका प्रमुख मठहरु

कला र वास्तुकलाका उत्कृष्ट नमुनाहरुले भरिपूर्ण भक्तपुर नगर मठ संस्कृतिमा पनि धनि छ । नेपालका विभिन्न स्थानहरुमा भएका मठहरु मध्ये भक्तपुरका मठहरु प्रख्यात एवं संख्यात्मक रुपमा अधिक रहेका कारण यसले भक्तपुरको धार्मिक एवं साँस्कृतिक पहिचानमा थप योगदान पुऱ्याएको छ । दक्षिण भारतमा बढी प्रचलित शैव मठको एक प्रमुख केन्द्र भक्तपुर पनि हो । भक्तपुरमा मल्लकालिन मठहरु प्रशस्त भएबाट त्यसताका भक्तपुरमा शैवधर्मको वढी प्रभाव रहेको स्पष्ट हुन्छ ।

भक्तपुर नगरभित्र दत्तात्रय अखडा अर्न्तगत १२ वटा सन्यासी मठहरु र त्यो भन्दा बाहेक अलग्गै पृष्ठभुमी भएको जंगम मठ गरी प्रमुख १३ वटा मठहरु रहेको छ । मल्लकालमा भक्तपुर नेपाल मण्डलकै राजधानी रहन पुगेको थियो । तत्कालीन मल्लराजाहरुले भक्तपुरलाई श्रृंगार्ने क्रममा मन्दिर तथा विहार जस्ता कलावास्तुकलाका साथै मठहरु पनि निर्माण गराएका थिए । मल्लराजाहरुले मठको स्थापना गरेपछि त्यसलाई निरन्तरता दिने क्रममा पछिल्ला शाहराजाहरुले समेत मठहरु निर्माण एवं पुर्णनिर्माण गर्ने कार्य गरेबाट भक्तपुरमा मठहरुको संख्या बढ्दै जान थालका हुन् । राज्यस्तरले पनि त्यो बेला धर्मलाई अति नै जोड दिएको कारण शैव धर्मको विकासको क्रममा भक्तपुरमा मठहरुको विकास परम्परा फैलिदै जान थाले । भक्तपुरका मठहरु विभिन्न राजाहरु, रानीहरु लगायत राजारानीको अनुग्रह पाएका जनताहरुबाट पनि स्थापना भएको कुरा मठहरुमा भएका लगत पत्रहरु, ताम्रपत्र एवं शिलापत्रहरुबाट थाहा हुन्छ ।

भक्तपुरको मठहरुको प्रसङ्गमा भक्तपुर शहरको पुर्वी भेगमा रहेको तचपाल टोलको महत्व अत्यधिक रहेको छ । भक्तपुरमा भएका मठहरु मध्ये सबैभन्दा बढी मठहरु तचपाल टोलमा नै छरिएर रहेका छन् । तसर्थ तचपाल टोलको पूरा घेरालाई नै शैवविहार भन्ने चलने छ (जङ्गम,२०६६:१२७) । तत्कालीन समयमा टौमढीलाई तवमाधी भनिएको जस्तै तचपाललाई तवचपाल भन्ने गरिन्थ्यो । यस तचपाल टोलमा अवस्थित दत्तात्रय मन्दिर नेपालमा मात्र नभएर भारतमा समेत अति लोकप्रिय रहेको छ । शिवरात्रीको समयमा नेपालको दक्षिणी तराई भागदेखि भारतका विभिन्न राज्यहरुबाट असंख्य धर्मावलम्वीहरु यस स्थानमा आउनुबाट यो तथ्य स्पष्ट हुन्छ (धौभडेल,२०६०:१५) ।

यस क्षेत्रमा रहेको दत्तात्रयको विशाल पटांगिनी चोक, मन्दिर, पोखरी, डवली, पाटी, पौवा, ढुंगेधारा लगाएत मठहरुले यो क्षेत्रको साँस्कृतिक महत्वलाई अझ बढाएको छ । स्थानीय भाषामा तःचपाल अर्थात ठूलो चपाल भनिने यो ठाउँ विगतमा तक्चपाल नामले चिन्ने गरिन्थ्यो । यस क्षेत्रमा रहेको कलात्मक दत्तात्रय मन्दिर, लक्ष्मीनारायण मन्दिर, भीमसेन मन्दिर, यसैको अगाडी रहेको ठूलो डबली, भीमसेन मन्दिर पछाडीको प्रसिद्ध भिद्यों हिटी (भीमसेन धारा), त्यसैगरी ऐतिहासिक वाने लायकु, दत्तात्रय मन्दिर अगाडीको गरुड, ऐतिहासिक ईनार, नीजि कलात्मक घरहरु लगायत यहाँ रहेका

मल्लकालिन मठहरुका कारण भक्तपुरको यो क्षेत्रलाई अमुल्य सम्पदाले भरिपूर्ण क्षेत्रको रुपमा परिभाषित गरेको छ ।

विक्रमको पन्ध्रौं शताब्दीको थालनीमै राजा यक्ष मल्लले (ने.सं.५५९-६०२) शैवमतको प्रभावका कारण तचपाल टोलको प्राङ्गणमा "गुरु दत्तात्रय" को मूर्ति स्थापना गरी दत्तात्रय मन्दिर निर्माण गरेको मानिन्छ । बौद्धधर्मावलम्बीहरुले उपत्यकामा स्थापित पुराना शैवमठ, मन्दिरहरु अतिक्रमण गरी शैवमन्दिरहरुमा शंख, घण्टी बजाउन तथा पूजा, पाठ, होम, यज्ञ बन्द गराउन थालेपछि विक्रमको चौधौं शताब्दिताका मल्लराजाहरुले शैवमतको प्रचारको सुरुवाट गरेका थिए । राजा यक्ष मल्लले दत्तात्रय मन्दिरको स्थापना गरेपछि शैवमतको स्थायित्व र विकासका लागि मठ निर्माण गरेका थिए । पछिल्ला शाशकहरुले पनि भक्तपुर नगर वरिपरि दत्तात्रय मन्दिर अखडा अर्न्तगत बाह्रवटा शैवमठहरुको स्थापना गरी गुठीजग्गाहरु राखी दिएका थिए (जङ्गम,२०६६:१२६) । भक्तपुरमा स्थापना भएका प्रमुख मठहरु निम्न अनुसार रहेका छन् :-

## ३.१. पूजारी मठ

नेपालमा रहेका विभिन्न मठहरु मध्ये सबैभन्दा आर्कषक र महत्वपूर्ण मठहरुको सूचीमा पूजारी मठ अग्रपक्तिंमा आउँछ । भक्तपुर तचपाल टोल वडा नं. ३ मा रहेको ऐतिहासिक दत्तात्रय मन्दिरको पछाडी आग्नेय कोणमा यो मठ रहेको छ (चित्र नं १३) । दत्तात्रय चोकमा रहेको हुनाले जनजीवनले यो मठलाई दत्तात्रय मठ पनि भनिन्छ । दशनामधारी सन्यासीहरु रहेका दत्तात्रय अखडामा पर्ने १२ मठहरुको मूख्य मठ पूजारी मठ हो । तसर्थ यो मठलाई "पीर मठ" अर्थात मूख्य मठ पनि भनिन्छ । पूजारी मठ, पीर मठ भएकोले यस मठका महन्तलाई "पीर महन्त" भानिन्छ । आभिलेखिक प्रमाणहरुको आधारमा भक्तपुरमा स्थापना भएका मठहरु मध्ये जङ्गम मठ पछिको दोस्रो पुरानो मठ पूजारी मठ हो । भक्तपुरका दत्तात्रय अखडा अर्न्तगतका १२ वटा मठहरु मध्ये दत्तात्रय मन्दिरको संचालन पूजारी मठबाट हुँदै आएको छ । नाथपन्थीहरुको सबैभन्दा ठूलो मठ पशूपतिको मृगस्थलीमा रहेझै भक्तपुरमा दशनामी सन्यासीहरुको सबैभन्दा ठूलो मठ पूजारी मठ हो ।

यस मठमा दत्तात्रय मन्दिरमा दिनहुँ पूजा गर्ने पूजारीहरु बस्ने भएको कारण मठको नामाकरण पूजारी मठ रहन गएको हो । तसर्थ यो मठको स्थापना दत्तात्रय मन्दिर सँगसँगै दत्तात्रय मन्दिरकै लागि भएको मानिन्छ । यो मठको निर्माण भक्तपुरका प्रसिद्ध राजा यक्षमल्लको राज्यकालमा (ई.स.१४२८-१४८२) निमार्ण भएको हो, भन्ने तर्क पाइँछ । तर यसलाई मठको रुपमा सार्वजनिक जनताहरुको लागि ई.स. १४८६ मा मात्र खुल्ला गरिएको थियो (अमात्य,२०४५:१) ।

मठ भित्र रहेको एउटा शिलापत्र अनुसार, १५ औं शताब्दिमा भारतको मयूरगढबाट आएका सन्यासी गोसाइँ गुरुवक्ष गिरीले यो मठ स्थापना गर्न लगाएका थिए । भारतबाट नेपालको बाटो गरी भोटमा व्यापार गर्ने गोसाइँ गुरुवक्ष गिरी निकै धनाढ्य थिए । व्यापारको सिलसिलामा नेपालमा आउने

क्रममा उनैले यो मठ बनाउन लगाएका थिए । यिनले दत्तात्रय मन्दिरको पूजापर्व चलाउनको लागि प्रत्येक बर्ष एक तोला सुन र एक तोला चाँदि चढाउने बन्दोबस्त समेत गरेका थिए । विगतमा यस मठको सम्बन्ध भोटसम्म पनि रहेको थियो । यस मठको संस्थापक गोसाइँ गुरुवक्ष गिरीको व्यापारिक सम्बन्ध भोटसम्म भएका कारण ल्हासाले प्रत्येक वर्ष एकतोला सुन, एकतोला चाँदी, एउटा घोडा, एउटा ऊनी कम्बल, ३६५ वटा नरिवल र २६० रुपैयाँ वार्षिक रुपमा तिब्बती सरकारले नेपालको तत्कालिन श्री ५ को सरकारलाई बुझाउने गर्दथे । जुन नेपाल र भोटबीच युद्ध भएपछि चन्द्र शमशेर राणाको पालादेखि ल्हासाले पठाउन छोडेको थियो । यसै मठको पहिलो तल्लाको एक कोठामा गोसाइँ गुरुवक्ष गिरीको अग्नी पात्र, जलकुण्ड, धोती कपडा सुरक्षित राखिएको मानिन्छ । पूजारी मठ सँग सम्बन्धित एउटा हस्तलिखित ग्रन्थ अनुसार, शुरुका यस मठका महन्तहरु भारतको कनौज राज्य सँग सम्बन्धित थिए (अमात्य,२०४५:१)

यो मठमा पूजारी एवम् मठाधिस रहने परम्परा गोसाइँ गुरुवक्ष गिरी देखि (१५ औं शताब्दि) आजसम्म रहँदै आएको छ । स्थापनाकालमा यस मठमा राम दत्त गिरी महन्त रहेका थिए । उनीपछि क्रमशः किशोर गिरी, गौतम गिरी, सन्तोष गिरी, माधव गिरी, बला गिरी, शिव गिरी, कैलाश गिरी, गुणरी गिरी, लोकनाथ गिरी, कुल मान गिरी, भुपानन्द गिरी, कैलाश गिरी (नाम दोहोरिएको), कालिकाप्रसाद गिरी र विश्वम्भर गिरी महन्त बनेका थिए । हाल यिनै विश्वम्भर गिरीका छोरा राजेन्द गिरी वि.स.२०३५ सालदेखि महन्तको रुपमा कार्यरत छन् । भक्तपुरका अन्तिम मल्लराजा रणजित मल्लले वि.स.१८२० मा यस मठमा रामदत्त गिरीलाई महन्तको रुपमा नियुक्ति गरेका थिए । त्यसैगरी इंस्वी सम्बत १४८६ देखि १७६३ सम्म यो मठ भारतका नागा साधुहरुद्वारा संचालन गरिएको थियो । तर पछि यी नागा साधुहरु मठ संचालनमा गैरजिम्मेवारी देखिएको कारण उनीहरुलाई महन्त पदबाट हटाई दशनामी सन्यासी अर्न्तगतका “गिरीहरु” लाई  महन्तको रुपमा नियुक्ति दिएका थिए । शुरुमा यस मठमा गुरुशिष्य पद्धति अनुसार महन्त बन्ने प्रचलन रहेता पनि पछि गएर वंशपरम्परा अनुसार उत्तराधिकारीको रुपमा महन्तकै जेठो छोरा महन्त हुने चलन कायम भएको हो । विगतमा यस मठमा महन्त बन्ने क्रममा बीचमा एक पटक जुद्ध शमशेर जङ्गबहादुर राणाको समयमा तत्कालीन महन्त भुपानन्द गिरीलाई हताई एकजना साधुलाई महन्त बनाएको थियो । तर उनले राम्रोसँग काम गर्न नसकेपछि वि.स.२००६ सालमा मोहन शमशेर जङ्गबहादुर राणाको समयमा उही भुपानन्दका छोरा कालिकाप्रसाद गिरीलाई महन्त बनाएको थियो । त्यसपछि यो महन्त पद निरन्तर वंशजको आधारमा जेठा छोराले रोलकम अनुसार पाउँदै आएको छ । वि.स.२०२८ सालमा विश्वम्भर गिरीलाई महन्त पदबाट हटाई गूठी संस्थानले तलबमा अर्कै व्यक्तिलाई महन्त बनाएको थियो । तर उनले गूठी संस्थान विरुद्ध राखेको मुद्दा जितेपछि महन्तको रुपका पूर्नबहाली भएदेखि आजसम्म पनि यथावत रुपमा चल्दै आएको छ (अमात्य,२०४५:२) ।

अन्य मठहरुमा जस्तै पूजारीमठमा पनि शिवपाञ्चायन देवताको स्थापना गरिएको छ । यो मठको शिवलिङ्ग लाई विश्वेश्वर महादेव भनिन्छ । मठको ईशानकोणमा शिवजीको बसाहा नन्दी तथा

भैरव सँगै पुजाकोठा रहेको छ (चित्र नं ३६) । यस मठमा विश्वेश्वर महादेव सम्बन्धि नेवारी भाषामा लेखिएको दुईवटा ने.स.८४६ को ताम्रपत्रहरु रहेका छन् । महेशराज पन्तद्वारा "भक्तपुर पुजारी मठका विश्वेश्वर महादेवसम्बन्धी ताम्रपत्र" शिर्षकमा उल्लेखित व्यवहोरा अनुसार, यी दुई ताम्रपत्रहरु मध्ये एउटा ताम्रपत्र १७.३ अङगुल लम्बाई, ११ अंङकुल चौडाई रहेको छ भने १६ पक्तिमा अभिलेख कुँदिएको छ । दोस्रो ताम्रपत्र १६ अंङगुल लम्बाई, ११ अङ्गुल चौडाइको छ भने यस ताम्रपत्रमा १८ पंक्तिमा अभिलेख कुँदिएको छ । यी दुवै ताम्रपत्रका दाँया भाग तथा बाँया भागको छेउमा सूर्य, चन्द्र तथा बीचमा रणजित मल्लको ने.स. ८४६ को मोहरका दुवैपट्टिका छाप र मोहरको छापको बीचमा मुकुटसहितको कमलासन त्रिशुल रहेको छ । रणजित मल्लको समयका यी दुवै ताम्रपत्रहरुको ब्यवहोरा प्रायः एकनासका छन् । यी दुई ताम्रपत्रहरु मध्ये पहिलो ताम्रपत्रमा उल्लेखित ब्यवहोरा अनुसार, स्वस्ति श्रीश्री जयरणजित मल्लदेवको विजयराज्यमा ज्ञाननाथी भिमलगिरि गोसाइँले श्री ३ विश्वेश्वरको प्रीतिले तवचपालको सडकदेखि उत्तरको दोखेच्छे, ५२ रोपनी जग्गा र बलदेव बुच्छलिमा रहेको जग्गामा मठ बनायो । खेतको आयस्ताबाट दशनामी सन्यासी आए जति सबैलाई १ पाउ चामल, दाल, १ छटाक मास, केराउको दाल, दहि, नुन दिने, मठको हेरविचार गर्न दुईजना सन्यासी रहने, दयाल गिरिको वंश रहुन्जेल अरुले यस मठको आयस्ता खान नपाउने तथा वंश नासिएमा ज्ञाननाथीलाई दिनुपर्ने । लोभले खिचलो उठाएमा पञ्चमहापाप लाग्ने तथा यो पत्र गराउँदा  साक्षीको रुपमा चन्द्र, सूर्य, दिन, रात, परमान, यज्ञनारायण, बालकृष्ण, धर्ब्बाशरण, तेकनसिंह, अनिरुद्र तथा हेरसिंह रहेका छन् । शंक सम्बत् १६४८, विक्रमसम्बत् १७८३, कलिगतसंवत् ४८२७, नेपाल संवत् ८४६, आषाढ शुक्ल १२ । आफूले वा अरुले दिएको जग्गा जसले हर्छ, ऊ ६० हजार वर्ष गुहुमा कीरा हुन्छ । त्यसैगरी अर्को ताम्रपत्रमा पनि सोहि अनुसार व्यवहोरा खुलाएका छन् । जसअनुसार, राजा रणजित मल्ल देवको विजयराज्यमा ज्ञाननाथी दयाल गिरि गुसाइँले श्री ३ विश्वनाथको प्रितिमा ने.स. ८४६ मा ५२ रोपनी जग्गा राखिदिएका थिए । यसैगरी यिनले भक्तपुर बोलाछेंमा रहेको मठमा समेत केहि जग्गाहरु राखिदिएका थिए । जुन मठ हाल जंगम मठको नामले परिचित छ (पन्त:२३-२६) ।

शोधकर्ताले मठका पूजारीसँग लिएको प्रत्यक्ष अन्तवार्ताका आधारमा प्राप्त जानकारी अनुसार, यस मठमा महन्तद्वारा दत्तात्रय मन्दिरमा पूजा गर्नको लागि तथा मठ भित्र पूजापर्वहरु चलाउनको लागि दुईजना पूजारीहरु नियुक्ति गरीएको छ । वर्तमान यो मठमा गिरी र उपाध्याय झा ब्राहमण पूजारीहरु रहेका छन् । दत्तात्रय मन्दिरमा पूजा गर्नको लागि गोपाल पूरी नियुक्ति गरिएको छ भने मठको विश्वेश्वर महोदव पूजाको लागि दामोदर उपाध्याय पूजारी नियुक्ति गरिएको छ । यो मठ तथा दत्तात्रय मन्दिरमा पूजा गरेवापत पूजारीहरुलाई वार्षिक रुपमा खान्की स्वरुप ६ मुरी धान वा धानको सट्टामा नगद दिने व्यवस्था रहेको छ । विगतमा महन्तद्वारा नै मठ र दत्तात्रय मन्दिर दुवैको जिम्मेवारी बहन गरी पूजाआजा गर्ने गर्दथ्यो । तर पछि गएर महन्तहरु धनी तथा सम्पन्न हुँदै जाने क्रममा मठमा पूजाआजा गर्ने कार्यहरु सबै पूजारीलाई जिम्मा दिन थाले । तसर्थ हाल मठमा महन्तको मुख्य कार्य मठको प्रशाशन व्यवस्थामा मात्र केन्द्रित हुन पुगेको छ ।

पूजारी मठमा दिनहुँ नित्य पूजा तथा आरति गनुका साथै वार्षिक रुपमा विभिन्न पूजापर्वहरु गर्दै आएको छ । महन्तद्वारा नै दिनहुँ पूजाआजाको लागि सम्पूर्ण आवश्यक सामग्रीहरु व्यवस्था गर्नुका साथै विभिन्न समयमा धार्मिक तथा साँस्कृतिक गतिविधिहरु सञ्चालन हुँदै आएको छ । बैशाख शुक्ल पूर्णिमाको दिनमा यो मठबाट बोका वली सहित मठ बाहिर रहेको गणेशलाई पूजा गरिन्छ । त्यस्तै जेष्ठ शुक्ल षष्ठी अर्थात सिठीःनखको दिनमा यो मठमा दत्तात्रय अखडा अर्न्तगतका एघारवटा मठका महन्तहरु भेला भई कुलदेवी दुर्गाको देवालीपूजा गरिन्छ । पूजारी मठ, पीर मठ भएको कारण यो मठबाट वर्षमा धेरै पटक साधुसन्यासी तथा जोगीहरुलाई भण्डारा ख्वाउनु पर्ने नियम रहेको छ । हरेक महिनाको पूर्णिमाको दिनमा यो मठबाट दाल, भात, तरकारी तथा अचार राखी भण्डारा ख्वाउने गरिन्छ । विगतमा यस मठबाट प्रत्येक कृष्ण प्रतिपदाको दिनमा मठमा आउने साधु तथा गरीबहरुलाई पीठो वितरण गरिन्छ । वि.सं.२०२१ सालमा भूमिसुधार लागू भएपछि मठको कतिपय प्रथाहरु लोप हुने क्रममा यो प्रथा पनि बन्द भैसकेको छ । पूजारी मठबाट शिवरात्रीको समयमा भारत तथा नेपालको तराई क्षेत्रबाट आएका साधुसन्यासीहरुलाई दुई रात, तीन दिन भण्डारा ख्वाउनु पर्ने अनिवार्यता रहेको छ । शिवरात्रीमा दत्तात्रय तचपालमा आउने साधु सन्तहरुलाई पूजारी मठबाट भण्डार ख्वाइसकेपछि यी साधु सन्तहरुलाई पूजारी मठबाट विदाई भोजनको रुपमा कडी भात (घ्यूमा भुटेर मोहीमा पकाएको भात) पकाएर ख्वाइन्छ । मठबाट विदा हुने क्रममा यी साधु सन्तहरु पूजारीमठ लगायत दत्तात्रय अखडा अर्न्तगतका सम्पूण मठहरुमा गएर गोलापूजा (साधुसन्यासीसँग हुने विगुतको डल्लोमा गरिने पूजा) गर्ने चलन छ । पूजारी मठबाट यसरी कडी भात पकाएर ख्वाइसकेपछि त्यहाँ आउने साधु सन्तहरुलाई यस मठले पाल्नु पर्ने जिम्मा रहन्दैन । शिवरात्री बाहेक अन्य दिनमा पूजारी मठबाट एक दिन मात्र भण्डारा ख्वाउने गरिन्छ (अमात्य,२०४५:४) ।

पूजारी मठ छुट गूठी अर्न्तगत संचालित मठ हो । अन्य मठहरुको तुलनामा पूजारी मठ निकै सम्पन्न छ । विगतमा विभिन्न दाताहरुले दत्तात्रय मन्दिर र पूजारीमठमा भएको देवताहरुको पूजापर्व चलाउनको लागि ठूलो परिमाणमा जग्गा जमिनहरु राखी दिएका थिए । जुन कुराको पुष्टि माथी उल्लेख गरिएको विश्वेश्वर महादेव सम्बन्धि उल्लेख भएको ताम्रपत्रले पनि स्पष्ट गर्दछ । यो मठको नाममा काठमाण्डौ उपत्यकामा लगभग ११५ विघा जग्गाहरु रहेका छन् । विभिन्न मोहीहरुलाई कमाउन दिएको यस मठका जग्गाहरुहबाट मठमा नित्य तथा वार्षिक पूजापर्वहरु सञ्चालन गर्नको लागि आयस्रोत जुताई आइराखेको छ । प्रत्येक वर्ष महन्तले मोहीनाइके मार्फत बाली बुझ्ने गरिन्छ । विभिन्न जग्गाहरुबाट मठले हाल वार्षिक रुपमा २०० टन धान, २८ टन गहुँ र रु.३२०० नगद मोहीहरुबाट प्राप्त गर्दै आइरहेको छ (अमात्य,२०४५:३) ।

आर्थिक सम्पन्नताका कारणे हाल यो मठले काठमाडौं उपत्यका लगायत उपत्यका भन्दा बाहिर विभिन्न शाखा मठ, धर्मशालाहरु, डी घरहरु (मठको जग्गाहरु रेखदेख गर्ने क्रममा महन्त बस्ने घर) तथा दर्जनौ स-साना मन्दिरहरु समेत बनाउन लगाएका छन् (Hutt,1995:135) । आफ्नो शाखामठहरुको

नियन्त्रण तथा सम्पूर्ण व्यवस्था मिलाउने कार्य पूजारी मठले गर्दछन् । भक्तपुरमा राजा यक्षमल्लको समयमा स्थापना भएको यो मठ विभिन्न समयमा जिर्णोद्धार एवं पुनःनिर्माण हुँदै वर्तमान स्वरुप सम्म आईपुगेको कुरा मठभित्र रहेको अभिलेखहरुबाट थाहा हुन्छ । विभिन्न समयमा गएको भूकम्पबाट यो मठ विग्रिएपछि राजा विश्वमल्लको समयमा यो मठको पुनः निर्माण गरिएको थियो । त्यसैगरी १८ औं शताब्दितिर पूर्व महन्त कृपाल गिरी तथा १९ औं शताब्दिमा महन्त लोकनाथ गिरीको समयमा पनि यो मठ पुनःनिर्माण गर्ने कार्य भएको थियो । बीचबीचमा यो मठमा मर्मत सम्भार हुँदै जाने क्रममा अन्तिम मल्लराजा रणजित मल्ल (वि.स १७६३) को समयमा समेत पुनःनिर्माण गरिएको थियो । वि.स.१९९० मा गएको महाभूकम्पले नेपालमा भएका अमूल्य सम्पदाहरु विनाश गर्ने क्रममा यो मठपनि भत्किएको थियो । यो मठलाई वर्तमान स्वरुपमा ल्याउने कार्यमा कलाप्रेमी मल्लराजाहरु भूपतिन्द्र मल्ल र रणजित मल्लको ठूलो देन रहेको कुरा मठमा रहेको वि.स. १७६३ को अभिलेखले प्रष्ट गर्दछ । वि.स.२०२८ सालमा जर्मन सरकारले भक्तपुर विकास परियोजना अर्न्तगत यस मठको अन्तिम पटक पुनः निर्माण गरिएको थियो । यद्यपि मल्लकालमा बनेको यो मठको स्वरुप र आजको स्वरुप बीच निकै अन्तर रहेको छ । संघीय जर्मन गणतन्त्र सरकारले वि.स. २०२८ सालमा तत्कालीन युवराधिराज विरेन्द्र वीर विक्रम शाहदेवको शुभ विवाहको अवसरमा उपहार स्वरुप रु. एक लाख जर्मन मार्क दिएर यो मठको जिर्णोद्धार गरिएको थियो । वि.स.२०२८ बाट शुरु भई वि.स.२०२९ सालमा पुनःनिर्माण कार्य समाप्त भएको यस मठको पुनःनिर्माण गर्ने क्रममा अन्तर्राष्ट्रिय मान्यताप्राप्त पुरातात्विक सिद्धान्त अनुरुप नेपाली प्राविधिक र चारजना जर्मन प्राविधिज्ञहरुको सहयोगबाट सम्पन्न भएको हो (Hutt, 1995:60) । Technical University Darmstadt बाट आएका जर्मन कालिगधहरु Gerhard Auer, Hans Busch, Niels Gutschou र Wilfried kroeger थिए । पूजारी मठको सम्पूर्ण निर्माणको कुल खर्च लागत रु.४,४५,८३९।- रहेको थियो । जसमा जर्मन सरकारले राजा विरेन्द्रलाई उपहार स्वरुप दिएको रु २,९७,८३९।-(German Mark 1,00,000/-), गूठी संस्थानले सहयोग स्वरुप दिएको रु १,३०,००० तथा पुरातत्व विभागको तर्फबाट नगद रु. १८,०००।- समावेश भएको थियो (अमात्य, २०४५: ६) ।

कलाकृति एवम् वास्तुकलाको उच्चतम नमुनाको कारण पूजारी मठ निकै महत्वपूर्ण मठको रुपमा रहेको छ । यस मठको बीचमा चोक निकाली चारैतिर चारतल्ले मठका भवनहरु निर्माण गरिएको छ । काष्ठकलाका उत्कृष्ट मयूर झ्याल लगायत सँझ्या, तिकाझ्या, विमान झ्याहरु तथा सूक्ष्म कलाकारीताले भरिपूर्ण मठका दलिन, खम्बा तथा खापाहरु आदिले यो मठ सिंगारिएको छ । उत्तर दिशामा फर्किएको यो मठको पूर्व तर्फको भित्तामा निर्मित "मयूर झ्याल" विश्वप्रसिद्ध नै हुन पुगेको छ (चित्र नं १क) । यो झ्यालको बीचमा गोलाकार आकृति बनाएर मयूरको आकृति अंकित गरिएको छ । यसमा मयूरलाई आर्कषक रुपमा प्रस्तुत गरिएको छ । मयूरका प्वाखँहरुका बीच बीचमा आर्कषक बुट्टाहरुद्वारा प्वाल बनाई तिनै प्वाँलहरुले आँखीझ्यालको पनि काम गरेको छ । मयूरको खुट्टाको दुवैतिरका लहरा, मयूरको वरिपरिका तीनवटा रेखाले घेरेको गोलो बुट्टेदार आकृति आदिले यो झ्याल निर्माण गर्ने कलाकारको क्षमतालाई दर्शाउँछ । गोलो आकृति बाहिरका लहरायुक्त बुट्टाले समेत यस झ्याललाई थप

आर्कषण प्रदान गरेको छ । भक्तपुर शहरको गौरव वृद्धिमा पाँचतल्ले मन्दिर, ५५ झ्याले दरवार, तलेजुको स्वर्णद्वारा, भैरवनाथ मन्दिर, दत्तात्रय मन्दिर जस्ता ठूलाठूला सम्पदाहरुको जति महत्वपूर्ण भूमिका छ, त्यतिनै ठूलो भूमिका यहाँका स-साना सम्पदाहरुमा समेत रहेको उदाहरण यस मठमा रहेको मयूर झ्यालले दिएको छ ।

## ३.२. पुलांनचोटा मठ

भक्तपुर दत्तात्रय मन्दिर परिसर वडा नं ३ मा रहेको यो मठ भक्तपुरका मठहरुको सर्न्दभमा पूजारी मठ पछिको पूरानो मठको रुपमा लिइन्छ । वर्तमान पूलांनचोटा मठका महन्त नवराज गिरी (७२) हुन् । उनी विगत ४९ वर्षदेखि महन्तको रुपमा कार्यरत छन् । यो मठको नामाकरण तःजा, दथु, सिथु र कुथु मठ जस्तै नेवारी भाषामा राखिएको छ । शोधकर्ताले स्थलगत अवलोकनको क्रममा महन्त नवराज गिरीसँग लिएको अन्तर्वार्ता अनुसार, दत्तात्रय मन्दिर परिसरको यो मठ पुरानो चोटामा निर्माण भएको हुनाले यसलाई नेवारी भाषामा "पुलागुँ चोटा" अर्थात पूरानो चोटा भन्ने अर्थमा पुलांनचोटा मठ भनि नामाकरण गरिएको हो । हाल यो मठको नाम अपभ्रशं हुदै जनजिवनमा यसलाई पूरानचोटा मठ समेत भनिएको छ । शुरुमा यो मठमा भारतीय जोगीहरु बस्दथे । उनीहरुले गुरुचेला पद्धति अनुसार चेलाको कपाल मुढ्दै महन्त नियुक्ति गर्दथे । यस क्रममा अधिकांश महन्तहरुले मठलाई व्यवस्थित रुपमा संचालन गरे । तर केही महन्तहरुले मठका जग्गाजमिनहरु हीनामिना गरी भागेर गए । यो मठ सरकारको तर्फबाट राखिएको राज गुठी अर्न्तगत संचालित मठ हो । सरकारले मठको यस्तो लापरवाही हटाउन नेपालका गृहस्थी दशनामीहरुलाई नै मल्लकालमा मठको जिम्मा दिएका थिए । यस मठको प्रथम महन्तको नाम थाहापाउन सकिएको छैन । तर पछि मठमा प्रताप गिरी, पद्म गिरी, लक्ष्मण गिरी, श्रीकृष्ण गिरी गरी क्रमैसँग वंशानुगत आधारमा महन्त हुने क्रममा हाल श्री कृष्ण गिरीका जेठा छोरा नवराज गिरी महन्त बनेका हुन् ।

महन्तले शोधकर्तालाई अन्तर्वार्ताको क्रममा देखाएको (प्रतिलिपि उर्तान नसकिएको) लालमोहर पत्रमा उल्लेख भए अनुसार, यो मठको स्थापना मल्लराजा विश्वमल्लको (ने.स ७०७-७३०) रानी गंगा महारानीले गर्न लगाएका थिए । उनले मठमा विष्णु तथा अन्य देवीदेवताहरुको स्थापना गरी नित्य पूजा लगायत वर्षभरीमा गर्नुपर्ने विभिन्न पूजापर्वहरुका लागि गूठीजग्गा राखिदिएका थिए । यसै पत्रमा, पछिल्लो पटक भक्तपुरका अन्तिम मल्लराजा रणजित मल्लले पनि पहिलेकै स्थिति अनुसार मठमा सदावर्त गूठी रहने गरी व्यवस्था गरिदिएको थियो । फेरी पछि लालमोहर गराई दिएको पत्र हराउँदा, शाहकालमा राजा राजेन्द्र वीर विक्रम शाहदेवबाट वि.स. १८९४ मा अघिल्लो लालमोहर बमोजिम नयाँ लालमोहर पत्र बनाई दिएका थिए । यस लालमोहर पत्रमा जग्गाको आयस्ताबाट मठको सम्पूर्ण धार्मिक एवं साँस्कृति पूजापर्वहरु गरी शेष बाँकी रहेको आयस्ता महन्तका सन्तान दरसन्तानले खानु भनि उल्लेख गरिएको छ ।

गंगा महारानीद्वारा स्थापना गर्न लगाएका कारण यो मठलाई “गंगा मठ” पनि भनिन्छ । यो मठमा नारायणको मूर्ति स्थापना गरिएको कारण यसलाई वैष्णव मठ पनि भनिन्छ । यो मठमा गंगा महारानीले शिवलिङ्ग स्थापना नगरी नारायणको मूर्ति स्थापना गरिएवाट उनी वैष्णवधर्म प्रति सर्मपित भएको कुरा थाहा हुन्छ । यसकुराको प्रमाण उनले तचपाल टोलमा नै बनाउन लगाएको नारायण मन्दिर, इनाचोको सानो नारायण मन्दिर, ठिमीको नारायण मन्दिरबाट पनि स्पष्ट हुन्छ ।

यो मठमा नारायण र देवी भगवतिको पूजागर्नको लागि पूजारीको नियुक्ति गरिएको छ । पूजारीद्वारा मठमा प्रत्येक दिन विहान नित्य पूजा एवं आरती गरिन्छ । पूजारीलाई पूजा गरेबापत खान्की स्वरुप वर्षको चार मुरी धान दिने व्यवस्था रहेकोमा हाल बजारको दर अनुसार पूजारीलाई धानको बदलामा नगद दिदै आएको छ । पूजारीको अलावा मठमा दिनहुँ सर-सफाई गरी बढार्ने कुचिकार, हजाम, फूल ल्याउने मालि तथा मठको बाली उठाउनको लागी मोहिनाइकेको दरबन्दि रहेको छ । यी सम्पूर्ण मठका कर्मचारीहरुलाई मठबाट खान्की स्वरुप विगतमा धान दिने गरेता पनि हाल सबैलाई बजार भाउको दरले नगद नै दिदै आएको छ । कुचिकारलाई वार्षिक रुपमा मठबाट आठ पाठी धान र महिनाको पचहत्तर रुपैयाँ नगद दिने गरेको छ । वर्तमान यस मठका पूजारी चिरञ्जीवी राज राजोपाध्याय हुन् । महन्त जस्तै पूजारी पनि वंशानुगत रुपमा लामो समय अघि देखि पूजारी भई मठमा कार्यरत छन् ।

यो मठको नाममा आफ्नै जग्गा जमिनहरु रहेका छन् । यसको आयस्रोतबाट मठमा वार्षिक विभिन्न चाडपर्वहरु मनाउने गरिन्छ । शोधकर्तालाई अन्तर्वार्ताको क्रममा महन्त नवराज गिरीले दिएको जानकारी अनुसार, बैशाख मेष संक्रान्तिको दिनमा पूजारी, मोहिनाइके वा महन्त आफै गएर मठको तर्फबाट भैरवको लिंगो र बेतालमा पुजा गरिन्छ । बैशााख शुक्ल अक्षय तृतियाको दिन मठमा गुड मिसाई सख्खर पानी र जौको सत्तु बनाई मठमा रहेका महन्त परिवार लगायत मठमा आउने जो कोहिलाई पनि सख्खर पानी र सत्तु दिने परम्परा रहेको छ । हाल मठमा यो चलन बन्द भैसकेको छ । मठबाट विभिन्न समयमा मठमा रहेको नारायण तथा भगवतिको पूजा गरी दत्तात्रय मन्दिरमा सिधा भाग (एक माना चामल, दाल, नुन, तेल, तरकारी र दक्षिणा) पठाइँछ । विशेष गरी मठबाट माघे संक्रान्ति, श्रावण संक्रान्ति, शिवरात्री तथा एकादशी जस्ता दिनहरमा सिधा पठाउने चलन रहेको छ ।

मठले मान्ने महत्वपूर्ण पर्व दशै हो । महन्तका अनुसार, आश्विन शुक्ल प्रतिपदा घटस्थापनाको दिन मठमा नारायणको मूर्ति राखिएको कोठामा र महन्तको नीजि पूजाकोठामा गरी दुवै स्थानमा जमरा राखिन्छ । परम्परागत विधि अनुसार कलशको स्थापना गरी पाँच माना जौ छर्केर घटस्थापना गरिन्छ । घटस्थापनाको दिन देखी विजया दशमीको दिनसम्म मठको दशैकोठामा ठूलो पानसमा घ्यू र तेलको दुईवटा अखण्ड ज्योति बालिन्छ । महाअष्टमीको दिनमा भगवति रहेको पूजाकोठामा बोका बलि सहित पूजारीद्वारा कालरात्री पूजा गरिन्छ । नवमीको दिन मठमा बालबालिकालाई जिवित देवीदेवताको रुपमा कुमारी, गणेश तथा भैरव बनाई पूजा गरिन्छ । विजया दशमीको दिन मठमा आउने साधुसन्यासी तथा जोगीहरुलाई दाल, भात, तरकारी, खीर, रोटी बनाई भण्डारा ख्वाउने तथा मठमा विशेष रुपले पूजाआजा

गरिन्छ । लक्ष्मी पूजाको दिनमा मठमा भगवतिको मूर्ति रहेको पुजाकोठामा लक्ष्मीको पूजा गरिन्छ । उल्लेखनीय कुरा श्री पञ्चमीको दिन मठमा मैसासुरमर्दिनी देवी भगवतिको बोका बली सहित पूजा गरिन्छ । यो मठमा गरिने सम्पूर्ण साँस्कृतिक पूजापर्वहरुको व्यवस्था मिलाउने कार्य मोहीनाइकेले गर्दछ ।

पुलांनचोटा मठ राज गुठीबाट संञ्चालित मठ हो । शोधकर्तालाई अन्तर्वाताको क्रममा महन्तले दिएको जानकारी अनुसार, विगतमा मठको नाममा लगभग १०० रोपनी जग्गाहरु रहेका थिए । वि.सं. २०२१ सालमा तत्कालीन सरकारले भूमीसुधार नियम लागू गरेपछि मठका जग्गाहरु रैतानमा परिणत हुँदै जाने क्रममा हाल १० रोपनी मात्र जग्गाहरु बाँकी रहेका छन् । यसरी मठका जग्गाहरु रैतानमा परिणत गरिसकेपछि, गूठी संस्थानले मठको सम्पुर्ण जिम्मा लिएका थिए । तर वर्तमान समयमा भने गूठी संस्थानले यो मठमा ध्यान दिन नसकेको कारण महन्त आफैले नीजि खर्चद्वारा मठको धार्मिक एवं साँस्कृतिक पूजापर्वहरु सञ्चालन गर्दै आएका छन् ।

महन्तले शोधकर्तालाई दिएको जानकारी अनुसार, मल्लकालमा निर्माण गरिएको यो मठ वि.स.१९९० सालको महाभुकम्पमा पूर्णतया भत्किएको थियो । वि.स.२०४२ सालमा भक्तपुर विकास परियोजना अर्न्तगत जर्मन सरकारले दत्तात्रय परिसरमा रहेका मठहरु जिर्णोद्धार गर्ने क्रममा यो मठको पनि पुनःनिर्माण गरिएको थियो (चित्र नं १५) । पुनःनिर्माणको क्रममा मठको वास्तविक स्वरुप एकिन नभएपछि, महन्त आफै र भक्तपुर विकास परियोजनाका इन्जिनियर वीर पुस्तकालयमा गएर मठको पुरानो चित्र फेलापारी त्यसैअनुरुप मठको वर्तमान स्वरुप तयार गरिदिएको थियो । तसर्थ मठको वर्तमान स्वरुपको बाहिरी आकृति मल्लकालको जस्तै पुरानै स्वरुपमा निर्माण भएको हो । चित्रको आधारमा मठको बाहिरी स्वरुप जस्ताको जस्तै निर्माण गरेतापनि मठको भित्री स्वरुप कस्तो थियो भन्ने जानकारी नभएको कारण मठको भित्री स्वरुप आवास गृहको रुपमा निर्माण गरिएको थियो । हाल यो मठ साढे तीन तल्लामा निर्माण भएको छ । झिंगतिको छानाको प्रयोग गर्नुका साथै मठमा प्रयोग गरिएको झ्यालहरुले पुलांनचोटा मठ निकै सुन्दर देखिन्छ ।

## ३.३. चिकंफ मठ

भक्तपुर दत्तात्रय प्राङ्गणमा रहेका विभिन्न मठहरु मध्ये चिंकफ मठ पनि महत्वपूर्ण मठ हो । दत्तात्रय मन्दिरको दायाँपट्टी गोदावरी र वार्दली मठ संग जोडीएर बनेको यो मठ दत्तात्रय चोकको उत्तर दिशामा अवस्थित छ (चित्र नं २०) । शोधकर्ताले ओम प्रसाद धौभडेल सँग अन्तर्वार्ताबाट पाएको जानकारी अनुसार, दशनामी सन्यासी अर्न्तगत “वन” द्वारा संचालित यो मठमा पछिल्लो पटक पुर्व महन्त कुल प्रसाद वनको कोही सन्तान नभएर यो मठ खालि हुन पुगेको थियो । मठमा बस्ने कोहि नभएपछि गूठी संस्थानले यो मठ आफ्नो मातहतमा लिएको थिए । हाल यस मठमा वि.सं २०५९ सालदेखि गूठी संस्थानद्वारा शिवराज गिरी (४९) लाई महन्त पदमा नियुक्ति गरेको छ । शोधकर्ताले मठको स्थलगत

अवलोकनको क्रममा मठका महन्तबाट हेर्न दिएको पूराना कागज पत्रहरुमा उल्लेख भए अनुसार, चिकंफ मठको स्थापना ने.स.८६५ मा कमल वन गोसाँई नामक व्यक्तिले गरेका थिए । उनले यो मठ भित्र बानेश्वर महादेवको स्थापना गरी सो देवताको नित्य पूजा चलाउनको लागि प्रशस्त मात्रामा जग्गाजमिन पनि राखिदिएका थिए । कमल वन गोसाई द्वारा स्थापना गरिएको यो मठको आयस्था प्रशस्त मात्रामा भएको कुरा मठको लगतले समेत प्रमाणित गर्दछ ।

यस मठको नामाकरण पनि नेवारी भाषामा नै भएको छ । नेवारी भाषामा "चिकं" को अर्थ तेल र "फ" को अर्थ थाप्ने भन्ने हुन्छ । इतिहासविद् विनोद राज शर्मासँग शोधकर्ताले लिएको अन्तर्वार्ताको आधारमा, यो मठमा विगतमा मोहिहरुले बाली बुझाउन ल्याउने क्रममा धानको सट्टा आफू सँग भएको तेललाई नै बालीको रुपमा बुझाउन ल्याउने परम्परा रहेको थियो । बालीको रुपमा तेल थाप्ने मठ भएको कारण मठको नाम चिकंफ मठ रहन गएको हो । मठको वास्तविक नाम चिकंफ मठ भएता पनि वर्तमान समयमा जनजीवनले यो मठलाई चिकंफले मठ तथा चिकंफा मठ पनि भन्ने गरेको छ ।

यस मठको ईशानकोणमा शिवपाञ्चायन देवताहरु रहेका छन् । वर्तमान समयमा गूठी संस्थानद्वारा यो मठमा पूजारीको नियुक्ति गरी दैनिक पूजाआजाका साथै विभिन्न पर्व पूजाहरु संचालन गरिआएको छ । मठका पूजारी तचपाल टोल निवासी अरुण उपाध्याय हुन् । शोधकर्ताले महन्त शिवराम गिरीसँग लिएको अन्तर्वार्ता अनुसार, यस मठबाट बैशाखमा भैरवको लिङ्गो पूजा गर्ने, दशैकोठामा जमरा राखी पूजा गर्ने तथा महाअष्टमीको दिन बलि दिने, नवमीको दिनमा नवदुर्गा भवानीको पूजा गर्नुका साथै कूमारी पूजा गर्ने तथा विजया दशमीको दिन मठमा पूजा गरी शक्ति पिठहरुमा पूजा पठाउने गरिन्छ । यो मठमा मार्ग शुक्ल श्री पञ्चमीको दिनमा, श्री बाणेश्वर महादेवको रुद्रि पूजा गरि मठमा आउने साधुसन्यासी तथा जोगीहरुलाई भण्डारा ख्वाउने परम्परा रहेको छ । यो दिनको पर्व चलाउनको लागि छुट्टै गूठी व्यवस्था गरिएको छ । माघेसंक्रान्ति, शिवरात्री आदि पर्वहरुको दिन दत्तात्रय मन्दिरमा सिधा दिने तथा मठमा रुद्रि पूजा गरिन्छ ।

शोधकर्तालाई महन्तले दिएको जानकारी अनुसार, दशै अष्टमीको दिनमा दशैकोठामा बोका बली सहित पूजा गरिन्छ । दशै अवधिभर मठमा घ्यू र तेलको अखण्ड दियो बालिन्छ । अष्टमीको दिन भक्तपुरको ब्रह्मायणी पीठमा मठबाट बोका बलि सहित पूजा गरिन्छ । यो मठको शाखा मठ छालिङमा रहेको छ । यहाँ कमलेश्वर महादेवको शिवलिङ्ग रहेको छ । छालिङमा मठको तर्फबाट पुरुषोत्तम गिरी नामक पूजारी नियुक्ति गरिएको छ । नवमीको दिन मठबाट छालिङमा रहेको यो शाखा मठमा एउटा हाँसको बली सहित पूजा पठाउने गरिन्छ । यसका साथे मंसिरमा पनि मठबाट शाखा मठमा रहेको गणेश मन्दिर, महाकाली मन्दिरमा समेत पूजा पठाउने चलन छ । शिवरात्रीको दिनमा यस मठमा शिवको रुद्रि पूजा तथा होम गरी मठमा धुनी बाल्ने तथा जोगी एवं गरिवगुरुवाहरुलाई भोजन गराउने व्यवस्था छ ।

अन्य मठहरुमा जस्तै यो मठमा विगतमा मालि, कुचिकार, मोहिनाइके तथा कटुवाल (मठहरुमा हुने गरेको विभिन्न क्रियाकलापहरुको सूचना एक मठबाट अर्को मठमा दिने मठको रकमी) को दरबन्दि रहेको थियो । तर हाल मठमा पूजारी तथा मालिको मात्र दरबन्दि बाँकी रहेको छ । मठमा पूजारीलाई खान्की स्वरुप वार्षिक रुपमा नगद रु.४५०० र मालिलाई रु.१५०० दिदै आएको छ । तर केही वर्ष अगाडी देखि मालिले मठमा दरबन्दि छोडेका कारण सम्पूर्ण मठको काम पूजारीमार्फत नै हुँदै आएको कारणले वर्तमान समयमा पूजारीलाई खान्की स्वरुप वार्षिक रुपमा रु. ६००० दिने गरिएको छ । गुठी संस्थानद्वारा महन्तलाई वार्षिक रुपमा १२ मूरी धान खान्की स्वरुप दिने गरेको छ । तर हाल धानको बदलमा मासिक रु. ५०० को दरले रकम दिने तथा नित्य पूजा संचालनमा चाहिने सामग्रीको खर्च स्वरुप मासिक रु १०० दिने गरेको छ । भक्तपुर विकास परियोजना अर्न्तगत जर्मन सरकारद्वारा यो मठको जिर्णोद्धार गरेको थियो । हाल यस मठमा गुठीसंस्थानद्वारा राष्ट्रिय कला संग्रहालय अर्न्तगत धातुकला संग्रहालय स्थापना गरिएको छ ।

## ३.४. क्वाठण्डौ मठ ( श्री मठ )

भक्तपुर तचपाल टोलमा रहेको दत्तात्रय मन्दिरबाट लगभग १५० मिटर उत्तरमा क्वाठण्डौं मठ रहेको छ । यो मठलाई “श्री मठ” पनि भनिन्छ । क्वाठण्डौ टोलमा रहेका कारण स्थानविशेषको आधारमा यो मठको नाम “क्वाठण्डौ मठ” रहन गएको हो । यो मठमा विगतमा सन्यासीहरु बस्ने हुनाले यसलाई सन्यासी मठ पनि भनिन्छ । दशनामी सन्यासीहरु अर्न्तगत यो मठको संचालन “पुरीहरु” द्वारा हुँदै आएको छ । वर्तमान यस मठका महन्त राम पुरी (४२) हुन् । उनी वि.स.२०६४ सालदेखि वंशपरम्परा अनुसार महन्तको रुपमा कार्यरत छन् ।

यस मठमा ने.स.८६८ र ने.स.८८८ को राजा रणजित मल्ल अभिलेखहरु रहेका छन् । अभिलेख अनुसार, यो मठको स्थापना भक्तपुरका अन्तिम मल्लराजा रणजित मल्लको शाशनकालमा भएको हो । अभिलेखमा भएको व्यवहोरा अनुसार, राजा रणजीत मल्लले मठमा वोनश्वर महादेवको स्थापना गराई यसको पूजापर्वहरु संचालनको लागी जग्गा जमिनहरु राखिदिएका थिए ( राजवंशी,२०२०:४१-४२,४६) । नेवारी लिपीमा लेखिएको यस अभिलेखको माथिल्लो भागमा शिवलिङ्ग र यसको दायाँ बाँया चन्द्र र सूर्य अङ्कित गरिएको छ । यस मठमा शिवलिङ्ग भएको पूजाकोठामा स-साना तीनवटा अभिलेख तथा पूजाकोठा बाहिर दुईवटा अभिलेख छ (चित्र नं ३० र ३३) । यी सम्पूर्ण अभिलेखहरु रणजित मल्लले राख्न लगाएको देखिन्छ । यस मठमा एक ताम्रपत्र रहेको चर्चा लिलाभक्त मुनंकर्मीले आफ्नो “भक्तपुरका मठहरुको एक अध्ययन” नामक शिर्षकमा उल्लेख गरेको छ । यस ताम्रपत्रमा मठको पूजापर्वहरु संचालन गर्नको लागि जग्गाहरु राखिदिएको कुरा परेको छ (परिशिष्टः ख) । यो ताम्रपत्र अनुसार खेतबाट आम्दानी हुने बालीबाट पर्वपूजाहरु संचालन नभएको कुरा तत्कालीन सरकारमा उजूर गर्दा काजी रणजित पाण्डे, काजी भीमसेन थापा, काजी रणध्वज थापा, काजी बहादुर भण्डारी, आदिले जाँचबुझ गरी ताम्रपत्र अनुसार खेतको आयस्ता बढाई दिएका थिए (मुनंकर्मी,२०५२:१५) ।

यो मठको ईशानकोणमा वानेश्वर महादेव स्थापना गरिएको छ । वानेश्वर महादेवको अगाडी बसाहा (नन्दि) स्थापना गरी शिवलिङ्गको चारैकुनाम विष्णु, सूर्य, गणेश र देवीको मूर्ति राखी पाञ्चायन देवताहरु राखिएका छन् । मठमा रहेका यी पाञ्चायन देवताहरुको दैनिक पूजा गर्ने तथा साँझ आरति गर्नको लागि भक्तपुर नगरपालिका वडा नं. १३ खौमा टोलको शर्मा ब्राहमणलाई पूजारीको रुपमा नियुक्ति गरिएको छ ।

स्थलगत अवलोकनका क्रममा शोधकर्तालाई यस मठका महन्तले उपलब्ध गराईदिएको लगतअनुसार (परिशिष्टः ग), यो मठले वर्षभरीमा विभिन्न पूजाआजा गर्नुपर्ने तथा विभिन्न समयमा पर्वपूजाहरु चलाई गरिबगुरुवा तथा साधु-सन्तका लागी भण्डारा ख्वाउनु पर्ने चलन देखिन्छ । लगतबाट प्राप्त जानकारी अनुसार, बैशाख शुक्ल अक्षयतृतिकाको दिन मठ बाहिरको भैरवको द्यूोछें (देवता घर) मा रहेको पाटीमा बसी महन्त वा महन्तको परिवारद्वारा बाटोमा आउने बटुवाहरुलाई सख्खर पानीको सर्वत खुवाउने चलन छ । मठमा स्थापना गरिएको बाणेश्वर महादेवको वर्षवर्धन पूजा बैशाख शुक्ल पञ्चमीको दिन गरिन्छ । यो दिन मठमा १२ जना ब्राहमणहरुलाई फलुवा चामल राखी सिधा दिने चलन छ । यसैदिन मठमा वाणेश्वर महादेवलाई पंचामृतले अभिषेक गराई सिंदुर, सुपारी, अबीर, धुप, कपुर, केशरी, श्रीखण्ड, रक्तचन्दन समेत राखी धुमधामका साथ पूजा गरिन्छ । पूजाको क्रममा वाणेश्वर महादेवला विशेष किसिमको नैवद्य बालभोग (च्युरालाई घ्यूमा भुतेर सख्खर वा चिनी राखी बनाएको प्रसाद) बनाई चढाइँछ । मठबाट चैत्र शुक्ल मसान्तको दिन श्री कालभैरव, भद्रकालि, श्वेतभैरवलाई विभिन्न पूजा सामग्रीहरु सहित पूजा गरिन्छ । बैशाख मेष संक्रान्तिको दिनमा मठबाट दाफा भजनियाहरुलाई धान तथा गहुँ बाँधेर दिने तथा भैरवनाथ र श्वेतभैरवनाथमा पूजा पठाइँछ । बैशाखमानै चतुर्थी पूजाको लागी एउटा बोका, गूप्तिके (रक्सी), पूजासाधन, देवताको लागी समाजोलं (श्रृंगारका सामान), हाँसको फूल राखी पूजा गर्ने तथा गूठीयारहरुलाई भोजन गराउने चलन छ । जेष्ठ शुदि दशमी दशहराको दिन मठमा दशहरा गूठी संचालन हुन्छ । यो दिन वानेश्वर महादेवको पूजा गर्नुका साथै, मनभोग (हलुवा) पकाई प्रसाद वितरण गर्ने तथा मठमा आउने साधुसन्तलाई भण्डारा ख्वाउने गरिन्छ ।

श्रावण ५ रोजका दिन मठबाट गोसाईकुण्ड जाने यात्रुलाई सदावर्त (दान) दिने गरिन्छ । भाद्र वदी १ का दिन मठमा ब्राहमण, फकिरहरुलाई भोजन गराउने तथा भाद्र बदी ४ मा मठको तर्फबाट श्री दत्तात्रयको पूजा गरिन्छ । यसै दिन सूर्यविनायक गणेशलाई नगर परिक्रमा गराउने क्रममा मठबाट गणेश तथा भैरवनाथमा पूजा गरिन्छ । यसैगरी भाद्रबदी ३० रोज अर्थात गोकर्ण औशीको दिन मठबाट गोर्कणेश्वरमा गुठी चलाई, साधुसन्त तथा फकिरहरुलाई दहीच्युरा राखी भण्डारा ख्वाउने गरिन्छ । भाद्र कृष्णाष्टमीको दिन मठबाट खरीपाटिमा रहेको कृष्ण पूजा गरी गूठी संचालन गरिन्छ । यो दिन त्यहाँ आएका साधुसन्त, ब्राहमण, गरिबगुरुवाहरुलाई एक छाक खान दिने तथा राति जाग्राम बस्ने भक्तजनहरुलाई दहिच्युरा तथा सख्खर च्युरा ख्वाईन्छ । यसका साथै यो दिन बालभोग लगायत अन्य पूजा सामाग्रीहरु चढाएर मठमा भएको श्री लक्ष्मीनारायणको पूजा गरिन्छ ।

दशैमा मठमा चारमाना जौ तथा विधिपुर्वक कलशको स्थापना गरी घटस्थापना गरिन्छ । घटस्थापनाको लागी हनुमानघाटबाट चोखोपानी र पाँगोमाटो ल्याई जमरा राखिन्छ । यो दिन मठबाट भक्तपुर ब्रहमायणि मन्दिरमा पुजा पठाउने गरिन्छ । अष्टमीको दिन दुर्गा भवानीको कालरात्री पूजा गरी बोका बलि दिइँछ भने नवमीको दिन ११ बालिकाहरु जम्मा गरी कुमारी पूजा गरिन्छ । दशै अवधीभर मठबाट मठमा विभिन्न शक्ति पिठहरुमा समेत पूजा पठाउने परम्परा छ । टिकाको दिन मठबाट, साधुसन्त, मोहीनाइके तथा सम्पूर्ण कामदारहरुलाई भोज खुवाउने चलन छ ।

मठबाट कार्त्तिक सुदी ६ रोजका दिन पशुपतिमा गुठी चलाई ब्राहमणहरुलाई सिधा दिने गरिन्छ । कार्त्तिक शुक्ल एकादशीकै दिनमा मठबाट भैरवनाथलाई पूजा गर्न पठाउने चलन छ । मार्ग शुक्ल चतुर्दशीका दिन मठमा श्राद्ध गूठी चलाई साधुसन्त तथा गरिब ब्राहमणहरुलाई भोजन गराइँछ । मार्ग सुदी छ रोजमा यस मठले हनुमानघाटमा रहेको महादेवको वर्षवर्धन पूजा गरिन्छ । त्यस्तै मार्ग सुदी १२ रोजमा अर्थात मार्ग शुक्ल द्धादशीको दिनमा मठबाट चाँगुनारायणस्थानमा पूजा गरिन्छ । चाँगुनारायणमा यो दिन स्थानीया पूजारी मार्फत यज्ञ गरी नारायणको पूजा गरिन्छ । यसको लागि क्वाठण्डौ मठबाट चाँगुमा पूजारी नियुक्ति गरी वार्षिक रुपमा खान्की दिने गरिआएको छ । माघे संक्रान्तिको दिन मठमा आउने जोकोहिलाई सदावर्त (अनिवार्य रुपमा दिनुपर्ने दान) दिने प्रचलन छ । शिवरात्रीको दिन मठमा रुद्रि, पूजापाठ गरी दत्तात्रयमा आएका साधुसन्यासीहरुलाई अन्न दान गरिन्छ । यो मठले वर्षभरीमा विभिन्न पूजाआजागरी साधु, सन्यासी तथा जोगीहरुलाई चार/पाँच पटक भण्डारा ख्वाउने चलन छ । हाल आएर मठको अवस्था निकै जिर्ण हुनुका साथै आयस्रोतको कमीले गर्दा लगतमा उल्लेख भएअनुसारको कार्यहरु गर्न असमर्थ रहेको कुरा महन्तले शोधकर्तालाई जानकारी गराएको छ ।

महन्तसँग शोधकर्ताले लिएको प्रत्यक्ष अन्तर्वार्ता अनुसार, शुरुमा यो मठ छुटगूठी अर्न्तगत संचालित थियो । पछि वि.स.२०२१ सालमा मठलाई गूठीसंस्थान अर्न्तगत रहने गरी राजगूठीमा परिणत गरिएको थियो । मल्लकालमा राजा रणजित मल्लको समयमा स्थापना भएको यो मठलाई शाहकालिन राजा सुरेन्द्र वीर विक्रम शाहदेवको शाशनकालमा, मठको सम्पूर्ण धार्मिक पूजापर्वहरु चलाई बाँकी रहेको आयस्ता यस मठका सन्तान दरसन्तानले खानु भनि लालमोहर गरिदिएका थिए । विगतमा यस मठको नाममा लगभग पाँचसय रोपनी जग्गा रहेको थियो । यो मठमा पूजारी, मोहिनाइके, माली, कुचिकार तथा नाउ (नापित) को दरबन्दि छ ।

शोधकर्ताद्वारा यस मठका मोहीनाइके पूर्णभक्त मारिखोंसँग लिएको अन्तर्वार्ता अनुसार, मठबाट पूजारीलाई खान्की स्वरुप पहिले वार्षिक अठार मूरी धान दिने गरिएको थियो । त्यसैगरी मालि, कुचीकार तथा नाउलाई चार मुरी धान खान्की स्वरुप दिने व्यवस्था रहेको थियो । वि.स.२०४० सालसम्म यहि व्यवस्था रहेको थियो । तरपछि मठको जग्गाहरु रैतानमा परिणत भएर आयस्रोतमा कमी आएपछि हाल पूजारीलाई वार्षिक बाह्र मूरी धानको दर अनुसार नगद तथा अन्य कामदारलाई मठको आयस्ता अनुसार, एक मूरी वा पच्चीस पाठी धान दिने गरेको छ ।

दुई तल्लामा निमार्ण भएको यो मठको मूख्य प्रवेशद्वारा उत्तरतिर फर्किएको छ । मठ भित्र एउटा सानो चोक तथा चोकको वरीपरी चारैतर्फ मठका घरहरु निर्माण गरिएका छन् । चोकको ईशानकोणमा पाञ्चायन देवता सहितको वानेश्वर महादेवको शिवलिङ्ग स्थापना गरिएको छ । भुईतल्लामा चारैतर्फ जान मिल्ने गरी दलानको निर्माण गरिएको छ । पहिलो तल्लामा महन्त बस्ने गद्दिकोठा, महन्तको परिवार रहने कोठा, महन्तको नीजि पूजाकोठा, भण्डार कोठा तथा मोहिनाइके बस्ने कोठा रहेको छन् । मठको भित्री भागमा चारैतर्फ बार्दली राखिएका छन् । हाल यस मठको महन्त अन्य क्षेत्रमा बसाई गरी बसेका कारण मोहिनाइके र उनका परिवार लामो समय देखि यस मठमा बस्दै आएका छन् ।

## ३.५. तःजा मठ

भक्तपुर तचपाल टोल वडा नं ३ मा अवस्थित तःजा मठ निकै महत्वपूर्ण मठ हो । यो मठको नामाकरण नेवारी भाषामा भएको छ । नेवारी भाषामा तजाको अर्थ अग्लो भन्ने हुन्छ । दथु मठ र सिथु मठसँगै लहरै जोडिएर बनेका यो मठ ति मठहरु भन्दा अग्लो भएको कारण नेवारी भाषामा अग्लो मठ भन्ने अर्थमा यो मठलाई तःजा मठ भनि नामाकरण गरिएको हो ।

यो मठमा राजा भूपतीन्द्र मल्लको शाशनकालको ने.स.८३० को एउटा शिलापत्र रहेको छ । १ फुट लम्बाइ पौने ३ इर्न्च चौडाइ तथा माथि १ फुट ३ इञ्च, तल १ फुट साढे १ इञ्च रहेको यो शिलापत्र २९ पंक्तिमा लेखिएको छ । यस अभिलेखको शिरोभागको बीचमा शिवलिङ्ग, त्यसको दाँयापट्टि साँढे र बाँयापट्टि दाताको मूर्ति अङ्कित गरिएको छ । नेवारी लिपीमा लेखिएको यो अभिलेख अनुसार ने.स. ८३० फाल्गुण शुक्ल सप्तमी रोहिणीनक्षत्र शुक्रवारको दिन यो मठमा देव गिरी नामक एक भक्तले विश्वेश्वर महादेव स्थापना गरी यसको पूजापर्वको लागि व्यवस्था गरिदिएको कुराहरु उल्लेख छ । (राजवंशी,२०२०:७२) । अभिलेखबाट प्राप्त जानकारीको आधारमा यो मठको स्थापना राजा भूपतीन्द्र मल्लको शाशनकालमा देव गिरी नामक व्यक्तिले गरेका हुन् ।

वर्तमान समयमा तःजा मठको संचालन जङ्गमहरुबाट हुँदै आएको छ । मठका वर्तमान महन्त अशोक जङ्गम (५५) हुन् । उनि वि.सं.२०६५ मंसिर ११ गते आफ्नो बुबा पूर्व महन्त पूर्णचन्द्र जङ्गमको स्वर्गहारोहण पछि वंशपरमपरा अनुसार जेठो छोराको नाताले महन्तको रुपमा नियुक्ति भएका हुन् । शोधकर्ताले महन्त अशोक जङ्गमसँग उनकै निवासमा लिएको अन्तर्वार्ताबात प्राप्त जानकारी अनुसार, स्थापनाकालमा यो मठ दशनामी सन्यासी अर्न्तगत गिरीहरुको अधिनमा रहेको थियो । जुन कुरा यहाँ रहेको अभिलेखले पनि प्रमाणित गर्दछ । गिरीहरुद्वारा वंशानुगत परम्पराको आधारमा संचालन हुदै आएको यो मठमा पछिल्लो समयमा सेतु गिरी नामक महन्तले आफ्नो पत्निलाई पिटेर मारेका कारण तत्कालीन राणा सरकारले सेतु गिरीलाई मठबाट हताएका थिए । त्यसपछि यो मठ खाली रहन पुग्यो । यसै क्रममा उनका (अशोक जङ्गम) बाजे पुर्णचन्द्र जङ्गम जो तत्कालीन समयमा राणाहरुसँग बढी सम्पर्कमा रहेका थिए, उनलाई (पुर्णचन्द्र जङ्गम) मठको परम्परा कायम राख्नको लागि भीमशमशेर जङ्ग बहादुर राणाले

महन्तको रुपमा नियुक्ति दिएका थिए । हाल यस मठमा रहेका जङ्गमहरु शुरुमा भक्तपुरस्थित बोलाछें टोलको जंगम मठमा बस्ने गर्दथे । गिरीहरुले छोडेपछि यो मठको पहिलो महन्त पूर्णचन्द्र जङ्गम भए । पूर्णचन्द्र जङ्गमको स्र्वगारोहण पछि उनका नाबालक छोरा पूष्प चन्द्र जङ्गम महन्त बनेका थिए । जो नाबालक भएका कारण देवेन्द्र प्रसाद गिरी (पूष्प चन्द्र जङ्गमको भिनाजु) ले उनको संरक्षकको रुपमा मठको अधिकार प्राप्त गरे । पुष्प चन्द्र जङ्गम पछि, यो मठ वर्तमान महन्त अशोक जङ्गम (पुष्पचन्द्र जङ्गमका जेठा छोरा) द्वारा संञ्चालन हुँदै आएको छ । अशोक जङ्गमका अनुसार, उनको बुबा नाबालक अवस्थामा महन्त बनेपछि, नाबालकले मठ संचालन गर्न सकिन्दैन भनी करिब सय जना व्यक्तिहरुले यो मठ संचालन गर्न पाउँ भनी तत्कालीन सरकार समक्ष निवेदन दाखिला गराएका थिए । तर हरेक मठमा महन्तको मृत्यु पछि जेठा छोरा महन्त हुने परम्परा अनुसार, उनका बुबा (पुष्प चन्द्र जङ्गम) लाई नाबालक अवस्थामा नै महन्त घोषणा गरिएको थियो ।

अन्तर्वार्ताको क्रममा शोधकर्तालाई महन्तले दिएको जानकारी अनुसार, तःजा मठमा दिनहुँ वैदिक विधिद्वारा शिवपाञ्चायन देवताको पूजा गर्ने चलन छ । मठमा पूजा गर्नको लागि पूजारी नियुक्ति गरिएको छ भने यस मठको तर्फबाट छालिङ्गमा (शाखा मठ) रहेको शिवलिङ्गको नित्य पूजा गर्नको लागि स्थानीय एक व्यक्तिलाई पूजारी पदमा नियुक्ति गरी पूजा संञ्चालन गरिंदै आएको छ । वर्तमान मठका पूजारी स्थानिय निवासी लक्ष्मी अधिकार हुन् । पहिले यो मठमा भट्टपूजारी रहेका थिए । वंशपरम्पराको रुपमा पूजारी रहँदै आएको अन्तिम भट्ट पूजारीको कोहि सन्तान नभएपछि पूजारीको रुपमा अधिकारी ब्राहमणलाई नियुक्ति गरिएको हो ।

यो मठको पनि जग्गागुठीहरु छन् । यसको आयस्रोतद्वारा मठमा भएका देवताहरुको नित्य पूजा गर्नुका साथै मठबाट बार्षिक रुपमा विभिन्न पर्वपूजा चलाउँदै आएका छन् । शोधकर्ताले महन्तसँग लिएको अन्तर्वार्ता अनुसार, यो मठमा सबैभन्दा ठूलो पूजा नागपञ्चमीको दिन हुन्छ । प्रत्येक वर्ष श्रावणशुक्ल पञ्चमीको दिनमा पुजारीद्वारा मठमा शिवजीको रुद्रि गर्ने तथा पूजापाठ गरी मठको प्रत्येक ढोकाहरुमा बासुकी नागको चित्र टाँसीन्छ । नागपूजा गर्नुका साथै मठमा भण्डारा ख्वाउने प्रचलन रहेको छ । यो दिन मठमा आउने साधुसन्यासी, जोगी तथा गरिवगुरुवाहरुको लागि खीर, मालपुवा, स्वारी, दाल, भात, अचार बनाई भण्डारा ख्वाइन्छ । विगतमा यस मठमा नागपञ्चमीको दिन करीब तीन हजार देखी चार हजार सम्म मान्छेहरु भण्डारा खानको लागि ओहिरो लाग्दथे भने हाल भण्डारा खान आउनेहरु निकै कम संख्यामा रहेको छ । शिवरात्री मठले मान्ने अर्को महत्वपूर्ण पर्व हो । शिवरात्री भन्दा तीन दिन अगाडीको एकादशी देखि अर्को आउने एकादशीको दिनसम्म नेपालका विभिन्न क्षेत्रहरु तथा भारतबाट समेत साधुसन्तहरु आएर दत्तात्रय मन्दिर परिसरमा बस्ने गर्दछ । त्यसबेला ति साधुसन्यासी तथा जोगीहरुलाई मठको तर्फबाट सदावर्त दिइँछ । यो समयमा मठले साधु सन्यासीहरुलाई चामल लिनेलाई एक माना चामल तथा पिठो लिने भए दुई माना पिठो सहित त्यसमा एक छाक खानाको लागि आवश्यक घ्यू, तेल, नुन, बेसार, दाल तथा दाउरा समेत दिने व्यवस्था छ । हरेक वर्ष शिवरात्री भन्दा अगाडीको

पूर्णिमा देखि अर्को पूर्णिमा सम्म यो मठको मुख्य प्रवेशद्धारमा बसी महन्त वा महन्तको परिवारका कुनै सदस्यले यसरी सदावर्त दिने प्रचलन हालसम्म पनि चलेको छ । तःजा मठ बाहेकका भक्तपुरका अन्य मठहरुले यसरी सदावर्त दिने चलन छैन ।

जेष्ठ शुक्ल दशमी अर्थात दशहराको दिन यस मठको तर्फबाट शाखा मठ रहेको भक्तपुरको पिखेल भन्ने स्थानमा हाँसको बली सहित पूजा गर्ने चलन छ । हाल यो शाखा मठ भत्किसकेको कारण त्यहाँ रहेको एउटा पाटीमा पूजा गरिन्छ । अन्य मठमा जस्तै यो मठले पनि भाद्र कृष्ण द्धितियाको दिन दत्तात्रयको पूजा गरिन्छ । त्यस्तै भाद्र कृष्ण पञ्चमीको दिनमा भैरवनाथको गिर्वान यात्राको क्रममा मठको ढोकामा भैरवको खट ल्याई बिसाएपछि तान्त्रिक विधिद्वारा एक बोका बली सहित पूजा गरिन्छ । यद्यपि लिङ्गायत जंगमहरुले हिंसा नगर्ने भएता पनि यस मठमा सुरुमा गिरिहरुको अधिनता रहेका कारण, गिरिहरुले चलाएको परम्परालाई निरन्तरता दिनको लागि बलि दिने प्रथा चलाएको हो ।

घटस्थापनाको दिन मठमा कुलदेवी भगवति रहेको कोठामा पुजारीद्वारा घटस्थापना गरिन्छ । यसै दिन छालिङको शाखा मठमा पनि विधिपूर्वक त्यहाँ नियुक्ति गरिएको पुजारीद्वारा घटस्थापना गरिन्छ । दशै अवधिभर मठको दशैकोठामा तेलको दुईवटा अखण्ड दीप प्रच्वलित गरिएको हुन्छ । यसरी बालिएको दिप विजया दशमीको दिनसम्म निभाउन नहुने नियम अनुसार दिपलाई सावधानीपूर्वक राखिन्छ । अष्टमीको दिनमा बोका बलि सहित दशैकोठामा कालरात्री पूजा गरिन्छ भने यसैदिन छालिङमा रहेको मठमा पनि एउटा हाँसको बली सहित दशैघरमा पूजा गरिन्छ । नवमीको दिनमा अन्य मठहरुमा कुमारी पूजागर्ने परम्परा रहेता पनि यो मठमा कुमारी पूजा गर्ने चलन छैन । दशमीको दिन मठमा पूजा गर्नुका साथै मठको तर्फबाट हाँसको बली राखी विभिन्न शक्तिपीठहरुमा पूजा पठाउने चलन छ । तर वर्तमान समयमा भने शक्तिपिठहरुमा हाँसको अण्डा राखी पूजा पठाउने गरिन्छ ।

कार्त्तिक महिनाको दशमी र द्धादशीको दिनमा यो मठबाट, छालिङमा रहेको शाखा मठमा स्थानीय गाँउलेहरु तथा साधु सन्यासीहरुलाई भण्डारा ख्वाउने परम्परा छ । कार्त्तिक दशमीको दिनमा छालिङको शिवलिङ्ग रहेको स्थानमा भण्डारा खुवाउने र द्धादशीको दिनमा शिवलिङ्ग रहेको स्थान भन्दा लगभग दुई सय मिटर माथी, भण्डारा खुवाउन चलन हालसम्म पनि मठले गरिदै आएको छ । यसप्रकार तःजा मठले वार्षिक रुपमा विभिन्न पूजापर्वहरु संचालन गर्नुका साथै हरेक पूर्णिमा तथा औशीको दिनमा मठमा माग्न आउने जो कोहिलाई पनि चामल दिने चलन रहेको छ । यसरी दान दिने क्रममा थोरै संख्यामा माग्नेहरु आएका चामल एक मानाको दरले दिइन्छ भने माग्न आउनेहरु बढि भएमा एक/एक मुठी चामल दिने गरिन्छ ।

तःजा मठमा विगतमा पूजारीका साथै मोहिनाइके, नापित, कुचिकार, माली लगायत मठको जिर्णोद्धार गर्नेको लागि अवाले तथा डकर्मी समेतको दरवन्दि रहेको थियो । खान्की स्वरुप कुचिकारलाई मठले बार्षिक रुपमा मठको आन्दामी अनुसार धान दिने गरिएको छ । यो भन्दा बाहेक विभिन्न पर्व

पूजाहरुमा एक भाग खाना दिने तथा मठका सदस्यहरुबाट दशै खर्च स्वरुप केहि रकमहरु समेत दिने गरिएको छ । मठबाट कुचिकार तथा कपाल काट्ने नाउँलाई बार्षिक रुपमा आठ मूरी धान दिदैं आएको भएपनि हाल मठको आयस्तामा आएको कमीका कारण एक मूरी धान दिने गरेको छ । मठमा दरबन्दि पाएका अवाले तथा डकर्मीहरुले हाल मठको दरबन्दि छोडी अन्य पेशा अपनाइ बसेका छन् ।

तःजा मठ छुटगुठी अर्न्तगत संचालित मठ हो । महन्तले शोधकर्ता लाई अन्तर्वार्ताको क्रममा दिएको जानकारी अनुसार, पहिले मठको नाममा लगभग ३५० रोपनी जग्गाहरु रहेका थिए । तर वि.सं २०२१ सालमा भूमी सुधार ऐन लागु भएपछि वि.स.२०३९ सालदेखि मठको नाममा रहेका कतिपय जग्गाहरु रैकरमा परिणत गरिएको थियो । हाल मठको आर्थिक स्रोतमा कमी आएका कारण मठले बर्षभरीमा गर्ने विभिन्न धार्मिक तथा साँस्कृतिक कार्यहरुमा समेत कमी आएको छ । वि.स.१९९० सालको महाभूकम्पमा यो मठ पुरै भत्किएको थियो । पुर्व महन्त पूर्णचन्द्र जङ्गमले तत्कालीन सरकार सँग ऋृण सापटी लिएर यो मठको पून:निर्माण गराएका थिए । पछि उनले (पूर्णचन्द्र जङ्गम) आफ्नो नाममा तराईमा रहेको करिब ७३ विघा जग्गा बेचेर सरकारको ऋृण चुक्ता गरेको प्रमाण स्वरुपका पत्रहरु मठमा रहेका छन् । पहिले यस मठबाट बार्षिक रुपमा सरकारलाई कर स्वरुप रु.१ बुझाउने गर्दथ्यो, तर हाल आएर मठले सरकारी करमा बढि बढाउ भएका कारण बार्षिक रु.२००० तिर्ने गरेको छ । वि.स.१९९० पछि पुननिर्माण गर्ने क्रममा मठको मल्लकालिन स्वरुपमा केहि परिवर्तन भई मठमा तत्कालीन राणाकालिन वास्तुकलाको प्रभाव परेको थियो । त्यसैगरी वि.स.२०२८ सालमा वर्तमान महन्तद्वारा यो मठको सम्पूर्ण भागहरु जिर्णोद्वार गर्ने कार्य भएको थियो ।

साँस्कृतिक क्षेत्र दत्तात्रमा रहेको यो मठ निकै आर्कषक छ । एकतहको पेटी माथि खुत्किलाहरु बनाई निमार्ण गरिएको यो मठ तीन तल्लामा बनेको छ । मठको भुईंतल्लामा खुल्ला दलान तथा आर्कषक चोक राखी चारैतर्फ मठघरहरु निर्माण गरिएका छन् । यस मठमा पहिलो तल्लामा राखिएका आँखी झ्यालहरु तथा दोस्रो तल्लामा छत्रावली सहित राखिएको पञ्चमुखी विमान झ्याल निकै आर्कषक छन् ( चित्र नं ८) । मठको बाहिरी भागका साथै चोक तर्फ रहेका मठघरहरुमा समेत उत्कृष्ठ कलाकृतिले भरिपूर्ण विभिन्न प्रकारका झ्यालहरु रहेका छन् । मठमा प्रयोग गरिएको गजूरले गर्दा यो मठ अन्य मठहरुको तुलनामा अझ बढी कलात्मक छ (चित्र नं १८) ।

## ३.६. दथु मठ

भक्तपुर वडा नं ३ दत्तात्रय मन्दिर परिसरमा निर्मित अर्को महत्वपूर्ण मठ दथु मठ हो । यो मठ तःजा मठ र सिथु मठको बीचमा रहेको छ (चित्र नं १०) । यसरी दुईवटा मठको बीचमा परेको कारण नेवारी भाषामा यो मठको नाम “दथु मठ” राखिएको हो । नेवारी भाषामा दथुको अर्थ बिचको भन्ने हुन्छ । यो मठको वर्तमान महन्त उत्तम पुरी (५२) हुन् । वि.सं.२०५० सालदेखि उनी यो मठमा महन्तको रुपमा कार्यरत छन् । शोधकर्तालेे महन्त उत्तम पूरीसँग उनको वर्तमान निवास स्थान पुरानो बानेश्वरमा

लिएको अन्तर्वार्ता अनुसार, उनीभन्दा अगाडीका चार पुस्ताका महन्तहरु क्रमैसँग पद्म पूरी, श्रीकृष्ण पूरी, महादेव पूरी, दुर्गाप्रसाद पूरी हुन् र दुर्गाप्रसाद पूरी पछि उनी यो मठका महन्त भएका हुन् । यी चार पुस्ता भन्दा अगाडीका महन्तहरुको नाम एकिन नभएको उनले बताएका छन् । यो मठमा ने.स.८३५ को एक शिलापत्र रहेको छ । उक्त शिलापत्रमा उल्लेख भएको व्यवहोरा अनुसार, यो मठको स्थापना रणजित मल्लको शासनकालमा कामेश्वर पूरीले गरेका हुन । दशनामी सन्यासी परम्परा अनुसार, जुन स्थानमा महन्तको मृत्यु हुन्छ सोहि स्थानमा समाधिष्ट गराउने प्रचलन अनुसार कामेश्वर पूरीको मृत्यु पछि यसै मठमा (कामेश्वर पूरी) उनको शवलाई समाधिष्ट गराएका थिए । पछि सो समाधिको माथी शिवलिङ्ग स्थापना गरी कामेश्वर पूरी कै नामबाट कामेश्वर महादेव स्थापना गरिएको थिए ।

यो मठमा पनि शिवलिङ्ग स्थापना गरी शिवलिङ्ग वरिपरी पाञ्चायन देवताहरु राखिएका छन् । दैनिक पूजाआजा गर्नको लागी पूजारीको व्यवस्था रहेको छ । वर्तमान यो मठका पुजारी अरुण राज उपाध्याय हुन् । यिनले यो मठका साथै पुलांनचोटा मठमा पनि दैनिक पूजाआजा गरिआएका छन् । मठमा पुजारीद्वारा प्रत्येक दिन विहान नित्य पूजा र साँझ आरति गरिन्छ । दत्तात्रय अखडा अर्न्तगत रहेको यो मठमा हरेक पूर्णिमा, पञ्चमी तथा एकादशीको दिन शिवजीको रुद्रि, पाठ, तथा पञ्चोपचार विधिबाट वैदिक रुपमा पूजा हुन्छ ।

महन्तले अन्तर्वार्ताको क्रममा शोधकर्तालाई दिएको जानकारी अनुसार, भाद्र शुक्ल सप्तमीको दिन मठ स्थापना भएको दिनको रुपमा मठमा वर्षवर्धन पूजा गरिन्छ । यो दिन दत्तात्रय मन्दिरमा विभिन्न फलफूल, रोटीका साथ एक भाग सिधा पठाइँछ । यस दिन मठमा कामेश्वर महादेवको रुद्रिपूजा गरिन्छ र दत्तात्रय अखडा अर्न्तगतका १२ मठका महन्तलाई मठमा भोजनको लागि निम्तो गरिन्छ । मठमा आएका साधुसन्त तथा जोगीहरुलार्य यो दिन भण्डारा ख्वाइन्छ र गरिबगुरुवाहरुलाई एक माना चामल सहित दक्षिणा दिने गरिन्छ । यो परम्परा हालसम्म पनि मठमा कायम छ । दशैको लागि मठमा छुट्टै दशैकोठाको व्यवस्था गरिएको छ । महन्त तथा पुजारीले विधिपूर्वक कलश स्थापना गरी घटस्थापना गरिन्छ । विगतमा मठमा अष्टमीको दिन बोका बलि सहित दुर्गाभवानीको कालरात्री पूजा गरिन्थ्यो तर केही समय अगाडि देखि वर्तमान महन्तले बलि प्रथा हटाई सात्विक रुपमा कालरात्री पूजा गर्ने चलन चलाएको छ । यद्यपि अष्टमीको दिन बोका बलि सहित पूजा गर्नुपर्ने नियम लगतमा समेत उल्लेख नभएको जानकारी महन्तल दिएका छन् । नवमीको दिन कुमारी ख्वाउने चलन यो मठमा छैन ।

शिवरात्रीको दिन मठमा शिवजीको रुद्रि पूजा गरी धुनि जगाउने, आगो बाल्ने र मठमा आएको भक्तजनहरुलाई मकै, भटमास, केराउ, गहुँ तथा समेबजी बनाई प्रसाद बाढ्ने गरिन्छ । यस दिन मठमा साधु सन्यासीहरुलाई एक माना चामल वा दुई माना गहुँको पिठो दिएर पठाइँछ । जुन परम्परा हाल मठमा लोप भैसकेको छ । उल्लेखनीय कुरा यो मठमा कुनैपनि समयमा बलि सहित पुजा गरिन्दैन । यो मठमा शिवपाञ्चायन देवताका साथै छुट्टै कोठामा विष्णु र अन्य दुई देवीहरुको समेत मूर्ति स्थापना

गरीएको पूजाकोठा रहेको छ । यहाँ पनि पूजारी मार्फत दिनहुँ नित्य पूजा गरिन्छ । मठमा कीर्तिमूख भैरवको मूर्ति पश्चिम मूख फर्किने गरी ढोकामा राखिएको छ ।

यो मठ नीजिगूठी अर्न्तगत सञ्चालित छ । मठमा पूजारी, कुचिकार तथा मालिको दरबन्दि रहेको छ । विगतमा मठको नाममा ५० रोपनी भन्दा बढी जग्गा रहेको थियो तर हाल लगभग १२ रोपनी जग्गा मात्र रहेका छन् । यो मठ एक तहको पेटी माथि दुई तल्लामा निर्मित छ । मठको मुख्य प्रवेशद्वार उत्तरतिर फर्किएको छ । मठभित्र पस्ने बित्तिकै एउटा चोक रहेको छ, जहाँ मठको पूर्व दिशामा विष्णुको मूर्ति भएको पूजाकोठो छ । यस चोकबाट भित्र जाँदा पुनः अर्को एउटा चोक रहेको छ । यस चोकमा शिवपाञ्चायन देवताको पुजाकोठा छ । मठको भित्रपट्टि पहिलो तल्लामा एकातिर बार्दली राखी मठलाई सुन्दर बनाएको छ । यस मठको मुख्य प्रवेशद्वार अन्य मठहरुको तुलनामा निकै कलात्मक एवं आर्कषक छ । मठको पहिलो तल्लामा राखिएको तोरण सहितको पञ्चमुखी झ्याल एवं माथिल्लो तल्लामा राखिएको विमान झ्यालले मठलाई थप सुन्दरता प्रदान गरेको छ (चित्र नं ५) । मठमा झिगंती छानाको प्रयोग गरिएको छ । महन्तले दिएको जानकारी अनुसार, यो मठको पुननिर्माण हुनु अगाडी मठको भित्रपट्टि चारैतर्फ काष्ठ कलाकृतिले भरिपूर्ण झ्यालहरु रहेका थिए । वि.स.१९९० सालमा गएको भूकम्पमा यो मठ पूर्णतया भत्किएको थियो । पछि जिर्णोद्धारको क्रममा आर्थिक स्रोत अभावका कारण सामान्य वासस्थानको रुपमा मठ निर्माण गरेको थियो । त्यसैगरी वि.स.२०३१ सालमा जर्मन सरकार र भक्तपुर विकास परियोजनाले यो मठ जिर्णोद्धार गर्ने क्रममा मठको भित्री चोकमा रहेको वार्दली झिकी नयाँ स्वरुपमा निर्माण गरिदिएका थिए । जर्मनहरुले यो मठ निर्माण गरिदिए बापत १५ वर्ष उपयोग समेत गरेका थिए । हाल यो मठ विभिन्न काष्ठकलाका सामग्रीहरु तयार गरिने सील्पकेन्द्रको रुपमा परिणत गरिएको छ ।

## ३.७. सिथु मठ

भक्तपुर दत्तात्रय तचपाल टोलमा रहेका विभिन्न मठहरु मध्ये सिथु मठको पनि बेग्लै पहिचान रहेको छ । यो मठको नामाकरण नेवारी भाषामा भएको छ । नेवारी भाषामा सिथु को अर्थ छेउ भन्ने हुन्छ । तसर्थ उत्तरतिर फर्किएको यो मठ दत्तात्रय चोकको दायाँतर्फ छेऊमा स्थापना भएको कारण यो मठलाई सिथु मठ भनिएको हो । यो मठ तःजा मठ र दथु मठ सँग लस्करै जोडिएर निर्माण गर्ने क्रममा छेउमा परेका छ । दशनामी सन्यासी अन्तर्गत यो मठ पूरीहरुद्वारा संचालित छ । वंशपरम्पराको रुपमा चल्दै आएको यस मठका वर्तमान महन्त कृष्ण बहादुर पूरी (७५) हुन् । वि.सं २००९ सालदेखि उनी यस मठमा महन्तको रुपमा कार्यरत छन् । शोधकर्ताले मठको निरिक्षणको क्रममा यस मठका महन्तसँग लिएको टिपोट अनुसार, यो मठको स्थापना वि.सं.१९०० मा गोपाल पूरी गोसाइँ नामक व्यक्तिले गरेका थिए । मठमा भएको शिलालेखमा पनि यही ब्यवहोरा रहेको जानकारी महन्तले दिएका छन् ।

शैव मठ भएका कारण मठमा शिवपाञ्चायन देवताका मूर्तिहरु स्थापना गरिएको छ । यस मठमा पूजा गर्ने काम महन्तले गरिआएको भएतापनि पूजारीको पनि ब्यवस्था रहेको छ । तसर्थ यस मठमा महन्त र पूजारी दुबैले पूजा गर्ने चलन छ । मठमा मालि र मोहीनाइकेको पनि ब्यवस्था छ । यो मठमा शिवपाञ्चायन देवताहरुका साथै बलि पूजा चलाउनको लागि कीर्तिमुख भैरवको मूर्ति पनि स्थापना गरिएको छ ।

शोधकर्ताले महन्त कृष्ण बहादुर पूरीसँग लिएको अन्तर्वार्ताबाट प्राप्त जानकारी अनुसार, यस मठमा मोहीनाइकेद्वारा प्रत्येक पर्वपूजाहरु एवं नित्य पूजाको व्यवस्था मिलाउने कार्य गरिन्छ । बैशाख मेष संक्रान्तिको दिन यस मठबाट भक्तपुरको चुपिंघाटमा गएर बोका बलि सहित भैरवनाथको लिङ्गो पूजा गरिन्छ । बोका बलि नभएको अवस्थामा हाँसको फूल राखी पूजा गरिन्छ । गाईजात्राको पाँचौं दिन अर्थात भाद्र कृष्ण पञ्चमीको दिन टौमढीमा रहेको भैरवनाथको खटयात्राको क्रममा, यस मठबाट बोका बलि सहित पूजा गरिन्छ । तर बर्तमान समयमा भने बलि दिएर पूजा गरिन्दैन । त्यसैगरी भाद्र शुक्ल पूर्णिमा अर्थात ईन्द्रजात्राको दिन मठ स्थापना भएको दिनको रुपमा मठमा वर्षवर्धन पूजा गरिन्छ । यो दिन मठमा शिवजीको रुद्रि पुजा गरी साधुसन्तहरुलाई विभिन्न परिकाहरु जस्तै खीर, मालपुवा, स्वारी, दहि, दाल, भात, तरकारी, अचार, बनाई भण्दारा ख्वाउने तथा दानदक्षिणा दिने गरिन्छ । यसै दिन मठमा गुठी सञ्चालन गरी दत्तात्रय अखडा अर्न्तगत पर्ने १२ मठका महन्तहरुलाई बोलाई भोजन गराउने तथा दत्तात्रय मन्दिरमा सिधा भाग पठाउने चलन छ । वर्षवर्धनको यो दिन मठमा आएका गरिबगुरुवाहरुलाई १ मानाको हिसाबले चामल दान दिने चलन छ ।

आश्विन शुक्ल प्रतिपदाको दिन मठको दशैकोठामा परम्परागत विधि अनुसार कलशको स्थापना गरी घटस्थापना गरिन्छ । अष्टमीको दिन दुर्गाभवानी देवीलाई बोका बलि दिएर कालरात्री पूजा गरिन्छ भने दशमीको दिन मठबाट बोका बलि सहित दत्तात्रय चोकमा रहेको भीमसेन मन्दिरमा विहान पूजा गरिन्छ । दशै अवधिभर यस मठबाट प्रत्येक दिन मातृकाको पीठहरुमा विभिन्न पूजासामाग्रीहरु तथा हाँसको फूल राखी पूजा गरिन्छ । माघे संक्रान्तिको दिन मठमा तीलका लड्डुहरु बनाउने प्रचलन छ । यो दिन विहान मठको तर्फबाट घ्यू, चाकु, तरुल, पाँच वटा तीलको लड्डू, पाँच रुपैयाँ भेटी दाम राखी दत्तात्रय मन्दिरमा सिधा पठाउने चलन छ । शिवरात्रीको दिन मठमा पञ्चामृतबाट शिवलाई अभिषेक गर्नुका साथै रुद्रि पूजा गरिन्छ । यसदिन मठमा दिनभर शिवको पूजा गरी साँझ धुनी जगाउने, आगो बाल्ने तथा मकै, भटमास, केराऊ, छुस्यामुस्या (गहुँ भुटेर बनाउने गेडागुडी) बनाई प्रसाद स्वरुप मठमा आएका भक्तजनहरुलाई बाँड्ने गरिन्छ । यसै दिन मठमा साधु सन्यासीहरु लगायत टोलबासीहरुले समेत गाँजा, भाङको माग गर्ने हुनाले मठबाट त्यस्ता चिजहरु उपलब्ध गराइ दिनुपर्ने अर्निवार्यता रहेको छ । महन्तबाट प्राप्त जानकारी अनुसार, शिलालेखका साथै यस मठमा एउटा ताम्रपत्र पनि रहेको थियो जुन हाल लोप भै सकेको छ । यो मठ नीजि गुठी अन्तर्गत संचालित छ ।

तीन तल्लामा निर्माण गरिएको यस मठमा झिंगतिको छाना राखिएको छ भने, मठको प्रवेशद्वारबाट भित्र पस्न बितिकै अगाडी एउटा सानो चोक रहेको छ । महन्तले शोधकर्तालाई दिएको जानकारी अनुसार, वि.सं २००९ साल अगाडी मठको दक्षिण भाग पुरै भत्किएको थियो । पछि उनी महन्त भएपछि उनले उक्त जिर्ण भाग पहिलकै स्वरुपमा मर्मत गराएका थिए ।

## ३.८. कुथु मठ

कलाकृतिको दृष्टिकोणले भक्तपुरमा स्थापना भएका मठहरु मध्ये भक्तपुरको क्वाठण्डौ टोलमा स्थापना भएको महत्वपूर्ण मठ “कुथु मठ” हो । यो मठ भक्तपुर तचपाल टोल स्थित दत्तात्रय मन्दिरबाट लगभग १०० मिटर उत्तर दिशामा स्थापना भएको छ । वर्तमान यस मठका महन्त सानु कृष्ण बहादुर गिरी (७५) हुन् । वंशानुगत रुपमा जेठो छोरा महन्त बन्ने परम्परा अनुसार वि.सं.२०१६ सालदेखि उनी यो मठका महन्तको रुपमा कार्यरत छन् । यस मठको मुख्य प्रवेशद्वारको दायाँपट्टि रहेको शिलापत्र अनुसार, यो मठको स्थापना वि.सं. १८०५ (ने.स. ८३८) मा राजा रणजित मल्लको शासनकालमा महन्त राम गिरी गोसाइँले गरेका हुन् । ३३ पंक्तिमा लेखिएको यस अभिलेखको शिरोभागमा शिवलिङ्ग र त्यसको दाँयाबाँया चन्द्र र सूर्य अङ्कित गरिएको छ । नेवारी लिपीमा लेखिएको यस अलिभेखमा, राम गिरी गोसाइँ तथा उनका चेला गिरीराम गिरीले मठमा वानेश्वर महादेवको स्थापना गरेको, यसको पूजापर्वको लागि विभिन्न जग्गा गूठीहरु राखी दिएको कुराहरु परेका छन् । उल्लेखनीय कुरा मठमा राखिएको यस अभिलेखमा हाल कुथु भनिएको यस मठलाई “रुद्र मठ” भनि सम्बोधन गरिएको छ । (publications.kaleden.com/articles/3237.html)

शोधकर्ताले मठको अध्ययनको क्रममा महन्त सानुकृष्ण बहादुर गिरी सँग लिएको अन्तर्वार्ता अनुसार, मठको स्थापना गर्ने राम गिरी गोसाइँ बालाजोगी थिए, जो ब्रतबन्धको समयमा खोला काटी भागेर गएका थिए । ब्रतबन्धबाट हिंडेको यिनी बद्रीआसनमा गएर बसे, त्यहि उनले ज्ञानगुण हासिल गरे । त्यसपछि उनी यहाँ आएर कुथु मठको स्थापना गरेका थिए । त्यसपछि उनले राम, गोपाल र अपदुत नामक तीन जना चेलाहरु बनाई तिनै चेलाहरुको माध्ययमबाट मठको संचालन गरेका थिए । पछि यी तीन चेलाहरुले पनि तत्कालीन गुरुचेला पद्दति अनुसार चेलाहरुको कपाल मुढ्दै आफू पछिका महन्तहरु नियुक्ति गर्दै गएका थिए । पछिल्लो समयमा आएर महन्तहरुले गृहस्थी जीवनयापन गरेपछि हाल यस मठमा वंशानुगत परम्परा अनुसार महन्त नियुक्ति गर्ने परम्परा चलेका हो ।

मठमा भएको शिलापत्र तथा ताम्रपत्र अनुसार, राम गिरी गोसाइँ पछि क्रमशः गिरीराम गिरी, नसिब गिरी, भगत गिरी, वंशराम गिरी, अमर गिरी, बलभद्र गिरी, अर्जुन गिरी र हाल सानुकृष्ण बहादुर गिरी महन्त भएका हुन् । मल्लकालमा स्थापना गरिएको यो मठको नामाकरण नेवारी भाषामा भएको छ । नेवारी भाषामा कुथुको अर्थ तल्लो भेक भन्ने हुन्छ । कुथु भन्दा माथी क्वाठण्डौ मठ रहेको र यो मठ

भन्दा कुथु मठ तल्लो भेकमा भएको हुनाले नै यो मठको नाम "कुथु मठ" रहन गएको हो । तसर्थ यो मठलाई "क्वाठण्डली कुथु मठ" पनि भन्ने गरिएको छ ।

यस मठमा "वानेश्वर" महादेवको शिवलिङ्ग स्थापना गरी त्यसको वरिपरि बसाहा सहित पाञ्चायन देवताहरु राखिएको छ । मठको मूल प्रवेशद्वार नजिकै कीर्तिमुख भैरवको मूर्ति स्थापना गरिएको छ भने मठको पहिलो तल्लामा देवीको मूर्ति भएको छुट्टै पूजाकोठा छ । मठमा भएका देवताहरुको नित्य पूजागर्ने कार्य महन्तले नै पूजारीको रुपमा गर्दै आएका छन् । यस मठमा पनि फूल ल्याउने मालि, मठ सर-सफाई गर्ने कुचिकार, जग्गा जमिन रेखदेख गरी बाली उठाएर ल्याउने मोहिनाइके तथा कटुवालको दरबन्दि रहेको छ । यी सबै कामदारहरुलाई  मठबाट खान्की स्वरुप कहिले धान तथा कहिले नगद दिने गरिएको छ ।

यस मठले वार्षिक रुपमा विभिन्न पूजापर्वहरु आफ्नो आयस्ता अनुसार चलाई आइरहेको छ । अन्तर्वार्ताको क्रममा शोधकर्तालाई महन्तले दिएको जानकारी अनुसार, यस मठबाट बैशाख मेष संक्रान्तिको दिन भक्तपुरको चुपिँघाट लिङ्गो उठाएको स्थानमा गएर भैरवनाथलाई बोका बलि सहित विभिन्न पूजासामग्रीहरु चढाएर पूजा गरिन्छ । जेष्ठ दशमी दशहराको दिन मठमा गुठी संचालन गरी मठ भित्र रहेको कुलदेवतालाई तान्त्रिक विधिबाट बोका बलि सहित देवाली गुठी मनाउने गरिन्छ । यो दिन मठमा भोजको आयोजना गरिन्छ । त्यसैगरी श्रावण शुक्ल द्वादशीको दिन मठका देवीदेवताको पूजा गर्नुका साथै शिवजीको रुद्रि, पाठ, होम गरिन्छ र विभिन्न परिकारहरु बनाई साधुसन्यासी, जोगी तथा गरिबहरुलाई भण्डारा ख्वाउने गरिन्छ । भाद्र कृष्ण द्धितियाको दिन दत्तात्रयको नगर परिक्रमा गराउने क्रममा यस मठले सात्विक पूजा सामग्रीहरुद्वारा गुरु दत्तात्रयको पूजा गरिन्छ । त्यस्तै भाद्र कृष्ण पञ्चमीको दिनमा टौमढीको भैरवको खटयात्राको क्रममा मठले पूजा गर्ने परम्परा छ । विगतमा मठले भैरवको खटयात्राको क्रममा बोका बलि सहित पूजा गर्ने प्रचलन रहेतापनि हाल हाँसको एउटा अण्डा मात्र राखी पूजा गर्ने गरिएको छ । यो मठमा पूजारी नराखीएका कारण महन्त आफैले मठमा हुने सम्पूर्ण पूजाहरु गर्ने हुनाले महन्तद्वारा नै विधिपूर्वक दशैमा घटस्थापना गरिन्छ । अष्टमीको दिन जमरा राखिएको दशैकोठामा अम्बा तथा कुभिण्डो काटी, एउटा बोका बलि सहित कालरात्री पूजा गरिन्छ । त्यसैगरी दशैमा मठबाट गणेश र भिमसेनलाई पनि १/१ वटा बोका बलि सहित पूजा गर्ने परम्परा रहेको छ । यो बाहेक दशैको समयमा मठबाट शक्ति पीठहरुमा हाँसको बलि सहित पूजा पठाउने पनि चलन रहेको छ । दशै अवधिभर यस मठमा ३ वटा बोका र ३ वटा हाँस बलि सहित विभिन्न पूजा गरिन्छ ।

शिवरात्रीको दिनमा मठमा शिवजीको रुद्रि पूजा, होम तथा पाठ गरिन्छ । यो दिन मठमा आगो बाली धुनि जगाउने तथा समेबजी, घोट्टा (गाँजा र सख्खर मिसाएर बनाएको सर्वत) बनाई मठमा आउने भक्तजनहरुलाई शिवजीको प्रसाद स्वरुप बाध्ने गरिन्छ । यो दिन महन्त आफै मठको बाहिर पेटीमा बसी माग्न आउने जो कोहिलाई पनि दान, दक्षिणा दिने गरिन्छ । वर्तमान समयमा मठमा शिवरात्रीको दिनमा घोट्टा बनाई खाने र ख्वाउने चलन पुर्णतया रोकिएको छ ।

महन्तबाट शोधकर्तालाई दिएको जानकारी अनुसार, स्थापनाकालमा विभिन्न दाताहरु मार्फत मठका देवताहरुको नित्य पूजा लगाएत वार्षिक रुपमा विभिन्न धार्मिक पूजापर्वहरु चलाउनको लागि जग्गाहरु राखिदिएका थिए । तसर्थ मठको जग्गाजमिनहरु प्रशस्त मात्रामा भएवापत मठको आयस्ता पनि निकै बढेको थियो । पहिले मोहीनाईकेद्वारा मठमा १ रोपनी जग्गाबाट वार्षिक ३८ पाठी सरुवा चामल, तथा गहुँ, केराउ लगायत मठमा गाई पाल्नको लागि पराल समेत ल्याइदिने गरिन्थ्यो । वि.स.२०२१ सालमा भूमीसुधार योजना लागु भएपछि मठको नाममा रहेका कतिपय जग्गाहरु रैकरमा परिणत गरियो । मठका जग्गाहरु अब्बल, डोयम, सीम, चाहार गरी स्तर विभाजन गरेपछि बिस्तारै मठको आयस्तामा कमी हुदै जान थालेको हो । हाल यो मठ निजी गूठी अर्न्तगत संचालित छ ।

भक्तपुरमा स्थापना भएका विभिन्न मठहरुको तुलनामा कुथु मठ निकै व्यवस्थित एवं सुन्दर छ । मठको वास्तुशैली, कलात्मक झ्यालहरु, तथा मठको उत्तर दिशामा पहिलो तल्लामा रहेका भित्तेचित्रहरुका कारण यो मठ अझ विशेष बन्न पुगेको छ । महन्त बस्ने “गद्दि कोठामा” मल्लकालिन धार्मिक एंव सामाजिक पक्षहरु झल्किने भित्तेचित्रहरु रहेका छन् (चित्र नं २५) । महन्तको भनाई अनुसार, यी भित्तेचित्रहरु मठको स्थापनाकालमा प्रथम महन्त राम गिरी गोसाइँले बनाउन लगाएका थिए । यी भित्तेचित्रहरुमा तान्त्रिक पक्षहरु भल्किने गरी विभिन्न हिन्दु देवीदेवताहरुका आकृतिहरु चित्रण गरिनुका साथै यस कोठामा तीन वटा कलात्मक खोपाहरु रहेका छन् । यी तीन खोपाहरुमा क्रमसः ब्रहमा, विष्णु, महेश्वरको एकाकार रुप गुरु दत्तात्रय (चित्र नं २६), शिव र पार्वतीको अर्धनारीश्वर (चित्र नं २७) र गरुडाशन विष्णु (चित्र नं २८) निकै कलात्मक भित्तेचित्रहरु रहेका छन् । त्यसैगरी महन्त बस्ने गद्दिको पछाडी पट्टिको भित्तामा तान्त्रिक स्वरुपमा मषिसासुरमर्दिनी, बीचमा महालक्ष्मी र छेउमा कुमारीको भित्तेचित्र चित्रण गरिएको छ (चित्र नं २५) । यसै कोठामा चित्रण गरिएको विश्वरुपक भैरवको भित्तेचित्रले यस कोठालाई थप महत्वपूर्ण र विशेष बनाएको छ (चित्र नं २९) ।

विभिन्न विद्धानहरुसँग शोधकर्ताले गरेको शोधपुछका आधारमा, यो भित्तेचित्रको निर्माण पनि मठको स्थापनाकालमा हुन सक्ने अनुमान गर्न सकिन्छ । तत्कालीन समयमा मठको गद्दिकोठा अन्य कोठाहरु भन्दा आर्कषक बनाउने चलन रहेको देखिन्छ । राजा भूपतिन्द्र मल्लले पनि पच्पन्न झ्याले दरवार भित्र यसै भित्तेचित्रसँग सामन्जस्यता देखिने भित्तेचित्रहरु बनाउन लगाएबाट तत्कालीन समयमा भित्तेचिहरु बनाउने चलन रहेको देखिन्छ । कुथु मठको यस भित्तेचित्रमा भैरव, मैहिषासुरमर्दिनी, महाकाली, कुमारी जस्ता तान्त्रिक देवीदेवताहरुको चित्रण गरिएको छ, जबकी मल्लकालिन नेपालमा तन्त्रको प्रभाव अत्यधिक वृद्धि भएको कुरा हामी अन्य प्रमाणहरुबाट समेत जानकारी पाउँछौं । तान्त्रिक देवीदेवताका साथै भित्तेचित्रमा चित्रित पात्रहरुले लगाएका पोशाक तथा गर-गहनालेपनि यो मठ मल्ल कालमा निर्माण गरिएको हो भन्ने कुरालाई थप पृष्टि गर्दछ । त्यसैगरी गुरु दत्तात्रयको भित्तेचित्रमा तलपट्टि दुई स-साना भक्तहरुको आकृति पनि चित्रण गरिएका छन् (चित्र नं २६), सम्भवत् ति भक्तहरु मठको अभिलेखमा उत्कृर्ण गरिएका प्रथम महन्त राम गिरी र उनका प्रमुख शिष्य गिरीराम हुन सक्छन् ।

यी सम्पूर्ण कुराहरुको आधारमा कुथु मठको यो भित्तचित्र पनि मठ स्थापनाको समयमानै बनाएको हुनसक्ने सम्भावनाहरु बढी देखिन्छ ।

यो मठको बीचमा ढुंगाका पेटीहरुले घेरिएको चोक निकाली, चोकको चारैतर्फ मठघरहरु निर्माण गरिएको छ । मठको मुल प्रवेशद्वार पूर्वतर्फ फर्किएको छ । भूईतल्लामा खुल्ला दलान निर्माण गरी ईशानकोणमा वाणेश्वर महादेवको शिवलिङ्ग स्थापना गरिएको छ । दलानमा वरपर चारैतर्फ एक जोडी काठका खम्बाहरु चारैतर्फ बनाइएका छन् । साढे ३ तल्लामा निर्माण भएको यो मठको पहिलो र दोस्रो तल्लामा चारैतर्फ उत्कृष्ठ कलाकृतिको भरिपूर्ण झ्यालहरु बनाइएका छन् । पुरानो घरको भित्रीभागलाई आधुनिक रहनसहनको लागि परिमार्जित गरिएको उदाहरणको रुपमा यस मठलाई लिन सकिन्छ । धेरैजसो पुराना घरहरु अन्य विविध उद्देश्यको निमित्त परिवर्तन गरिएको छ, जस्तो कि यो मठ गएको दशक सम्म पाठशाला घरको रुपमा प्रयोग गरिएको थियो । अहिले यसलाई भित्र र बाह्य सुधार गरी आवासको रुपमा परिवर्तन गरिएको छ (रंजितकार,२००६:१५) । हाल यो मठमा विदेशी सहयोगद्वारा भित्री र बाहिरी स्वरुपमा सुधार गरी आवास गृहको रुपमा परिवर्तन गरिएको छ । वि.स.२०३७ सालदेखि मठमा महन्तका परिवार लगायत अष्ट्रियन वास्तुविद् Gotz Hagmuller र उनको पत्नी Ludmilla Hungerhuber पनि सँगै बस्दै आएका छन् ।

## ३.९. गुच्चात्व मठ

भक्तपुरको दत्तात्रय तचपाल टोल वडा नं.३ मा अवस्थित प्रमुख मठहरु मध्ये गुच्चात्व मठ पनि एक हो । यस मठ भित्र रणबहादुर शाहको शाशनकालमा राखिएको वि.स. १८४१ को एउटा शिलापत्र रहेको छ । शिलालेखमा उल्लेखित ब्यवहोरा अनुसार, अगन्धपुरी गोसाइँले बाणेश्वर महादेव प्रतिष्ठापन गरी यो मठ बनाएका थिए (राजवंशी,२०२०:१०३) । दत्तात्रय अखडा भित्रका १२ मठहरु अर्न्तगत गुच्चात्व मठ पनि पर्दछ । मठको नामाकरण नेवारी भाषामा रहेको छ । गुच्चा भन्नाले नेवारी भाषामा “नौ वटा चक्का” र त्वो भन्नाले “टोल” को अर्थ जनाउँछ । तसर्थ गुच्चा नामक टोलमा यो मठ रहेको कारण स्थान विशेषको आधारमा यो मठको नाम “गुच्चात्व मठ” रहन गएको हो । शोधकर्ताले मठको अध्ययनको क्रममा मठसँग सम्बन्धित ब्यक्ति रबीन्द्र पुरीसँग उनको कार्यालयमा सोधपुछको आधारमा प्राप्त जानकारी अनुसार, यो मठको अग्रभागमा नवग्रहको प्रतिक स्वरुपका नौवटा चक्काहरु रहेका छन् र यिनै नौवटा चक्काहरु भएको आधारमो मठको नाम “गुच्चात्व मठ” रहन गएको हो । नवग्रहको अनुष्ठान गरी यो मठको स्थापना गरेको हुनसक्ने धारण विनोद राज शर्माको रहेको छ । यस मठको वर्तमान महन्त राजेन्द्र पुरी हुन् । वि.सं.२०४८ सालदेखि महन्तको रुपमा कार्यरत उनी मठको आठौं पुस्ताका महन्त हुन् ।

यो मठमा पनि ईशानकोणमा शिवलिङ्ग स्थापना गरिएको छ । यहाँ स्थापित शिवलिङ्ग “बाणेश्वर महादेव” हुन् । शिवलिङ्गका साथै भैरव, महांकाल, गणेश, गरुडनारायण बिष्णु, जस्ता देवताहरु पनि

स्थापना गरिएको छ । यस मठमा महन्तद्वारा सम्पुर्ण पूजाआजा गरिन्छ । विगतमा मठका देवीदेवताको पूजाको लागि दत्तात्रयमा नै अवस्थित भिमसेन धाराबाट चोखो पानी ल्याई पूजा गर्नुपर्ने अनिर्वायता थियो, तर यो चलन हाल मठमा लागु भएको छैन । दैनिक रुपमा महन्तद्वारा नै विहान पूजागर्ने तथा साँझ आरति गरिन्छ । पूजा गर्ने क्रममा दिनहुँ मठमा भएको घण्टी र नगरा बजाउने पुरानो परम्परा भने यो मठमा कायम छ । जुन परम्परा अन्य मठहरुमा प्राय लोप नै भैसकेको छ ।

शोधकर्ताले मठका महन्त राजेन्द्र पुरीसँग मठमै लिएको अन्तर्वार्ता अनुसार, यो मठको सबैभन्दा ठूलो पूजा बैशाखको तीन गते हुन्छ । बर्षबर्धन (स्थापना दिवस) पर्वको रुपमा मठमा यो दिन शिवजीको पूजा तथा रुद्रि गरिन्छ । यसै दिन मठमा गुठी संचालन गरेर दत्तात्रय अखडा अर्न्तगतको मठका महन्तहरुलाई निम्तो गरी भोज खुवाउने तथा गरिबहरुलाई खाना ख्वाउने चलन रहेको छ । बैशाख १ गते मठबाट भक्तपुरको चुपिँघाटमा गएर भैरवनाथलाई पूजा गरिन्छ । त्यसैगरी बैशाख पुर्णिमा देखि जेष्ठ शुक्ल पुर्णिमा एक महिना सम्म यो मठमा दिनहुँ शिवलिङ्गलाई जलधारा प्रदान गरी नित्य पूजा गरिन्छ । मठमा दशैको सम्पुर्ण पूजा महन्तद्वारा गरिन्छ । यो मठमा शिवलिङ्ग भएको कोठामा नै दशैपूजा गर्ने हुनाले अष्टमीको दिन बलि दिने चलन छैन । नवमीको दिन मठमा कुमारी ख्वाउने चलन रहेको छ । यस दिन आठ कुमारी तथा भैरव, गणेश र कुमारको रुपमा एघारजना स्थानिय बालबालिकाहरुलाई बटुलेर पूजा गर्ने तथा उनीहरुलाई भोजन गराउने चलन छ । लक्ष्मीपूजाको दिन मठमा महन्तद्वारा मठको उत्तर दिशामा रहेको ढुकुटीकोठामा विशेष रुपले लक्ष्मीको पुजा गरी दिपावली गर्ने चलन छ । माघे संक्रान्तिको दिन मठबाट सिधाका अन्य सामाग्रीहरुको साथमा तिलौरा (तीलको लड्डु) र भेटी दाम राखि दत्तात्रय मन्दिरमा सिधा पठाइँछ । शिवरात्रीको दिनमा भने मठमा शिवको रुद्रि गरी, धुनी जगाउने तथा मठमा आएका साधुसन्यासी लगायत गरिब गुरुवाहरुलाई विभिन्न परिकारहरु बनाई भण्डारा ख्वाउने चलन छ ।

यसैगरी शोधकर्तालाई महन्तले दिएको थप जानकारी अनुसार, यो मठ निजी गुठी अर्न्तगत संचालित छ । विगतमा मठको नाममा कति जग्गाहरु रहेका थिए भन्ने एकिन नभएता पनि हाल मठको नाममा करिब २० रोपनी जग्गा रहेको छ । यसैको आयस्रोतबाट मठमा विभिन्न धार्मिक एवं साँस्कृतिक कार्यहरु सञ्चालन हुँदै आएको छ । यस मठको कुल देवता बाराही हुन् । नेवार समुदायले “दुगुपूजा” भनेर आफ्नो कुल देवता पूजा गरे जस्तै यो मठले पनि वर्षको एक पटक भक्तपुरको बाराही पीठमा गएर पूजा गरी भोज खाने चलन छ । मठको कुलदेवता पूजाको लागि अलग्गै गुठीको व्यवस्था रहेको छ ।

यो मठ चार तल्लामा निर्माण गरिएको छ । मठको बीच भागमा खुल्ला चोक रहेको छ । महन्तको भनाई अनुसार, यो मठको भूईतल्ला र पहिलो तल्ला पहिलेकै स्वरुपमा रहेको छ भने माथिल्लो दुईतल्ला वि.सं. १९९० मा गएको महाभूकम्पको कारणले गर्दा भत्केको थियो । पछि माथिका दुई तल्ला यसै मठका पूर्व महन्तहरुद्वारा पुननिर्माण गरेका थिए ।

## ३.१०. सुकुलढोका मठ

भक्तपुर वडा नं. ८ सुकुलढोका टोलमा स्थापना भएको मठ सुकुलढोका मठ हो । सुकुलढोका टोलमा मठ स्थापना भएको कारण यो मठको नाम सुकुलढोका मठ रहन पुगेको हो । यस मठको वर्तमान महन्त जयराम पुरी हुन् । उनी वि.स २०५८ सालदेखि वंशानुगत परम्पराको आधारमा महन्तको रुपमा कार्यरत छन् । जनजीवनले यो मठलाई “सुन्दर मठ” पनि भन्ने गरेको पाइँछ । यस मठ भित्र उत्तर दिशामा टाँसिराखेको शिलापत्रमा ने.स.७७७ उल्लेख भएबाट यो मठको स्थापना सोही समयमा भएको होला भन्ने अनुमान विद्वानहरुले गरेका छन् (चित्र नं ३१) ।

हाल दशनामी सन्यासी समाजमा सदस्य समेत रहेका महन्त जयराम पुरीसँग शोधकर्ताले उनको वर्तमान निवास स्थान माईतिघरमा लिएको अन्तर्वार्ता अनुसार, यो मठको स्थापनाकालमा मठको वरिपरी स-साना नेवार घरहरु थिए । ति घरहरुको तुलनामा सुकुलढोका मठ केही अग्लो तथा मठमा प्रयोग गरिएको उत्कृष्ट काष्ठ कलाकृतिले गर्दा सुन्दर भएको कारण यो मठलाई सुकुलढोका मठका साथसाथै सुन्दर मठ पनि भनिएको हो । उनी मठका नवौं पुस्ताका महन्त हुन् । वंशानुगत आधारमा महन्त हुने प्रक्रिया अनुसार उनी भन्दा अगाडी सुरुमा तुरुङ गिरी र त्यसपछि क्रमसः बहादुर पूरी, भैरव पूरी, टेक बहादुर पूरी, फत्तेबहादुर पूरी, क्षेत्र बहादुर पूरी महन्तको रुपमा रहेका कार्यरत थिए । यद्यपि मठको प्रथम महन्तको नाम थाहा पाउन सकिएको छैन । शूरुमा मठमा तुरुङ गिरी महन्त थिए । उनको देहावसान पछि उनका छोरा बहादुर गिरीले पशुपतिमा आफ्नो बुबा तुरुङ गिरीको सम्झना स्वरुप शालिक बनाउन लगाएका थिए । तत्कालीन समयमा यसरी शालिक बनाउन नपाउने नियम रहेका कारण सजाय स्वरुप बहादुर गिरीलाई हात काट्ने निर्णय भएपछि बहादुर गिरी यो मठमा नबसी गोदावरी मठमा गएर पूरी थर लिएर बसेका थिए । त्यसैपछि यिनै पूरीको वंशजहरु महन्तको रुपमा नियुक्ति हुँदै आएका हुन् । यसैकारणले गर्दा वर्तमान समय सम्म पनि गोदावरी मठ र सुकुलढोका मठ बीच अर्न्तसम्बन्ध रहेको छ ।

यो मठको ईशानकोणमा शिवपाञ्चायन देवताहरु रहेको पूजाकोठा छ (चित्र नं ३५) । पूजाकोठा भित्र शिवको बसाहा नन्दी तथा पूजाकोठा बाहिर पूजागर्नको लागि ठूलो घण्टी राखिएको छ । शिवपाञ्चायन देवताहरुलाई दैनिक रुपमा पूजारीद्वारा विहान नित्य पूजा तथा साँझ आरति दिने गरिन्छ । मठमा कीर्तिमुख भैरवको स्थापना शिवलिङ्गको दक्षिण मुख पर्ने गरी दक्षिण दिशामा स्थापना गरिएको छ । मठको बर्तमान पूजारी राम वन हुन् । वि.सं २०५३ सालदेखि उनी यो मठमा पूजारीको रुपमा कार्यरत छन् ।

महन्त जयराम पूरीले शोधकर्तालाई दिएको जानकारी अनुसार, विगतमा यस मठमा मोहीनाइके, नाउ, तथा कुचिकाको दरबन्दि रहेको भएतापनि हाल पूजारी मात्र रहेका छन् । पूजारीलाई महन्तले खान्की स्वरुप हाल मासिक रु.५०० को दरले नगद दिने व्यवस्था गरिएको छ । स्थापनाकालमा मठको

नाममा करिब १३२ रोपनी जग्गा गूठी रहेको थियो र तिनै जग्गा गूठीको आयस्रोतद्वारा मठमा दैनिक पूजाआजाका साथै वर्षभरिमा विभिन्न पर्व पूजाहरु संचालन गरिन्थ्यो । वि.स.२०२१ सालमा भूमिसुधार लागु भएपछि वि.स.२०४४ सालमा यो मठ अर्न्तगत रहेका जग्गाहरु रोपनीको रु.१०० को दरले रैतानमा परिणत गरिएको थियो । यसले गर्दा मठको आयस्रोतमा कमी आउनुका साथै मठको नित्यपूजा एवं पर्वपूजाहरु राम्ररी हुन सकेको छैन । हाल यो मठको नाममा विभिन्न स्थानहरुमा गरी करिब ५५ रोपनी जग्गाहरु बाँकी रहेका छन् । ति जग्गाहरु प्रायजसो छालिङ तथा चाँगुनारायण भेकतिर रहेका छन् । गूठी संस्थानमा रहेको लगत नं. ३८५ मा सुकुलढोका मठले गर्नुपर्ने वार्षिक पूजाविधिहरु तथा मठको आम्दानी र खर्च विवरणहरु उल्लेख छ । हाल यो मठ छुट गुठी अर्न्तगत संचालन भैरहेको छ ।

यस मठले गर्ने विभिन्न धार्मिक पूजापर्वहरु अर्न्तगत, मठबाट बैशाख मेष संक्रान्तिको दिनमा विभिन्न फलफूल, रोटी, लड्डू, अक्षता, अविर, केशरी, दुबोको फूलमाला, धुप, दिपका साथै एउटा बोका बलि सहित सूर्यविनायक गणेश मन्दिरमा पूजा पठाउने चलन छ । महन्तका अनुसार, उनी भन्दा अगाडीका महन्तलाई दिनहुँ सपनामा सूर्यविनायक गणेशले आफ्ना गणहरुलाई भोग चढाउन ल्याऊ भन्ने कुरा बताएपछि, मठबाट सूर्यविनायक गणेशलाइ पूजा गर्ने परम्परा चलेको हो । यसै दिन मठबाट चुँपीघाटमा रहेको भैरवनाथको लिङ्गो तथा महालक्ष्मी र महाकाली पीठमा समेत पूजा गर्ने चलन छ । भाद्र कृष्ण द्धितियाको दिन नगरपरिक्रमा गराउने दत्तात्रयको खटयात्रा मठमा आईपुगेपछि मठबाट पूजासामाग्रीहरु सहित मकै, कर्कलो, रोटी, फलफूल, भेटीदाम चढाई गुरु दत्तात्रयको पूजा गरिन्छ । त्यसैगरि भाद्र कृष्ण चतुर्थीको दिन भैरबनाथको खटयात्राको क्रममा बोका बलि सहित पूजा गरिन्छ ।

आश्विन शुक्ल प्रतिपदाको दिन महन्तद्वारा मठको दशैकोठामा घटस्थापना गरिन्छ । अष्टमीको दिन मठमा शिवको रुद्रि पूजा गर्नुका साथै दशैकोठामा बोका बलि दिएर नवदुर्गा भवानीको कालरात्री पूजा गरिन्छ । नवमीको दिनमा तीनजना बालिकाहरुलाई कुमारीको रुपमा पूजा गरी भोजन गराउने चलन छ । दशमीको दिनमा फूल प्रसाद ग्रहण गर्नको लागी महन्तका स-परिवार मठको गद्दिकोठामा भेला हुन्छन् । टिका दिनको लागि गद्दि कोठामा टिका, जमरा, सुकुण्डा (बत्ति बाल्ने दियो), फलफूल लगायत अष्टमीको दिन पूजा गरिएको खड्ग समेत राखिएको हुन्छ । दशै अवधिभर मठमा घ्यूको अखण्ड ज्योति बाली दिनहुँ महन्त आफैले पूजागर्ने चलन छ । बाह्र अखडा अर्न्तगत पर्ने अन्य मठहरुमा जस्तै सुकुलढोका मठमा पनि हरेक पूर्णिमा, पञ्चमी, एकादशी, शिवरात्रीमा शिवको रुद्रि पूजा गर्ने चलन छ ।

यो मठको नाममा छालिङको वनगाँउमा एउटा “डी” घर रहेको छ । यहाँ पनि मठमा जस्तै शिवलिङ्ग स्थापना गरी नित्य पूजाआजाको लागि पूजारी नियुक्ति गरिएको छ । महन्तका दाजुभाईद्वारा नै यो “डी” घर संचालन भइरहेको छ । महन्तको भनाई अनुसार, पहिले यो मठको बारेमा जानकारी दिने सनदपत्रहरु (राजाहरले जारी गरेका घोषणापत्रहरु) तथा एक ताम्रपत्र रहेका थियो । मठको जिर्णोद्धारको क्रममा ति आभिलेखिक स्रोतहरु कुनै नाश भए भने कुनै हराए । हाल मठको उत्तर दिशामा केवल एउटा शिलापत्र रहेको छ ।

कलात्मक विमान झ्यालको प्रयोगले गर्दा यो मठ निकै नै सुन्दर र कलात्मक रहेको छ । उत्तर दिशामा फर्किएको यो मठको मूल प्रवेशद्वारबाट भित्र छिर्न वित्तिकै एउटा सानो चोक रहेको छ । चोकको चारैतर्फ मठमा कलात्मक झ्यालहरु जडान गरी आर्कषक बनाइएको छ (चित्र नं ९) । तीन तल्लामा बनेको यो मठको भुइँतल्लामा खुल्ला दलान रहेको छ । पहिलो तल्लामा महन्तको गद्दिकोठा, सुत्नेकोठा र पूजारीको कोठा रहेको छ भने माथिल्लो तल्ला भण्डारको रुपमा प्रयोग गरिएको छ । पछिल्लो पटक भक्तपुर विकास परियोजना अर्न्तगत जर्मन सरकारको लगानीमा यो मठ पूर्णनिर्माण गरिएको थियो । तर पूर्णःनिर्माणको क्रममा मठको बाहिरी स्वरुपमा भन्दा भित्री स्वरुपमा निकै परिवर्तन भएको कुरा महन्तले जानकारी दिएका छन् । मल्लकालिन भित्तेचित्र समेत रहेको यस मठको जिर्णोद्धार गर्ने क्रममा वेवास्ता गरेका कारण नाश भैसकेको छ । हाल मठको भुईतल्ला पसलकवलको रुपमा प्रयोग गरिएको छ ।

## ३.११. इखालखु मठ

भक्तपुर नगरपालिका वडा नं.१४ स्थित तालाक्को टोल एक ऐतिहासिक र साँस्कृतिक महत्व बोकेको टोल हो । जनजीवनमा यो टोल कुम्हाले टोलको रुपमा पनि परिचित छ । यसै टोलको पूर्वतर्फ राममन्दिर जाने ओरालो माथी इखालखु मठको स्थापना भएको छ । शोधकर्ताले मठको अध्ययनको क्रममा प्राप्त विभिन्न लेख रचनाहरुमा यो मठलाई “भेलुखा” मठ तथा “तालाक्को मठ” भनि उल्लेख गर्नुका साथै जनजीवनले यो मठलाई “इखालाखी मठ” भन्ने गरेको छ ।

इखालखु मठका वर्तमान पुजारी एवं इतिहासविद् विनोदराज शर्मासँग शोधकर्ताले लिएको अन्तर्वार्ता अनुसार, यो मठको वास्तविक नाम इखालखु हो र अभिलेखहरुमा पनि इखालखु मठ भनेर उल्लेख गरिएको छ । जसरी पाटनमा इखालाखु नामक टोल र काठमाडौमा ईखापुखु भन्ने स्थान छ, त्यसरी नै भक्तपुरमा पनि ईखा भन्ने स्थान रहेको थियो । ईखा भन्ने स्थानमा बग्ने खोलालाई ईखालखु भनिएपछि सोहि खोलाको किनारमा यो मठ स्थापना भएकोले यो मठलाई ईखालखु भनि नामाकरण गरीएको हो । लिलाभक्त मुनकर्मीले आफ्नो लेखमा यो मठलाई इखालाखी मठ भनि उल्लेख गरेका छन् । यसका साथै उनले यसै टोलको पश्चिमतिर रहेको भेलुपाद्यो (भेलुपा नामक देवता) सँग मठलाई सम्बन्धित गराई मठको नाम “भेलुखा मठ” भनेर पनि उल्लेख गरेका छन् । भक्तपुरको इतिहास र सँस्कुतिका सुपरिचित लेखक ओम प्रसाद धौभडेलले यो मठलाई “इखालाखी” मठ भनेर उल्लेख गरेका छन् । शोधकर्ताले उनीसँग उनको कार्यालयमा लिएको अन्तर्वार्ता अनुसार ईखाको अर्थ “खुल्ला भाग” हो र लाखीको अर्थ “लाछी” हो । यो मठ तालाक्को टोलको लाछीमा (खुल्ला स्थान) स्थापना भएको कारण मठको नाम ईखालाछि मठ थियो तर पछि इखालाछीबाट अपभ्रंश हुँदै ईखालाखी मठ भन्न थालेका हुन् ।

शोधकर्ताले मठको स्थलगत अवलोकन गर्ने क्रममा स्थानीय बुढापाकाहरुसँग गरेको सोधपुछका आधारमा यो मठको स्थापना उदय गिरी (रणबहादुर शाहका एक अत्यन्त प्रिय व्यक्ति) नामक व्यक्तिले गरेका थिए । उदय गिरीले रणबहादुर शाहबाट आर्थिक सहयोग प्राप्त गरी यो मठ बनाएका थिए । यस

कुराको पुष्टि मठमा भएको पुराना पुजासामग्रीहरुमा लेखिएको अक्षरहरुबाट पनि पुष्टि हुन्छ । मठमा भएको पूजाको थाली, घण्टी, बत्ति बाल्न प्रयोग गर्ने आरति एवं डल्लु (दियो बाल्ने भाँडा)मा "उ" अक्षर लेखी एउटा थोप्ला उत्कृण गरिएको छ, जसको आधारमा यो उदय गिरी लेखिएको हो भन्ने भनाई पूजारीको छ । उनले यो मठ रणबहादुर शाहको शाशनकालमा स्थापना भएको शाहकालिन मठ हुनसक्ने अनुमान गरेका छन् ।

हाल यो मठमा राजेन्द्र प्रसाद गिरी र डा.केशवानन्द गिरी गरी दुईजना महन्तहरु रहेका छन् । दाजुभाई नाता परेका यी महन्तहरु प्रत्येक दुई बर्षमा आलोपालो गरी महन्त भई मठको संचालन गर्दै आएका छन् । दुई वर्षको एकचोटी महन्त बनेको व्यक्तिले मठको जग्गा जमिनहरुबाट बाली उठाई वर्ष भरिमा मठबाट गर्नुपर्ने विभिन्न धार्मिक पूजाआजा संचालन गर्दछन् । त्यसपछि बाँकी रहेको आयस्ता आफुले नै उपभोग गर्ने गरिआएको छ । यो मठमा विश्वेश्वर महादेवका साथमा शिवपाञ्चायन देवताहरु स्थापना गरिएको पूजाकोठा छ । मठमा दिनहुँ वैदिक विधिले शिवपाञ्चायनको पञ्चोपचार पूजा ( जल, टिका, फूल, धुपबत्ति र नैवद्य चढाएर गरिने पूजा विशेष) गरिन्छ ।

शोधकर्ताल पूजारी विनोद राज शर्मासँग लिएको अन्तर्वार्ताबाट प्राप्त जानकारी अनुसार, केहि समय अगाडी सम्म मठमा बिहान नित्य पूजा र साँझ आरति हुने गर्दथ्यो भने हाल मठको आयस्तामा कमी हुनाले बिहान एकचोटी मात्र पूजा गरिन्छ । विगतमा मठबाट अक्षतृतीयाको दिन लगभग दश पाठी सख्खरको सर्वत तथा गहुँको सत्तु बनाई सख्खर पानीले मठको शिवलिङ्गको अभिषेक गरी, रुद्रि पूजा गरिन्थ्यो । यस दिन मठबाट आम्खोरा र ताँफ (पानी राख्ने भाँडो) जस्ता भाँडामा सख्खर पानीको सर्वत राखि बटुवाहरुलाई समेत पिउन दिइँथ्यो । त्यसैगरी मठमा आएका भक्तजनहरुलाई सख्खर पानी र सत्तु प्रसाद स्वरुप बाँढ्ने गरिँथ्यो । तर हाल मठमा अक्षतृतीयाको दिन शिवजीको रुद्रिपूजा मात्र गरिन्छ । श्रावण शुक्ल पञ्चमीको दिन मठको प्रत्येक ढोकामा नागको चित्रहरु गोबरले टाँसेर नागपञ्चमी पूजा गरिन्छ । पूजारीद्वारा धुप, दीप, नैवद्य, टिका, जल, फूलप्रसाद तथा रोटी लगायत पञ्चामृत (दुध, दहि, घ्यू, मह, सख्खर) द्वारा नागको पुजा गरिन्छ । जनैपूर्णिमाको दिन मठमा नौ प्रकारका गेडागुडीहरु मिसाएर बनाएको काँचो क्वाँटी सम्पूर्ण देवीदेवताहरुलाई चढाएर पूजा गरिन्छ ।

दशैको पूजा गर्नको लागी मठमा अलग्गै एउटा दशैकाठा छुट्याएको छ । आश्विन शुक्ल प्रतिपदाको दिन मठका महन्त र पूजारी दुवै बसेर घटस्थापना गरिन्छ । पूजारीद्वारानै दशैको सम्पुर्ण पूजाहरु गरिन्छ भने पूजासामग्रीहरु जुताइदिने काम मोहिनाइकेले गर्दछ । अष्टमीको दिन मठमा महन्तद्वारा पूजा संकल्प गरी बोका बलि चढाएर कालरात्री पूजा गरिन्छ । दशैअवधिभर मठबाट नौवटा बोका बलि सहित विभिन्न स्थानमा पूजा गरिन्छ । यसैदिन मठबाट भेलुपाद्योलाई भैरवको प्रतिक मानेर बोका बलि दिएर पुजा गरिन्छ । नवमीको दिन मठमा स्थानीय बालवालिकाहरुलाई जीवित देवताको रुपमा भैरव, गणेश र नौजना कुमारी बनाई पूजा गरिन्छ । यी बालिकाहरुलाई पूजा गर्ने क्रममा फलफूल, रोटी, कपडा दिनुका साथै भोजन गराई विदा गरिन्छ । दशमीको दिन पुजारी मार्फत सर्वप्रथम

महन्तले जमरा र टीका ग्रहण गर्छ । दशमीको दिन मठबाट दत्तात्रय मन्दिरमा एक भाग सिधा पठाउने पनि चलन छ । विजया दशमीको भोलिपल्त अर्थात आश्विन शूक्ल एकादशीको दिनमा मठबाट श्री नवदुर्गागणलाई  पशुबलि चढाएर पूजा गरिन्छ (मुनंकर्मी,२०५५:४८) । लक्ष्मीपूजाको दिन मठमा विशेष पूजा हुन्छ ।

मार्गशुक्ल पूर्णिमा अर्थात धान्य पूर्णिमाको दिनमा नेवार परिवारमा योमर्‍ही (एक प्रकारको रोटी) बनाएर पूजा गर्ने चलन छ । यो दिन मठमा योमर्‍ही रोटी त पकाइन्दैन तर मठ भित्र नयाँ बालि भित्र्याएर राख्ने प्रमुख स्थान "कुथी" (भण्डार कोठा) मा धान्यलक्ष्मीको रुपमा धानलाई पूजा गर्ने परम्परा छ । माघे संक्रान्तिको दिनमा मठबाट दत्तात्रय मन्दिरमा घ्यू, चाकु, तरुल, लगाएत तीलको लड्डु समेत राखी एक भाग सिधा पठाउने गरिन्छ । यसका साथै मठ भित्र रहेका देवीदेवताहरुलाई समेत घ्यू, चाकु, तरुल चढाई पूजा गरिन्छ । फाल्गुण कृष्ण चतुदर्शीका दिन मठमा शिवको विशेष पूजाआजाका साथमा शिवरात्री मनाउने चलन छ । शिवरात्रीको दिन मठमा शिवको रुद्रि गरिन्छ र चारवटा डल्लुमा दियो बालि शिवको आरति गरिन्छ । यो दिन मठमा केराउको पिठोबाट विशेषप्रकारको पकौडी पकाएर आफू बाहेकको दत्तात्रय अखडा अर्न्तगत पर्ने मठहरुमा प्रसाद स्वरुप वितरण गरिन्छ । त्यसैगरी मठमा भजन गर्ने भजनियाहरु सबैलाई मकै, भटमास, गहुँ, केराउ, केराउ फूराएर बनाउको लड्डु एवं चिउरा सँगै लसनु, अदुवा, भटमास लगायत अन्य परिकाहरु राखी समेबजी ख्वाउने चलन छ । यो परम्परा अरु मठहरुमा देखिँदैन ।

यस मठमा वंशपरम्परा अनुसार पूजारीको नियुक्ति हुँदै आएको छ । बर्तमान मठका पूजारी विनोद राज शर्मा चौठों पुस्ताका पूजारी हुन् । मठको दैनिक पूजाआजाका साथै पर्वपूजाहरु संचालनको लागि सम्पूर्ण पूजासामग्रीको व्यवस्था मोहीनाइकेले गर्दछ । मठमा सरसफाई गर्न, चोखोपानी ल्याउने तथा पूजाराख्ने कामको लागि एक कर्माचार्य आचाजुको ब्यवस्था गरिएको छ । मठमा दरबन्दी भएका पुजारी, मोहीनाइके, कर्माचार्य आचाजु तथा मालीले विगतमा खान्की स्वरुप धान पाईरहेको भएता पनि हाल धानको बदला नगद दिने गरिएको छ । विगतमा पूजारीको दरबन्दि पाएका ब्यक्तिले मठबाट धेरै सुविधा प्राप्त गर्दथे । पहिले मठबाट पुजारीलाई खान्की स्वरुप वर्षको चारमुरी सरुवा चामल, १ मूरी गहुँ तथा दशैमा एउटा बोका दिने गरिन्थ्यो । तर अहिले सबै सुविधाहरु खारेज भैसकेको छ । यो मठमा स्थापित विश्वेश्वर महादेवको दिनहुँ, स्तूति तथा सेवा गर्नाले पढाइमा सफलता प्राप्त हुन्छ भन्ने जनधारणा रहेको छ । मठमा दिनहुँ नित्य पुजागर्ने क्रममा चढाएको नैवद्य ग्रहण गर्नाले राम्रो फल पाइँछ भन्ने धारणा अनुसार हाल सम्म पनि प्रसाद लिन आउनेहरु मठमा रहेका छन् ।

मठको मूल प्रवेशद्धार पश्चिम फर्किएको छ । दुई तल्ले भवनको रुपमा निर्मित यो मठमा चोकको चारैतिर घेरिएर मठघरहरु बनाएका छन् । मठमा काठका कलात्मक सझ्या र विमान झ्याल (चित्र नं ६) जडान गरिएको छ भने शिवपाञ्चाय देवताको पूजाकोठा वायव्य कोणमा स्थापना गरिएको छ । हाल यस मठमा भक्तपुर नगरपालिकाद्वारा १२ नम्बर वडा कार्यालय राखिएको छ । उचित संरक्षणको

अभावमा हाल यो मठको कला संस्कृति विलिन भई टुहुरा अवस्थामा रहेका छन् भने मठको भित्री र बाहिरी स्वरुप निकै जिर्ण अवस्थामा पुगिसकेको छ ।

## ३.१२. तालाक्को मठ

भक्तपुर दत्तात्रय अखडा अर्न्तगत पर्ने मठहरुमा सबैभन्दा सानो मठ तालाक्को मठ हो । भक्तपुर नगरको १२ र १४ नम्बर वडाको मध्य भाग तालाक्को टोलमा यो मठ स्थापना भएको छ । तालाक्को टोलमा स्थापना भएकोले यो मठलाई तालाक्को मठ भनिएको हो (चित्र नं १९) । वर्तमान समयमा पोटरी स्क्वायरको रुपमा परिचित तालाक्को टोलको पश्चिम दिशामा रहेको, यो मठको स्थापना कस्ले गऱ्यो भन्ने एकिन हुन सकेको छैन । यो मठको छिंडी तल्लामा दक्षिणाभिमूख श्री दत्तात्रयको मूर्ति स्थापन गरिएको छ । मठको पहिलो तल्लाको भित्तामा एउटा शिलापत्र रहेको छ । यस शिलालेखमा भगवान् दत्तात्रयको पूजापर्व संचालन गर्ने व्यवहोराहरु उल्लेख गरिएको छ । यो मठको पूजा पर्व चलाउन गिरी महन्तलाई शाह राजाले लालमोहर गरिदिएका थिए र महन्तले दत्तात्रय पूजागर्नको लागि मठमा भट्ट ब्राहमणहरुलाई नियुक्ति गरेका थिए (मुनंकर्मी, २०५५:४७) ।

यस मठका वर्तमान महन्त रामेश्वर गिरी (४४) हुन् । बंशानुगत परम्परा अनुसार, पूर्व महन्त केदार गिरी पछि उनी वि.स.२०६४ सालदेखि यस मठमा महन्तको रुपमा कार्यरत छन् । मठको प्रथम महन्तको नाम एकिन हुन सकेको छैन । रामेश्वर गिरी भन्दा अगाडी यो मठमा उनका बुबा केदार गिरी र बाजे कृष्ण बहादुर गिरी महन्त रहेका थिए । मठमा पूजा गर्नको लागि पुजारीको नियुक्ति गरिएको छ । वंशानुगत रुपमा पूजारी रहँदै आएको यस मठमा पूजारीलाई हाल वार्षिक खान्की स्वरुप ३ मुरी धान दिने गरेको छ । पूजारीद्वारा मठमा दिनहुँ नित्य पूजा तथा साझँ आरति गरिन्छ । बर्तमान यस मठका महन्त आफ्नो परिवारको साथमा छालिङमा बसोबास गरी बसेका छन् । यो मठमा पनि विभिन्न पूजापर्वहरु गर्ने, शिवजीको रुद्रि गर्ने, होम गर्ने, ब्राहमणहरुलाई सिधा दिने तथा साधुसन्यासी, जोगीहरुलाई दान दिने परम्परा छ ।

शोधकर्ताले महन्त रामेश्वर गिरीसँग प्रत्यक्ष भेटको क्रममा कमलविनायकमा लिएको अर्न्तर्वार्ता अनुसार, बैशाख मेष संक्रान्तिको दिन मठमा शिवजीको रुद्रि पूजा गरी भोजको आयोजना गरिन्छ । यो दिनको लागि मठमा छुट्टै गुठीको व्यवस्था छ । यस दिन मठमा पूजा गर्नको लागि महन्तले छालिङबाट एकजना ब्राहमणलाई निम्तो गरेको हुन्छ । तालाक्को टोलमा रहेको श्री ज्याठा गणेशको मन्दिर र माटोको भाँडा निर्माण गर्ने पाटीको बीचमा चैत्र मसान्तको दिनमा हात नभएको लिङ्गो उठाउने चलन छ । यो लिङ्गो उठाइसकेपछि बैशाख मेष संक्रान्तिको दिन यस मठले यो लिङ्गोमा पूजा गरिन्छ । भाद्र कृष्ण द्धितियाको दिन यो मठमा ब्राहमणलाई निम्तो गरी एक भाग सिधा दिने गरिन्छ । दशैमा महन्तद्वारा घटस्थापना गरी दिनहुँ पूजा गरिन्छ । दशैको लागि मठमा छुट्टै एउटा दशैकोठाको व्यवस्था गरिएको छ । अष्टमीको दिन मठमा देवीलाई बोका बलि दिएर कालरात्री पूजा गरिन्छ । यो दिन पनि बोका बलि दिनु

भन्दा अगाडी पूजा संकल्प गर्न महन्तद्वारा छालिङबाट एक ब्राहमण खोजेर ल्याउने गरिन्छ । यहि दिनमा मठमा गुठी संचालन गरी भोज खाने चलन छ । विगतमा यस मठमा नवमीको दिन पाँच बालिकाहरुलाई कुमारीको रुपमा पूजा गरिन्थ्यो तर हाल केवल तीन बालिकालाई मात्र कुमारी पूजा गरिन्छ ।

यो मठ नीजि गुठी अर्न्तगत संचालित छ । महन्तले शोधकर्तालाई दिएको जानकारी अनुसार, हाल मठको नाममा छालिङ तथा गुण्डू गाविसमा गरी करिब बाह्र रोपनी जग्गा रहेका छन् । यी जग्गाहरुको रेखदेख तथा मठमा हुने सम्पूर्ण पूजापर्वको व्यवस्था मिलाउने काम मोहिनाइकेले गर्दै आएका छन् । मठको जग्गाहरुबाट महन्तले हाल वार्षिक आठ मूरी धान बुझिलिने गरेका छन् ।

यो मठ तीन तल्लाको छ । मठको ईशानकोणमा शिवपाञ्चायन देवताको पूजाकोठा छ भने पहिलो तल्लामा महन्त बस्ने गद्दिकोठा सहित अन्य दुईवटा कोठाहरु रहेका छन् । मठको माथिल्लो तल्ला भोज खान मिल्ने गरी खुल्ला राखिएको छ । चोक तथा कलात्मक काष्ठ झ्यालहरु नभएका कारण यो मठ सामान्य देखिन्छ । वि.स.२०५५ सालतिर पूर्व महन्त केदार गिरीले यो मठको झिंगति छाना मर्मत गराएका थिए । हाल यो मठमा एक स्थानिय माटोको भाँडा बनाउने कुम्हालेलाई महिनाको रु ५०० को दरले भाडामा राखिएको छ ।

## ३.१३. गोदावरी मठ

भक्तपुरको दत्तात्रय चोक वडा नं. ३ मा रहेको एउटा महत्वपूर्ण मठ गोदावरी मठ हो । दत्तात्रय मन्दिरको दायाँ पट्टि चिंकफ मठ र बार्दाली मठको बीचमा यो मठ स्थापना भएको छ (चित्र नं १६) । यो मठ दत्तात्रय अखडाको बाह्र मठ अर्न्तगत पर्दैन । यस मठलाई विद्वानहरुले मल्लकालमानै स्थापना भएको मठ मानेका छन् । शोधकर्ताले स्थानीय व्यक्तिहरुसँग शोधपुछको क्रममा पाएको जानकारी अनुसार, यस मठमा गोदावरी बाट आएको व्यक्ति महन्त भई बसेको कारण यो मठको नामाकरण गोदावरी मठ हुन पुगेको हो । हाल यो मठको बारेमा जानकारी पाउन सकिने कुनैपनि आधारहरु भेटीएको छैन ।

यो मठ एक तहको पेटीमाथी निर्माण गरिएको छ । तीन तल्लामा निर्मित मठको पहिलो तल्लामा तीनवटा कलात्मक आँखीझ्यालहरु छन् । दोस्रो तल्लामा भने मठको भित्ताभन्दा केही बाहिरी निकाली विमान झ्याल राखिएको छ । झिंगटिको छाना प्रयोग गरिएको यो मठको छानामाथी माकःप्वल (एक प्रकारको झ्याल) रहेको छ (चित्र नं ७) । मठको मूख्य प्रवेशद्वार दक्षिण तर्फ फर्किएको छ भने मुख्य प्रवेशद्वार सँगै दायाँपट्टि अन्य दुईवटा काठका ढोकाहरु राखिएका छन् ।

हाल यो मठमा महन्त नभएको कारण, खालि भएको मठलाई माओवादीले आफ्नो अधिकारमा लिएको छ । मठको भूँईतल्ला पुस्तकालय र पसलको रुपमा परिणत गरिएको छ । माओवादीद्वारा अधिनमा लिनु अगाडी मठमा इलाका प्रहरी बस्दै आएका थिए ।

## ३.१४. बार्दली मठ

भक्तपुर तचपाल टोल वडा नं. ३ मा अवस्थित अर्को मठ वार्दली मठ हो । चिंकफ मठ र गोदावरी मठ सँग लहरै जोडिएर बनेको यो मठलाई मल्लकालमा बनेको मानिन्छ । यस मठमा काठको बार्दली भएकोले यसलाई बार्दली मठ भनिएको हो (चित्र नं १७) । मठमा कलात्मक झ्याल, ढोका, चोक बनाउने परम्परामा एउटा वार्दली समेत हुनु यस मठको प्रमुख बिशेषता हो । अध्ययन स्रोतको कमीले गर्दा यो मठको बारेमा थप जानकारी पाउन सकिएको छैन ।

हाल यो मठमा पनि महन्त नभएका कारण कुनै किसिमको पूजापर्वहरु चलेको छैन । गोदावरी मठ जस्तै यो मठ पनि एक तहको पेटी माथी निर्माण गरिएको छ । तीन तल्लामा निर्माण गरिएको यो मठमा झिंगतिको छाना रहेको छ । बार्दली मठलाई पूजारी मठको शाखा पनि मानिन्छ (Korn,1998 :41) ।

## ३.१५. जंगम मठ

भक्तपुरमा स्थापना भएका दशनामी सन्यासी मठहरु भन्दा बेग्लै अस्तित्व तथा महत्व बोकेको मठ जंगम मठ हो । यो मठ भक्तपुर नगरपालिका वडा नं.१२ बोलाछें टोलमा अवस्थित छ । भक्तपुर टौमढी टोलको तीलमाधव नारायण चोक, नृसिंह मन्दिर र पाँच तल्ले मन्दिरको परिसरमा निर्मित जंगम मठ आफ्नो प्राचिनताका कारण भक्तपुरमा मात्र नभई नेपाल भरी नै प्रसिद्ध छ । यो मठमा लिङ्गायत (शिवलिङ्ग धारण गर्ने) जंगमहरुको अधिनता रहेको छ । ईशाको नवौं शताब्दिमा आनन्द गिरीले रचना गरेको ग्रन्थको चौथो अध्यायमा अन्य शैव सम्प्रदायका साथमा जंगम सम्प्रदायहरुको बाहिरी चिह्न विशेषको पनि वर्णन गरेको छ । जंगमहरु आफ्नो शिरमा शिवलिङ्ग धारण गर्ने चिह्न विशेषको आधारमा यिनीहरु "भारशिव" थिए भन्ने थाहा हुन्छ (युदुवंशी,२०१२:१५१) ।

स्थापनाकाल देखि जंगमहरुले संचालन गर्दै आएको यो मठका वर्तमान महन्त राममणि जंगम ( ६४) हुन् । उनी यस मठका १४औं पुस्ताका महन्त हुन् । जंगम जातिकै प्रभुत्वको कारण यो मठको नाम जंगम मठ राखिएको हो । जंगमहरु आफूलाई दक्षिण भारतको रावलहरु मान्छन् । यिनै रावल पदवी अपभ्रंश हुँदै लाव हुन गएर मठलाई लावमठ पनि भन्ने गरेको कुरा मठभित्र रहेको ने.स.८६२ को रणजित मल्लको अभिलेखबाट स्पष्ट हुन्छ (श्रेष्ठ,२०५७: १२१-१२५) । आफूलाई दशनामी सन्यासी भन्दा बेग्लै ठान्ने जंगमहरु आफूलाई मूलभट्ट ब्राम्हणहरुलाई जस्तै पशुपतिनाथको उर्ध्वमूखको पूजा गर्ने अधिकार रहेको बताउँछन् । ने.स.६९२ मा भक्तपुरका राजा विश्वमल्लले जंगमहरुलाई स्थायी बसोबासको लागि दरवारको छेउमा जंगम जातिको कुल देवता वीरभद्र र आगम देवता स्थापना गर्न स्वीकृति दिएपछि भक्तपुरमा जंगमहरु स्थाई बसोबास गरेर बसेका हुन् (जङ्गम,२०५५:७९) ।

नेपालमा लिङ्गायत वा वीरशैव सम्प्रदायीहरुको मूल मठ भक्तपुरको बोलाछें टोलको जङ्गम मठ हो । आफ्नो शरीरमा सधै शिवलिङ्ग धारण गर्ने शैव अनुयायी लिङ्गिब्राहमण लाई नै जंगम भनिन्छ । विक्रमको सातौ शताब्दि देखि उपत्यकामा वीरशैवहरुको प्रभाव तथा प्रचार हुन गएको हो । अन्य धार्मिक मतहरुमा जस्तै शैवमतमा पनि शैव, मिश्र शैव, शुद्ध शैव तथा वीर शैव गरी चारवटा भेदहरु छन् र वीरशैवमतका ब्राहमणलाई नै जंगम भनिन्छ (राणा,१९८२:७) । नेपालमा पूर्व मध्यकालको मध्यताका देखि कर्णाटहरुको प्रवेश संगै लिङ्गायत जंगम सम्प्रदायको विकास भएको हो । भक्तपुरका विभिन्न ईलाकाहरुमा लिङ्गायत जंगममठको स्थापना भई यहाँ जंगमहरु रहि आएका हुन् (जोशी,२०६३:२५६) ।

ऐतिहासिक नगर भक्तपुरमा अवस्थित यो मठको स्थापना कहिले र कसले गऱ्यो भन्ने सम्बन्धमा यसै मठमा रहेको ने.स.८६२ को रणजित मल्लको एउटा शिलापत्रले प्रष्ट गर्दछ (परिशिष्ट:'घ') । चोकको उत्तरपट्टिको दलानको पश्चिमपट्टिको भित्तामा यो शिलापत्र रहेको छ (चित्र नं ३२) । संस्कृत र नेपाल भाषाको प्रयोग भएको यो अभिलेख प्रचलित नेवारी लिपिमा छ । यस आभिलेखिक प्रमाणको आधारमा यो मठ पूर्वमध्यकालका एक "परमशैव" राजा रुद्रदेवले (वि.स.१२२४-१२३२) स्थापना गरेका हुन् भन्ने थाहा हुन्छ । यसबाट भक्तपुरमा स्थापित शैवमठहरुमध्ये जंगम मठ सवैभन्दा पुरानो मठ हो भन्ने कुरा पनि प्रष्ट हुन्छ । रुद्रदेवको पालामा यो मठको स्थापना भएपछि भक्तपुर राजकिय स्तरमानै प्रसिद्ध शैवस्थलको रुपमा देखा परेको थियो । राजा रुद्रदेवको समय देखि अहिलेसम्म पनि यो मठ नेपालका लिङ्गायतहरुको मूल मठको रुपमा रहँदै आएको छ । यो मठको विशेष धार्मिक सम्बन्ध काशीको जंगमबाडी मठसित रहेको देखिन्छ (श्रेष्ठ,२०५६:१-६) ।

ने.स.८६२ को रणजित मल्लको शिलालेखबाट, यो मठमा गंगा महारानीले ने.स.६९२ मा विश्वेश्वर महादेव स्थापना गरी भूमीदान गरेको तथा मठमा मकरसंक्रान्तिको दिन वीरभद्र, विश्वेश्वरलाई घ्यूले छोपेर राख्ने, त्यहि घ्यूको प्रयोग गरी शिवरात्रीमा रोटी पकाउने चलन रहेको कुरा स्पष्ट हुन्छ जुन चलनको शुरुवात ने.स.६९२ देखि भएको थियो । यस अभिलेखमा मठभित्र र बाहिर स्थापना गरिएका विभिन्न शिवलिङ्ग तथा देवदेवीहरुको दैनिक नित्यपूजा देखि वार्षिक चाडपर्व मनाउन जग्गा जमिनहरुको व्यवस्था गरेको कुरा परेको छ । यसै अभिलेखबाट रणजित मल्लको पालामा यस मठका लागि पूर्वकालदेखि बन्दोबस्त गरिएका गूठीजग्गा सम्बन्धि खिचलो उत्पन्न भएकोले रणजित मल्लले समस्या समाधानको लागि प्रमाणका रुपमा गंगा रानीको ने.स. ६९२ को मूल अभिलेखको दुरुस्त उतार गरी यथोचित व्यवस्था मिलाई यो अभिलेख (ने.स.८६२ को) राख्न लगाएको कुरा थाहा हुन्छ । मल्लकालमा यो मठ "लावडमथ" नामले बढी परिचित भएको कुरा पनि यसै अभिलेखबाट थाहा हुन्छ (श्रेष्ठ,२०५७: १२१-१२५) । अभिलेखमा उल्लेखित कुराहरुले तत्कालीन समयमा यो सम्प्रदायको गहिरो प्रभाव मल्ल राजा एवम् राजपरिवारमा परेको कुरालाई प्रष्ट गर्दछ ।

ने.स. ८६२ को रणजित मल्लको समयको शिलापत्र बाहेक यस मठमा अन्य विभिन्न समयका अभिलेखहरु पनि रहेका छन् । यहाँका अभिलेखहरुमा नेपालभाषा, संस्कृत भाषाका साथै कन्नड लिपी

समेत प्रयोग गरिएको छ । यहाँ भएका अन्य अभिलेखहरुको संक्षिप्त व्याख्या निम्न अनुसार छन् । यो मठमा नरेशमल्लको पालाको ने.सं. ७५९ को स्वर्णपत्र रहेको छ । ताम्रधातुको पातामा स्वर्णजलप लगाएको यो स्वर्णपत्र पहिले पनौतीको इन्द्रेश्वर महादेव मन्दिरस्थानमा थियो पछि त्यँहाबाट झिकेर ल्याएर जंगम मठमा राखिएको हो । यस अभिलेखमा भक्तपुरका राजा नरेश मल्लको समयमा एक शैवअनुयायी "चैत्रकार कुष्णरामले" ने.स.७५९मा पनौतीको इन्द्रेश्वर महादेव मन्दिरको पश्चिम तथा दक्षिणद्वारमा प्रस्तरनिर्मित सिंहहरु राख्न लगाएको विवरण उल्लेख छ । जंगममठ भित्र क्षेत्रपाललाई सुरक्षित रुपले ढाकेर राख्नको निमित्त बनाइएको एउटा सानो चारकुने ढुङ्गेछाना रहेको छ । यो ढुङ्गेछानाको पूर्वपट्टि सम्बत् ७८३ को अभिलेख कुँदिएको छ (चित्र नं ३४) । अभिलेखमा उल्लेख भएको व्यवहोरा अनुसार, जंगममठमा वीरभद्रेश्वर प्रतिष्ठापन गर्ने तत्कालिन महन्त महद्धेवद्वारा मठमा रहेको क्षेत्रपालको सुरक्षा र सजावतको निम्ति ने.स.७८३ मा चारकुने ढुंगेछानो बनाई प्रतिष्ठा गरी राख्न लगाएका थिए । यस क्षेत्रपाललाई यसको आफ्नो मूलस्थानबाट चलाएका उपद्र मचिन सकिने मान्यता रहेको थियो । तसर्थ मठमा ओहोरदोहर गर्ने क्रममा क्षेत्रपाललाई कुल्चिन सक्ने सम्भावनाका कारण तत्कालीन महन्तद्वारा यसरी दुंगेछानो बनाउन लगाएका थिए । मठमा ने.सं ८२५ को एक ताम्रपत्र रहेको छ । यस ताम्रपत्रको व्यवहोरा अनुसार, जंगममठको उत्तरपट्टिको दलान भित्रको दलिनमा विभूति सहितको रुद्राक्षमाला झुण्डयाएको छ । यो रुद्राक्षमाला भक्तपुरका राजा भूपतिन्द्र मल्लको समयमा चन्नवीर नामक शैवअनुयायीले इष्टदेव नीलकण्ठलाई चढाएका थिए । यस ताम्रपत्रमा कुँदिएको अभिलेख प्रचलित नेवारी र कन्नड लिपिमा छ । जंगममठको दक्षिण पूर्वको भूईतल्लाको भान्छाकोठामा एउटा ठूलो चारपाते सिलौटा छ । सो सिलौटाको पूर्वपट्टिको घेरामा कन्नड र नेपालभाषाको लिपिमा अभिलेख कुँदिएको छ । सिलौटामा रहेको यस अभिलेख अनुसार, मठमा स्थापित देवीदेवताहरुको नित्यपूजा तथा पर्वपूजाको समयमा खीर पकाई भोग चढाउने चलन रहेको थियो । उक्त भोग यस भान्छाकोठामा पकाइने हुँदा मसला पिँध्नको लागि यो सिलौटाको प्रयोग गरिन्थ्यो । ने.स.८२२ मा कन्नड लिपि बोल्न र लेख्न जान्ने शैवअनुयायीले यो अभिलेख राख्न लगाएका थिए । यसै मठमा वि.सं १८७७ को एक शिलालेख पनि रहेको छ । यस अभिलेखमा अन्नतलिङ्गेश्वलाई प्रेम गर्ने शिवका एक भक्त शिवदत्त अधिकारीले वि.स.१८७७ मा गौचरणको लागी भूमिदान गरेको कुरा परेको छ । यो शिलालेख पहिले अनन्तलिङ्गेश्वर मन्दिरमा रहेको थियो पछि यस मठमा ल्याईएको हो । यस शिलालेखको शिरोभागमा बीचमा त्रिशूल र दायाँ बाँया चन्द्र अंकित छ (श्रेष्ठ,२०५७ :११३-१२६) ।

"विश्वेश्वर" महादेवका वाहन नन्दि हुन् । जंगममठभित्र ताम्रधातुले बनेको नन्दिको मूर्ति रहेको छ । यस विषयमा एउटा रोचक किंवदन्ति रहेको छ । शोधकतोले अध्ययन स्थलको अवलोकनको क्रममा महन्त राममणि जंगमसँग यसै मठमा लिएको अन्तर्वार्ता अनुसार, राजा विश्वमल्लका छोरा हनुमन्ते नदीको त्रिवेणीमा नित्यस्नान गर्न जाने क्रममा एकदिन पूर्वनियोजित दरवारीया षडयन्त्रका कारण नदीमा हामफाल्दा नदीभित्र गाडेर राखिएको धारिलो चुपिमा धसिएर मृत्यु भएछ । यसरी अकालमानै मृत्यु भएपछि राजा विश्वमल्लको सन्तान प्रेत रुपलिएर बसेको थियो । मृतकको आत्माको उद्धार हुन

नसकेपछि प्रेतआत्माका रुपमा अनिष्ट पार्न थाले । उक्त प्रेतआत्माले बारम्बार घरको भान्छा कोठामा आएर म प्रेत भई बसेको छु, मेरो खानाको भाग देऊ भनेर आवाज दिने गर्दथ्यो । राजा सुतिरहेको बेला सपनामा समेत प्रेतआत्माले मलाई मोक्ष गराउ भनि बिन्ती गरेपछि भोलिपल्ट विहान राजाले प्रेतआत्मालाई शान्ति गराउन तान्त्रिक विद्वान, ज्योतिषहरु भेला गराइ प्रेतआत्मालाई शान्त गराउने प्रयास गरेका थिए । तर सो प्रेतआत्मालाई भक्तपुरका कुनै पनि सिद्धतान्त्रिकले वशमा ल्याउन सकेनन् । त्यसपछि वाराणसीका जंगम मठका महन्त श्री विशेश्वर शिवाचार्यले आफ्नो उच्चतम तान्त्रिक विधिद्वारा सो प्रेतआत्मालाई शान्त गराई ताम्रधातुको नन्दिमा उक्त प्रेतआत्माको "जीव" प्रतिष्ठा गरेको थियो । स्थानीय बुढापाकासँग शोधकर्ताले गरेको सोधपुछको आधारमा मठमा अकाल मृत्युबाट राजाका छोरा प्रेत रुप लिई बसेपछि समाधि बनाई त्यसको माथी शिवलिङ्ग स्थापना गरिएको थियो । त्यसकारण मठमा स्थापना भएको महादेवलाई "प्रेत लिंगेश्वर महादेव" भनिन्छ ।

भक्तपुरका अन्य दशनामी सन्यासी मठहरुको तुलनामा यो मठमा धेरै देवदेवीहरु स्थापना गरिएको छ । यो मठमा विश्वेश्वर, सिद्धेश्वर, कोटिलिङ्गेश्वर, नीलकण्ठेश्वर, श्मशानेश्वर, वीरभद्र, देवी, पशुपति, नन्दी, पंचायन देवताहरु सहितका उमामहेश्वर आदि प्रमुख देवीदेवताहरु छन् । मठभित्र रहेको ने.स.७८१ को स्वर्णपत्र अनुसार, यो मठमा कुलदेवता "वीरभद्रेश्वर" (वीरभद्र) को स्थापना तत्कालीन महन्त महद्देवले गरेका थिए ।

शोधकर्तालाई महन्तले लिएको जानकारी अनुसार, यस मठबाट मठभित्र रहेका देवताहरुका साथै मठ अर्न्तगत विभिन्न स्थानमा संचालित शैव मन्दिरहरुमा पूजारी नियुक्ति गरी विभिन्न पर्वपूजाहरु गरिन्छ । विभिन्न मल्ल राजाहरुले यो मठ अर्न्तगत रहने गरी शिवलायहरु स्थापना गरिदिएका छन् । यसरी स्थापना गरिदिएका शिवलायहरुमा भक्तपुरको पूर्वदिशामा धुलिखेलस्थित गोखुरेश्वर महादेव, बनेपास्थित धनेश्वर महादेव र पनौतिस्थित भालेश्वर र इन्द्रेश्वर महादेव, शहरको दक्षिणमा सिपाडोलस्थित डोलेश्वर महादेव, गुण्डुस्थित अनन्तलिङ्गेश्वर महादेव, उत्तर दिशाको वागेश्वरीमा वागेश्वर महादेव र चाँगुमा मिलेश्वर महादेव, भक्तपुर नगरभित्र नासमनाको मंगलेश्वर र तचपालको रुद्रेश्वर महादेव, इनाचोको मल्लिकार्जुन महादेव, सल्लाघारीको उमामहेश्वर महादेव, हनुमानघाटको डम्बरेश्वर महादेव हुन् । यी सम्पूर्ण शिवालयहरुमा दैनिक नित्यपूजा, वार्षिक चाडपर्वहरु, बुंसारां ( वर्षवर्धन) आदि सबै यस जंगम मठबाट नियुक्ति दिएको पूजारीले गर्ने प्रथा हालसम्म पनि कायम छ । भक्तपुरमा यसरी स्थापना भएका सम्पूर्ण शिवालयहरुमा पूजारीको नियुक्ति गर्ने तथा हताउने अधिकार केवल जंगम मठलाई छ । नेपालभरीका सम्पूर्ण जंगमहरुको कुलदेवता "वीरभद्र" यसै मठमा रहेकोले यो मठको विशेष महत्व छ । यो मठ अर्न्तगत विभिन्न स्थानहरुमा पाटी, पौवा, पोखरीहरु समेत रहेका छन् । जंगम मठका शिवलिङ्ग, धर्मशाला, पाटी, पौवा आदि सबै विभिन्न समयमा भक्तपुरका राजा विश्वमल्ल, उनकी रानी गंगा महारानी, पुत्र त्रिभुवन मल्ल, त्रैलोक्य मल्ल, जयज्योति मल्ल, नरेश मल्ल, जगत् प्रकाश मल्ल, जितामित्र मल्ल, भुपतिन्द्र मल्ल र रणजित मल्ल जस्ता राजपरिवारहरुले आफ्नो तथा

आफ्नो पूर्खाको कीर्ति राख्नको लागि बनाएको देखिन्छ । उनीहरुले मठमा विभिन्न देवीदेवताहरु स्थापना गरी नित्य पूजाआजा, पर्वपूजाहरु तथा जात्राहरु संचालन गर्न र यसको संरक्षणको लागि विभिन्न जग्गाहरु दान गरेका थिए । मठमा रहेको विभिन्न समयका अभिलेखहरुबाट यो कुरा प्रष्ट हुन्छ ।

विभिन्न शिवालयहरुका साथै जंगमहरुले शिवलिङ्ग पनि स्थापना गराएका छन् । यस कुराको उदाहरण स्वरुप भक्तपुरको हनुमानघाटमा स्थापना गरिएका दुई ठूला शिवलिङ्गमध्ये दोस्रो ठूलो शिवलिङ्गलाई लिन सकिन्छ । हनुमानघाटमा रहेको नेपालकै सबैभन्दा ठूलो शिवलिङ्ग तत्कालीन भक्तपुरका राजा भूपतीन्द्र मल्लले स्थापना गरेको थियो । यही स्थानमा रहेको सत्तलको अभिलेख अनुसार, हनुमानघाटको दोस्रो ठूलो शिवलिङ्ग तत्कालीन जंगम मठका महन्त रावल डम्बर लिङ्ग जंगमले स्थापना गर्न लगाएका हुन् । शिवलिङ्गसँगै हात जोडेर बसेको दुईवटा मूर्ति पनि रहेको छ । यी दुई मूर्तिलाई डम्बर लिङ्ग जंगमकै दम्पति हो भन्ने मान्यता रहेको छ ।

शोधकर्तालाई महन्तले अन्तर्वार्ताको क्रममा दिएको जानकारी अनुसार, भक्तपुरमा भएका मठहरु मध्ये जंगम मठको पूजापद्धतिहरु बढि छन् । मठका वर्तमान पूजारी उज्वल जंगम हुन् । विहान सबेरै मठमा नित्यपूजा गर्नको लागि पूजारीले नुहाइधुवाई गरी चोखो भएर मठका सम्पूर्ण देवीदेवताहरु पूजा गरिन्छ । यो मठमा स्थापित शिवलिङ्गलाई दिनहुँ विभिन्न पूजासामग्रीहरुको साथमा अनिवार्य रुपमा श्रीखण्ड, रक्तचन्दन तथा बेलपत्र राखी पूजा गरिन्छ । मठमा दिनहुँ पशुपतिमा जस्तै भात पकाई एक/एक मानाको दरले मठका सम्पूर्ण देवताहरुलाई भोग चढाउने गरिन्छ । दिनहुँ मठमा नित्य पूजा गर्नको लागि मठबाट विभिन्न रकमीहरु (कामदार) नियुक्ति गरिएको छ । मठमा चोखोपानी ल्याउने, सर-सफाई गर्ने, पूजाको लागी श्रीखण्ड तथा चण्डन घोत्ने, भोग लगाउनको लागि भात पकाउने, मठको नाममा रहेको जग्गाहरुबाट बाली उठाउने आदि रकमीहरु रहेका छन् । यी सम्पूर्ण मठका रकमीहरु, पूजारी लगायत विभिन्न स्थानका शिवालयमा नियुक्ति गरिएका पूजारीहरुलाई खान्की दिने काम जंगम मठबाट नै गरिन्छ ।

जंगम मठको अधिनमा रहेका सम्पूर्ण शिवालयहरुमा शुद्ध शाकाहारी तथा नियम पुर्वक जनै धारण गर्ने पूजारीहरु मठबाट नियुक्ति गरिएका छन् । दशनामी सन्यासी मठहरुमा जस्तै जङ्गम मठमा पनि विभिन्न पूजापर्वहरु गरिन्छ । भक्तपुरमा मनाइने विभिन्न जात्रा, चाडपर्व उत्सवहरुमा जंगम मठको अप्रत्यक्ष रुपमा प्रभाव परेको छ । भक्तपुरको विस्केट जात्रामा यो मठको विशेष सम्बन्ध छ । विस्केत जात्राको समयमा भेलुखेल चुँपीघाटमा रहेको भैरवनाथको रथलाई तानेर माथी ल्याउने क्रममा यो मठबाट दहीच्युरा छर्कने परम्परा छ । जनविश्वास अनुसार, जात्राको समयमा भेलुखेलमा बली सहित पुजाआजा गर्ने क्रममा त्यहाँ अप्रत्यक्ष रुपमा भूतप्रेतहरु रगत खाएर नाचिराखेका हुन्छन् । यिनीहरुले भैरवको रथलाई माथी आउन नमिल्ने गरी रथको पाङगा समाति राख्ने हुनाले मठबाट दहिच्युरा लगेर छर्केपछि उनीहरुले रथलाई छोडिदिन्छ । यसै जनविश्वासको आधारमा, शिवरात्रीको दिन मठमा रोटी पकाउँदा जम्मा भएको गोललाई मठ भित्र रहेको ढुँगामा पिसेर राखिन्छ । यसरी रोटी पकाउँदाको पिसेको

गोल, शिवरात्रीमा पकाएको रोटी, वीरभद्रको जल राखी मुछिएको दहीच्युराको मिश्रणलाई मठ भित्र दलानको ठूलो ढुंगा माथि तामाको भाँडामा छोपेर राखिन्छ । भैरबनाथको रथ तानेर माथि ल्याउन कठिनाई भएमा मठमा राखिएको दहीच्युराको मिश्रणलाई नायखीं (परम्परागत बाजा) बजाउदै, चिराक बाली एक व्यक्तिले रथको अगाडी पछाडी छरीदिने गरिन्छ । यसरी दहीच्युरा लाने क्रममा पिसेको गोलको कालो दाग कसैलाई लागेमा सो व्यक्तिलाई दशा लाग्छ भन्ने पनि लोकविश्वास रहेको छ । शोधकर्ताले इतिहासविद् पुरुषोत्तम लोचन श्रेष्ठ सँग लिएको अन्तर्वार्ता अनुसार, विस्केतमा लिङ्गो जात्रा हुने मूलस्थान चुपिंघाटबाट भैरवको रथको सवारी चलाउँदा मृतक मल्ल राजाको छोराको जीव प्रतिष्ठान गरिएको मठको नन्दिसित रथमा अगाडी राखिएको बेताल सम्मुख भएपछि मात्र रथलाई माथी टोलमा (टौमढि) ल्याउने गरिन्छ ।

महन्तले शोधकर्तालाई दिएको जानकारी अनुसार, बैशाख शुक्ल अक्षयतृतियाको दिन यो मठमा २० पाथी सख्खरको सर्वत तथा गहुँको सत्तु बनाउने चलन छ । यो दिन मठमा रहेको नीलकण्ठेश्वरे शिवलिङ्ग (महादेवको एक रुप, जसको अवतार श्री महादेवले समुद्र मण्ठनका क्रममा लिएका थिए । समुद्र मण्ठनमा निस्किएको कालकुत बिषद्धारा जगत्को बिनाश हुनबाट रोक्नको लागि बिषलाई आफ्नो कण्ठमा रोकेर राखेपछि त्यसको प्रभावबाट महादेवको कण्ठ नीलो भएकोले यिनको नाम नीलकण्ठेश्वर महादेव रहन गएको हो ।) पूजा गरी देवतालाई सख्वर र सत्तु चढाउने गरिन्छ । यसै दिन मठका पुजारीहरुलाई मठको तर्फबाट पूजा दस्तुर स्वरुप छाता र जुत्ता दान गर्ने चलन छ । देवतालाई सख्खर पानी र सत्तु चढाइसकेपछि मठमा आएका सबै व्यक्तिहरुलाई सख्खरको सर्वत र सत्तुको प्रसाद वितरण गरिन्छ । यसै दिन हनुमानघाटमा रहेको डम्बरेश्वर महादेव रहेको स्थानमा समेत सख्खरको सर्वत बनाई पूजा गर्ने तथा सर्वतको प्रसाद बाँध्ने गरिन्छ । जेष्ठ पुर्णिमाको दिने मठको तर्फबाट पनौतिमा रहेको इन्द्रेश्वर महादेवको पूजागरी जात्रा चलाउने चलन छ । जात्राको समयमा सम्पूर्ण पूजा सामग्रीको व्यवस्था मिलाउने देखि रथ बोक्ने तथा देवतालाई नगरपरिक्रमा गराउने सम्पूर्ण क्रियाकलाप मठबाट गरिन्छ । भाद्र पूर्णिमाको दिनमा भक्तपुरको अन्नतलिङ्गेश्वरमा मेला लाग्छ । यो दिन अन्नतलिङ्गेश्वरमा मठबाट भोजको आयोजना गरी सम्पूर्ण भक्तजनहरुलाई भोज ख्वाउने गरिन्छ । यस मठबाट जनै पूर्णिमाको दिन गरिबहरुलाई भण्डारा ख्वाउने गरिन्छ । भाद्र कृष्ण चतुर्थीको दिन टौमढीको भैरबलाई जात्रा गरी नगर परिक्रमा गराउने क्रममा सबैभन्दा पहिले यो मठको तर्फबाट पूजा गरिन्छ । यो दिन दरवार स्क्वायरमा राजाको तर्फबाट दिने पूजा भन्दा पनि पहिला जंगम मठको पूजा लिने गरिएबाट पनि यो मठको प्राचिनतालाई पुष्टि गर्दछ ।

आश्विन शुक्ल प्रतिपदाको दिनमा तलेजुमा घटस्थापना गर्ने साइत अनुसार मठमा पनि सोही समयमा घटस्थापन गरिन्छ । घटस्थापना देखि दशमी सम्म प्रत्येक दिन मठमा २१ जना बाहुनहरु राखी पाठ गराउने चलन रहेको छ । तलेजु मन्दिर भित्र र यो मठमा हुने पुजाहरु एउटै साइतमा गरिन्छ । जंगम मठमा हिंसा नचल्ने हुनाले अष्टमीको दिन नरिवलको बलि चढाई कालरात्री पूजा गरिन्छ ।

नवमीको दिन मठमा शाक्य खलकका पाँच बालिकाहरुलाई भेला गराई कुमारी पूजा गर्ने तथा भोजन गराउने प्रचलन छ । दशमीको दिन पूजारीद्वारा सर्वप्रथम महन्तलाई टीका दिने गरिन्छ । त्यसपछि महन्तद्वारो परिवारका सदस्य लगायत मठका सम्पूर्ण रकमीहरु (लगभग ४० देखि ५०) लाई पनि टिका तथा जमरा प्रसाद दिने गरिन्छ । दशै अवधिभर मठबाट नवरथा पूजा गरिन्छ । दशैमा पनि मठमा भण्डारा ख्वाउने प्रचलन छ ।

लक्ष्मीपूजाको दिन मठमा धान राखिने भण्डार घर लगायत ढुकुति कोठामा पूजारीद्वारा पूजा गरिन्छ । यो दिन मठमा पूजारी तथा रकमीहरुलाई धोति, रुमाल, लगायत लत्ताकपडा दिने प्रचलन रहेको छ । मार्ग शुक्ल धान्यपूर्णिमाको दिन मठमा गोठ पूजा गरिन्छ । मठमा रहेको गाईवस्तु विरामी नपरोस् भनी गरिने यस पूजामा कटुञ्जेमा रहेको चोलिद्यों नामक देवतालाई पूजा गरिन्छ । ओम प्रसाद धौभडेलका अनुसार, चुनदेवी देवताको नाम अपभ्रंश भएर चोलिद्यों भएको हो । यो देवता नगरको चारैतिर हुन्छ । गाईभैंसीको विघौती दुध यो देवतालाई चढाउने गरिन्छ । यो दिन मठमा गोठको पूजा गरी सकेपछि एउटा कुखुरा बलि दिएर चोलिद्यो देवता पूजा गरिन्छ । बलि दिन ल्याएको कुखुरा गाईलाई ढोगाएर ल्याइँछ । तर बलि दिने यो चलन अहिले मठमा रोकिएको छ । मार्ग शुक्ल पञ्चमी अर्थात विवाह पञ्चमीको दिन यो मठबाट बनेपा धनेश्वर महादेवको पूजा गरिन्छ ।

माघे संक्रान्तिको दिन मठमा वीरभद्र, विश्वेश्वर महादेवलाई पूजा गरी घ्यूले छोपेर राखेको हुन्छ । त्यहि घ्यूबाट शिवरात्रीको दिनमा रोटी पकाउने चलन छ । फाल्गुण कृष्ण चतुदर्शीका दिन यो मठमा धुमधामका साथ शिवरात्री मनाइँछ । यो दिन मठमा जंगमहरुको देवाली पूजा गरी कुलदेवता वीरभद्रको पूजा गरिन्छ । पुरुषोत्तम लोचन श्रेष्ठका अनुसार, वीरभद्र, वीरशैव मठका मुख्य देवता हुन् । वीरभद्रलाई भगवान् शिवका अवतार मानिन्छ । भारतमा रहेको जंगमहरुको कुल देवता पनि यिनै वीरभद्र हुन् । शरीरमा शिवलिङ्ग धारण गरेका सम्पूर्ण जंगमहरु यो दिन विहानदेखि नुवाईधुवाई गरी चोखो भएर अर्निवार्य रुपमा ब्रत बस्छन् । नेपाल भरिका सम्पूर्ण जंगमहरुका कुलदेवता यस मठमा रहेको कारण यो दिन सम्पूर्ण जंगमहरु मठमा भेला भएर देवाली पूजा गरिन्छ । विहान देखि मठमा पूजाआजा गरि बेलुका मठको चोकमा चारैतिर बत्ति बालिन्छ र लाखबत्ति सहित कुलदेवताको आरति गरिन्छ । साँझ कुलदेवतालाई जल चढाएर मात्र ब्रत बसेका जंगमहरु खानपीनको कार्य गरिन्छ । शिवरात्रीको दिन मठमा आएका सम्पूर्ण जंगमहरुलाई यो मठबाट भण्डारा ख्वाउने गरिन्छ । यसै दिन साधुसन्त तथा सर्वसाधारणलाई मठबाट शिवजीको प्रसादको रुपमा सेंगुली (एक प्रकारको रोटी) बाँड्ने चलन छ ।

यी पूजापर्वहरु बाहेक यो मठले प्रत्येक पूर्णिमा तथा औसीको दिन साधुसन्त तथा गरिबहरुलाई लगभग दुई मानाको दरले गहुँको पिठो दानदिने गरिन्छ । हरेक संक्रान्ति तथा पूर्णिमाको दिन मठमा शिवजीको रुद्रि गरिन्छ । यस मठमा प्रत्येक दिन राजकुमारको प्रेतआत्मालाई भोग चढाएपछि मात्र खाना खाने चलन छ । स्थानीय बुढापाकाहरुले यो मठलाई प्रेतमठ पनि भन्ने गरेको छ । त्यसकारण यो मठको छाँया पर्ने गरी समेत खानु हुँदैन भन्ने कुरामा समेत विश्वास राख्छन् । यही कारणले गर्दा भक्तपुर

लाकुलाछेबाट भैरबनाथ मन्दिरमा दिनहुँ लग्ने पुजामा यस मठको छायाँ समेत नपरोस् भनी नृसिंह मन्दिरको पछाडिबाट लाने गरिएको छ । त्यसैगरी यहाँ रहेको प्रेतआत्मालाई नियन्त्रण गर्न मठ अगाडि नृसिंह मन्दिर बनाएको हुनुपर्छ भन्ने कथन पाइँछ (धौभडेल,२०५५:२५) ।

ऐतिहासिक महत्वले भरीपूर्ण यस जंगम मठको मूख्य प्रवेशद्वार पूर्वतर्फ फर्किएको छ । मठको अगाडी भागमा निकै आर्कषक बाकु झ्याल राखिएको छ (चित्र नं ४) । यो मठमा मूख्य गरी तीन वटा चोकहरु छन् । मूलप्रवेशद्वारा भित्र छिर्न वित्तिकै शिवलिङ्ग स्थापना गरिएको सेतो देवल रहेको चोक छ । यस चोकको तीनतर्फ मठघरहरु रहेका छन् । अन्य दुईवटा चोकहरु भने मठको दक्षिण दिशामा रहेका छन् जहाँ विभिन्न देवीदेवताहरु स्थापना गरिएको छ । मठको कुलदेवता वीरभद्र रहेको स्थानमा दायाँबायाँ आँखी झ्यालहरु राखेर बीचमा कोपुझ्या (कोप्ते झ्या) राखिएको छ (चित्र नं ३७) । अन्तर्वार्ताको समयमा शोधकर्तालाई महन्तले दिएको जानकारी अनुसार, वि.स.१९९० सालको भुकम्प जानु भन्दा अगाडी यस्ता झ्यालहरु मठको चारैतर्फ रहेका थिए । यस भुकम्पबाट मठको अधिकाशं भागहरु भत्किएका थिए । वि.स. १९९१ सालमा जुद्धशमशेर राणा भक्तपुर भ्रमण गर्न आउने भएपछि निकै छिटो यो मठ निर्माण गरिएको थियो । दत्तात्रय तचपाल टोलमा यो मठले निर्माण गर्न लगाएको जंगम पाटि रहेको छ । जुन पाटी हाल "Peacock Restaurant" को रुपमा परिणत गरिएको छ (चित्र नं ३८) ।

माथी बर्णन गरिएका प्रमुख मठहरु बाहेक भक्तपुरमा अन्य पनि विभिन्न मठहरु रहेको जानकारी अध्ययनको क्रममा देखिन्छ । ओम प्रसाद धौभडेलद्वारा शोधकर्तालाई उपलब्ध गराई दिएको मठहरुको सूची अनुसार भक्तपुर वडा नं. ३ तचपाल टोलमा माथि उल्लेखित मठहरु बाहेक भुजिखिं मठ, छ्वासकुठ मठ, थाकल मठ, याताछें मठ पनि रहेका छन् । प्रायजसो यी मठहरु हाल निकै जिर्ण एवं कतिपय भत्किसकेको छ । थाकल मठको एउटा शाखा मठ भने हाल पनि भक्तपुरको सरस्वती स्थान, सुडालमा रहेको छ । जसलाई थाकल मठ भनेर नै नामाकरण गरिएको छ ।

## ३.१६. ग्वालदह मठ

भक्तपुर नगर भन्दा बाहिर रहेको एउटा महत्वपूर्ण मठ ग्वालदह मठ हो । यो मठ भक्तपुरबाट लगभग दुई किलोमिटर उत्तर दिशामा चाँगुनारायण गा.वि.स वडा नं ७ मा अवस्थित छ (चित्र नं. ४०) । ऐतिहासिक क्षेत्र चाँगुनारायणको ग्वालदह नामक स्थानमा यो मठ रहेको कारण स्थान विषेशको आधारमा मठको नाम ग्वालदह मठ राखिएको हो । यो मठ दशनामी सन्यासी अर्न्तगत गिरीहरुले चलाउँदै आएको मठ हो । वर्तमान यस मठका महन्त गोपाल गिरी (४६) हुन् । उनी वंशपरम्परा अनुसार वि.सं २०६५ बैशाख २५ गतेका दिन यस मठका महन्त भएका हुन् ।

यस मठको पूजाकोठामा ठूलो र सानो दुईवटा शिलालेखहरु रहेका छन् (चित्र नं.४१) । शोधकर्तालाई महन्त गोपाल गिरीले अन्तर्वार्ताको क्रममा उपलब्ध गराई दिएको ठूलो शिलालेखको विवरण (परिशिष्ट 'ङ') अनुसार, यो मठको स्थापना गंगा गिरी गोसाँइ नामक एक जोगीले वि.सं १७८५ मंगलबारको दिन गरेका थिए । उनले यस मठमा लक्ष्मिनारायण, गौरीशंकरको स्थापना गरी यी

देवताहरुको पूजा संचालन गर्नको लागि आयस्ता स्वरुप विभिन्न जग्गाहरु राखी दिएका थिए । यसका साथै यस अभिलेखमा कार्तिक पूर्णिमाको दिनमा मठमा गर्नुपर्ने पूजाको विवरण समेत उल्लेख गरिएको छ ।

शोधकर्ताले महन्त गोपाल गिरीसँग यसै मठमा लिएको अन्तर्वार्ता अनुसार, यस मठमा गंगा गिरी गोसाइँ पछि वंशपरम्परा अनुसार महन्त हुँदै जाने क्रममा वि.सं.१९५० मा डम्बर गिरी महन्त भएका थिए । उनको समयमा मठको अधिकारलाई लिएर मुद्दा मामिला भएपछि गंगा गिरी गोसाइँको वंश भन्दा बाहिरको व्यक्ति लक्ष्मण गिरी महन्त भएका थिए । लक्ष्मण गिरी पछि राम बहादुर गिरी महन्त भएका थिए । त्यसपछि वि.सं.२०५७ सालमा गंगा गिरी गोसाइँको वंशज बद्रीबहादुर गिरीले मुद्दा जितेपछि उनी यस मठका महन्त भएका थिए । हाल यिनै बद्रीबहादुर गिरीका छोरा गोपाल गिरी यस मठमा महन्तको रुपमा कार्यरत छन् ।

यो मठमा शिवलिङ्ग, विष्णु तथा भिमसेनको स्थापना गरिएको छ । भक्तपुरका अन्य मठहरुमा शिवपाञ्चायन देवताहरुलाई मठ भित्र स्थापना गरिएको भएता पनि यो मठमा  शिवलिङ्ग लगाएत अन्य देवताहरुको स्थापना मठ भन्दा बाहिर खुल्ला आँगनमा स्थापना गरिएको छ । यो मठमा स्थापना भएको महादेव विश्वेश्वर महादेव हुन् । मठमा शिवपाञ्चायन देवताहरु तथा भैरवको मुर्ति राखिएको छैन । तर हाल मठ भित्र रहेका देवताहरुलाई नै ल्याएर शिवलिङ्गको वरिपरि राखिएको छ । विश्वेश्वर महादेव रहेको स्थानमा विष्णुको मुर्ति रहेको देवल (चित्र नं.४२) तथा गंगा गिरी गोसाइँको समाधि माथि शिवलिङ्ग स्थापना गरी सानो देवल निर्माण गरिएको छ । मठमा प्रचलित किंवदन्ति अनुसार, गंगा गिरी गोसाइँले जिउँदै हुँदा समाधि लिएर उनी यस समाधि रहेको स्थानबाट काशीमा निस्किएका थिए । यस समाधिको वरिपरि अन्य पूर्व महन्तहरुको समाधि बनाई त्यसमाथि चारैतर्फ शिवलिङ्गहरु स्थापना गरिएको छ (चित्र नं. ४३) ।

यो मठमा दैनिक नित्य पुजा तथा पर्व पूजाहरु संचालन गर्नको लागि पूजारीको व्यवस्था गरिएको छ । वर्तमान यस मठका पूजारी दिवाकर पौड्याल हुन् । शोधकर्तालाई अन्तर्वार्ताको क्रममा महन्तले दिएको जानकारी अनुसार, मठबाट पूजारीलाई खान्की स्वरुप वार्षिक रुपमा ८ मुरी धान दिने गरिएको छ । यसको साथै मठबाट पूजारीलाई विभिन्न पूजापर्वहरुमा भोजन गराउने, होम गर्दा सिदा भाग दिने, दक्षिणा दिने, दशैंमा नवरात पूजागर्नको लागि धोती, रुमाल, गन्जी, टोपी दिने चलन रहेको छ । यो मठबाट वर्षभरिमा मुख्यगरि प्रमुख पूजापर्वको रुपमा चारवटा गुठी संचालन गरिन्छ । बैसाख पूर्णिमा, अक्षतृतीया, कार्तिक पूर्णिमा, र कार्तिक बदि पञ्चमीको दिन यो मठमा गुठी चलाई पूजा गरिन्छ । बैसाख पूर्णिमा, कार्तिक पूर्णिमा, र कार्तिक बदि पञ्चमीको दिन मठमा शिवजीको रुद्रि गरी होम तथा यज्ञ गरिन्छ । अक्षतृतीया दिन विश्वेश्वर महादेवलाई जलाधारा प्रदान गरी रुद्रि एवं होम गरिन्छ । यस दिन मठमा सर्वत तथा सत्तु बनाएर प्रसाद वितरण गर्ने र जोगी, साधुसन्तहरुलाई बोलाएर भोजन गराउने एवं दक्षिणा दिने चलन छ । यसका साथै मठको तर्फबाट मोही तथा जोगीहरु प्रत्येकलाई

एकमाना च्युरा बाँढ्ने गरिन्छ । यी चारैवटा गुठीको दिन मठमा पाँचजना बाहुनहरु बोलाएर पूजा गरिन्छ । यी दिनहरुमा मठमा भात पकाएर भोग लगाउनु पर्ने हुनाले छुट्टै एक बाहुनीको व्यवस्था गरी भात पकाउन लगाइँछ । रुद्रि पूजा सकिसकेपछि भात लगायत अन्य परिकारहरु राखेर समाधि रहेको स्थानमा महन्त र पूजारी गएर भोग चढाउने गरिन्छ । यसरी गुठी संचालन गर्ने दिनहरुमा मठबाट पाँचजना बाहुनहरु भोजन गराएर दक्षिणा दिने चलन छ । यसका साथै निम्तो गरी बोलाएका मोहिहरु एवं साधुसन्यासीलाई एकछाक खाना ख्वाउने तथा एक-एक माना चामल दान दिने गरिन्छ ।

यस मठमा घटस्थापनाको दिन महन्त आफैले पूजा गर्ने र दशैं अवधिभर दैनिक पूजाआजा गर्ने तथा पाठ पढ्ने काम पूजारीद्वारा गरिन्छ । अष्टमीको दिन मठबाट बोका बलि सहित दुर्गा पूजा गरिन्छ । विगतमा यसै दिन मठमा रहेको भिमसेनलाई पनि बोका बलि चढाएर पूजा गर्ने चलन रहेको थियो । तर हाल मठबाट भिमसेनलाई बलि दिएर पूजा  गर्ने चलन रोकिएको छ । ग्वालदह मठमा शिवरात्रीको दिन सर-सफाइ गरी चोखो भएर पूजारीले शिवजिको पूजा गरिन्छ । शिवजिलाई यो दिन त्रिखुति राखेर जलधारा प्रदान गर्ने तथा मठमा धुनि जगाई शिवजिको रुद्रि पूजागर्ने गरिन्छ ।

ग्वालदह मठ छुटगुठी अर्न्तगत संचालित मठ हो । महन्तका अनुसार, स्थापनाकालमा मठको नाममा लगभग ३५९ रोपनी जग्गाहरु रहेका थिए । पछि तत्कालीन श्री ५ को सरकारले जग्गाहरुलाई रैतानमा परिणत गर्ने रणनीति ल्याएपछि यो मठको पनि कतिपय जग्गाहरु रैतानमा परिणत भएका थिए । यसका साथै मठको कतिपय जग्गाहरु विगतका महन्तहरुले हिनामिना गरेपछि यो मठका जग्गाहरु नाश हुँदै जान थालेका थिए । हाल मठको आयस्ताको रुपमा केवल १५० रोपनी जग्गा बाँकी रहेका छन् । यी जग्गाहरु  ग्वालदह मठ गुठी अन्तर्गत चाँगु भेगको वडा नं ७ र ९ मा रहेका छन् । तर मठको लगभग ६३ रोपनी जग्गाहरु बाँझो भएको कारण मठको आयस्तामा निकै कमी आएको छ । विगतमा यस मठमा मोहीहरुले वर्षमा ८० मुरी धान बुझाउन ल्याउने गरिएता पनि वर्तमान समयमा मठको आयस्ता केही नभएको जानकारी महन्तले दिएका छन् । हाल यो मठमा गुठी संस्थाले आफ्नो अधिकार कायम गरी महन्त नियुक्ति गर्ने तथा जग्गाहरुबाट आयस्ता उठाएर यहाँ पर्व चलाउने कार्य हुँदै आएको छ ।

भक्तपुर नगर भन्दा बाहिर रहेको यो मठको बास्तुकला अन्य मठहरु भन्दा निकै फरक छ । हाल दुई तल्लामा बनेको यो मठमा जस्ताको छाना र काठको दलिन राखेर माटोले छापेर बनाईएको छ । मठको भुँइतल्लामा गाईवस्तु पालेर गोठको रुपमा प्रयोग गरिएको छ भने माथिल्लो तल्लामा पूजाकोठा, भान्छाकोठा र महन्त सुत्ने तीनवटा कोठा रहेको छ । महन्तका अनुसार, स्थापनाकालमा यो मठ निकै ठूलो थियो । वि.सं १९९० सालको भुकम्पमा यो मठ भत्किएपछि पुनःनिमार्ण गर्ने क्रममा मठको वास्तविक स्वरुप विग्रिन पुगेको थियो । त्यसैगरि यो मठ वि.सं २०४० सालमा पनि भत्किएपछि पुनःनिमार्ण गर्ने क्रममा मठलाई वर्तमान स्वरुपमा निर्माण गरिएको थियो ।

# अध्याय चार

# भक्तपुरका मठहरुको धार्मिक साँस्कृतिक एवं आर्थिक अवस्था

## ४.१. मठको धार्मिक अवस्था

मठ शैव धर्मको प्रमुख केन्द्र हो । त्यसकारण प्राय सम्पूर्ण मठहरुमा अनिवार्य रुपमा शिवलिङ्ग स्थापना गरिएको हुन्छ । यद्यपी कुनै मठमा शिवलिङ्गको सट्टा विष्णुको मूर्ति पनि रहेको छ । उदाहरणको रुपमा भक्तपुरको दत्तात्रय तचपाल टोलमा रहेको पुलांचोटा मठलाई लिन सकिन्छ । यो मठमा मुख्य देवताको रुपमा विष्णुको मुर्ति स्थापना गरिएको छ ।

मठमा मुख्यगरी शिवलिङ्गको साथमा शिवपाञ्चायन देवताहरु पनि स्थापना गरिएको हुन्छ । त्यसैले मठमा शैव धर्म प्रधान हुन्छ भने वैष्णव र शाक्त धर्म गौण हुन्छ । मठमा शिवलिङ्गको स्थापना ईशानकोणमा गरिन्छ । विनोद राज शर्मासँग शोधकर्ताले लिएको जानकारी अनुसार, जुन स्थानमा शिवलिङ्ग स्थापना गरिन्छ, त्यो स्थानमा अनिवार्य रुपमा शिवपाञ्चायन देवता राख्नुपर्ने शास्त्रीय नियम छ । शिव परिवारमा बस्ने देवता हो । त्यसैले शिवलिङ्गलाई बीचमा राखी त्यसको चारकुनामा गणेश, देवी, सूर्य र विष्णुको मूर्ति स्थापना गरिन्छ । मठमा पाञ्चायन देवताका साथै अनिवार्य रुपमा कीर्तिमुख भैरवको मूर्ति पनि स्थापना गरिएको हुन्छ । यस मूर्तिले मठमा बलि पूजा पनि चल्छ भन्ने कुरा प्रमाणित गर्दछ । प्रत्येक मठमा कीर्तिमुख भैरवको मुर्तिलाई शिवको अघोर रुप मानेर शिवलिङ्गको दक्षिणाभिमुख पर्ने गरी स्थापना गरिएको हुन्छ ।

मठमा भैरवको मूर्ति हुनु, दशै लगाएत अन्य पूजापर्वमा बलि दिनु, देवाली पूजा गर्नु आदिले शैव धर्मका साथै तन्त्रको पनि ठूलो प्रभाव रहेको कुरा स्पष्ट हुन्छ । प्रत्येक मठहरुमा हरेक पुर्णिमा, चतुर्दशी, तथा एकादशीका दिनहरुमा शिवलिङ्गको विशेष पूजाआजा गरिन्छ । हरेक पञ्चमी तथा पूर्णिमाको दिन मठमा महादेवको रुद्रि गर्ने, भोग चढाउने, होम गर्ने गरिन्छ । यी सम्पुर्ण गतिविधिहरुले मठको धार्मिक महत्वलाई स्पष्ट गर्दछ ।

## ४.२. मठको साँस्कृतिक पूजा विधिहरु

मठको साँस्कृतिक पक्ष पनि निकै महत्वपुर्ण र चाखलाग्दा छन् । मठमा पनि सामान्य व्यक्तिहरुको घरमा जस्तै वार्षिक रुपमा विभिन्न पूजाहरु तथा चाडपर्वहरु संचालन हुन्छ । मठहरुमा रहेका लगतपत्र, शिलापत्र, ताम्रपत्र, दानपत्र जस्ता ऐतिहासिक स्रोतका सामग्रीहरुमा मठमा भएका देवीदेवताहरुको नित्यपूजा देखि वार्षिक चाडपर्व मनाउनको लागि जग्गागुठीको व्यवस्था गरेको कुरा उल्लेख भएका छन् । त्यसैगरी अभिलेखहरुमा मठको आयस्ता हिनामिना गरी पूजापर्वहरु राम्ररी संचालन नगरेमा पापको भागिदार हुनुपर्ने कुराहरु समेत परेबाट मठको साँस्कृतिक महत्वलाई पुष्टि गर्दछ । भक्तपुरका मठहरुबाट प्राप्त आभिलेखिक प्रमाणहरु तथा लगतपत्रहरुको अध्ययनले मठमा के कस्ता

धार्मिक एवं साँस्कृतिक चाडपर्वहरु मनाउँछन् भन्ने कुरा थाहा हुन्छ । प्रायजसो यस्ता मठहरुको साँस्कृतिक चालचलन, परम्पराहरु तथा पूजापर्वका विधिहरु एउटै खालको देखिन्छन् । यद्यपि साँस्कृतिक रुपमा सबै मठहरुको उद्देश्य एउटै भएतापनि मठहरुले आफ्नो आयस्ता अनुसार चाडपर्वहरु मान्ने चलन रहेको छ ।

शोधकर्ताले मठहरुको अध्ययन अनुसन्धान गर्ने क्रममा विभिन्न मठका महन्तहरु सँग लिएको अन्तर्वार्ताबाट पाएको जानकारी अनुसार, प्राय मठहरुमा वैशाख कृष्ण प्रतिपदा देखि जेष्ठ शुक्ल पुर्णिमा एक महिना सम्म मठमा भएको शिवलिङ्ग माथि जलधारा प्रदान गरी दिनहुँ नित्यपुजा गरिन्छ । विस्केट जात्रा भक्तपुरका मठहरुले मान्ने प्रमुख जात्रा हो । चैत्र शुक्ल मसान्तको चार दिन अगाडी देखि शुरु हुने यो जात्रा नयाँ वर्ष शुरु भएर पाँच दिनसम्म मनाइँछ । चैत्र शुक्ल मसान्तको दिनमा भक्तपुरको चुंपीघाटमा लिङ्गो उठाउने जात्रा गरिन्छ । त्यसको भोलिपल्ट बैशाख मेष संक्रान्तिको दिन भक्तपुरका सम्पूर्ण मठहरुले आफ्नो लगतमा उल्लेख भए अनुसार पूजासामग्रीहरु तयार गरी भैरवनाथको लिङ्गोलाई पूजा गर्न जाने परम्परा छ । प्रायजसो मठका महन्त वा मोहिनाइकेले यो दिन बोका बलि सहित भैरवनाथको लिङ्गो पूजा गरिन्छ । मठमा शिवजीको पूजा गर्ने भएको कारण साँस्कृतिक रुपमा सामञ्जस्यता देखाउन मठले भैरवनाथको लिङ्गोलाई शिवजीकै एउटा रुप मानी पूजा गर्ने प्रचलन रहेको हो ।

बैशाख शुक्ल तृतीया अर्थात अक्षयतृतीयाको दिन मठहरुमा शिवजीको विशेष पूजा गरिन्छ । यो दिन पानीमा सख्खर (गुड) मिसाएर सर्वत बनाई सोही सख्खर पानीबाट मठमा शिवलिङ्गलाई अभिषेक गरी रुद्रि पूजा गरिन्छ । त्यसैगरी सत्तु (गहुँको पीठो र चिनी राखी बनाएको लड्डु) बनाई देवतालाई चढाइँछ । यो दिन मठमा भक्तजनहरुलाई प्रसादको रुपमा सख्खर पानीको सर्वत र सत्तु वितरण गरिन्छ । शोधकर्ताले पूजारी विनोद राज शर्मासँग लिएको अन्तर्वार्ता अनुसार, अक्षतृतीयाको दिनलाई मठ स्थापना दिवस पनि भनिन्छ । यो दिनलाई मठको “वर्षबर्धन” वा “भुसांरा” पनि भन्ने गरिन्छ । यदि कुनै पनि मठको स्थापना भएको दिन निश्चित छ भने सोही दिन मठमा गुठी सञ्चालन गरी वर्षवर्द्धन गरिन्छ । तर यदि मठ स्थापनाको दिन एकिन छैन भने अक्षतृतीयाको दिन मठको वर्षवर्धन पुजा गरिन्छ । यो दिन मठमा आउने साधुसन्त तथा गरिवहरुलाई भोजन गराउने, दक्षिणा दिएर पठाउने तथा अन्नदान गर्ने जस्ता धार्मिक क्रियाकलापहरु पनि गरिन्छ । हाल प्राय मठहरुमा यो चलन हराई सकेको छ ।

प्रत्येक मठको आफ्नो इष्टदेवता अर्थात कुलदेवता रहेको हुन्छ । भक्तपुरमा नेवार समुदायले जसरी कुलदेवताको पूजा गरेर देवाली मनाउँछ, त्यसैगरी मठले पनि वर्षको एकपल्ट कुल देवताको पूजा गरिन्छ । भक्तपुरमा नेवारहरुको देवाली पुजा अक्षतृतीयाको दिनदेखि शुरु भई जेष्ठ शुक्ल षष्ठी अर्थात सिठी नखः को दिन भित्रमा गरिन्छ । अक्षतृतीयाको चार दिन पछिको दिनलाई “तःदिन” अर्थात ठूलो दिन मानी धेरैले देवाली पुजा गर्ने परम्परा छ (शर्मा, २०६७:१५) । प्रत्येक मठले जेष्ठ शुदि छ रोज, कुमार षष्ठीको दिने मठ भित्रको पानीका स्रोतहरु सफा गर्ने कार्य गरिन्छ । यो दिन नेवारहरुको घरमा जस्तै

मठमा पनि देवीदेवताहरुको पूजाआजा गरेर बारा र चटामरी (नेवारी परिकार) पकाई देवतालाई चढाउने गरिन्छ । यसै दिन मठमा कुलदेवताको पूजा गरिन्छ । यद्यपी हरेक मठमा कुल देवता पूजा गर्ने अलग-अलग दिन पनि हुन सक्छन् । नेवार समुदायमा देवाली पूजाको अन्तिम दिन सिठी नखःको दिन भए जस्तै मठमा पनि यो दिन सम्ममा देवाली पूजा समाप्त गरिन्छ । दत्तात्रय अखडा अर्न्तगत परेका मठका महन्तहरु यो दिन पूजारी मठमा गएर कुलदेवी दुर्गाको पुजा गर्ने चलन रहेको छ (अमात्य,२०४५:३-४) । प्रत्येक मठको कुलदेवता फरक-फरक हुन्छ । मठको कुलदेवता कुन हो भन्ने कुरा गोप्य हुन्छ ।

श्रावण शुक्ल पञ्चमीको दिन मठको प्रत्येक ढोकाहरुमा बासुकी नागको चित्र टाँस्ने परम्परो छ । बासुकी नागको चित्रलाई महन्तले गोबरको लेप लगाएर मठको ढोकाहरुमा टाँसेर जौ, तील, चामल, गाईको दुध, घ्यू, मह, फूल लगायत नैवद्य चढाएर पुजा गरिन्छ । त्यसैगरी मठबाट श्रावण शुक्ल पुर्णिमाको दिन मठका देवीदेवताहरु लगाएत दत्तात्रय मन्दिरमा विभिन्न प्रकारका काँचो गेडागुडीहरुको मिश्रण क्वाँटी चढाउने गरिन्छ ।

भक्तपुरका मठहरुको साँस्कृतिक एवं धार्मिक पक्षसँग सम्बन्धित महत्वपूर्ण जात्रा “हिलेजात्रा” हो । गाईजात्राको भोलिपल्ट अर्थात भाद्र कृष्ण द्धितीयाको दिन भक्तपुर तचपाल टोलमा रहेको दत्तात्रयको मूर्तिलाई खटयात्रा गरी नगर परिकमा गराएर “हिले जात्रा” मनाइँछ । शोधकर्ताले दत्तात्रय मन्दिरका पूजारी गोपाल पूरीसँग लिएको अन्तर्वार्ताको आधारमा यो दिन दत्तात्रय अखडा अर्न्तगत पर्ने मठका सम्पूर्ण महन्तहरु पूजारी मठमा भोज खाएर साँझ दत्तात्रयको मूर्तिलाई खटमा राखी नगरपरिक्रमा गराइँछ । यो हिलेजात्रा दत्तात्रय टोलबाट शुभारम्भ भई इनाचो, गोलमढी, सुकुलढोका, टौमढी, नासमना, वंशगोपाल, ईताछें, खौमा, दरवार स्क्वायर अगाडी हुँदै चोछें, भोलाछें, थालाछें नागपोखरी हुँदै गछेंको नवदुर्गा मन्दिर (द्ययोछें), सूर्यमढी हुन्दै अन्त्यमा दत्तात्रयमा पुगेर समापन गरिन्छ । खटयात्राको क्रममा दत्तात्रय अखडा भित्र पर्ने १२ मठहरुबाट खटमा रहेको देवतालाई बलि नचल्ने हुनाले सात्विक पूजासामाग्रीद्वारा पूजा गरिन्छ । दत्तात्रयको यो खटयात्रामा दत्तात्रय अखडा अर्न्तगतको सबै मठका महन्तहरु पनि यात्रासँगै नगर परिक्रमा गर्ने चलन छ । नगर परिक्रमा गराइसकेर गुरु दत्तात्रयको मूर्तिलाई पुनःमन्दिर भित्र राखेपछि हिलेजात्रा सम्पन्न हुन्छ ।

भाद्र कृष्ण चतुर्थी अर्थात गाईजात्राको चौथो दिन टौमढीमा रहेको भैरवको “गिर्वाण जात्रा” ( नगर परिक्रमा) गरिन्छ । यो जात्रा भाद्र कृष्ण चतुर्थी र भाद्र कृष्ण पञ्चमी गरी दुई दिन मनाउने गरिन्छ । पहिलो दिन गिर्वाण जात्रा टौमढीबाट शुरु गरी बोलाछें, नासमना, वंशगोपाल, ईताछें, खौमा, दरवार स्क्वायर अगाडी हुन्दै त्रिपुरासुन्दरीबाट ओंलेर सुकुलढोकामा अन्त्य गरिन्छ, जसलाई भैरवको “कोने जात्रा” भनिन्छ । भोलिपल्ट “थने जात्रा” भनि गिर्वाण जात्रा सुकुलढोकाबाट शुरु भई चोछें, भोलाछें, थालाछें नागपोखरी, सलांगणेश मन्दिर परिक्रमा गर्दे, क्वाठण्डौ गछें नवदुर्गा मन्दिरबाट, सुर्यमढी, दत्तात्रय, इनाचो, गोलमढी, सुकुलढोका गरी अन्त्यमा टौमढीमा पुगेर विर्सजन गरिन्छ । खटजात्राको क्रममा भैरवलाई प्रत्येक मठले पूजा गरिन्छ । यो क्रममा भक्तपुरका प्रायजसो मठहरुले आफ्नो लगतमा

उल्लेख भए अनुसार एउटा बोका बलि सहित पूजा गरिन्छ । एकैदिन सबै स्थानमा पुजा ग्रहण गर्दै नगर परिक्रमा गर्न नभ्याउने हुनाले भैरवको खटजात्रा दुई दिन गरिएको हो । टौमढी टोल बाट भैरवलाई जात्राको निम्ति खटमा राख्न बित्तिकै सबैभन्दा पहिले जंगम मठबाट पूजागर्ने चलन छ ।

भाद्र कृष्ण अष्टमीको दिन पाटनमा रहेका मठहरुले विशेष हर्षोउल्लासका साथ धुमधाम सँग कृष्णको पूजा गरिन्छ । भक्तपुरका मठहरुले भने यो दिन सामान्य रुपमा कृष्णको पूजा गरी कृष्णजन्माष्टमी मनाउने गरिन्छ ।

सर्वधारणको घरमा जस्तै मठमा पनि दशैपूजा गरिन्छ । प्रत्येक मठमा दशै मनाउनको लागि अलग्गै दशैकोठा छुट्याएको हुन्छ । आश्विन शुक्ल प्रतिपदाको दिन मठको दशैकोठामा महन्त वा पूजारीले विधिपूर्वक कलश स्थापना गरी घटस्थापना गरिन्छ । दशैकोठामा पुजारी तथा महन्तको परिवार बाहेक अरुलाई पस्ने अनुमति हुँदैन । अष्टमीको दिन मठमा महन्तले पूजा संकल्प गरी बोका बलि सहित कालरात्री पूजा गरिन्छ । कतिपय मठहरुमा अष्टमीको दिन अन्य देवीदेवताहरुलाई पनि बलि दिएर पूजागर्ने चलन छ । नवमीको दिन मठबाट रजस्वला नभएका बालिकाहरुलाई कुमारी देवीको रुपमा विभिन्न पूजासामग्रीहरु सहित पूजा गर्ने तथा भोजन गराउने चलन छ । प्रत्येक मठका मोहिनाइकेले कुमारी पूजाको लागि पहिले नै बालबालिकाहरु खोजेर प्रत्येक बालबालिकालाई एउटा सुपारी दिएर मठमा कुमारी पूजा गर्नको लागि निम्तो गरेको हुन्छ । प्रायजस्तो भक्तपुरका मठहरुमा ९ जना कुमारी, १ गणेश र १ भैरव गरी ११ जना बालबालिकाहरुलाई कुमारी ख्वाउने चलन छ । पहिले सम्पूर्ण मठहरुमा समान संख्यामा कुमारी पूजा गरिन्थ्यो । तर हाल कतिपय मठमा कुमारी पूजा गर्दै नगर्ने तथा कुनै मठमा ३ जना, कुनै मठमा ५ जना र कुनै मठमा ९ जना कुमारीलाई पूजा गर्ने चलन छ । विजया दशमीको दिन मठमा पूजारीले सर्वप्रथम महन्तलाई टीका लगाई दिने काम हुन्छ । त्यसपछि महन्तको परिवारका सदस्य लगायत मठमा बस्ने रकमीहरुलाई टीका लगाई दिने गरिन्छ । दशमीको दिन मोहिनाईकेले मठमा टिका थाप्न आएनन् भने उसले मठबाट दरबन्दिमा पाईराखेको जग्गा छोडेको भन्ने संकेत जनाउँछ । विगतमा मठमा टोलका मानिसहरु समेत आएर टीका थाप्न आउने गरेको जानकारी पाइँछ । शोधकर्ताले गुच्चात्व मठका महन्त राजेन्द्र पुरीसँग लिएको अन्तर्वार्ता अनुसार, टीकाको दिन पूजारी मठ र दत्तात्रय अखडा भित्र पर्ने ११ मठका महन्तहरु बीच दशैको टीका र जमरा आदानप्रदान गरिन्छ । विनोद राज शर्माका अनुसार, केहि बर्ष अगाडी सम्म दत्तात्रय अखडा भित्र पर्ने १२ मठबाट टिकाको दिन एकआपसमा सिधा भाग पनि आदानप्रदान गरिन्थ्यो । तर हाल आएर सबै मठहरुले केवल पूजारी मठमा मात्र सिधा दिने गरेका छन् ।

यसैगरी हाल महन्तहरु मठमा नबसेर अन्य स्थानमा घर बनाई बसोबास गर्न थालेका कारण कतिपय महन्तहरुले मठको जमरा र टीका आफ्नो घरमा लगेर दशै मान्ने गरेका छन् । केही महन्तहरुले भने मठ र आफु बसेको घर दुवै स्थानमा दशैपूजा गर्ने गरेका छन् । घटस्थापनाको दिनदेखि टिकाको

दिनसम्म मठबाट अष्टमातृका तथा नवदुर्गा देवीहरुको शक्तिपीठहरुमा बलि सहित वा सामान्य पूजा सामाग्रीहरुको साथमा पूजा पठाउने पनि चलन छ ।

तिहारमा मठहरुमा पनि दिपावलि सहित यमपञ्चक पूजा गरिन्छ । लक्ष्मी पूजाको दिन प्राय मठको ढुकुटीकोठामा पुजा गरिन्छ । ईखालखु मठमा यो दिन लक्ष्मीको पूजागरी दशैमा बलि दिएर बाँकी राखेको बोकाको सुकुटी मासु पोलेर समेबजी (परम्परागत नेवारी खाजा) बनाई सबैले प्रसाद खाने चलन छ । जंगम मठमा यो दिन लक्ष्मीको विशेष महत्वका साथ पूजा गरिन्छ ।

भक्तपुरका मठहरुले मान्ने अर्को महत्वपूर्ण पर्व माघे संक्रान्ति हो । यो दिन भक्तपुरका मठहरुले दत्तात्रय मन्दिरमा चामल, पिठो, घ्यु, चाकु, तरुल, तरकारी लगाएत ५/५ वटा तीलको लड्डु र दक्षिणा समेत राखी सिधा दिनुर्पछ । शोधकर्तालाई गुच्चात्व मठका महन्तले दिएको जानकारी अनुसार, यो दिन सबै मठहरुमा "तिलौरा फूराउने" भनी तीलको लडडू बनाउने परम्परा छ । तीलको लड्डू बनाइसकेपछि दत्तात्रय अखडा भित्र पर्ने मठहरुले एक आपसमा ५/५ वटा लड्डु बाँध्ने गरिन्छ ।

मठहरु शैवधर्मको प्रमुख केन्द्र भएको कारण फाल्गुण कृष्ण चतुदर्शीका दिन धुमधामका साथ शिवरात्री मनाउने गरिन्छ । यो दिन मठमा दिनभरी शिवजीको पूजा गरिन्छ । मठमा भएको शिवलिङ्गलाई पञ्चामृतद्वारा अभिषेक गरी धुप, दीप, नैवद्य, अक्षता, फलफूल, रोटी, फूल, बेलपत्र, चन्दन आदि चढाएर पूजा गरिन्छ । यसका साथै शिवजीलाई खुशी पार्न विभिन्न धार्मिक मन्त्रहरु जप गर्ने, मठमा होम गर्ने, भोग लगाउने तथा ब्राहमणहरु राखी रुद्रि पाठ गराउने, शिवलिङ्गलाई जलहरी प्रदान गर्ने आदि कार्यहरु पनि गरिन्छ । शिवरात्रीकै दिन मठमा आगो बाल्ने, धुनी जगाउने एवंम भटमास, मकै, गहुँ, हलुवा, स्वारी आदि प्रसादको रुपमा भक्तजनहरुलाई बाँध्ने तथा मठमा आउने साधुसन्यासीहरुलाई भोजन गराउने र गरिब गुरुवाहरुलाई अन्नदान दिने गरिन्छ ।

दत्तात्रय मन्दिर परिशरमा यो दिन नेपालको तराई क्षेत्र र भारतबाट आएका साधुसन्त, नागाहरु (नाङ्गा बाबाहरु) तथा अन्य हिन्दु धर्मावलम्बिहरुको ठूलो घुँईचो लाग्दछ । शोधकर्ताले पूजारी मठका पूजारी गोपाल पुरीबाट प्राप्त जानकारी अनुसार, पशुपतिनाथबाट शिवरात्रीको कार्यक्रम सकाएर दत्तात्रयमा आई बसेका साधु सन्तहरुलाई तीन दिनसम्म पूजारी मठले खान र बस्नको प्रबन्ध मिलाइ दिन्छन् । यस मठबाट उनीहरुलाई गाँजा, भाङ, सुत्नको लागी सुकुल, पराल, दाउरा उपलब्ध गराइँछ । उनीहरुलाई तीन दिनसम्म पुजारी मठबाट अनिवार्य रुपमा भण्डारा ख्वाउनु पर्छ । भण्डारा ख्वाउने क्रममा एकदिन मालपुवा, स्वारी र दुई दिन दालभात तरकारी सहित नास्ताको पनि व्यवस्था गरिएको हुन्छ । यी सन्यासीहरु दत्तात्रय बाट फर्किनु अगाडी "गोलापूजा" गर्ने चलन छ । साधुसन्यासीहरुले प्रत्येक मठमा विदा माग्न जाँदा गोलापूजा गरिएको विगुतको डल्लो लिएर जान्छन् । महन्तले उनीहरुलाई विदा दिने क्रममा त्यहि विगुतको डल्लोमा पूजा गर्ने तथा बाटो खर्चको लागि दक्षिणा दिएर पठाइँछ । हाल शिवरात्रीको समयमा दत्तात्रय मन्दिर परिसरमा आउने साधुसन्यासीहरुको संख्यामा निकै कमी आएको छ ।

गृहस्थी दशनामी सन्यासीहरुको मृत्यु संस्कारमा लाशलाई समाधिष्ट गराउने चलन छ । भक्तपुर दत्तात्रय अखडा अर्न्तगतका १२ मठहरुमा कुनै पनि महन्तको मृत्यु भएमा कटुवालले (मठको कामदार) सम्पुर्ण मठहरुमा खबर दिने कार्य गर्छ । कटुवालले प्रत्येक मठहरुमा सानो कपडामा अलिकति पोका पारेको सख्खर र एउटा सुपारी दिएर महन्तको मृत्यु भएको जानकारी गराउनुका साथै १३ औं दिनमा नयाँ महन्तलाई नियुक्ति गर्न समेत निमन्त्रणा गरिन्छ । शोधकर्ताले तालाक्को मठका महन्तसँग लिएको अन्तर्वार्ताबाट प्राप्त जानकारी अनुसार, मृतक व्यक्तिको लासलाई समाधिष्ट गराउने क्रममा निश्चित स्थानमा खाल्डो खनेपछि लासको निधारमा खरानीको लेप लगाइ, गेरु वस्त्र पहिऱ्याइ उत्तरमुख फर्किने गरि पद्मासनमा समाधि कसाएर खाल्डोमा बसाइँछ । त्यसपछि उक्त समाधिलाई पूजा गरेर समाधिसँगै लट्ठी र कमण्डलु पनि राखिदिने गरिन्छ । यसरी सम्पुर्ण कार्य सकिएपछि माटोमा नुन मिसाएर लाश समाधिष्ट गरिन्छ । विगतमा जुन स्थानमा महन्तको मृत्यु हुन्छ, सोही स्थानमा खाल्डो खनेर लाशलाई समाधिष्ट गराउनु पर्ने चलन रहेको थियो । उदाहरणको लागि दत्तात्रयमा रहेको दथु मठलाई लिन सकिन्छ । हाल सामाजिक परिवेशले गदा मठमा यसरी मृत्यु भएको स्थानमै समाधिष्ट गराउन सम्भव नभएको कारण मृतक व्यक्तिलाई समाधिष्ट गराउन छुट्टै स्थानहरु टोकिएको छ ।

महन्तको मृत्यु पछि मठको नयाँ उत्तराधिकारीको रुपमा पुर्व महन्तकै जेठो छोरालाई नियुक्ति गरिन्छ । नयाँ हुने महन्तले १२ औं दिनसम्म जुठो बारेपछि १३ औं दिनमा उसलाई दत्तात्रय अखडा अर्न्तगतका मठका महन्तहरुले टिका लगाइ दिएर चाडर ओढाएर नयाँ महन्त घोषणा गरिन्छ । त्यसपछि नयाँ महन्तलाई सिँदुर जात्रा गरि दत्तात्रय वरिपरिका देवताहरु परिक्रमा गराइँछ । मठको पुजापर्व रोकिन नहुने हुनाले नयाँ महन्तद्वारा एक बर्ष सम्म सेतो लुगा लगाई बर्खीबार्नु पर्दैन । सिथु मठका महन्त कृष्ण बहादुर पुरीसँग शोधकर्ताले लिइको जानकारी अनुसार, भक्तपुरको दत्तात्रय १२ अखडा भित्र परेका महन्तहरुद्वारा नयाँ महन्त नियुक्ति गर्ने क्रममा सर्वप्रथम पूजारी मठका महन्तद्वारा टिका लगाई चाडर ओढाए पछि क्रमैसंग क्वाठण्डौं मठ, पुलांन चोटा मठ, कुथु मठ, तःजा मठ, सुकुलढोका मठ, दथु मठ, सिथु मठ, चिकंफ मठ, गुच्चात्व मठ, ईखालखु मठ, र तालाक्को मठले टिका लगाई चाडर ओढाउने गरिन्छ ।

## ४.३. मठको आर्थिक पक्ष

मठको आर्थिक पक्षको अध्ययन पनि निकै महत्वपूर्ण हुन्छ । मठमा दिनहुँ विहान र बेलुका पूजा तथा आरति गर्ने, वर्षभरीमा विभिन्न साँस्कृतिक पूजापर्वहरु गर्ने आदिको निम्ति मठमा विभिन्न आयस्रोतहरुको व्यवस्था भएको हुन्छ । विभिन्न मठहरुमा राखिएका शिलापत्र, ताम्रपत्र, लगत, दानपत्र, आदिमा विभिन्न जग्गा गुठीहरु राखी मठको आयस्ताको व्यवस्था गरिदिएको कुरा स्पष्ट हुन्छ । उदाहरण स्वरुप भक्तपुर तचपाल टोल सलाँगणेशको पोखरीबाट उत्तरतर्फ रहेको महादेवको देवलमा टाँसीराखेको ने.स.८७७ को एउटा शिलापत्रलाई लिन सकिन्छ (परिशिष्टःच) । ३१ हरफमा लेखिएको यस शिलापत्रमा शुरुको आठ हरफ संस्कृतमा छ भने हरफ ९ देखि २४ सम्म भिमल गिरी र २५ देखी ३१ सम्म दयाल

गिरीलाई सम्बोधन गरेको छ । यो शिलापत्रमा ने.स ८४६ र ८७७ को दुइवटा सम्बत् उल्लेख भएको छ । शिलापत्रको पहिलो हरफमा ने.स.८४६मा रणजीत मल्लले तचपाल टोलमा रहेको मठमा विश्वेश्वर महादेव स्थापना गरि ५२ रोपनी जग्गा आयस्ता राखी भिमल गिरीलाई दिएको व्यहोरा छ भने पछिल्लो हरफमा रणजीत मल्ललेनै दयाल गिरीलाई पुनः ५२ रोपनी जग्गा आयस्ता राखी दिएको उल्लेख छ (श्रेष्ठ,२०५८:१०-११) ।

शोधकर्ताको अध्ययनको क्रममा ओम प्रसाद धोभडेलद्वारा अनुवाद गरिदिएको यस अभिलेखमा उल्लेखित ब्यवहोरा अनुसार, श्री श्री रणजीत मल्ल देव प्रभु थाकुरको बिजय राज्यमा भिमल गिरीलाई ताम्रपत्र गरि प्रसन्न भए । ज्ञाननाथी भिमल गिरी गुसाँईले श्री ३ विश्वेश्वरलाई प्रिति गरि तचपालको उत्तर लाछिमा ५२ रोपनी आयस्ता सहितको मठ बनायो । यो खेतको भरमा यहाँ आएका दशनामी सबै सन्यासीहरुलाई चामल, मास, पालुंगो, नुन लगायतका दान गर्नुपर्‍यो । यो मठ भिमल गिरीका बंश भएसम्म अरुले आश गर्नु हुदैंन । यदि वंश निरन्तर नरहेमा ठूलो ज्ञाननाथी लाई दिनुपर्छ । अरु पन्थका सन्यासीले विचार गर्नु पर्दैन । यो दत्त राजा, प्रमान, पंच दशनामी आदिले विचार गर्नु पर्‍यों । गर्नेलाई गंगा स्नानको पुण्य मिलोस् लोभ गरि कचिंगल गर्नेलाई पंच महापाप लागोस् । दृष्ट साक्षी बस्ने चन्द्र, सूर्य, दिन, रात, परमान, यज्ञ, नारायण, बालकृष्ण, धर्व्वाशरण, तेकनसिंह, अनिरुद्र, हेलसिंह ॥ शक सम्बत १६४८, विक्रम सम्बत १७८३, कलिसम्बत ४८२७, नेपाल सम्बत ८४६ आषाढ शुदि १२ ॥ राम्रो हेरविचार गर्नेलाई शुभहोस् । किचलो गर्ने साठी हजार वर्ष गुमुतमा किरा जन्मनु परोस् । सम्बत ८४६ बैशाख शुक्ल एकादशी र द्वादशीको दिन महादेव प्रतिष्ठा गरेको दिन हो । बुसाधानको दिन सन्यासी सबैलाई भण्दारा ख्वाउनु पर्छ । महादेवको अभिषेक सहित पुजा गर्नुपर्‍यो । शिवराजीको दिन पचांमृत स्नान गरि २१ वटा बती बाल्नु पर्‍यो । नित्यपुजाको व्यवस्था गर्नुपर्‍यो । शुभअस्तु । स्वस्ती श्री श्री रणजीत मल्ल देवको विजय राज्यमा दयाल गिरीलाई यो ताम्रपत्र लेखी दिएकोमा प्रसन्न भयो । ज्ञानाथी दयाल गिरी गुसाँइले श्री ३ विश्वेश्वरको प्रिति गरि ५२ रोपनी जग्गा आयस्ता सहित मठ बनायो । यो आसस्ताको भरमा सन्यासी सबैलाई प्रत्येक एकजनालाई चामल, नुन आदि थपी दिनुपर्‍यो । यति गरि बाँकी भएको सबै जम्मा गरि खेत थप्नु पर्‍यो । यो मठ दयाल गिरीको वंश छउन्जेल अरुले आस गर्नु हुँदैन । वंश नरहेमा ज्ञाननासीलाई दिनुपर्छ । अरु पन्थीको आस गर्नुहुदैन । यो दत्तको राजा प्रमान पंच देशनामीले विचार गर्नुपर्छ । श्री ३ विश्वनाथलाई नित्यपुजा गर्ने ब्रम्हणलाई ५ रोपनी जग्गा दिनु पर्‍यो । सम्बत ८७७ चैत्र वदि १५ सोमबार अमावासीको दिन यो ताम्रपत्र राखेको दिन भयो ।

मठमा दाताहरुले जग्गा जमिनहरु राखी गूठीको व्यवस्था गरिदिएको कारण मठहरु सम्पन्न भएको देखिन्छ । मठले यस्ता जग्गाहरुको रेखदेखको लागि मोहिको नियुक्ति गरी बार्षिक रुपमा बालि बुझ्ने गर्दछ । शोधकर्ताले पुलांनचोटा मठका महन्त नवराज गिरीसँग लिएको अन्तर्वार्ताबाट प्राप्त जानकारी अनुसार, विगतमा मठको नाममा धेरै जग्गा जमिनहरु हुने कारण ति सबै जग्गाहरु विभिन्न मोहीहरुलाई भाग लगाएर दिएका हुन्थे । तिनै विभिन्न मोहीहरुबाट मठमा विभिन्न जात्रा तथा पर्वहरु

संचालन गर्नको लागि आवश्यक सामाग्रीहरु बालिको रुपमा लिने गरिन्थ्यो । मठबाट यसरी बालि उठाउने क्रममा कुनै मोही सँग बाल्नको लागि दाउरा, कसैसँग धान, कसैसँग मकै, कसैसगँ गहुँ, कसैसगँ पराल र कसैसँग तेल लिने गरिन्थ्यो । यसका साथै कसैसँग पूजा पर्वको समयमा पशु बलिको लागि बोका समेत लिने गरेको हुन्थ्यो । यसरी विगतमा मोहीहरुबाट मठले विभिन्न सामग्रीहरु बालिबापत उठाउने गरिन्थ्यो । त्यसैगरी शोधकर्तालाई विनोद राज शर्माले दिएको जानकारी अनुसार, विगतमा ईखालखु मठमा दशैको समयमा मोहीहरुद्वारा बोका बुझाउन ल्याउने परम्परा थियो । तत्कालीन समयमा यसरी ल्याएका बोका पूजारीलाई समेत नीजि घरमा दशैपूजाको लागि दिने गरिन्थ्यो ।

मठमा नियुक्ति गरिएका रकमीहरुबाट पनि मठको आयस्रोतको बारेमा थाहा पाउन सकिन्छ । विशेषगरी प्राय मठहरुमा पूजाआजा गर्नको लागि एक वा एकभन्दा बढी पूजारी, मठको जग्गाहरु कमाउन दिएका मोहीहरु तथा मोहीनाइके जसले मठका मोहीहरु तथा जग्गाजमिनहरु रेखदेख गर्ने गर्दछन् । त्यस्तै मठको सर-सफाइ गर्नको लागि कुचिकारहरु, मठ बिग्रीय वा भत्किएमा मर्मत सम्भारको लागि अवाले तथा डकर्मी, मठमा फूल ल्याउने मालि, विभिन्न पूजापर्व लगाएत जन्म र मृत्युको समयमा चोख्याउनको लागि नापित आदिका साथै मठमा चण्दन घोट्ने, चोखो पानी ल्याउने, भोग लगाउनको लागि भात पकाउने जस्ता रकमीहरु रहेका हुन्छन् । यो भन्दा बाहेक मठमा कटुवालको पनि नियुक्ति गरिएको हुन्छ । जसले सम्पूर्ण मठहरुको साझा कामदारको रुपमा रहेर मठहरुमा हुने गरेको विभिन्न क्रियाकलापहरु लगायत, महन्तको परिवारमा कसैको जन्म तथा मृत्यु भएको खबर विभिन्न मठहरुमा पुऱ्याउने कार्य गर्दछन् । बिशेषगरि कटुवालको मुख्य कार्य मठमा नयाँ महन्त नियुक्ति गर्ने क्रममा सबै कामको व्यवस्था मिलाउने, नयाँ महन्तको गोडा धोइदिने, महन्तलाई सिंदुर जात्रा गरी नगर परिक्रमा गराउने क्रममा अगाडि तुरही (एक प्रकारको बाजा) बजाउँदै जाने तथा गुरु दत्तात्रयको छडी बोक्ने हुन् । यसप्रकारका मठमा नियुक्ति गरिएका रकमीहरुलाई मठबाट बार्षिक रुपमा खान्की स्वरुप धान दिने, विभिन्न पूजापर्वको बेला भोजन गराउने एवं मठको तर्फबाट लत्ताकपडा वितरण गर्ने तथा कतैकतै नगद दिने आदि व्यवस्था रहेको छ ।

विनोद राज शर्माका अनुसार, वास्तवमा मठमा पूजा गर्ने कार्य महन्तबाट नै हुनुपर्ने हो । तर मठको आयस्ताबाट महन्तहरु धनी एवं सम्पन्न भएपछि आरामदायिक जीवन बिताउने तर्फ उनीहरुको ध्यान जान थाले । त्यसपछि विस्तारै उनीहरुले मठ भित्र र बाहिर देवीदेवताहरुको पूजाआजा गर्नको लागि वार्षिक रुपमा खान्की दिने शर्तमा पूजारीहरु राख्न थालेका हुन् । हाल भक्तपुरका अधिकांश मठहरुमा पूजारीको नियुक्ति गरिएको छ ।

पूजारी मठ भित्रको चोकमा रहेको दुईवटा ताम्रपत्रबाट पनि मठको आर्थिक पक्षको बारेमा जानकारी हुन्छ । यहाँ रहेको ने.स.८४६ को ताम्रपत्रमा दयालगिरी गुसाइँले श्री ३ विश्वनाथको पूजाआजा चलाउनको लागि ५२ रोपनी जग्गा राखिदिएको तथा ने.स.८४६ को ताम्रपत्रमा ज्ञाननाथी भिमल गिरी गुसाइँले श्री ३ विश्वेश्वरको प्रितिमा ५२ रोपनी जग्गा राखिदिएको कुरा उल्लेख छ (पन्तः२३-२६) ।

त्यसैगरी यिनै दयाल गिरीले भक्तपुर बोलाछें स्थित जंगममठमा पनि केहि जग्गाहरु आयस्ताको रुपमा राखिदिएको कुरा जंगममठ भित्र रहेको अभिलेखले स्पष्ट गर्दछ । जङ्गम मठ भित्र रहेके ने.स. ८६३ को रणजितमल्लको अभिलेख तथा ने.स. ६९२ को गंगादेवीको अभिलेखमा राजा विश्वमल्ल, गंगा महारानी, त्रिभुवन मल्ल, त्रैलोक्य मल्ल, जगज्योति मल्ल, नरेश मल्ल, जगतप्रकाश मल्ल, जितामित्र मल्ल, भूपतीन्द्र मल्ल, रणजित मल्ल आदि जस्ता राजपरिवारका सदस्यहरुले मठको आयस्ता वृद्धिको लागि भूमीहरु राखी दिएका उल्लेख पाइँछ (श्रेष्ठ,२०५७:११३-१२६) ।

यसैगरी मल्लकालमा स्थापना गरिएका मठहरुमा प्रयोग गरिएका कलात्मक विभिन्न झ्यालहरु, ढोका, तथा अन्य कलाकृतिले गर्दा पनि मठको सम्पन्न आर्थिक पक्षको बारेमा थाहा हुन्छ । मठहरुबाट साधुसन्त, जोगी तथा गरिबगुरुवाहरुलाई वर्षको चार/पाँच पटक सम्म पनि भण्डारा ख्वाउने गरिन्छ । यसका साथै मठबाट सदावर्त दिने प्रचलन रहि आएको आधारमा पनि मठको सम्पन्न आर्थिक अवस्थालाई बुझाउँछ ।

भक्तपुरका कतिपय मठहरुको विभिन्न शाखा मठहरु एवं "डी" घरहरु रहेका छन् । कुथु मठका महन्त सानुकृष्ण गिरीले दिएको जानकारी अनुसार, पहिले महन्तहरु धनी एवं शक्तिशाली हुने कारणले गर्दा राजाहरले समेत महन्तहरुलाई दरवारमा निमन्त्रण गर्दथे । महन्तहरु पनि राजाहरु जस्तै हात्ति चढी हिड्ने एवं दशैमा दरवारमा गई राजाको हातबाट टिका थाप्ने प्रचलन रहेको थियो । महन्तहरुलाई पनि राजाहरुको जस्तो समान सुविधा दिने गरिन्थ्यो । हाल सम्म पनि दत्तात्रय अखडा अर्न्तगतका मठका महन्तहरुले कसैलाई महन्तको रुपमा नियुक्ति गरी सकेपछि सरकारलाई समेत सो महन्तलाई हताउने अधिकार छैन ।

शाहकालसम्म पनि मजबुत आर्थिक स्रोत भएको मठहरुमा पछिल्लो समयमा आएर विभिन्न आर्थिक संकटहरु देखिन थाले । वि.सं २०२१ सालमा तत्कालीन श्री ५ को सरकारले भूमीसुधार योजना लागू गरेका थिए । यो योजना लागु भएपछि मठका अधिंकाश जग्गाहरु सरकारले रैतानमा परिणत गर्नथाले । यसले मठको आयस्तामा ज्यादै नराम्रोसँग धक्का पुग्न गयो । मठको आयस्ताको लागि राखिएको जग्गाहरु रैतानमा परिणत गरिदिएपछि मठमा जग्गाहरु निकै कम मात्र बाँकी हुन पुग्यो । तसर्थ हाल भक्तपुरका अधिकाशं मठहरुको आर्थिक अवस्था निकै दयनीय हुन पुगेको छ । आयस्रोतमा आएको कमीले गर्दा मठमा दैनिक पूजा तथा बार्षिक पूजापर्वहरु राम्ररी चल्न सकेको छैन ।

# अध्याय पाँच

## भक्तपुरका मठहरुको वास्तुकला

मध्यकालिन वास्तुकला अर्न्तगत विभिन्न मन्दिरहरु, राजदरवारहरु, स्तूप, चैत्य, विहार आदि संगै मठ वास्तुकला पनि पर्दछन् । सामान्यतया मठ वास्तुकला परम्परागत नेवार शैलीको सम्पन्न ब्यक्तिको घर जस्तै हुन्छ । मठको स्वरुप आयातकार तथा बीचमा चोक निकाली चारैतर्फ घरहरु निर्माण गरिएको हुन्छ । मठहरुमा बढि कलात्मक झ्याल ढोका हुनुको साथै कुनै कुनै मठहरुमा मन्दिरहरुमा जस्तै तोरणहरु समेत रहको हुन्छ । भक्तपुरमा रहेका प्रायजसो मठहरु भने चोक शैलीमा चारैतर्फ घरहरु बनाई निर्माण गरिएका छन् ।

शोधकर्ताले भक्तपुरका मठहरुको स्थलगत अवलोकनको समयमा लिएको टिपोटका आधारमा, यहाँका प्राय मठहरु तीन तल्ला र साढे तीन तल्लामा निर्माण गरिएका छन् । अपवादको रुपमा कुनै मठ चार तल्ला सम्मको पनि रहेको छ । उदाहरणको लागि भक्तपुर दत्तात्रय चोकको आग्णेय कोणमा रहेको पूजारी मठलाई लिन सकिन्छ । धेरैजसो मठको भित्रि चोक एक तहको पेटी उठाई निर्माण गरिएका छन् । यसरी मठभित्र चोकहरु निर्माण गर्ने क्रममा एक देखि तीनवटा सम्म पनि चोकहरु रहेको पाइँछ । चोकको पेटीको छेउमा ढुंगा राखी अन्य सबै भागमा ईट्टाको प्रयोग गरिएका छन् । मठभित्रको चोकको बीच भागमा वा कुनै एक ठाँउमा क्षेत्रपाल पनि राखिएको हुन्छ । जसलाई त्यस क्षेत्रको अधिपति वा मठको सुरक्षाको देवताको रुपमा मानिन्छ । मठमा यस्ता चोकहरुको उपयोग देवीदेवताहरुलाई स्नान गराउने, विभिन्न पूजापर्वहरु संचालन गर्ने, तथा महन्तको नित्य स्नान गर्ने आदि जस्ता कार्यका लागि प्रयोग भएका छन् ।

भक्तपुरका धैरेजसो मठहरु चोक शैलीमा निर्माण भएका कारण मठको चारैतर्फ मठघरहरु निर्माण गरिएका छन् । कुनै मठमा भने चोक नभएको कारण एउटा सानो घरको रुपमा मठको निर्माण भएको छ । उदाहरणको लागि भक्तपुर तालाक्को टोलको पश्चिम दिशामा रहेको तालाक्को मठलाई लिन सकिन्छ । त्यस्तै कुनै मठ एक भन्दा बढि घरहरुको समूहको रुपमा पनि बनाइएको पाइँछ । जस्तै पूजारी मठमा चारवटा घरहरुको समूह रहेको छ भने वार्दली मठमा दुईवटा घरहरु रहेका छन् (Korn:1998,40) ।

मठमा चोकको निर्माण गरिसकेपछि प्राय ईशानकोणमा शिवपाञ्चायन देवताहरु सहित शिवलिङ्ग राखिएको पूजाकोठा निर्माण गरिएको छ । त्यसैगरी मठमा शिवपाञ्चायन देवताहरुको साथमा शिवलिङ्गको दक्षिणमूख भएको तर्फ कीर्तिमुख भैरवको मूर्ति पनि स्थापना गरिएका पाइँछ ।

प्रायः तीन तल्लामा निर्माण गरिएका मठहरुको भुँईतल्लामा खुल्ला दलानहरु निर्माण गरिएका छन् । यस्ता दलानहरु मठको चारैतर्फ जान मिल्ने गरी कलात्मक जोडी खम्बाहरु राखेर बनाएका छन् (चित्र नं

२२) । मठको भूइँतल्लामा खुल्ला दलान एवं पूजाकोठाका साथै गाईपाल्नको लागि गोठको पनि व्यवस्था गरेको पाइँछ । मठमा स्थापित शिवलिङ्गको दिनहुँ पूजापाठ तथा रुद्रि गर्नको लागि दुध, दही, घ्यूको आवश्यक परिरहने हुदाँ मठहरुमा गाईवस्तु पाल्ने चलन रहेको देखिन्छ । त्यसैगरी मठमा आएका कुनै पनि व्यक्तिलाई केही पनि नख्वाईकन खाली फर्काउनु हुँदैन भन्ने जनविश्वास अनुसार, दुधमात्र भएपनि ख्वाएर पठाउन यसरी गाई पालेको देखिन्छ । तर वर्तमान समयमा भने प्राय मठहरुमा गाईवस्तु पालेको देखिँदैन ।

मठको भूँईतल्लामा निर्माण भएका कोठाहरुको प्रयोग गोदामको रुपमा एवं मठमा रहने रकमीहरु बस्नको लागि प्रयोग भएको पाइँछ । त्यसैगरी भूँईतल्लामानै पानीको व्यवस्थाको लागि कतै ईनार, कतै जलद्रोणि तथा कतै कुवाको पनि व्यवस्था गरिएको हुन्छ । तर भक्तपुरका अधिकाशं मठहरुमा भने ईनार को व्यवस्था गरिएको पाइँछ । विशेषगरी मठ भित्र रहेका देवताहरुलाई नित्य स्नान तथा चोखो पानी लिन सजिलो होस् भन्ने अर्थमा यसरी मठमा ईनारहरुको व्यवस्था गरिएको देखिन्छ ।

भुईतल्लाबाट माथिल्लो तल्लाहरुमा उक्लिनको लागी काठका भऱ्याङहरु निर्माण गरिएका छन् । धेरैजसो मठहरुमा माथिल्लो तल्लामा जानको लागि एकातिर मात्रै भऱ्याङ छन् भने कुनै कुनै मठहरुमा दुईतिरबाट समेत भऱ्याङहरु बनाएको पाइँछ । उदाहरणको लागि कुथु मठ र तःजा मठलाई लिन सकिन्छ । सम्भवत मठको चारैतर्फ घरहरु बनाई चोक निमार्ण गरिने कारण, चारैतर्फ जान सजिलो हुने गरी यसरी दुवैतर्फ भऱ्याङ राखिएको हुनसक्छ ।

मठको पहिलो तल्लामा पनि विभिन्न कोठाहरु रहेका छन् । ति कोठाहरु अन्नबाली भण्डार गर्ने कोठा, बैठककोठा तथा मठका सदस्य सुत्ने कोठाको रुपमा प्रयोग भएका छन् । भक्तपुरका कतिपय मठहरुमा पहिलो तल्लामा महन्तको गद्दिकोठा तथा दशैकोठा रहेको पाइँछ । प्राय मठको सबैभन्दा माथिल्लो तल्ला खुल्ला राख्ने गरिएका छन् (चित्र नं २१) । विभिन्न पूजा पर्वहरुमा मठमा भोज खानको लागि  यो तल्ला प्रयोगमा ल्याएको देखिन्छ ।

भक्तपुरका कतिपय मठहरु दुईनाली युक्त बनाएको देखिन्छ । मठको अगाडिको भाग र पछाडीको भागको बीचमा “दथु अंग” (Central load bearing wall) राखी मठको निर्माण गरिएको छ । यदि मठ घर फराकिलो छ भने बीचमा दथु अंगको प्रयोग गरिएको हुन्छ (Korn,1998:40) । मठको पहिलो तल्लामा दथु अंगको प्रयोग गरिएता पनि दोस्रो तल्लामा भने यस्तो भित्ता राखिएको पाइँदैन । मठको यो भागमा केवल खम्बाहरु मात्र राखी खुल्ला छोडीएको हुन्छ । उदाहरणको लागि हाल धातुकला संग्रहालय राखिएको चिकंफ मठ र काष्ठकला संग्रहालय राखिएको पूजारी मठलाई लिन सकिन्छ ।

मठका छानाहरु अगाडि र पछाडि भिरालो आकारमा निर्माण गरी भिंगतिले छाएका छन् ।  छानालाई भिरालो पार्न ३० डिग्री देखि ४५ डिग्री सम्म ढल्किने गरी राखिएका छन् । प्रायजसो भक्तपुरका मठहरुमा

छानाको धुरीको मध्य भागमा गजुर राख्ने चलन पाइँदैन तर अपवादको रुपमा तःजा मठमा भने गजुरको समेत प्रयोग गरिएको छ ।

हाल भक्तपुरका केहि मठहरुमा कौसी पनि राखिएको पाइँछ । स्थापनाकालमा मठहरुमा कौसी नराखिएता पनि, पछि पुनःनिर्माण गर्ने क्रममा मठमा कौसी थपेको देखिन्छ । सम्भवतः पछिल्लो समयमा मठलाई परिमार्जन गर्दै लाने क्रममा नेवार घरहरुको वास्तुशैलीको प्रभावका कारण कौसी राख्ने चलन शुरु भएको अनुमान गर्न सकिन्छ ।

भक्तपुरका मठ वास्तुशैलीको एउटा महत्वपूर्ण विशेषता मठमा प्रयोग गरिएका विभिन्न प्रकारका कलात्मक झ्यालहरु हुन् । मठहरुमा प्रायजसो तिकाझ्या, साँझ्या, नागपाश झ्या, पाशुका झ्या, विमान झ्या, भौप्वा झ्या, म्ह्यख्वा झ्या, गोल झ्या (चित्र नं ३) प्रयोग गरिएका छन् । काष्ठकलामा भक्तपुरका मठहरुले विश्वमा आज जुन प्रतिष्ठा आर्जन गरेको छ, त्यसमा यी झ्यालहरुको ठूलो योगदान रहेको छ । मध्यकालिन भक्तपुरमा घर निर्माण गर्दा विभिन्न किसिमका काष्ठझ्यालहर जडान गरेमा आफ्नो इज्जत बढ्छ भन्ने मान्यता रहेको थियो (मुनंकर्मी,२०५४:४३) । मठहरुमा राखिएका विमान झ्यालहरुमा विभिन्न कलात्मक बुट्टाहरु तथा देवगण र देवगणका वाहनका आकृतिहरु पनि कुँदियको पाइँछ । त्यसैगरी कतिपय मठहरुको अवस्था र क्षेत्रफल अनुसार एकैसाथ तीनवटा वा पाँचवटा सँझ्यालहरु जोडेर पनि राखिएका छन् । यसरी राखिएका सँझ्यालहरु विभिन्न ज्यामितिय आकारहरुको स्वरुपमा निमार्ण गरिएका छन् । पाँचवटा झ्यालहरु राखी बनाएको सँझ्या वा विमान झ्यालाई मठमा पाञ्चायन देवताको प्रतिक मानिन्छ । त्यसैगरी तीनवटा झ्यालहरु सहितको विमान झ्याललाई ब्रहमा, विष्णु र महेश्वरको प्रतिक मानिन्छ । दथु मठको दोस्रो तल्लामा रहेको पंचमुखी विमान झ्याल र सिथु मठमा रहेको तीन मुखे विमान झ्याल यस्तै प्रतिक स्वरुप राखिएका हुन् । त्यस्तै मठमा तोरण सहितको विमान झ्याल पनि निर्माण गरिएको देखिन्छ । उदाहरणको रुपमा भक्तपुर पूजारी मठस्थित चोक भित्र रहेको विमान झ्याललाई (चित्र नं १४) लिन सकिन्छ । मठहरुमा प्राय देवताहरु राखिएको स्थानमा पाशुका झ्यालको प्रयोग गरिएको पाइँछ । धैरेजसो मठहरुको पहिलो तल्लामा पाशुका झ्याल तथा तिकाझ्या राखिएका छन् भने दोस्रो तल्लामा मठको गारो भित्ताबाट बाहिर निकाली विमान झ्याल, सँझ्याल एवं गाःझ्यालहरु (चित्र नं ३९) राखिएका छन् ।

मठमा विमानझ्याल एवं सँझ्यालका साथै अन्य विभिन्न प्रकारको झ्यालहरु पनि राखेको पाइँछ । जस्तै कमल झ्याल, मयूर झ्याल आदि । यी झ्यालहरु मध्ये पूजारी मठको पूर्वी भागमा रहेको मयूर झ्याल विश्व प्रसिद्ध छ । मठमा झ्यालहरु राख्ने क्रममा छानाभन्दा माथी माकःप्वल नामक झ्याल समेत राख्ने गरेको उदाहरण गोदावरी मठमा देखिन्छ । मठहरुका झ्यालहरु निर्माण गर्ने क्रममा कतै-कतै फर्जी झ्यालहर (False window) समेत राखिएका छन् । प्रायजसो झ्यालका पल्लाहरुमा पूर्ण कलश, कमल र देवदेवीहरुको आकृति बनाएको देखिन्छ ।

भक्तपुरका प्रायजसो मठको अगाडी पट्टिको भित्तामा तेलिया ईट्टाको प्रयोग गरिएको छ । यस्तो ईट्टाहरु माटोले जोडेर बनाउनुका साथै दुई ईंटाबिचको जोर्निको बाहिरी भागमा सिलाय् (सल्लाको रुखमा घाउ गरेपछि निस्कने थौरा नामक झोलमा तेल, कपास वा जुत, काठको धुलो तथा रंग मिसाएको मिश्रण) नामक एक प्रकारको रसायन पनि प्रयोग गरिएको देखिन्छ । यसको प्रयोगले मठको अगाडी मोहडाको (Facade) भित्ता भित्र पानी छिर्ने सम्भावनालाई कम गर्छ । मठको भित्री भित्ता भने काँचो ईट्टा वा साधारण पोलिएको ईट्टाको प्रयोग गरी माटोले ईट्टाहरु जोडी बनाएको पाइँन्छ । मठमा रहेका भित्ताहरु १८ इन्ची देखि २४ इन्ची सम्मको बाक्लो छन् ।

भक्तपुरका केही मठहरुमा मुख्य प्रवेशद्धारको माथि आर्कषक ढंगमा काठको अर्धचन्द्रकार तोरण राखिएका छन् । उदाहरणको रुपमा पूजारी मठ (चित्र नं १२) र दथु मठको मूल प्रवेशद्धार (चित्र नं १२) माथि राखिएको कलात्मक तोरणलाई लिन सकिन्छ । यस्ता तोरणहरुमा विभिन्न देवीदेवताहरुको मूर्ति कुँदेर राखिएका छन् । देवताहरुको मूर्ति वरिपरि अन्य देवीदेवताहरुका आकृतिहरु, मकरमुखाकृति र फूलबुट्टाहरु पनि कुँदेर राखेको पाइँछ । तोरणको माथिल्लो भागमा गरुड, नागकन्याहरु तथा अष्टमंगलका विभिन्न प्रतिकहरु पनि राख्ने गरेको देखिन्छ । त्यसैगरी यस्ता तोरणहरुमा पंचायन देवताहरु एवं त्रिदेवको प्रतिक स्वरुप स-साना मूर्तिहरु एवं अन्य बुट्टाहरु समेत राख्ने गरेको देख्न सकिन्छ ।

मठ भित्र प्रवेश गर्ने मुख्य प्रवेशद्धारमा पनि विभिन्न कलात्मक आकृतिहरु कुँदिएर आर्कषक बनाएको देखिन्छ । ढोका, ढोकामा खापा, र चौकसहरुमा समेत तत्कालीन कलाकारहरुले विभिन्न ज्यामितिय आकारहरु, फूलवुट्टाहरु, पूर्णकलशक बुट्टा कुदिँएका छन् । यसका साथै ढोकाका पल्लालाई आर्कषक बनाउन तिनका माला, सर्प, फूल, कलश, मकर (गोही), देवीदेवताहरु तथा अष्टमंगलका आकृतिहरु पनि कुँदिएका छन् । ढोकाको छेउमा दुवैतिर पखेटा आकृतिको (Door Wings) निर्माण तथा त्यसमा कुदिँएका मकरआकृति, देवीदेवताका आकृति एवं फूलबुट्टाहरुले पनि मठको सुन्दरता बढाएको छ ।

# अध्याय छ

# उपसंहार

## ६.१. अध्यायगत सारांश

भक्तपुरका प्रमुख मठहरु शीर्षकको बारेमा अध्ययन अनुसन्धान गरिएको यस शोधपत्रको पहिलो अध्यायमा मठको बारेमा संक्षेपमा परिचय, यो विषय अध्ययन गर्नुको मुख्य समस्या एवं उद्देश्य, तथा मठहरु सम्बन्धि जानकारी पाउन सकिने विभिन्न पुस्तक र लेखहरुको बारेमा उल्लेख गरिएको छ । यस अध्यायमा मठहरुको अध्ययनको औचित्यको बारेमा वर्णन गर्नुका साथै अध्ययनको क्षेत्र भक्तपुरमा भएका मठहरुमा मात्र सीमित गरी नेपालका अन्य स्थानहरुमा भएका मठहरुको सामान्य परिचय मात्र दिएको छ । यसको अलावा अध्ययनको क्रममा अपनाउने विभिन्न पद्धतिहरुको बारेमा पनि छोटो जानकारी रहेको छ ।

शोधपत्रको दोस्रो अध्यायमा मठको ऐतिहासिक पृष्ठभूमिको बारेमा बर्णन गरिएको छ । यो अध्यायमा आदि शकंरार्चको परिचय, मठ परम्पराको विकासमा उनको भूमिका तथा योगदानहरुको बारेमा ब्याख्या गरिएको छ । यसै अध्यायमा दशनामी सन्यासी सम्प्रदायको अवधारणा, नेपालमा मठको शुरुवात तथा विकासक्रम, लगायत तिब्बतमा भएको मठहरुको बारेमा पनि छोटो वर्णन गरिएको छ ।

तेस्रो अध्यायमा भक्तपुरमा भएका प्रमुख मठहरुको विस्तृत रुपमा चर्चा गरिएको छ । यस अध्यायमा प्रत्येक मठहरु स्थापना भएको ठाँउ, इतिहास, नामाकरण सम्बन्धि विभिन्न कुराहरु उल्लेख गरिएको छ । यसका साथै मठसँग सम्बन्धित महन्तहरु तथा ज्ञाताहरुको भनाइ अनुसार प्रत्येक मठहरुको दैनिक एवं वार्षिक पूजापर्वहरुको ब्याख्या सहित मठको समग्र पक्षका बारेमा उल्लेख गरिएको छ ।

चौथो अध्यायमा भक्तपुरका मठहरुको धार्मिक, साँस्कृतिक एवं आर्थिक अवस्था शीर्षक अर्न्तगत समग्ररुपमा भक्तपुरमा स्थापना भएका मठहरुको धार्मिक, साँस्कृतिक तथा आर्थिक पक्षहरुको बारेमा विस्तृत अध्ययन सहित व्याख्या गरिएको छ । यस अध्यायमा मठको धार्मिक अवस्था, प्रत्येक मठहरुले गरिने विभिन्न साँस्कृतिक पूजा पर्वहरु एवं त्यस सम्बन्धि गरिने क्रियाकलापहरुको वर्णन गरिएको छ । यसका साथै यस अध्यायमा मठहरुको आर्थिक पक्षको बारेमा आभिलेखिक प्रमाणहरु सहित चर्चा गरिएको छ ।

पाँचो अध्यायमा भक्तपुरको मठ वास्तुकलाको बारेमा उल्लेख गरिएको छ । यस अध्यायमा भक्तपुरका मठहरुको निर्माण शैलीको चर्चा गरिएको छ । मठ वास्तुकला भित्र पर्ने चोक, मठका प्रत्येक तल्लाहरुको प्रयोजन, मठमा राखिएका विभिन्न झ्याल, ढोकाहरु तथा यसमा कुँदियको कलाकृतिहरु तथा मठ वास्तुकला भित्र रहेका अन्य सम्पुर्ण पक्षहरुको बारेमा ब्याख्या गरिएको छ ।

छैठौं अध्यायमा सारांश, निष्कर्ष तथा अध्ययनको क्रममा देखिएको विभिन्न समस्याहरु र सुझावहरु दिइएको छ। यसरी यो शोधपत्रलाई छ वटा अध्यायमा विभाजन गरी तयार गरिएको छ।

## ६.२. निष्कर्ष

भक्तपुरमा रहेका विभिन्न धार्मिक एवं साँस्कृतिक सम्पदाहरु मध्ये यहाँ रहेको मठ सम्पदा पनि निकै महत्वपूर्ण छ । यी मठहरुले भक्तपुरको धार्मिक र साँस्कृतिक क्षेत्रमा अतूलनीय भूमिका निर्वाह गरेका छन् । उत्तरगुप्तकालका महान् दार्शनिक शंकराचार्यद्वारा शुरु गरेको मठ परम्परा वास्तवमा हिन्दु धर्मलाई जोगाउने एउटा बलियो आधार भएको छ । आदि शंकराचार्यद्वारा शुरुमा भारतको चारैदिशामा मठको स्थापना गरेर आफ्नो योग्य शिष्यहरुलाई चेला बनाई मठ परम्पराको विकासको पहल अगाडि बढाएका थिए । उनका तिनै चेलाहरु मार्फत पछि गएर गिरी, पूरी, तीर्थ, वन, आश्रम, आरण्य, सरस्वति, भारति, सागर र पर्वत गरि दशनामी सन्यासीको अवधारणा शुरु भएको थियो । तर शुरुमा सन्यासीहरु बस्ने घरलाई मठ नभनि आश्रम भनेर सम्बोधन गरेको देखिन्छ ।

आदि शंकराचार्यद्वारा भारतको विभिन्न स्थानहरुमा मठको स्थापना गरेपछि त्यसको प्रभाव नेपालमा पनि परेको थियो । नेपालमा पूर्वमध्येकालमा शैवधर्मको विकास सँगै मठहरु विकास भएका थिए । दशनामी सन्यासीहरु सुरुमा सन्यासी जीवन बिताउँथे भने पछि गएर गृहस्थी जीवनतर्फ उन्मुख भएका थिए । मध्येकालिन नेपालमा प्रचुरमात्रामा मठघरहरु विकास भएतापनि मठको संख्यात्मक वृद्धि भक्तपुरमा रहेको छ । भक्तपुरमा मूख्य गरी दत्तात्रय अखडा अर्न्तगत प्रमुख १२ मठहरु रहेका छन् । यी सन्यासी मठहरु भन्दा बाहेक बेग्लै अस्तित्व रहेको जंगममठ भक्तपुरको सबैभन्दा पूरानो मठ भएको कुरा त्यहाँ प्राप्त अभिलेखले स्पष्ट गर्दछ ।

कलात्मक काष्ठकला सौर्दयताको आधारमा भक्तपुरका मठहरु मध्ये पूजारी मठ अग्रपक्तिंमा पर्दछ । भक्तपुरका प्राय मठहरुको निर्माण मल्लकालमा भएका हुन् । पछिल्लो समयमा आएर शाहकालमा समेत मठहरु स्थापना गर्ने क्रमले निरन्तरता पाउँदै जान थालेका थिए । नेपालमा मात्र नभई विश्वमा नै प्रसिद्ध हुनपुगेको पूजारी मठ प्राचीनता एवं अनुपम काष्ठकलाकृतिका कारण महत्वपूर्ण देखिन्छ । त्यसैगरी पूलांनचोटा मठमा शिवलिङ्गको बदलामा वैष्णव मूर्तिको स्थापना हुनाले यो मठ अन्य मठहरु भन्दा फरक देखिन्छन् । दत्तात्रय तचपाल टोलमा नै छरिएर रहेका चिकंफ मठ, तःजा मठ, दथु मठ तथा सिथु मठ आफ्नो मौलिक नेवारी नामाकरण तथा मठहरुमा प्रयोग भएको विभिन्न प्रकारका झ्यालहरुका कारण प्रसिद्ध देखिन्छन् । पुरानो घरको भित्री भागलाई आधुनिक रहन सहनको निमित्त परिमार्जन गरिएको कुथु मठ विदेशी सहयोगका कारण निकै व्यवस्थित देखिएको छ । यो मठमा भएको भित्तेचित्र एवं कलात्मक झ्यालहरुका कारण आर्कषक मठहरुको सूचीमा यो मठ पनि पर्दछन् ।

यसका साथै नेवार वस्तिमा स्थापना भएको सुकुलढोका मठ, नवग्रहको प्रतिकहरु रहेको गुच्चात्व मठ, शिर मठ वा सन्यासी मठको नामले परिचित क्वाठण्डौं मठ, कान्छो मठको रुपमा परिचय

बनाएको तालाक्को मठ, लिङ्गायत वीर शैव सम्प्रदायले संचालन गर्दै आएको जंगम मठ, पूजासामाग्रीहरुमा अभिलेखको उत्किर्ण भएको ईखालाखु मठ, तथा भक्तपुर नगर भन्दा बाहिर ऐतिहासिक क्षेत्र चाँगुनारायणमा रहेको ग्वालदह मठमा दैनिक एवं वार्षिक रुपमा गरिने पूजापर्वहरुले भक्तपुरको संस्कृति निर्माणमा थप टेवा पुऱ्याएका छन् ।

भक्तपुरका प्रायजसो मठहरुमा एक तहको पेटी सहित एक वा एक भन्दा बढी चोकहरु हुनु, चोकको चारैतर्फ मठघरहरु निर्माण गर्नु, ईशानकोणमा शिवपाञ्चायन देवताहरु स्थापना गर्नु, तीन देखि साढे तीन तल्लामा मठ निर्माण गर्नु, मठको भूईतल्लामा खुल्ला दलान बनाउनु, मठमा विभिन्न कोठाहरु बनाउनु, झिंगति छानाको प्रयोग गर्नु तथा ईट्टा र माटो लगायत काठको प्रयोग गरी बनाएका मठहरुमा राखिएको विभिन्न कलात्मक झ्यालहरु आदिले मठको उच्चतम वास्तुशैलीको परिचय दिएका छन् । यसैकारण हाल भक्तपुरका केही मठहरुलाई पुरातत्व विभागले संग्रहालयको रुपमा समेत परिणत गरिदिएका छन् ।

यसरी भक्तपुरमा स्थापना भएका मठहरुको जस्तोसुकै महत्वपूर्ण भूमिका भएतापनि हाल प्राय मठहरुको अस्तित्व घट्दै गएको देखिन्छ । स्थापनाकालमा निकै सम्पन्न रहेका यहाँका मठहरु हाल कमजोर आर्थिक अवस्थाका कारण आफ्नो मौलिक धर्म तथ परम्परागत संस्कृतिहरुलाई निरन्तरता दिन सकिराखेको देखिन्दैन । वि.सं.२०२१ सालमा तत्कालीन श्री ५ को सरकारले लागू गरेको भूमी सुधार ऐनका कारण मठहरुको आर्थिक पक्ष कमजोर हुँदै गएका छन् । अतः मध्यकालिन कला वास्तुकला र धर्म संस्कृतिले भरिपुर्ण यहाँका मठहरुलाई तत्कालै विशेष महत्व र उचित संरक्षण गर्नु निकै आवश्यक छ ।

## ६.३. सुझावहरु

- गूठीसंस्थान र सम्बन्धित ब्यक्तिहरुले मठसँग सम्बन्धित आफ्नो कर्तब्य र जिम्मेवारीलाई निष्ठा पुर्वक बहन गर्नु निकै आवश्यक देखिन्छ ।
- मठहरुमा भएका ताम्रपत्र एवं देवीदेवाताहरु मूर्ति हराउँदै गएको कारण मठमा अन्य ब्यवस्थाहरुको साथमा कडा सुरक्षाको पनि ब्यवस्था गरिनु पर्दछ ।
- मठका उत्कृष्ट कलात्मक झ्याल तथा ढोकाहरु संरक्षणको अभावले गर्दा जिर्ण हुँदै जान थालेका छन् । तसर्थ भक्तपुरको संस्कृति मात्र नभई पर्यटकहरुको समेत आर्कषणको केन्द्रविन्दु मठहरुको संरक्षणको लागि तत्काल सुधारका कदमहरु चाल्नु पर्ने देखिन्छ ।
- हाल कतिपय मठहरुलाई होटेल, रेष्टुराँ तथा पसल कवलको रुपमा परिणत गरी व्यापारिकरण गरिएको छ । तसर्थ मठमा हुने गरेको यस्तो प्रवृतिलाई रोकेर मठको मौलिक स्वरुपलाई कायम राख्ने पहलहरु गर्नुपर्ने देखिन्छ ।

- हाल कतिपय मठहरुमा स्थानीय वासिन्दाहरु, सरकारी निकायका विभिन्न कार्यालयहरु एवं केही राजनीतिक दलले मठघरहरु आफ्नो मातहतमा लिएका कारण, मठहरुको वास्तविक पहिचानहरु गुम्दै गएका छन् । त्यसकारण सम्बन्धित निकायले यसमा विशेष ध्यान दिनु निकै आवश्यक छ ।
- स्थापनाकालमा मठको नाममा प्रशस्त जग्गाजमिनको व्यवस्था भएतापनि हाल कतिपय जग्गाहरु के कस्तो अवस्था छन् भन्ने एकिन छैन । मठको प्रमुख आयस्रोतको आधार गुठी जग्गाहरु हुन् । त्यसकारण यस्ता जग्गाहरुको विवरणको बारेमा खोजिनीतिका कार्यहरु गर्न जरुरी छ ।
- कतिपय मठहरुमा रहेका शिलापत्रहरुमा पूजा गर्ने तथा गोबर दल्ने जस्ता क्रियाकलापहरु भएका छन् । यसबाट त्यस्ता आभिलेखिक स्रोतहरु नाश हुँदै गएका कारण तिनीहरुको उचित संरक्षणको ब्यवस्था गरिनु पर्ने देखिन्छ ।
- प्रायजसो मठहरु जिर्ण हुँदै गएका छन् । भत्किएको छानालाई हटाई जस्तापाताले छाना छाउने, सिसा प्रयोग गरी झ्यालहरु राख्ने तथा "कोःप्वल" (ढल्किएको भिंगति छाना) हताई कौशीको निर्माण गर्ने आदिले गर्दा मठको वास्तविक स्वरुप नाश हुँदै गएका छन् । यसकारण स्थानिय निकाय एवं जानकार व्यक्तिहरुले यस सम्बन्धि ध्यान दिदां ज्यादै राम्रो हुनसक्छ ।
- मठका भित्तेचित्रहरुले तत्कालीन समाजको सामाजिक एवं सांस्कृतिक पक्षहरु अवगत् गराउँछ । त्यसैले मठका भित्तेचित्रलाई मौलिक अवस्थामै राखेर संरक्षण गर्न सकिएमा मठको महत्व अझ बढि देखिन्छ ।
- मठको मौलिक पहिचान, यसमा प्रयोग गरिएका कलाकृतिहरु, मठले गर्नुपर्ने विभिन्न धार्मिक एवं साँस्कृतिक क्रियाकलापहरु आदिको जर्गेना गर्नको लागि सबैले संरक्षकको भूमिका अर्निवार्य रुपमा निभाउनु पर्दछ । अनिमात्र हामीले यस्ता सम्पदाहरु जोगाउन सकिन्छ ।

## परिशिष्ठ ‘क’

### केन्द्रीय लगत अभिलेख शाखा कार्यालय, भद्रकाली, काठमाडौबाट प्राप्त नेपाल भरिका मठगुठी विवरण निम्न अनुसार रहेको छ :-

| अञ्चल | जिल्ला | गुठीको लगत नं. | मठ गुठीको नाम |
|---|---|---|---|
| कोशी | सुनसरी | ९३५ | पिण्डेश्वर मठ गुठी |
| | | - | चटरा मठ गुठी |
| | | - | धुनी मठ गुठी |
| सगरमाथा | सिरहा | ६१७ | सिराहा सारश्वेर मठ स्थान श्री सारस्वतरनाथ महादेव |
| | सप्तरी | ४१९ | हनुमान नगर भेडिया त्रिखण्डी मठ गुठी |
| जनकपुर | महोत्तरी | ३६० | सिमरदयी मठ स्थान |
| | | - | महोत्तरी तुल्सीयानी मठ स्थान |
| | धनुषा | ३७ | धनुषा ईटहर्वामठ स्थान |
| | | ३५ | धनुषा धनौजी मठस्थान |
| | | ४१८ | जनकपुर रत्न सागर मठ गुठी |
| | | ९८ | जनकपुर श्री जानकी मठ गुठी |
| | | - | श्री रानी पाटी तोताद्री मठ |
| बाग्मति | काठमाण्डौ | ११ | शोभा भगवति पछाडिको नानक गुरुपादुका मठ गुठी |
| | | ८० | दक्षिणकाली श्री शेषनारायण मठ घरगुठी |
| | | - | थापाथली दशनामी अखडा |
| | | - | उडासी अखडा |
| | | - | बैरागी अखडा |
| | | - | नाथ अखडा |
| | | ४३७ | काठमाडौं तलाछी मठ |
| | | ३५५ | ज्ञानेश्वर विष्णु पादुका नानक मठ गुठी |
| | | ९४५ | आदेश्वर मठ स्थान गुठी |
| | | ३३० | देउपाटन धुनी मठ गुठी |
| | | ९३० | तेकर चखु मठ गुठी |
| | | ४५ | नघल मठ गुठी |

| | | | |
|---|---|---|---|
| | | दुकुटी तर्फ | देउपाटन शंकराचार्य मठ गुठी |
| | ललितपुर | ९३० | टेकर चलनु मठ गुठी |
| | | ४५८ | विशंखु काभ्रेछाप मठ गुठी |
| | | २२ | विशंखु धोविखोला मठ गुठी |
| | भक्तपुर | १५९ | तचपाल टोलका पुलानचोटा मठ गुठी |
| | | ३४७ | क्वाठण्डौ मठ गुठी |
| | | ३७४ | चिकंफ मठ गुठी |
| | | ३८५ | सुकुलढोका मठ गुठी |
| | | ५३४ | जंगम मठ गुठी |
| | | ६३५ | तःजा मठ गुठी |
| | | ३४ | चाँगु ग्वालदह मठ गुठी |
| | | ५० | भक्तपुर दत्तात्रय पुजाहारी मठ गुठी |
| | | २३ | इखालखु मठ गुठी |
| | | १४३ | श्री सिठु मठ गुठी |
| | | ८५ | पनौती स्याकु मठ गुठी |
| | | ९७५ | पनौती खोपासी मठ गुठी |
| नारायणी | मकवानपुर | १२९ | चितलाङ ताहामठ पौवाधारा वंगाला गुठी |
| | पर्सा | ८३१ | मौजे सूर्जाकट्टी मठ गुठी |
| | | ७ | पर्सा चैनपुर पिण्डरा मठ गुठी |
| | | ६९७ | पर्सा मौजे बौरीया मठ गुठी |
| | | १०५ | पर्सा नौ रंगिया मौजेको ठाकुरजिका मठ गुठी |
| | बारा | १४५ | बारा करकच मठ |
| | | श्री .३.स.का.वा.३८ | बाराको कंकाली मठ गुठी |
| | | १९५ | वीरगंज बलिरामपुर बानेश्वर मठ गुठी |
| | | - | सिमरौन मठ श्री रामचन्द्र स्थान गुठी |
| | रौतहत | ९५ | रौतहट मौजे पुरेनवा मठ गुठी |
| | | २५ | औलिया मठ गुठी |
| गण्डकी | कास्की | ३९० | कुडहर रामघाट मठ गुठी |

# परिशिष्ट 'ख'

## क्वाठण्डौं मठमा रहेको ताम्रपत्रको मुलपाठ


स्वस्ति ॥ ऊँ नमो शिवाय नमामि शंकर देवं पारवति सहितं विभूं व यस्य स्मरण मात्रेन बशु सुधाति पात कान ॥ संपाते बशु तकं वारण मिते नेपाल सम्बत आषाढ हीताः वछेकै विधि तिथौ गुरुवा सरे नक्षत्र दीति दै वते सम कसै संख्यामो इन्द्र मठे भकत्या राम गिरि प्रपूज्य बशू नी नी प्रात स्व धर्माद्यौतः ऊँ अद्य वार हके त्ये वै वस्वतः । मत्वं तरे कलियुग भरत खण्डे हिमत दक्षिण पादे नेपाल देशो श्री ३ पशुपति सं निधाने वाशुकी क्षेत्रे वागमत्यां पूर्व नकुले श्री भक्त पट्टने आर्यापर्त देशो इ हैव सु राम भूमै ग्राम अस्य आषाढ मासे शुल्क पक्षे द्वितीयां तिथौ पुनर वशु नक्षेत्रे व्याघात योगे अद्यात कर्ण मुहुतके वृहस्पति बासरे मिथुन रासी गते सवितरी कल ग्र राशी गते चन्द्र मसी ॥ एवं विधेगण बिक्री सर दिने श्री श्री जय रणजित मल्ल देवस्य विजय राज्य परम हंस बैकुण्ठ नाथ संन्यासी, रामगिरी नाम ॥ श्री ३ वागेश्वर प्रीतिय नित्य पूजा सदावर्त वर्ष बन्धन दिन वं तुं षुन आन्यता सहर्वारि घाटाये नित्य भोजन वासार्थ पाप्त जिध्यामिक दान गे । पदिकं क्षेत्र क्वाण्डू टोल (क्वाठण्डौ ? -ले.) स्य गृहं श्री ३ वागेश्वरा ये संप्रदतं ॥ अथ नेपाल भाषा । श्री श्री जय रणजित मल्ल देव प्रभू ठाकुर या विजय राज्य वेल स बैकुण्ठ नामी महन्त रामगिरी गोसायी स्के तामापत्र चोस्यं प्रशन्न जुया जुलो । बैकुण्ठ नामी महन्त रामगिरी गोसायी नं श्री श्री श्री वाणेश्वर महादेव स्तक साँ वुँ रो. व-१० डेगुल माथ बु.रो.व. ३, योगाम बुँ.रो.व.२, को थुगोल बुँ.रो.व. २ नाला साघल पीच्या स.बु. रो.क. ७५, विसन खु संधाकन्या बुँ.रो.ब. ४५ ॥ क्वाठडौं टोल स चोङा व छेंदको बुँदको दुन्ता जुलो ॥


थ्व बुँया वालि स दाछी यात पूजा याये ता हने, नित्य पूजा याये त थ्वलि हने, आषानसीं (आर्खे-हातको नङ्गले मात्र अक्षता बनाएको ?) बजी (च्यूरा) नैवद्य यात जाकी छमुना, अक्षता यात स्मेत वलतो (?), घ्य साख धुप तोला १, घ्य तोला ११ पंचामृत नं नित्य स्नान याके, पूजा नित्य पूजा या ठेके याक व पूजा यात के पूजारी यात जाकी छमुना (कु १/२) दय का वजु वति श्रावन स तेल (चिकं) स व सं (एक कुरुवा ?) विय माल, आषाढ शुल्क द्वितीया कुन्हु बुसाधान याये तले याके माल, पंचामृत स्नान या न्हापां स थें हनं ४ ब्राम्हणं अभिशेष या तके माल, जु १ पूजा न्हपा या थ्व, अभिशेष याक स्वर्ण स्मेत ४ भोजन यात के सकोथें दक्षिणा स्मानं सुकी १ ल्याख नं बियमान, कु १ अं ६ देवतव स्के दुसाका (कपडा) बियमाल व ये १ गुलि नं देवता यात हुये केगु, शिवरात्री कुन्हु पूजा यायो माल, रात्री स हे घेल मता प्वा १ छोयके माल, चछि टुएके माल ॥ होमन सकान्ति स मास कें स केलाके पर्वतीय पाठी नं जौका १० दयका व ५ ब्राम्हण, ५ गोसायी स्त हन नं (फेरि ?) कु १ खिचरी जा कै विय माल, हन नं ६, ६ मुठ ( मुठी) ल्याख नं फों वइर्पि त साधेसात पाठी बिय माल उप्रान्त सदावर्त परदेशी व को साग (तिहुन) नुन चिनी १ जनही छमुना जाकी विय माल श्रावण शुल्क द्वादशी कुन्हु खप्व देश स चोको संन्यासी दको भोजन याके माल जा कें बाकी जुगु भति भति दान व नकेमाल, पूजारी ब्राम्हण सत दास पर्वत पाठी नं वा (धान) निमुरी (१० मुरी) वियमाल, ६ मुरी त्या वा स्वान तइम्हा (माली) यात बिय माल, उप्रान्त हाङा नं परदेशी व दको अन्न हनं थवं वाल गोपाल सोम्ह, अवुधुत गुम्ह नय दव उप्रान्त रामगिरी गोसायी या वंश द तले मेव नं (अरुले) आश याये मदु वंश मरु या वन सा गिरिनाम गोसायी नं विचा याये माल मेवलँ आशा तये मदु उप्रान्त रामगिरी नामं सं दत सा गिरिनाम गोसायी नं विचा याये माल मेव नं आशा तये मदु उप्रान्त हान पंच दश नाम नं विचाल मया त सा श्री श्री महाराजाधिराज नं विशाल याये माल विचाल याक म्ह स्यां गंगा स्नान पुण्येलाई लोभ नं कचगल थङा व वन सा पंच महा पातक लाई अत्र पत्रार्थे दृष्टि साछी चंद्रसूर्य दिन रात्री चोंतले जय सीं न्हुछे भण्डिल, कुष्ण दास, जस राज धर्वा, धन सिंपाल, राम कान्त दास चकराज लिखते पत्र चकराज बसी । शाके १६७० विक्रम १८०५ कलि ४९४९ नेपाली सम्बत ८६८ आषाढ शुदि २ ॥ सव दतां परदतां वादो हरे भूप संघ रां वत्से तेव स्वर्गे विधाया जायते स्मारां शुभ मस्तु ॥ ल्ययक्वश्वपि ३ मेरंगा (?) दलविय १२ थरे सो २ मता स्त स्वातयेत थ्वते नित्यमाला शुल्क द्वितिया कुन्हु हाने गु छुना १ धल्याच्चा २ मल्ली कस्ति तोला १ दुरुमरी २ मेगा १६ निलाक धेपी कं ४ पर गाठूक्ष १ रुद्र देहायां संसा वासरे पुर व थ्वगु या सुनानं सेनकसा श्री ३ महादेव स्य शिवलिंग से हस्ता, गो सहस्त्र ब्राम्हण विधंस याउङा पाप लाक जुरो ॥ शुभ ॥

**स्रोतः** मुनंकर्मी, लिलाभक्त."भक्तपुरका मठहरुको एक अध्ययन" **मासिक भक्तपुर,** वर्ष १३ अंक ८, वि.सं. २०५२ ।

# परिशिष्ट 'ग'
## क्वाठण्डौ मठबाट प्राप्त लगत पत्र







मनुभोगल्लामसलाके द् ——— ३।
दछीनाके द् ——— ५।

अकारमा हेलनाके तारीखोत
लफद् ताश्के ——— १८०
पकाइनाके स्पेटहाडरा भारी
५०के द् ——— २१५०

आवता पुरे जमा गास्ताड थ आने जाधुके सदा
नत दानगनाके ———
जोन्साजमा ———
गड्के सद्युरी २के गड्युरी ——— ९१७२
प.था ५१५० ५ दोवर तेथा ——— ३१

भाद्र

गोन्ह्यौ सो.

भाद्रवदी ३० रोज श्री गोन्ह्यौ रौम्बर माधुरी
चलाइनाके ———— 

स्वगुठीमा हजीर भयाका धुसन
फकीर फ.फ डाग्रा सराके मुर्या
डगाके स्सुरामुरी पा१ केदे डौले
धा ———— ७१९
अद्नाके फ. चा।।१ केदेडौलेमां ———— ११२
आले.

जम्मा खर्च जम्मा ———— ३४।५७

माघु सेनके खुचाड नगद दहीमु
रौ पा।४ केमोहर ———— ११।३२
म्यर भार्गी ३ के मोहर ———— ७।२५
पंचमेल रोती भार्गी ४ के ———— [illegible]
अचार तरकारी वनाई कोके तेलका
बाद के ———— १८०
अचार को मसला मुके रतर्कारी
स्मेत के ———— ४।
गोन्ह्यौ रौंभर माहादेव पुमाके ———— १४४
मौधुर सुपारी धुपदान
रस्बेनुके ———— १८
मेवा शरीतोके ———— १९६
पंचामृतके ———— १२०

श्रावण माघ
कृष्णादि मार्ग

संवत् १९३५ साल वैशाख वदी ३० रोज कुला दान
[illegible] भाद्रवदी १ कार्ही मठमा आयाका
[illegible] फकीर फ.फ डाइद लाई भोजन गराउना
जम्मा ———— 
मुर्या मुरी १।५ के दोवरलेधा ———— ३

नगदी खर्च जम्मा मोहर ———— १३।४४७
केसार पावा।।।५ के ———— १।१३
तेलमाना।।२ के ———— १८०
दही पाथी ८ के ———— ५।३३
[illegible] धार्नी ३ पा।। के ———— १३२
[illegible] सरीवाके ———— १२५
[illegible] के ———— १२५
म[illegible] के ———— १९२
[illegible] माना।।४ के ———— १३।३
[illegible] सेर ३१ के ———— ९।२६
अदुवा पाउ ३।। के ———— १३
मास खाउन पाथी ३।२ के ———— २१।७।३
तरकारीके ———— [illegible]
पञ्चोडेनाके डोरमा भारी ५ केद ———— २१५०

भाद्रवदी ८ मा श्रीदत्तात्रेय पुजा को
ओ श्री अ्मा
ईटो २ बनाडे काके प, नामाना
१।२ के टोपर लेखों — ११४
अंद्धलाके प, बा।।१२ के थों — ११।४

नगदी खर्च ज्मा मोहर — ५१५०
रोमी ईटो २ के — १९६
पानबोटा के — १९
फरपुर के — १५
नैवेद्य रोती के — १२
भेटी के — १८
औंपुर सुपारी भुपुदर पुर अबी
रस्तेनु के — १२
चोराय बालना के तेल कुरुआ१
के — १८०

भाद्रवदी ८ मा श्री गुंगा विनायक पुजा को
ओ श्री अ्मा — ११५
अंद्धलाके प, बा।।१ के थों — ११२
नैवेद्य चुरा मासा।।२ के थों — ११२


नगदी खर्च ज्मा — १२२
रोती ईटो १ के — १९६
राम फलफूल के — १८
भुपुवती के — १०


भेटी के — १४
[illegible] फलफूल के — १४
[illegible]


भा सेरव नायू को पुजा को
ओ श्री अ्मा — १३१९
सोने के चुरा पाथी।।२ के थों — १२१५
अंद्धलाके सेरा पाके प, ना।।२ के थों — ११४

नगदी खर्च ज्मा मोहर — ५१५४
रोती ईटी के — १९६
औंपुर सुपारी भुपु[illegible] पुर अबीर
[illegible] के — १८
भेटी के — १९४
[illegible] पालो बोरा पुके — ५१
[illegible] सरा जा मुके — १९६

भाद्रवदी ८ कादी न[illegible] माते मा पुजा गु चनाडे का
ओ श्री अ्मा थों — ८१११
सी मला भूल चामा पुस तल बापुन गरीथ
गुदमा नाडे मान पका इपुला डे नाके प, थ
पुरी ठाके देवाले थों — ८१
राशी नाग मुक्ती बाला नुठाने नैके थुरा
पा थी।।५।।२ के देवी लेथों — १११७







[illegible]

કાર્તિક વદી ૩૦ રોજમા [illegible] શ્રી પુ[illegible] જી
શ્રી જમા ——
[illegible] ——1112

[illegible] ——7145
શ્રી પુર સુપારી [illegible]
કેસરી [illegible] ——140
[illegible] ——91
[illegible] ——2125
[illegible]
[illegible] ——140
[illegible]
[illegible] ——3120

કાર્તિક સુદી [illegible] રોજમા શ્રી પશુપતિનાથ
[illegible]
શ્રી જમા ——
[illegible] ——81


[illegible]
[illegible] ——7150
[illegible] ——2135
[illegible] ——912312


શ્રી પશુપતિનાથ [illegible] 21
શ્રી પુર સુપારી [illegible]
[illegible]
[illegible] ——91
પંચામૃત કે ——140


સં [illegible] સાલ [illegible]
[illegible]
પુજા કે શ્રી જમા ——1112
[illegible] ——1112


[illegible] ——712
[illegible] ——125
પુજા કે
શ્રી પુર કે ——15
શ્રી [illegible] ——12
[illegible] ——12
[illegible] ——15
કેસરી કે ——12
ધુપ કે ——12
[illegible] ——15

[illegible] ——160
[illegible] ——217









# परिशिष्ट 'घ'

## जंगम मठमा रहेको ने.स ८६२ को अभिलेखको मुलपाठ

१. ॐ नमः शिवाय ॥चिद चिद् ग्रन्थि विभेत्ता, संछेता मोहपाशानाम् । करुणा पारावारः सर्व्वाधा -
२. र : शिवो जयति ॥ वेदान्तस्य रहस्यं, सर्व्वस्वं सकल योगानास् । अज्ञात प्रतिकूलं, जग-
३. दनुकूलं शिव नमत ॥ मूरहरचरणासक्ति : प्रति पत्ति : सकल शास्त्रेषु । यस्या : सेयं ग-
४. ङ्गा देवी चिरञ्जयति ॥ यद्धानेन महेशपादकमले प्रेमैकवर्द्धस्पृहा : काशीवासमु-
५. पासते सुवहवो विप्रा : पवित्रशया : । यत्तेजोदहन प्रतप्त हृदयः प्रत्यर्थि भूमीपति जचा-
६. हारेषुरुविंदधाति नियेतेनाप्तातिनिद्रांनिशि ॥ श्रीविश्वमल्लनृपते, र्गङ्गादेवीसुतौसु-
७. षुवे । त्रैलोकयमल्ल भूपं, त्रिभुवनमल्लञ्चभूपालम् ॥ विद्धत्मानसहसमान समर
८. प्रत्यर्थिदावानलः सद्विद्यावनिताविलास भवनं भक्तैकचिन्तामणि : । नेपाल क्षितिपाल
९. मौलिमुकुटालङ्कार हीनाङकुर : श्रीमानेष विराजते ति सुकृती त्रैलोक्यमल्लानृप : ॥
१०. जयति त्रिभुवनमल्ल, त्रिभुवनमल्लाग्रगण्यता धारी शत्रुपरा भवकारी विनयनया-
११. स्यां मनोहारी ॥ पुत्रा भ्यां सह भक्तपत्तमधुरामस्या वहन्त्या : कृयां प्राप्य श्रीयुत म-
१२. ल्लिकार्जुन कृतीशैवः शीव प्रीतये । शैवंवृत्ति मिमाञ्च दैववशतोनुष्टां पुनः सुष्टवान,
१३. सृष्त्वाचापि शिवार्प्पितांचति शैक गमाचारतः ॥ शैवाचारकृत : शिवागमविधौ
१४. शैवा : शिवालम्वना : । किम्वानैव वसन्ति हन्त जगति प्रख्यात सस्कीर्त्तय : । किन्तुक्षान्ति वि -
१५. वेक शान्ति परमान्दैक विश्रान्ति भू, र्व्वेद श्रीयूत मल्लिकार्जुन कृत्ती शैर्वचतत्वं प-
१६. रं ॥ यानिहत्यादि पापानि, कूटसाज्यादि कानिच, सर्व्वभूमे : प्रदानेन, नरस्तरति
१७. सर्व्वदा ॥ यो न्यदत्तां स्वदत्तांवा हरेद्भूमि नराधमः । प्रपततत्यक्षयंकाम, सरच्छेम-
१८. क्रमेणस : । श्रीनीलकण्ठ शिवसंनिभ वीरभद्र, श्रीविश्वनाथमठमेतमतीवरत्न
१९. धर्मस्यश्येतु मतुलं नरपालसंघा, मन्त्रिप्रधानसहिता : परिपालयन्तु ॥ पुनदेश भा-
२०. षा ॥ पूर्व्वकालस थ्वलावडमथ दयकब, जयरुद्रमल्लदेवस, मामजुस्यं दुन्ता, ध्वनलि
२१. रत्नादेवीस्यं तवचपाड यतांस, सतर दयकाब दुन्ता, नं जयदेवरुन खेयकाव
२२. बुलिलाक रो व २००, थ्वते वुलिलाचकाव, श्रीनीलकण्ठेश्वर प्रीतिन मल्लिकार्जुन
२३. देवरुनं दुंता जुरों ॥ श्री ३ विश्वेश्वर स्थापन याङा, नित्यकर्म्म पूजायातं, निमित्ति-
२४. न, मल्लिकाजुनदेव रुन दुंता, वु रोव २४ मकर संक्रान्तिन, घृतकं वनयाय माल
२५. कार्त्तिक, मकर, शिवरात्रि, थ्व स्वंगु त्रिपर्वन, खीरान्नं, घृतपकवान्नादि दयकं, मथ
२६. स चोङलावडजतों, भोपयके माल, सरस्वती वुरोव २ देवपूजायाक लावड जुटों भोप-
२७. खोलन पाय यातं ॥ दीपराजनदुंता, वु रोव ४ देवपूजायाक लावड जुटों भोप-
२८. यके यातं ॥ ॥ सम्वत् ८९२ जेष्ठ शुकल षष्टयान्तिथौ ॥ श्री ॥ पूर्वकालस थ्व
२९. मथया वु कचंगल दाङाव श्री २ जयरणजीत्मल्ल महाराजया पर्य्यावस शि-
३०. वलिंदेवरुण विचाल याङा वुरो १०५ वर्ष ३ वु अधिकर लुयकाव श्री ३ नील-
३१. कण्ठ श्री ३ वीरभद्र प्रीतिन शिवलिंदेवरुण सेवा याङा ॥ पूनर्भाखा शिवलिंदेवरुण
३२. श्री ३ मल्लिकार्जुन, श्री ३ कोतिलिंग, श्री ३ सिद्धेश्वर, श्री ३ पशुपति, श्री ३ उमामहेश्वर, श्री ३ गणे-
३३. श, श्री ३ कुमार, थ्वते देवता प्रीतिन, रो १० जातिगान वुं दुंता जुलो, थ्वते बुयाबलसा-
३४. नन हाने अष्टवेदार्च्चन पूजा यायेमाल, कृष्णपक्षया चतुर्द्धशी, कुन्हु मास प्रतिं
३५. कु ५ चेकं, कोटोखंम्वमता छोयेकेमाल सतिकुन्हु पर्छेशीदको भोजन याचकेमाल ॥ लक्ष्मी -
३६. पूजा कुन्हु क्षीरपकवान्न पर्द्देशी नकेमाल ॥ थ्व सर्व्वत्र मथपति प्रभृतिन विचाल यायमाल ॥ शिवव्वृत्ति
३७.(?)द्यस्तु नरोमोह समन्वित : वर्षकोटि सतदिव्यं विष्टायां जायते कृमि ॥ सं ८६२ षौष शुद्दि ६ ॥ शुभ

**स्रोतः** श्रेष्ठ.पुरुषोत्तमलोचन "जंगममठका अभिलेख" **भ्वाइस अफ हिष्ट्रि**, (भोलुम XV) नं.१. वि.सं. २०५७।

# परिशिष्ट 'ङ'

## चाँगु ग्वादह मठ चाँगु गा.वि.स. ७ वडा निवासी महन्त वद्रि बहादुर गिरिज्यूको निवेदन अनुसारको शिलापत्रको मूलपाठ र अनुवादः

१) स्वस्ति श्री साके १६५० श्री संवत् १७८५ ॥ वार ३ ॥ नक्षत्र २ ॥ जोगे ४ ॥ मास ८ ॥ श्रु
२) कल्पक्षे पूर्णमास्यायां तिथौ ॥ स्वस्ति श्री मत्पशुपति चरणकमल धुलिधुसलितसि
३) रोरुहमन्मानेश्वंरिष्ट देवतावरलब्ध प्रसाद देदिव्यमान मानोनंत रविकूल तिलकहनम
४) द्वज नेपालेश्वर महाराजराजेश्वर श्री २ जग मल्ल देव परमभटारक देवाना सदाम
५) मयविजयिनां उँ विष्णु अद्येत्यादि ॥ पशुपत्पापूर्व कौशिकं पश्चिम श्री दत्तां(त्र) प
६) गुरुपृतिः श्री गंगा गिरि गुसाइले श्री २ लक्ष्मिनारायण गौरी शंकर स्थापयित्वा ॥ सिं
७) डोल पश्चिम गरुडनारायन पूर्वराजसिमाद उत्तर कुंडोल दक्षिणः इति मध्य पेकराप
८) विसमुरिको षेत तलकि धडरारि षेत मिलदो रुपया २०० श्री नारायन गौरि शकर पृति
९) गंगा गिरि गुसाइले श्री कृष्नाप्पन गर्या उप्रात तिसमुरि षेत टारुपारि डाडा समेद म
१०) हा देव पति शिबार्पन गर्याः पुजा गर्न्यालाइ धान मुरि ८ दिनु ॥ कार्तिक पुनमासि
११) का दिन पाच ब्राम्हन बोलाई होम भोज दिनु ॥ बैशाष पूर्णीमाका दि पाच ब्राम्हन
१२) बोलाई जल ठलावनु भोजन दिनु ॥ यथाशक्ति ॥ अपुर्वि भगनां जो आवैर्मनु चाव
१३) ल मुठि, दाल चुदकि नुन सदावर्त दिनु ॥ पूजाका बर्त्तन थाल १ लोटा १ बटुकि ३ शंष, धं
१४) ट, दियो, धुपौरो ॥ एति पुजाका स्मम्ह ॥ षर्कोडो २ गागि १ पनिउ डाडु २ भाडा ॥ जु
१५) टिकमरिका संताले नारायनको सेवा गर्नु कोडिगपावेचिकनपलिक राष्नु ॥ इति गं
१६) गा गिरि गुशाइले हरिहरार्पन गर्या ॥ ॥ पुनः सककाल १६६६ संवत १८०१ मा
१७) ध शुक्ल ५ बार ७ नक्षेत्र २७ योगे २२ श्री २ जय प्रकाश मल्ल महाराज राजेन्द्र सदा
१८) विजयिनो ॥ पूर्व पखाल दक्षिन कुइकाल पश्चिम निवापान्या उत्तर मन्मति पेति
१९) चारका साध मध्य असिमुरिको षेत श्रीश्री पशुपति पृत्यार्थ श्री गंगागिरि गुसाइले शिवार्पन गर्या ॥ तस्या षेत मध्ये कुत ३६ मुरि धान गुठ रा
२०) ष्या अक्षत ३ चावल दाल भाजिक दि. दधि धृत शक्कर भगवांकौर सोइजिमा
२१) वनु नून पाथि २ चिउह्वा पा १५ इति जिमापापछि कदाचि त्रहे तो आपे गये अ
२२) तित्कन खुवावनु इति गंगा गिरि गुशाइको धर्म चेला नाति पंथाइ पयेन्त धर्म
२३) चलानु जो कोहि लोभानि पापानि करे तो उस्को पंचमहापातक, शुभं

**भावार्थ अनुवाद :**

स्वस्ति श्री साके सम्बत १६५० विक्रम संवत १७८५ मंगलबार नक्षत्र २ जोग ४ महिना ८ शुक्ल पक्षेको पूर्णिमा तिथिमा स्वस्ति श्री पशुपति नाथ उ विष्णु अध्ये इत्यादि पशुपति पूर्व कौशिकको पश्चिम श्री दत्रात्र गुरुपति श्री गंगा गिरि गुसाईले श्री २ लक्ष्मि नारायण गौरी शंकर स्थापना गरियो ॥

सिडोल पश्चिम गरुडनारायण पूर्व राजसिमा उत्रर कुंडोल दक्षिण यति मध्ये २० मुरिको खेत तलकि धडयारि खेत मूल्य २०० रुपैया श्री नारायण गौरी शंकर प्रिति गरि गंगा गिरि गुसाईले श्री कृष्ण अर्पण गर्या उप्रान्त तिस मुरि षेत दारुपारि डाडा समेद महादेवको प्रीतिले सेवा अर्पण गरियो । पूजा गर्नेलाई धानमुरि दिनु । कार्तिक पुर्णीमाको दिनमा पाँच जना ब्राम्हण बोलाई भोजन दिनु । सक्दो अपुर्वि भगवां जो कोही आएमा चावल, दाल, नुन संधै दिनु । पूजाका लागि वर्तन थाल १ लोटा १ वतुकि ३ संख घंट, दियो यति पूजाका सामान, षकौडा २ गाग्री १ पनिउ डाडु २ यति भाडा जुठिकमारिका संतानले नारायणको सेवा गर्नु क्वोडिगया बोचिकन पलिक राष्नु । यति गंगा गिरि गुशाइले हरिहर (देवतां) लाई अर्पण गरियो । फेरि सककाल १६६६ वि.सं. १८०१ माध शुक्ल ५ वार ७ नक्षेत्र २७ योग २ का दिनमा श्री २ जय प्रकाश मल्ल महाराज राजेन्द्रको विजय राज्यमा । पूवं पर्खाल दक्षिण कुइकाल पश्चिम न्यौपाडे उत्तर मन्मति पेति यति चार किला सांध मध्ये असि मुरिको षेत श्रीश्री पशुपति प्रिति गरि श्री गंगा गिरि गुसाँईले शिव अर्चन गरियो । यस खेत मध्ये कुत ३६ मुरि धान गुठी राखिएको अक्षत ३ चावल दाल नून २ पाथि चिउरा पाथि १५ शंकर भगवानको नाउँमा अतिथि लाई खुवाउनु यति गंगा गिरि गुसाइको धर्म चेला नाति पंथाइले धर्म चलाउनु कसैले लोभानि पापानि गरे पंचमहा पातक लाग्ला । शुभ ।

**स्रोत** : ग्वालदह मठ

# परिशिष्ट 'च'

## भक्तपुर तचपाल टोलको सलाँगणेशको पोखरीबाट उत्तरतर्फ रहेको महादेवको देवलस्थित ने.स. ८७७ को एउटा शिलापत्रको मुलपाठ

१. ! श्री ३ विश्वेश्वराय नमः ॥ चतुभुज पद्य पलाशलोचन शंखा ( ) चक्रं सगदं दधारं । नमामिदभुंसुरवृन्दवन्दि
२. तं. महावधुत बरुणलयप्रभु ॥ रस जल निधि नागै यतिनेपाल वर्ष, हरितिथि शुचिमास शुक्ल पक्ष वुध दाभिम
३. लगिनिनेदाद्वैशंभुतोपायभुमिं, भुजशरमित रोपण्यु भुमामन्नदानात् ॥ ॐ अद्य बराह कल्पे वैवश्वत मन्व
४. न्तरे, कलियुगे भरत खण्डे हिमवद्दक्षिणपादे.नेपाल देशे.श्री ३ पशुपति संन्निधाने. वासुकी क्षेत्रे. वाग्मत्यां पू
५. र्व्वकुले श्री भक्तपट्टने.आर्थ्यावर्त देशे इहैव पूण्य भूमौ ॥ ॐ अद्य आषाढ मासे शुक्ल पक्षे एकादशी पर द्वारश्या
६. न्तिथौ.अनुराढन क्षेत्रे.शक्ल योगे. यथाकरण मुहुत्तके.बुधवासरे.मिथुन राशिगते. सवितरि.विटछराशिगते
७. चन्द्र मसि ॥ एवं विराप न विशिष्ट तरे महा पर्व्वणि हरिवासरे.श्री ३ विश्वेश्वर प्रीतये. ज्ञाननार्थी भिमलगिर्थ्य हि
८. धारोङहनानादेशादागतेस्यो। दशनामधेयस्यः श्री ३ दत्तदेवस्य वायुव्यविदिशिससस्थं गृहं। द्विपचांशद्रोपणीय
९. रिमितां भूमिंसमर्प्यपुप्पे ॥ ॥ अथ नेपालभाषा ॥ श्रीश्री जयरणजित् मल्ल देव प्रभु थाकुल सविजय राज्यस
१०. भिमलगिरियाता ताम्र पत्र चोस्यं प्रसनल जुया जुलो ॥ ज्ञाननाथी भिमलगिरि गुसायिन श्री ३ विश्वेश्वर प्रीति
११. न तवचपाल लाछि उत्तर दोछे.वुरोव ५२ ववलदेव छलिसं चोङ वुन मथ दयका जुलो ॥ थ्व वुयावलमा
१२. नन. दशनाम संन्यासि वव दक्वस्ता म्हान पल २ जाके के अस्ता १ मासकल सुरदवगुलि.चि. थ्वतेविय मथस चि
१३. तायाक संन्यासि नेम्हसेन थ्व वस्तु नय थ्वते हाडान लेङ दकोन वुखियके माल थ्व मथ भिमलगिरिया वंश
१४. दतोले मेवन आसदरपे मदु वंश मदया वन सा वडा ज्ञाननाथी यातां वियमान पेव पंथायिन विकल या
१५. तके मदु. थ्व दत्तस. श्रीश्री राजा परमान पंच दशनामन विचार यातके माल याक म्हस्ता गंगा स्नान याकल लो
१६. भल कचिंगल थाङाव सानसा पंच महापातक। पत्रार्थे दृप्ट साक्षि चन्द्र सूर्य दिन रात्रि. परमान. यज्ञ ना
१७. रायन् बालकृष्ण. धर्व्वाशरण.तेकनसिंह. अनिरुद्र. हेलसिंह ॥ शाकाव्द १६४८ विक्रमाव्द १७८३ कलि
१८. गताव्द ४८२७ नेपाल संवत ८४६ आषाढ शुदि १२ स्वदत्तां परदत्तां वा यो हरेर्च्च वसुन्धरा ॥ पष्ठी वर्ष
१९. सहस्वाणि. विप्ठायां जायते क्रिमिः ॥ सम्वत् ८४६ वैशाप शुक्ल. एकादशि पर द्वादशी कुन्हु महादेव प्रति
२०. प्ठायाङा दिन जुलो ॥ वुसाधन कुन्हु संन्यासि दको भण्डारा नके माल ॥ महादेवस्के अभिशेक पूजायाचके माल
२१. ॥ शिवरात्रि कुन्हु पंचामृत स्नान पुजा याचके . मता नियछप्वात २१ छोयके माल ॥ लसनेपाल पुण्णिमा
२२. शी कुन्हु। अमावास्या कुन्हु पंचामूत स्नान याचके माल ॥ नित्य पुजास धलपा दयके माल ॥ शुभनस्तु ॥
२३. स्वस्ति ॥ श्री श्री जय रणजित मल्ल देव प्रभुथाकुलस विजय राज्यस दयाल गिरियात ताम्रपत्र
२४. चोस्यं प्रसन्न जुयाजुलो ॥ ज्ञान नाथी दयाल गिरी गुसा यीन श्री ३ विश्वनाथ प्रीतिन तवचपाल ला
२५. छिन उत्तर दोखेछे. बुरोव ५२ वलदेव वु छलिसं चोङ वन मथ दयका जुलो ॥ थ्व बुया वलसा
२६. नन दशनाम संन्यासी वव दकोस्ता म्हान प्र १ जाके के चि थ्वया प्रानन ङ्हपा विकोस ताङाव वि
२७. य ॥ थ्वते हाडान लेङदकोन वुखियके माल.थ्व मथ दयाल गिरिया वंश दतोल मेवन. आसाद
२८. रपे मदु वंश मदयाव. वनसां ज्ञान नाथी यतां वियमाल. मेव मेव पंथायीन विचाल तके मदु थ्व
२९. दत्तस श्री श्री राजा परमाल पंच देशनामनं विचार यातके माल. थ्वते लिपतस बुताङाव तयागु
३०. जुलो ॥ श्री ३ विश्वनाथ नित्य प्रजायाकम्ह ब्राम्हण याता रोव ५ वुया वलसान विय मा
३१. ल ॥ सम्बत ८७७ चैत्र वदि १५ सोमबार अमावाशी कुन्हु थ्व सासन तया दिन ॥ शुभमस्तु ॥

**स्रोतः** श्रेष्ठ, लक्ष्मी प्रसाद "केहि अप्रकाशित अभिलेखहरु" अभिलेख नं ९० वर्ष ५ अंक ८, वि.सं.२०५८ ।

## परिशिष्ट 'छ'

### अध्ययन अनुसन्धानको क्रममा शोधकर्ताले अन्तर्वार्ता लिएका सम्बन्धित विज्ञ तथा ज्ञाताहरुको नामसूची

१. हरिराम जोशी, संस्कृति शिरोमणि, मानभवन, ललितपुर

२. प्रा.डा.पुरुषोत्तमलोचन श्रेष्ठ, इतिहासविद्, दुधपाटी १७, भक्तपुर

३. गोपाल पुरी, पूजारी, दत्तात्रय मन्दिर एव पूजारी मठ, तचपाल वडा नं ३, भक्तपुर

४. नवराज गिरी, महन्त, पुलांनचोटा मठ, तचपाल वडा नं ३, भक्तपुर

५. शिवराज गिरी, महन्त, चिकंफ मठ, तचपाल वडा नं ३, भक्तपुर

६. राम पुरी, महन्त, क्वाठण्डौ मठ, क्वाठण्डौं वडा नं ४, भक्तपुर

७. पुर्ण भक्त मारीखो, मोहीनाइके, क्वाठण्डौ मठ, क्वाठण्डौं वडा नं ४, भक्तपुर

८. अशोक जंगम, महन्त, तःजा मठ, तचपाल वडा नं ३, भक्तपुर

९. उत्तम पुरी, महन्त, दथु मठ, तचपाल वडा नं ३, भक्तपुर

१०. कृष्ण बहादुर पुरी, महन्त, सिथु मठ, तचपाल वडा नं ३, भक्तपुर

११.सानु कृष्ण बहादुर गिरी, महन्त, कुथु मठ, क्वाठण्डौं वडा नं ४, भक्तपुर

१२.राजेन्द्र पुरी, महन्त, गुच्चात्व मठ, तचपाल वडा नं ३, भक्तपुर

१३. रविन्द्र पुरी, (मठसँग सम्बधित व्यक्ति) गुच्चात्व मठ, तचपाल वडा नं ३, भक्तपुर

१४.जयराम पुरी, महन्त एवं दशनामी सन्यासी समाजका सदस्य, सुकुलढोका मठ, सुकुलढोका वडा नं ८, भक्तपुर

१५. विनोद राज शर्मा, पूजारी एवं इतिहासविद् , इखालखु मठ, तालाक्को वडा नं १४, भक्तपुर

१६. रामेश्वर गिरी, महन्त, तालाक्को मठ, तालाक्को वडा नं १४, भक्तपुर

१७. राममणि जंगम, महन्त, जंगम मठ, बोलाछें वडा नं १२, भक्तपुर

१८. गिरी गोपाल, महन्त, ग्वालदह मठ, चाँगुनारायण गा.वि.स. वडा नं. ७, भक्तपुर

१९. ओम प्रसाद धौभडेल, इतिहास र सँस्कृतिका सुपरिचित लेखक, गःहिटी १२, भक्तपुर

२०. सुमन गिरी, सचिव, नेपाल दशनामी सन्यासी समाज, माईतिघर, काठमाडौं

## परिशिष्ट 'ज'

## स्नाकोत्तर तहको आंशिक परिपूर्तिका लागि तयार गरिएको शोधपत्रमा जानकारीहरु प्राप्त गर्नको लागि तयार पारिएका संरचनात्मक प्रश्नावली

१) मठको अवधारणा, कहाँ बाट कसरी आएको हो ? (इतिहास, प्राचिनता)

२) नेपालको मठ परम्परामा दशनामी संन्यासीहरुको गहिरो सम्बन्ध रहेको देखिन्छ, दशनामी सन्यासी भनेको के हो ? यसको प्रचलन कहाँ बाट सुरु भएको हो ?

३) नेपालमा दशनामी सन्यासीको आगमन तथा तिनिहरुको बिस्तार कसरी भएको हो ?

४) नेपालमा भएका मठहरुमा तराई क्षेत्रमा भएका मठहरु बढि शक्तिशाली देखिन्छ जसले भारतका केहि मठहरुलाई समेत आफनो नियन्त्रण राख्न सफल भएका छन् । यसरी तराईका मठहरु शक्तिशाली हुनुको खास कारण के हो ?

५) काठमाण्डौं उपत्यकामा सबभन्दा बढि मठहरु भक्तपुरमा भएको देखिन्छ, यसको खास कारण के हो ?

६) यस मठको नाम के हो र यसको स्थापना कसले र कहिले गरेका हुन् ?

७) बिभिन्न समयमा बिभिन्न मठहरुलाई बिभिन्न नामले पुकारिन्छ । यस मठको पनि त्यसरी प्राचीन तथा बोलिचालिको फरक-फरक नाम रहेको छ ? छ भने यसरी फरक नाम कसरी रहन गयो ?

८) यस मठमा सम्पन्न गरिने दैनिक तथा बार्षिक रुपमा गरिने पुजाविधिहरु के के छन् ?

९) मठमा नियमित पुजाहरु कसले संचालन गदर्छ ? र पुजाको लागि आवश्यक सामाग्रीहरुको व्यवस्था कसले गर्दछ ?

१०) यदि पुजारी छुट्टै व्यवस्था भएको भए पुजारीलाई मठबाट पारिश्रमिक तथा के कस्तो सुविधा दिएको छ ?

११) यस मठमा शिवलिङ्ग लगायत अन्य कुनु कुन देवदेविहरुको प्रतिमा स्थापना गरिएको छः? र तिनिहरु मठको कुन भाग वा दिशामा अवस्थित छ ?

१२) यस मठमा महन्त कसरी छानिन्छ ? (गुरु शिष्य प्रणाली वा वंशानुगत)

१३) यस मठको हाल सम्मका महन्तहरुको सूची उपलव्ध गराउन सकिन्छ ?

१४) यस मठको व्यवस्थापन एवं संचालन कसबाट कसरी हुँदै आएको छ ?

१५) यस मठको गुठी व्यवस्थापन कस्तो छ ? र यस मठको प्रमुख आयस्रोत के हो ?

१६) यस मठको ऐतिहासिकता प्रमाणित गर्ने अभिलेख, ताम्रपत्र वा कुनै लिखित स्रोतहरु प्राप्त छ ? छ भने त्यसबारे केहि बताइ दिनु हुन्छ कि ?

१७) यस मठसँग सम्बन्धीत 'डी' घर तथा शाखा मठ रहेको छ ? छ भने कहाँ कहाँ छन् ?

१८) यस मठमा यहाँलाई थाहा भए देखिका कुनै परिवर्तन वा पुर्ननिर्माणका कार्यहरु के कस्ता रहेका छन् ?

# सन्दर्भ ग्रन्थसूची


## पुस्तकहरु

१. कर्न, उल्फगेङ्ग. **दि ट्रेडिशनल आर्किटेक्चर अफ काठमाण्डौं भ्याली**, काठमाण्डौं, रत्न पुस्तक भण्डार, सन् १९९८ ।

२. गिरी, यादव. **नेपाल दशनामी समाज**, बुटवल, २०६४ ।

३. गेरौला,वाचस्पति. **भारतके उत्तर-पूर्व सीमान्त देश**, लखनऊ, हिन्दी समिति सूचना विभाग, सन् १९६८,।

४.जङ्गम, भरत. **ख्वपदेश**, काठमाडौ, नेपाली आवाज प्रकाशन प्रा.लि, वि.सं २०६६ ।

५.जोशी, हरिराम "संङ्घर्षात्मक प्रवृतिको प्रभाव", **कालजयी व्यक्तित्व भरत जंगम,** काठमाडौंः भरत जङ्गम मोती-महत्सव समारोह समिति, वि.सं २०६३ ।

६.नेपाल, ज्ञानमणि **पशुपतिनाथको दर्शन स्पर्शन पूजनसम्बन्धमा समीक्षा,** काठमाडौं, वटु सवलबहाल, वि.सं २०४३ ।

७.रेग्मी, जगदीशचन्द्र **नेपालको धार्मिक इतिहास,** काठमाडौं, रत्न पुस्तक भण्डार, वि.सं २०३९ ।

८.रंजितकार, रोहित के. **काठमाडौं उपत्यका विश्व सम्पदा क्षेत्र, नेपाल,** काठमाडौं, युनेस्को काठमाडौं, सन् २००६ ।

९.पाण्डे, राम निवास. **दि मठ अफ दि दशनामी सन्यासी अफ ललितपुर, काठमाडौ भ्यालि,** काठमाडौः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, वि.सं २०५९ ।

१०.बज्राचार्य, धनबज्र. **लिच्छविकालका अभिलेख**, कीर्तिपुर : नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रि.वि., वि.सं २०३० ।

११.मिश्र, जयराम. **आदि शंकराचार्य जीवन और दर्शन** इलाहावाद, लोक भारति प्रकाशन, सन् १९८९, पृ.२४९-२५५ ।

१२. यदुवंशी, **शैव मत पटना-३ः** विहार राष्ट्रभाषा-परिषद्,सम्मेलन भवन, वि.सं २०१२ ।

१३.राजवंशी, शङ्करमान. **भक्तपुर शिलालेख सूची**, काठमाडौ : श्री ५ को सरकार पुरातत्व र संस्कृति विभाग, वि.सं २०२० ।

१४.राणा, श्री किशोरीरमण. **जंगमवाडी मठकी प्राचीनमा आज**, काशी : व्यवस्थापक, जंगमवाडी मठ, सन् १९८२ ।

१५. शर्मा, जनकलाल. **हाम्रो समाज एक अध्ययन**, काठमाडौं : साझा प्रकाशन, वि.सं २०३९ ।

१६. हट्ट, माइकल. **अ गाइड टु दि आर्ट एण्ड आर्किटेक्चर अफ दि काठमाण्डौं भ्याली** बोस्टन साम्भाला, सन् १९९५ ।

## पत्रपत्रिकाका लेखहरु

१. अमात्य, साफल्य. "पुजारी मठः दि ब्याकग्राउन्द हिष्ट्रि अफ दि भक्तपुर डेभलम्मेन्ट प्रोजेक्त"

पुरातत्व विभाग, **प्राचीन नेपाल**, अकं १०६ ।

२. जोशी, हरिराम. "मठ" **खोपृङ स्मारिका**, वर्ष ५ अंक ५, वि.सं.२०५३ ।

३. जंगम, भरतमणि. "भक्तपुरका धार्मिक र साँस्कृतिक विकासमा जंगमजातिको भूमिका" **खोपृङ स्मारिका** वर्ष ७ , वि.स.२०५५ ।

४. धौभडेल, ओमप्रसाद. "जंगम मठः संरक्षणको पखाईमा" **मासिक भक्तपुर** वर्ष १६ अंक १०,, वि.स.२०५५ ।

५. धौभडेल, ओमप्रसाद. "पुजारी मठ" **मयूर झ्याल बुलेटिन** वर्ष १ अंक २, वि.स.२०६० ।

६. धौभडेल, ओमप्रसाद. "मयूर झ्याल" **मयूर झ्याल बुलेटिन** वर्ष १ अंक ३, वि.स.२०६० ।

७. धौभडेल, ओमप्रसाद. "मौलिक कलाको धनी दत्तात्रय मन्दिर" **साप्ताहिक आवाज** बर्ष ४ अंक ४०, वि.सं २०६० ।

८. पन्त, महेश राज. "भक्तपुर पुजारी मठका विश्वेश्वर महादेवसम्बन्धी ताम्रपत्र" **पुर्णिमा**, वर्ष १२ अंक ४, पुर्णाङ्क ४८ ।

९. मुनंकर्मी, लिलाभक्त. "तालाको टोलको दत्तात्रय मूर्ति र ऐतिहासिकता" **मासिक भक्तपुर**, वर्ष १७ अंक २, वि.स. २०५५ ।

१०. मुनंकर्मी, लिलाभक्त. "भक्तपुरका मठहरुको एक अध्ययन" **मासिक भक्तपुर,** वर्ष १३ अंक ८, वि.सं. २०५२ ।

११. मुनंकर्मी, लिलाभक्त. "साँझ्याः २ तिकाझ्याको महत्व" **मासिक भक्तपुर**, वर्ष १६ अंक २, वि.सं. २०५४ ।

१२. "साँस्कृतिक नगर भक्तपुर - एक परिचय" **मासिक भक्तपुर**, वर्ष २० अंक २, वि.सं. २०५८ ।

१३. राजोपाध्याय, केदार "शिव शक्ति" **खोपृङ स्मारिका** वर्ष १९ अंक १७, वि.सं.२०६७ ।

१४. शर्मा, विनोदराज "भक्तपुरकी तुलजा भवानी देवी पूजाः एक अध्ययन" **खोपृङ स्मारिका** वर्ष १९ अंक १७, वि.स.२०६७ ।

१५. श्रेष्ठ, लक्ष्मी प्रसाद "केहि अप्रकाशित अभिलेखहरु" अभिलेख नं ९० वर्ष ५ अंक ८,वि.सं.२०५८ ।

१६. श्रेष्ठ. पुरुषोत्तमलोचन "जंगममठका अभिलेख" **भ्वाइस अफ हिष्ट्रि**, (भोलुम XV,) नं.१. वि.सं. २०५७ ।


१७. श्रेष्ठ,पुरुषोत्तम लोचन. "भक्तपुरमा वीरशैव मतको विकास र प्रभाव" **खोपृङ स्मारिका** वर्ष ८ अंक ८, वि.सं.२०५६ ।

१८. http://www.diwasdhakal.com/janakpur.php


१९.http://www.diwasdhakal.com/article_pujari.php

२०.http://publications.kaleden.com/articles/3237.html


## चित्रफलक



चित्र नं. १.क भक्तपुर पूजारी मठ स्थित मयूर झ्याल



चित्र नं. २.ख भक्तपुर पूजारी मठ स्थित मयूर झ्याल



चित्र नं. ३. भक्तपुर सुकुलढोका स्थित गोल झ्याल



चित्र नं. ४ भक्तपुर जंगम मठ स्थित बाकु झ्याल



चित्र नं. ५. भक्तपुर दथु मठ स्थित विमान झ्याल तथा पासुखा झ्याल



चित्र नं. ६. भक्तपुर ईखालखु मठ स्थित विमान झ्याल



चित्र नं. ७. भक्तपुर गोदावरी मठ स्थित माकःप्वल झ्याल तथा विमान झ्याल



चित्र नं. ८. भक्तपुर तःजा मठ स्थित छत्र सहितको विमान झ्याल



चित्र नं. ९. भक्तपुर सुकुलढोका मठ स्थित विमान झ्यालहरु




चित्र नं. १०. भक्तपुर दथु मठ



चित्र नं. ११.  भक्तपुर दथु मठ स्थित तोरण सहितको मूल प्रवेशद्वार



चित्र नं. १२. भक्तपुर पूजारी मठको मूल प्रवेशद्वार



चित्र नं. १३. भक्तपुर पूजारी मठ



चित्र नं. १४. भक्तपुर पूजारी मठ स्थित संझ्याल तथा विमान झ्यालहरु



चित्र नं. १५. भक्तपुर पुलांचोटा मठ




चित्र नं. १६ भक्तपुर गोदावरी मठ



चित्र नं. १७ भक्तपुर बार्दली मठ




चित्र नं. १८  भक्तपुर गजूर सहितको तःजा मठ




चित्र नं. १९  भक्तपुर तालाक्को मठ


चित्र नं. २० भक्तपुर चिंकफ  मठ


चित्र नं. २१ चिकंफ मठको खुल्ला चोटाकोठा


चित्र नं. २२ पूजारी मठ भित्र चोकमा रहेको बुट्टेदार जोडी खम्बा सहितको खुल्ला दलान



चित्र नं. २३ पुनःनिर्माण हुनु अगाडिको कुथु मठमा रहेको भित्तेचित्र सहितको गद्दिकोठा



चित्र नं. २४ पुनःनिर्माण भइसकेपछिको कुथु मठमा रहेको भित्तेचित्र सहितको गद्दिकोठा



चित्र नं. २५ कुथु मठमा रहेको महिषासुरमर्दिनी, महाकाली र कुमारीको भित्तेचित्र

## कुथु मठमा रहेका भित्तेचित्रहरु



चित्र नं. २६ दत्तात्रय



चित्र नं. २७ अर्धनारीश्वर



चित्र नं. २८. गरुडासन विष्णु



चित्र नं. २९. विश्वरुप भैरव



चित्र नं. ३०. भक्तपुर क्वाठण्डौ मठको शिलापत्र



चित्र नं. ३१. भक्तपुर सुकुलढोका मठको शिलापत्र



चित्र नं. ३२. भक्तपुर जंगम मठको शिलापत्र



चित्र नं. ३३. भक्तपुर क्वाठण्डौ मठको शिलापत्र



चित्र नं. ३४. जंगम मठ भित्र रहेको अभिलेख सहितको क्षेत्रपाल



चित्र नं. ३५. भक्तपुर सुकुलढोका मठ स्थित शिवपाञ्चायन देवताहरु सहितको पूजाकोठा



चित्र नं. ३६. भक्तपुर पुजारी मठ स्थित भैरव, नन्दी सहित विश्वेश्वर महादेवको पूजाकोठा



चित्र नं. ३७ जंगम मठ भित्र कुल देवता वीरभद्र रहेको स्थान



चित्र नं. ३८ भक्तपुर तचपाल टोल स्थित जंगम पाटी



चित्र नं. ३९ सुकुलढोका मठ स्थित गाःझ्याल



चित्र नं. ४० चाँगुनारायण गाविस वडा नं. ७ मा अवस्थित ग्वालदह मठ



चित्र नं. ४१ ग्वालदह मठ भित्र रहेका अभिलेखहरु



चित्र नं. ४२ ग्वालदह मठमा रहेको विश्वेश्वर महादेव र विष्णुको मूर्ति रहेको देवल



चित्र नं. ४३ ग्वालदह मठ स्थित पूर्व महन्तहरुको समाधिमाथि स्थापना गरिएका शिवलिङ्गहरु ।